## आजको दिशाबोध

**वर्ष ७, अंक ४, २०६७ असार १४**

**प्रकाशक**
**मदन भण्डारी फाउण्डेशन**
अनामनगर, काठमाडौं
फोन : ४४६४७७५



**मदन भण्डारी फाउण्डेशनको कार्यसमिति**

| | | | |
|---|---|---|---|
| १. | श्री विद्यादेवी भण्डारी | - | अध्यक्ष |
| २. | श्री गुरु बराल | - | उपाध्यक्ष |
| ३. | श्री हिक्मत कार्की | - | महा-सचिव |
| ४. | श्री भेषराज अधिकारी | - | सचिव |
| ५. | श्री चिन्तामणी भट्टराई | - | कोषाध्यक्ष |
| ६. | श्री कृष्णगोपाल श्रेष्ठ | - | सदस्य |
| ७. | श्री देवराज घिमिरे | - | सदस्य |
| ८. | श्री डोरमणी पौडेल | - | सदस्य |
| ९. | श्री रमेश सिलवाल | - | सदस्य |
| १०. | श्री चैतन्य शर्मा | - | सदस्य |
| ११. | श्री चिरन्जीवी शर्मा | - | सदस्य |
| १२. | श्री कृपासुर शेर्पा | - | सदस्य |
| १३. | श्री उषाकिरण भण्डारी | - | सदस्य |
| १४. | श्री नरेन्द्रराज पोखरेल | - | सदस्य |
| १५. | श्री जीवछ शाह | - | सदस्य |
| १६. | श्री रामहरी खनाल | - | सदस्य |
| १७. | श्री अमरकुमार श्रेष्ठ | - | सदस्य |
| १८. | श्री प्रेमसागर चापागाईं | - | सदस्य |
| १९. | श्री शंकरप्रसाद भण्डारी | - | सदस्य |



**सम्पादक**
भेषराज अधिकारी

**कम्प्युटर लेआउट**
फ्रि-ह्यान्ड कम्प्यूटर्स
रामशाहपथ, काठमाडौं
फोन : ४२५५०७६

**मुद्रण**
प्रिन्टिङ्ग सोलुशन
डिल्लीबजार, काठमाडौं
फोन : ४४१२५१६


## सम्पादकीय

नेकपा (एमाले) का तत्कालीन महासचिव तथा जननेता मदन भण्डारी र उहाँका सहयोद्धा पार्टीका कुशल संगठक क.जीवराज आश्रितको रहस्यमय जीप दुर्घटनामा परी २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा हत्या भएको थियो । उहाँहरूको हत्या भएको पनि आज १७ वर्ष पूरा भएको छ, तर अझैसम्म हत्याराहरु पत्ता लाग्न सकेका छैनन् । हत्याराहरु पत्ता लगाएर दण्ड सजाय गर्नु राज्यको दायित्व हो । यो कार्य सम्बन्धित निकायले पुरा गर्ने पर्दछ ।

जननेता मदन भण्डारीलाई हामीले गुमाएका छौं । युवावस्थामै शत्रुहरूले उहाँको हत्या गरे । हामीले उहाँको सुरक्षा गर्न सकेनौं । उहाँको भौतिक शरीर हामीबीच छैन । तर उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्त हामीसँग छ । सो सिद्धान्तले नेपाली समाजको परिवर्तनलाई मार्गदर्शन र अगुवाई गरिरहेको छ । हिजो जनताको वहुदलीय जनवादको विरोध गर्ने र त्यसमा मौन बस्नेहरु आज पक्षमा उभिने स्थिति बनको छ । यो भनेको मदन भण्डारीको र जवजको जीत हो । यो नेपाली समाजको परिवर्तनकारी अभियानको नेतृत्वगरिरहेको पार्टी नेकपा (एमाले) को जीत हो । तसर्थ जवजलाई सुदृढ पार्न सचेत, संगठित र सशक्त पहलकदमी गर्नु हाम्रो दायित्व हो ।

जननेता मदन भण्डारी नेपाली सामाजिक तथा आर्थिक परिवर्तनलाई मार्गदर्शन गर्ने क्रान्तिको सिद्धान्त प्रतिपादन गर्ने सिद्धान्तकार हुनुहुन्छ । उहाँले सिद्धान्त, विचार, राजनीति, साहित्य, कला तथा संस्कृतिको क्षेत्रमा लिखित र मौखिक अभिव्यक्ति दिनु भएको छ । यी सबै राष्ट्र र जनताका सम्पत्ति हुन् र क्रान्तिका निम्ति वैचारिक हतियार हुन् ।

राजनीतिमा अर्थात् कम्युनिष्ट आन्दोलनमा संलग्न भएदेखि नै उहाँ एक होनहार व्यक्तित्वको रूपमा प्रकट हुने संभावना भएका व्यक्ति हुनुहुन्थ्यो भनेर उहाँलाई बुझ्ने विभिन्न व्यक्तिका अभिव्यक्तिहरु आएका छन् । तसर्थ उहाँले भूमिगतकालदेखि जीवनकै अन्तिम समयसम्म पार्टीले आयोजना गरेका र अन्य गतिविधिमा संलग्न हुँदा व्यक्त गर्नुभएका सम्पूर्ण लिखित सामग्री, रेकर्ड आदिलाई संगृहीत गर्नुपर्छ । यस कार्यले उहाँको मार्गदर्शनमा अघि बढिरहेकालाई मात्र होइन अहिले उहाँको योगदानलाई बुझिनसकेकाहरूलाई समेत मद्दत पुग्नेछ र यी सामग्रीहरु भावी पुस्तामा हस्तान्तरण गर्न सकिनेछ ।

साथै मदन भण्डारीको योगदानलाई चीरस्थाई बनाउन उहाँका नाममा खुलेका या त्यसबारेमा काम गर्ने विभिन्न संस्थाहरु र उहाँको संझनामा बनेका भौतिक संरचनाहरूको बारेमा समेत यथार्थ तथ्य तथ्याङ्क संकलन गरी आपसी सहयोग र समन्वय बढाउनु जरूरी भएको महसुस मदन भण्डारी फाउण्डेशनले गरेको छ । यस पक्षमा आवश्यक कार्यको निम्ति सम्बन्धित पक्षमा अग्रसर हुन आवश्यक ठानिएको छ । आशा एवम् विश्वास छ निकट भविष्यमा नै यसमा सफलता हासिल हुनेछ ।

जननेता मदन भण्डारीले सैद्धान्तिक, वैचारिक, राजनैतिक, सामाजिक-सांस्कृतिक आदि क्षेत्रमा पुऱ्याउनुभएको योगदानको बारेमा प्रस्तुत प्रकाशनमा आफ्ना अभिव्यक्तिमार्फत् उजागर गर्नुहुने सबै महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । सामग्री लेखक सबैले हामीलाई महत्वपूर्ण सहयोग गर्नुभएको छ । उहाँहरूबाट यसप्रकारका ओजिला सामग्रीहरु प्राप्त हुन नसकेको भए प्रस्तुत प्रकाशन यसरूपमा आउन सक्ने थिएन । हामीलाई विश्वास छ, आगामी दिनमा समेत उहाँहरूबाट यसप्रकारको सहयोग निरन्तर प्राप्त भइरहनेछ । प्रकाशनमा सकेसम्म त्रुटी तथा कमी नहोस् भनी कोसिस गरिएको छ । यति हुँदाहुँदै पनि हाम्रा त्रुटी र कमीहरु भएका हुन सक्दछन् । यस बारेमा पाठक लगायत सबै पक्षले औंल्याएर आगामी प्रकाशनलाई समृद्ध बनाउन सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिएका छौं । अन्त्यमा, सम्पादन कार्यमा सहयोग गर्नुहुने निरूजा फुयाँलप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै सबै सहयोगी तथा शुभचिन्तक महानुभावप्रति आभार व्यक्त गर्दछौं ।

***सम्पादक***

# विषय-सूची


*सम्पादकीय* १
१. गणतन्त्रमा जनताका अपेक्षाहरू, ***क. माधवकुमार नेपाल*** ४
२. नेपाली क्रान्तिको वर्तमान अवस्था र हाम्रो कार्यनीतिक कार्यदिशा, ***क. झलनाथ खनाल*** ६
३. जननेता मदन भण्डारी र जवज, ***क. के.पी. शर्मा ओली*** १०
४. जवज र पार्टी अनुशासन, ***क. विद्या भण्डारी*** १८
५. जवज भाषण होइन कर्म हो, ***क. प्रदीप नेपाल*** २१
६. जननेता मदन भण्डारीले दिशानिर्देश गरेका केहि राजनैतिक र बैचारिक पक्षहरू, ***क. गुरुप्रसाद बराल*** २४
७. क. मदन भण्डारी र कार्यकर्ताका समस्या, ***क. देवराज घिमिरे*** २९
८. जनताको वहुदलीय जनवादलाई आत्मसात् गरौं, ***क. खगराज अधिकारी*** ३३
९. पथप्रदर्शक जननेता : मदन भण्डारी, ***क. हिक्मत कार्की*** ३७
१०. जननेता भण्डारी, जवज र दक्षिण अफ्रिकी अनुभवको सन्दर्भ, ***क. विष्णु रिमाल*** ३९
११. मदनलाई सम्झँदा, ***सुबोधराज प्याकुरेल*** ४४
१२. सम्झनामा मदन भण्डारी, ***क. गोमा देवकोटा*** ४८
१३. सङ्गठनात्मक क्षेत्रमा जननेता मदन भण्डारीका सोच, ***क. प्रेम दंगाल*** ५०
१४. सन्तुलन गुमेको त्यो दिन..., ***क. डोरमणी पौडेल*** ५५
१५. मदन भण्डारी मेमोरियल कलेज-हिजो, आज र भोलि, ***प्रा. चिरञ्जीवी शर्मा*** ५७
१६. सम्झनामा शताब्दी पुरुष जननेता मदन भण्डारी, ***क. रामेश्वर फुयाल*** ५९
१७. पार्टी र जनवर्गीय संगठनहरूबीचको अन्तरसम्बन्धमा जननेता, ***क. राजेन्द्र राई*** ६२
१८. 'जवज'प्रति ओठेभक्ति होइन कार्यान्वयन, ***क. गोकुल बास्कोटा*** ६८
१९. "नेता त नेता, मदन भण्डारी पो नेता", ***प्रा. डा. गणेशमान गुरुङ*** ७०
२०. आस्थाको एउटा मान्छेको सम्झनामा, ***देवप्रकाश त्रिपाठी*** ७३
२१. क. मदन भण्डारी र कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण, ***क. रमेश सिलवाल*** ७५
२२. दासढुङ्गा हत्याकाण्डका केही तथ्यहरू: सन्दर्भ १७ औं स्मृति दिवस, ***क. कर्ण बहादुर थापा*** ८०
२३. ओजपूर्ण नेता : कमरेड मदन भण्डारी, ***क. राजेन्द्रमान श्रेष्ठ*** ८६
२४. जवजको सार परिवर्तनको धार मदनको विचार, ***माधव ढुंगेल*** ८८
२५. जननेतासँग टनकपुर, ***सुवास देवकोटा*** ९१
२६. मदन भण्डारी : व्यक्ति र विचार, ***युवराज घिमिरे*** ९४
२७. कार्यकर्ता नीतिका सन्दर्भमा जननेता मदन भण्डारी, ***क. विशाल भट्टराई*** ९७
२८. जननेता मदन भण्डारीको लोकतान्त्रिक व्यक्तित्व, ***क. भेषराज अधिकारी*** १०२
२९. एउटा प्रगतिशील विवाहमा जननेता मदन भण्डारीको शुभकामना १०७
३०. मदन भण्डारी फाउण्डेशनको गतिविधि १०९
३१. मदन भण्डारी स्पोर्टस् एकेडेमीः एक परिचय १११

# गणतन्त्रमा जनताका अपेक्षाहरू

*क. माधवकुमार नेपाल*
*प्रधानमन्त्री*

दुई वर्षअघि हामीले सामन्ती राजतन्त्रलाई सधैँका लागि समाप्त गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेका थियौँ। यो एउटा कुनै सामान्य घटना नभएर एउटा युगलाई अर्को युगमा लैजाने युगान्तकारी घटना थियो। त्यसैले आधुनिक नेपालको इतिहासमा आजको दिन सर्वाधिक गौरवशाली र ऐतिहासिक रूपमा अङ्कित रहेको छ।



जनता सर्वाधिक शक्तिशाली छन्। जनता नै इतिहासका निर्माता हुन्। यो भनाइ कुनै इतिहासका पानाहरूमा पढिने वाक्य मात्र होइन, केही समय पहिले नेपाली जनताले व्यवहारमा उतारेर देखाइदिएको खुला यथार्थ हो। जनता स्वतन्त्र छन्, सार्वभौमसत्तासम्पन्न छन्। संसारमा कुनै पनि व्यवस्था जनताको सहमति र समर्थनबिना चल्न सम्भव छैन। नेपालमा पनि यही कुरा पुष्टि भएको छ। ऐतिहासिक जनआन्दोलनमार्फत जनताले गरेको फैसलालाई दुई वर्षअघि आजकै दिन हामीले कार्यान्वयन गरेका थियौँ। जनतासँग निहुँ खोज्दा दुनियाँका कुनै पनि निरङ्कुश शासकहरूले कस्तो नियति भोग्नुपर्दछ भन्ने उदाहरण नेपाली जनताले देखाएका थिए।

राजनीतिक दलहरूबीचको एकता, सहमति र सहकार्यका आधारमा हामीले ऐतिहासिक जनआन्दोलन सफल बनाएका थियौँ। आन्दोलनले निर्दिष्ट गरेको हाम्रो यात्राको पहिलो घुम्ती ११ वैशाख, २०६३ को दिन थियो, जुन दिन हामी लोकतन्त्र बहाली गर्न सफल भएका थियौँ। त्यसै गरी, दोस्रो घुम्ती २८ चैत, २०६४ को दिन थियो, जुन दिन हामीले संविधानसभाको निर्वाचन सम्पन्न गरेका थियौँ भने तेस्रो घुम्ती १५ जेठ, २०६५ को दिन थियो, जुन दिन हामीले नेपालबाट सामन्ती शाही राजतन्त्रलाई सधैँका लागि समाप्त पारेका थियौँ र अब जनताले चौथो घुम्तीको प्रतीक्षा गरिरहेका छन्, जुन दिन नेपालमा सङ्घीय गणतन्त्रात्मक संविधान निर्माण हुनेछ। कुनै पनि बहाना र तर्कका आधारमा राजनीतिक दलहरूबीच बेमेल र विभाजन भयो भने हामी हाम्रो यस कार्यभारलाई पूरा गर्न सक्दैनौँ। यसर्थ, मेरो विनम्र आग्रह छ- आउनुहोस्, सहमतिको यात्रामा हातेमालो गरौँ, सहकार्यका लागि पाइलामा पाइला मिलाऔँ र एकताका लागि काँधमा काँध थापौँ।

राजनीतिक परिवर्तनबाट मात्र जनताका अपेक्षा र आकाङ्क्षाहरूको पूर्ति गर्न सकिँदैन। अग्रगामी राजनीतिक परिवर्तन अनुकूलको अग्रगामी सामाजिक-आर्थिक परिवर्तन पनि त्यत्तिकै जरुरी छ। जब हामी नयाँ संविधान निर्माण गरी राजनीतिक स्थिरता सुनिश्चित गर्दछौँ, तब मुलुकमा आर्थिक समृद्धिको ढोका खुल्छ। राजनीतिक स्थिरताको अभावमा हाम्रा सबै क्षेत्रहरू प्रभावित भइरहेका छन्। राजनीतिक सङ्क्रमणकाल भएका कारण मुलुकका अन्य क्षेत्र पनि सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेका छन्। त्यसैले छिटोभन्दा छिटो हामीले संविधान निर्माण गरिसक्नुपर्दछ र सङ्क्रमणकालीन अवस्थालाई अन्त्य गर्नुपर्दछ।

हामीले जनताका सामु दुई वर्षभित्र संविधान निर्माण गरिसक्ने प्रतिबद्धता व्यक्त गरेका थियौँ। तर, तपाईंहरूलाई थाहा छ- मुलुकमा त्यस्तो स्थिति रहेन। राजनीतिक दलहरूका बीचमा विमतिहरू देखा परे, मनमुटावहरू देखा परे। फलस्वरूप सहमतिको

यात्रामा अवरोध उत्पन्न भयो। त्यसका लागि म अहिले कसैलाई दोष दिन चाहन्न। तर, एउटा कुरा छातीमा हात राखेर हामीले स्मरण गर्नैपर्दछ- संविधानसभाको निर्वाचनमा कसैलाई जिताएको र कसैलाई हराएको रूपमा जसरी चित्रण गरियो, सहमतिको यात्रामा अवरोध त्यही विन्दुबाट आरम्भ भएको हो। विजयको उन्मादले आफ्नै सहयात्रीहरूलाई अपमान गर्न बाँकी राखिएन, सहमतिको राजनीतिलाई किनारा लगाइयो। त्यसैको परिणाम हामीले दुई वर्षसम्म भोग्नुपरेको यथार्थलाई नस्वीकारी फेरि पनि हामी सहमतिको यात्रामा अघि बढ्न सक्दैनौँ।

जनताको शान्ति र नयाँ संविधानको चाहनालाई साकार पार्न हामी पुनः एक ठाउँमा उभिएका छौँ र हामीले व्यवस्थापिका-संसद्बाट संविधानसभाको समयावधि एक वर्ष बढाएका छौँ। अनेकौँ विमति र बेमेलहरूलाई पन्छाउँदै हामीले ऐतिहासिक निर्णय गरेका छौँ। विगतका कमी-कमजोरीबाट पाठ सिक्दै थप अवधिलाई सही रूपमा सदुपयोग गर्नुपर्दछ र सहमतिका आधारमा अघि बढेर हामीले मुलुकलाई निर्धारित गन्तव्यमा पुऱ्याउनैपर्दछ। जननिर्वाचित संविधानसभाबाटै संविधान निर्माण गर्ने जनताको चाहनालाई मूर्त रूप दिन हिजोको दिनले हामीलाई निर्देशित गर्नेछ भन्ने मलाई विश्वास छ।

मैले बारम्बार सहमति र सहकार्यको राजनीतिमा जोड दिँदै आएको छु। विगतमा बाह्र बुँदे समझदारी गर्दा पनि हाम्राबीचमा थुप्रै असहमतिका बुँदाहरू थिए। विस्तृत शान्ति सम्झौता गर्दा पनि हामीबीच मतान्तरहरू थिए। अन्तरिम संविधान निर्माण गर्दा पनि हाम्राबीचमा विमतिहरू थिए। हामी निर्दिष्ट लक्ष्यका लागि आफ्ना मतहरूलाई स्थगन गरेर भए पनि सहमतिको साझा यात्रामा अघि बढ्न सहमत भएका थियौँ। त्यसैको परिणामस्वरूप संविधानसभाको निर्वाचन सम्भव भएको थियो, लोकतान्त्रिक गणतन्त्रको स्थापना सम्भव भएको थियो। तर, विडम्बना !

अहिले हामीले हाम्रो निर्दिष्ट लक्ष्य- नयाँ संविधान निर्माणमा समुचित ध्यान दिन सकिरहेका छैनौँ, जसका कारण सहमतिभन्दा असहमतिका बुँदाहरू धेरै हुन थालेका छन्। त्यसैले म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु- असहमतिका कुराहरू धेरै नकोट्याऔँ, सहमतिका कुरा गरौँ, विगतका कुरा धेरै नकोट्याऔँ, आगतका कुरा गरौँ।

शान्तिको मूल्यमा हामीले अहिलेसम्मका सबै कामहरू गर्दै आएका हौँ। नयाँ संविधानको निर्माण पनि जनताको दिगो शान्ति र परिवर्तनको आकाङ्क्षालाई सधैँका लागि सुनिश्चित गर्नका लागि हो। त्यसैले नयाँ संविधान निर्माण गर्नका लागि सबभन्दा पहिला शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनुपर्दछ। यसैगरी, लोकतन्त्रलाई सुदृढ गर्नका लागि लोकतन्त्रका आधारभूत मूल्य-मान्यताप्रति पूर्ण रूपमा इमान्दारीका साथ प्रतिबद्ध हुनैपर्दछ। सबैले आफ्ना आचरण र व्यवहारलाई लोकतान्त्रिक संस्कृति र संस्कारअनुरूप ढाल्नैपर्दछ। लोकतन्त्रमा सबै दलहरू बराबर हुन्छन्, सबै नागरिक बराबर हुन्छन्। लोकतन्त्रमा अरूको सम्मान र इज्जत गर्ने संस्कारलाई स्थापित गर्नैपर्दछ। सबैको स्वाभिमानको यथोचित कदर गर्नैपर्दछ। लोकतन्त्रमा डर, त्रास, भय र आतङ्कका भरमा होइन, नीति, सिद्धान्त, तर्क र तथ्यका आधारमा राजनीति गर्नुपर्दछ। अनि मात्र हामी लोकतन्त्रलाई बलियो बनाउन सक्छौँ र जनमुखी लोकतन्त्रले असमानता, भेदभाव, शोषण र उत्पीडनलाई समाप्त पारी सामाजिक न्याय र समृद्धि हासिल गर्न सक्छौँ।

अन्त्यमा, ऐतिहासिक जनआन्दोलनका क्रममा जनताले गरेको एउटा अठोटलाई म दोहोऱ्याउन चाहन्छु- पटक-पटक यस्तो लडाइँ लडिरहन नपरोस्। त्यसका लागि हामीले दुई वर्षको कलिलो लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्दछ।

■

# नेपाली क्रान्तिको वर्तमान अवस्था र हाम्रो कार्यनीतिक कार्यदिशा

*क. झलनाथ खनाल*
*अध्यक्ष, नेकपा (एमाले)*

लोकतान्त्रिक क्रान्तिको प्रक्रिया एउटा दीर्घकालीन र घुमाउरो प्रक्रिया हुने गर्छ। अन्य देशहरूमा पनि यही देखिएको छ र हाम्रो देशको अनुभवले पनि यसै कुरालाई पुष्टि गर्दै आएको छ। हामीले आजभन्दा ५९ वर्षपहिले सुरुआत गरेको यात्रादेखि आजसम्मको लोकतान्त्रिक क्रान्तिको प्रक्रियालाई हेर्दा पनि त्यही कुराको पुष्टि हुन्छ।



क्रान्तिको यो समग्र प्रक्रियामा सर्वहारा-श्रमजीवी जनताको अग्रदूतका रूपमा रहेको हाम्रो पार्टीले प्रतिक्रियावादी व्यवस्थालाई ढाल्ने र जनताको लोकतान्त्रिक व्यवस्था अर्थात् जनताको बहुदलीय जनवाद स्थापित गर्ने कामका निम्ति आम राजनीतिक कार्यदिशा अघि सारेको छ। यसलाई हामी जनताको बहुदलीय जनवादको कार्यदिशा भन्छौं। यो कार्यदिशाले पार्टीलाई क्रान्तिको सिङ्गो कालभरि नै मार्गदर्शन गरिरहेको हुन्छ। हामीलाई 'माघ १९' अघिको कालखण्डमा, 'माघ १९' पछि राजतन्त्रविरोधी क्रान्तिकारी सङ्घर्षको कालखण्डमा वा राजतन्त्र उन्मूलन गरिसकेको वर्तमान अवस्थामा पनि यही आम राजनीतिक कार्यदिशाले मार्गदर्शन गरिरहेको छ र गर्दै जानेछ। तर, यत्तिले मात्र क्रान्तिकारी कामलाई व्यावहारिक रूपले अघि बढाउन सम्भव हुँदैन। हामीले क्रान्तिको र देशको वस्तुगत अवस्थामा आउने हर फेरबदलका अवस्थामा वा क्रान्तिले लिने हर मोडहरूमा यस आमकार्यदिशाको मार्गदर्शनमा विशिष्ट कार्यनीतिक कार्यदिशा पनि निर्धारण गर्नुपर्छ। त्यस्तो कार्यनीतिक कार्यदिशाले मात्र क्रान्तिको विशिष्ट अवस्थाअनुरूप आम कार्यदिशालाई पनि लागू गर्दै क्रान्तिलाई अघि बढाउन सक्छ।

अहिले हाम्रो देशमा त्यस्तै एउटा नयाँ परिस्थिति विकसित भएको छ। राजतन्त्र उन्मूलन हुनु र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनुले नेपाली क्रान्तिको प्रक्रियामा नै एउटा नयाँ वस्तुगत परिस्थिति सिर्जना भएको छ। विशेषगरी हामीहरू 'माघ १९'पछि राजतन्त्र उन्मूलन गर्ने र लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्ने कार्यनीतिक कार्यदिशा लिएर अघि बढ्यौं। त्यो कार्यनीतिक कार्यदिशा अत्यन्त सही थियो। त्यसको सही कार्यान्वयनले मुलुकमा राजतन्त्रविरोधी जनताको सङ्घर्षमा उत्ताल तरङ्ग नै पैदा भयो। अन्ततः राजतन्त्रलाई समाप्त पारिदियो। स्वाभाविक रूपले सयौं वर्षदेखि नेपाली जनताले चलाउँदै आएको राजतन्त्रविरोधी सङ्घर्ष पनि अन्त्य भयो। त्यसरी नै हाम्रो पार्टीले 'माघ १९' पछि अघि सारेको राजतन्त्रविरोधी कार्यनीतिक कार्यदिशा पनि अन्त्य भएको छ। अब देशमा नयाँ राजनीतिक परिस्थिति विकसित भएको छ। समाजमा पहिलेको प्रधान राजनीतिक अन्तरविरोध बदलिएको छ र नेपाली जनताको लोकतान्त्रिक आन्दोलनको प्रधानसत्रु पनि बदलिएको छ। यस्तो विशिष्ट स्थितिअनुरूप हामीले पार्टीको कार्यनीतिक कार्यदिशा पुनः निर्धारण गर्नुपर्ने आवश्यकता उत्पन्न भएको छ।

हामीले कुनै पनि बेला वर्गसङ्घर्षलाई अघि बढाइरहेको अवस्थामा पार्टीको राजनीतिक, कार्यनीतिक कार्यदिशा अघि सार्दा मूलतः निम्न कुरालाई ध्यानमा राख्नुपर्छ :

## प्रधान राजनीतिक अन्तरविरोधको निर्धारण

प्रधान अन्तरविरोधको पहिचान नगरी र त्यसलाई किटान नगरी हाम्रो कार्यनीतिक कार्यदिशा निर्धारण हुन सक्तैन । यतिबेला नेपाली समाजमा सामन्तवाद र दलाल नोकरशाही पूँजीवादसँग व्यापक जनताको अन्तरविरोध प्रधानवर्गीय अन्तरविरोधका रूपमा रहिआएको छ । त्यो अन्तरविरोध अहिले पनि विद्यमान छ । तर त्यसको जुन राजनीतिक अभिव्यक्तिका रूपमा राजतन्त्र र व्यापक जनताका वीचमा प्रधान राजनीतिक अन्तरविरोध रहेको थियो, त्यसमा भने अहिले परिवर्तन भएको छ । प्रधानवर्गीय अन्तरविरोध मूलतः त्यही अवस्थामा रहेपनि त्यसको राजनीतिक अभिव्यक्ति भने फेरिएको छ । यतिबेला सामन्ती, प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरूसँग आम जनताको अन्तरविरोध नै प्रमुख राजनीतिक अन्तरविरोध बन्नपुगेको छ । हामीले यो अन्तरविरोधलाई समाधान गर्न यतिबेला ध्यान केन्द्रित गर्नुपर्दछ । यो एउटा सङ्क्रमणकालीन अवस्था हो तर पनि यो अन्तरविरोधलाई समाधान गरेर मात्र समाजका अन्य अन्तरविरोधहरूलाई पनि सही ढङ्गले समाधान गर्न सकिन्छ । यसको पहिचानले नै हामीले अघि सार्ने कार्यनीतिक कार्यदिशाको आधार तयार हुन्छ ।

## प्रधान शत्रुको किटानी

क्रान्तिलाई अघि बढाइरहेको अवस्थामा जब हामी प्रधान अन्तरविरोधलाई सही ढङ्गले पहिचान गर्छौं, तब प्रधान शत्रु वा प्रधान निशाना के हुनुपर्छ भन्ने कुरा पनि सजिलै समाधान हुन्छ । नेपाली जनताको प्रधान अन्तरविरोध सामन्तवाद र दलाल नोकरशाही पूँजीवादसँग रहेको हुनाले वर्गीय रूपमा तिनीहरूकै विरुद्ध सङ्घर्ष गर्नुपरे पनि राजनीतिक रूपमा सामन्ती, प्रतिगमनकारी तथा यथास्थितिवादी शक्तिहरू नै यतिबेला लोकतान्त्रिक क्रान्तिकारी आन्दोलनका निशाना बनेका छन् । अन्तरविरोधको विकासक्रममा कहिलेकाहीँ राजनीतिक रूपले प्रधान शत्रु किटान गर्न अप्ठ्यारो पनि पर्ने गर्छ । क्रान्तिको प्रक्रियामा यस्ता विशेष अवस्थाहरू देखापर्ने गर्छन् । यसो भन्नुको मतलब खास अवस्थामा वर्गीय रूपले प्रधान शत्रु स्पष्ट हुन्छ तर राजनीतिक रूपले स्पष्ट हुँदैन । जसरी हिजो राजतन्त्र सामन्तवादको प्रतिनिधिका रूपमा बढी स्पष्ट थियो । अहिलेको विशिष्ट स्थितिमा सामन्तवादको मूल राजनीतिक अधिसंरचना ध्वस्त भएको छ र त्यसको आर्थिक-सामाजिक आधार ध्वस्त हुन बाँकी छ । त्यसलाई यहीबेलामा ध्वस्त पारिएन भने त्यसले आफ्नो अधिसंरचना कायमै राख्न खोज्छ । विभिन्न राजनीतिक शक्तिहरू पनि आफ्नो वर्ग चरित्र बदल्दै जान सक्छन् । तर, यतिबेला सामन्तवाद र दलाल नोकरशाही पुँजीवादलाई प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिहरू छरपष्ट स्थितिमा छन् । तिनीहरू सङ्गठित छैनन् । तर, तिनीहरू विभिन्न पार्टीहरूमार्फत अलग-अलग रूपमा अभिव्यक्त हुन सक्छन् । जसले सामन्तवादको पक्षपोषण गर्छ, प्रगतिशील भूमिसुधारको कार्यक्रमलाई जसले विरोध गर्छ वा सामन्तवादका अवशेषहरूलाई बचाउन जो अघि सर्छ, त्यो नै सामन्ती, प्रतिगामी र यथास्थितिवादी शक्ति हुन्छ । त्यसैले यतिबेला सामन्ती, प्रतिगामी र यथास्थितिवादी शक्तिहरू नै नेपाली जनताका प्रधान शत्रु वा निशाना हुन् । समयक्रममा तिनीहरूसँगको राजनीतिक संघर्ष विभिन्न रूपमा प्रकट हुनेछ ।

## तात्कालिक कार्यनीतिक लक्ष्य

प्रधान अन्तरविरोध र प्रधान शत्रुको पहिचान भएपछि हामीले त्यसका विरुद्ध नेपाली जनताले सञ्चालन गर्ने सङ्घर्षको तात्कालिक लक्ष्य सही ढङ्गले निर्धारण गर्न सक्नुपर्छ । यतिबेला नेपाली जनताको लोकतान्त्रिक क्रान्तिकारी आन्दोलनको आमलक्ष्य वा रणनीतिक लक्ष्य जनताको बहुदलीय जनवादको प्राप्ति नै हो । त्यो लक्ष्यबाट निर्देशित हुँदै अघि बढ्ने क्रममा यतिबेला हाम्रो लोकतान्त्रिक क्रान्तिकारी आन्दोलनको निशाना मूलतः सामन्तवाद बन्न पुगेको छ र सामन्ती, प्रतिगामी तथा यथास्थितिवादी शक्तिलाई उन्मूलन गर्ने काम पनि तात्कालिक कार्यनीतिक काम बनेको छ । तर, यो काम शान्तिपूर्ण र वैधानिक रूपबाट सम्पन्न गर्नुपर्ने

छ। जनताको सङ्घर्षले वैधानिक बाटोलाई समाइसकेको छ। त्यसैले हाम्रो तात्कालिक लक्ष्य जनमुखी र प्रगतिशील लोकतान्त्रिक संविधानको निर्माण गर्ने र त्यसका आधारमा सामन्तवादलाई उन्मूलन गर्ने हुनुपर्छ। तब मात्र हामीहरू नेपाली क्रान्तिलाई एउटा नयाँ उचाइमा उठाउन सक्छौं। त्यसैले अब हाम्रो पार्टीले नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्दै सामन्तवादलाई उन्मूलन गर्ने दिशातिर सम्पूर्ण पार्टी काम र आन्दोलनलाई केन्द्रित गर्नुपर्छ।

## मुख्य कार्यनीतिक नाराको निर्धारण

हामीहरू यतिबेला जनताको हकहित र अधिकारका आवाजहरूलाई अघि बढाइरहेका छौं। ती कुराहरूलाई अघि बढाइरहँदा हामीले अनेकौं नाराहरू पनि अघि सार्ने गरेका छौं। हिजो राजतन्त्रविरोधी सङ्घर्षको चरणमा पनि हामी लोकतान्त्रिक सङ्घर्षलाई अघि बढाउन अनेक नाराहरूको प्रयोग गर्दथ्यौं। ती अनेक नारामध्ये एउटा प्रमुख कार्यनीतिक नारा हुन्थ्यो। जस्तै- राजतन्त्रको अन्त्य गरौं, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं। त्यो कार्यनीतिक नारा वरिपरि नै अन्य सबै नाराहरू घुम्ने गरेका थिए। ठीक त्यसरी नै अहिले हामी नयाँ परिस्थितिमा आइपुगेका छौं। हिजोको मुख्य कार्यनीतिक नारा पनि पुरानो भएको छ। अहिलेको नयाँ परिस्थितिमा हामीहरू संविधानसभालाई सही ढङ्गले सञ्चालन गर्ने, यथासक्य चाँडो नयाँ संविधान निर्माण गर्ने, नयाँ संविधानको प्रकाशमा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणको प्रक्रियालाई अघि बढाउने, सामन्तवादलाई उन्मूलन गर्ने र त्यसका निम्ति प्रगतिशील भूमिसुधारको कार्यक्रमलाई लागू गर्ने दिशातिर अघि बढ्दै छौं। त्यसैले, आजको मुख्य कार्यनीतिक नारा हो- "लोकतान्त्रिक संविधानको निर्माण गरौं, सामन्तवादलाई उन्मूलन गरौं।" यही नै अहिलेको वर्गसङ्घर्षको मुख्य कडी हो। यसलाई दरो गरी समाएर मात्र हामीहरू जनसङ्ख्याको करिब ७० प्रतिशतमा रहेको आमकिसान जनतालाई व्यापक रूपले परिचालित गर्न सक्ने छौं, आम जनतालाई एकताबद्ध पार्न सक्ने छौं र लोकतान्त्रिक क्रान्तिको प्रक्रियालाई सही दिशातिर अघि बढाउन सक्ने छौं।

## सङ्घर्षको मुख्य रूप

उपर्युक्त कार्यनीतिक नाराका साथ अघि बढाइने लोकतान्त्रिक आन्दोलनमा सङ्घर्षको मुख्य रूप तय गरेर अघि बढ्नु हाम्रो कार्यनीतिक कार्यदिशाको अर्को महत्त्वपूर्ण पक्ष हो। नेपाली जनताको लोकतान्त्रिक क्रान्तिकारी आन्दोलन वर्गसङ्घर्षका सबै सम्भव रूपहरूलाई प्रयोग गर्दै अघि बढ्दै आएको छ। हर अवस्थामा हामीले सङ्घर्षको एउटा मात्र होइन, विभिन्न रूपहरू अपनाउनु पर्ने हुन्छ। त्यसका साथसाथै क्रान्तिको विकासका विभिन्न चरणमा सङ्घर्षका अलगअलग रूपहरूले प्रधानता ओगट्न सक्छन्। तर, सघर्षको खास अवस्थामा खास रूपलाई मुख्य रूपले अपनाउनु पर्ने हुन्छ। हामी अहिले एउटा नयाँ अवस्थामा आइपुगेका छौं। जनताको ५० वर्षभन्दा लामो विविधतापूर्ण सङ्घर्षको परिणामस्वरूप संविधानसभाको निर्वाचन सम्पन्न भएको छ। त्यो राष्ट्रमा नयाँ नीति बनाउने, ऐन-कानून बनाउने र संविधान बनाउने थलो मात्र होइन, राष्ट्रिय बहस र छलफलको एउटा महत्त्वपूर्ण थलोका रूपमा पनि स्थापित भएको छ। हामीले लोकतान्त्रिक क्रान्तिलाई अघि बढाउनको निम्ति प्रत्येक सवालमा त्यो थलोमा गम्भीर ढङ्गले बहसमा उत्रिनु पर्नेछ र त्यहाँ सञ्चालन गरिने सङ्घर्षले नै मुलुकको भावी राजनीतिक विकासलाई प्रभावित पार्नेछ। यतिबेलाको अवस्थामा निर्धारित लक्ष्य प्राप्तिका निम्ति संविधानसभामा गरिने गहन वैचारिक, राजनीतिक र संवैधानिक सङ्घर्ष नै प्रमुख र निर्णायक बन्न पुगेको छ। त्यसैकारण यतिबेला हाम्रो सङ्घर्षको मुख्य रूप आम रूपमा शान्तिपूर्ण र संवैधानिक सङ्घर्ष हो। यस कुरालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ। त्यसका साथसाथै संविधानसभाभित्रको सङ्घर्षलाई दिशा र गति दिन तथा निर्धारित लक्ष्यतिर निर्देशित गर्नका निम्ति सडकबाट गरिने जनताका विविधतापूर्ण सङ्घर्षको राष्ट्रव्यापी दबाबलाई पनि संयोजन गर्नुपर्छ। सडकबाट गरिने दबाबपूर्ण सङ्घर्ष जति

शक्तिशाली हुन्छ, सदनभित्रको वैधानिक सङ्घर्ष त्यति नै प्रष्ट र सही दिशामा अघि बढ्न सक्छ। हामीले सडकबाट विभिन्न वर्ग, तह, समुदाय र क्षेत्रका जनताका सङ्घर्षहरूका साथै सामन्तवादका विरुद्ध प्रगतिशील भूमिसुधारका निम्ति राष्ट्रव्यापी रूपमा किसानहरूको दबाबपूर्ण सङ्घर्षलाई सशक्त रूपमा अघि बढाउनुपर्छ। तव मात्र लोकतान्त्रिक क्रान्तिको प्रक्रियालाई सही दिशामा अघि लान सकिनेछ।

## सङ्घर्षको मुख्य शक्ति

लोकतान्त्रिक क्रान्तिका हर चरणमा सञ्चालित हुने सङ्घर्षमा त्यसको मुख्य शक्ति हुन्छ र हुनुपर्छ। आन्तरिक अन्तरविरोध प्रधान भएका हर-कालखण्डमा प्रतिक्रियावादविरोधी सङ्घर्षको मुख्य शक्ति भनेको सर्वहारा-श्रमजीवी वर्ग, किसान जनसमुदाय र निम्न-पुंजीपति वर्गका व्यापक जनसमुदाय नै हुने गर्छन्। उनीहरूलाई जागृत, सङ्गठित र एकताबद्ध नगरी लोकतान्त्रिक सङ्घर्षलाई अघि लैजान सकिन्न। यतिबेला सामन्ती, प्रतिगामी र यथास्थितिवादी शक्तिहरू हाम्रो प्रमुख निशाना बनेका छन्। यस अवस्थामा पनि सङ्घर्षको मुख्य शक्ति भनेको मजदुर, किसान र निम्नपुँजीपति वर्गका व्यापक जनसमुदाय नै हुन्। उनीहरू नै हाम्रो समाजका आधारभूत वर्गहरू हुन्। यी आधारभूत वर्गका जनतालाई जागृत, सङ्गठित, एकताबद्ध र परिचालित नगरी जनआन्दोलनले गति लिन सक्तैन। यतिबेला हामीले सामन्तवादी, प्रतिगामी र यथास्थितिवादी शक्तिहरूका विरुद्ध आमजनतालाई जागृत र सङ्गठित गर्नुपर्छ। उनीहरूलाई व्यापक रूपले परिचालित गर्दै संविधानसभालाई सही दिशामा अघि बढाउनका निम्ति राष्ट्रव्यापी दबाब दिनुपर्छ। जनदबाबबिना संविधानसभालाई अपेक्षित दिशामा अघि बढाउन सकिंदैन। त्यसैले हामीले आधारभूत वर्गका जनतालाई व्यापक रूपले परिचालित गर्ने कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ।

## सहायक शक्तिहरूको परिचालन

हामीले जनताको लोकतान्त्रिक आन्दोलनलाई सामन्ती, प्रतिगमनकारी तथा यथास्थितिवादी शक्तिहरूका विरुद्ध केन्द्रित गर्दै अघि बढाउने सिलसिलामा क्रान्तिका आधारभूत शक्तिहरू चिनेर मात्र पुग्दैन। हामीले क्रान्तिका सहायक शक्तिहरूलाई पनि चिन्नुपर्छ र उनीहरूलाई समेत मुख्य शत्रुका विरुद्ध व्यापक रूपले परिचालित गर्नुपर्छ। यतिबेला जनताको लोकतान्त्रिक आन्दोलनलाई सामन्तवादका विरुद्ध केन्द्रित गर्ने क्रममा जनताको क्रान्तिकारी सङ्घर्षका मुख्य शक्तिबाहेक सहायक शक्तिहरूका रूपमा रहेका मध्यमवर्गका प्रतिनिधि शक्तिहरूलाई व्यापक रूपले परिचालित गर्नुपर्छ। साथै, हाम्रो वर्तमान विशिष्ट स्थितिमा सामन्तवादका विरुद्ध देखिएका ठूला पूँजीपतिहरूलाई पनि सामन्तवाद र यथास्थितिवादका विरुद्ध गोलबन्द गर्ने प्रयास गर्नुपर्छ। उनीहरू वर्तमान सङ्घर्षमा विभिन्न दूरीसम्म जान सक्छन्। तर, जोजति टाढाको दूरीसम्म जान चाहन्छन्, सँगसँगै लिएर अघि बढ्नुपर्छ। तब मात्र सामन्तवाद र यथास्थितिवादविरोधी सङ्घर्षले ठोस दिशा लिन सक्नेछ र अन्ततः सामन्तवादलाई समूल उन्मूलन गर्न सम्भव हुनेछ।

उल्लिखित पक्षहरू नै हाम्रो वर्तमान कार्यनीतिक कार्यदिशाका आधारभूत तत्त्वहरू हुन्। यस्तो राजनीतिक, कार्यनीतिक कार्यदिशा लिएर अघि बढे मात्र सामन्तवादका विरुद्ध जनताको सङ्घर्षले उचाइ प्राप्त गर्न सक्नेछ र प्रगतिशील भूमिसुधारको कार्यक्रम पनि लागू गर्न सकिनेछ। वर्तमान अवस्थामा यही कार्यनीतिक कार्यदिशाका आधारमा नै हाम्रा प्रचार, सङ्गठन, सङ्घर्ष र अन्य क्षेत्रका सबै कामहरू अघि बढाउनु पर्छ र क्रान्तिलाई पूर्णता दिने दिशातिर अघि बढ्नुपर्छ।

■

# जननेता मदन भण्डारी र जवज

*क. के.पी. शर्मा ओली*
*नेता, नेकपा (एमाले)*

जननेता मदन भण्डारीका बारेमा धेरै भनिरहनुपर्दैन । उहाँका विचारसँग सहमत मात्र होइन हिजो वा आज असहमत रहेका कोही पनि उहाँमा रहेको बहु-आयामिक वैचारिक एवम् नेतृत्व क्षमतालाई स्वीकार गर्न बाध्य हुनुपर्ने अवस्था छ। मदन भण्डारी खासगरी चिन्तकको रूपमा, कुशल संगठकको रूपमा, सफल नेताको रूपमा, प्रखर वक्ताको रूपमा र अत्यन्तै बौद्धिक व्यक्तिको रूपमा परिचित साथै स्थापित हुनुहुन्छ। यी सबै कारणले उहाँको त्यो क्षमतालाई मुलुक हाँक्नसक्ने एउटा व्यक्तित्व, सैद्धान्तिक अस्पष्टता र अन्यौलहरूलाई चिरेर देशलाई परिवर्तनको दिशामा सशक्त ढंगले अगाडि बढाउने व्यक्तित्व, अनेक नेताहरूले अनेक ध्रुवको रूपमा अनेकतिर तानिरहेको कम्युनिष्ट आन्दोलन र अनेक ध्रुवको रूपमा फिंजाइरहेका अथवा तानिरहेका वैचारिक दिशाहरू, ती सबैलाई एकातिर तानेर एउटा दिशामा डोऱ्याएर कम्युनिष्ट आन्दोलन र नेपालको लोकतान्त्रिक आन्दोलनलाई हाँक्नसक्ने व्यक्तित्वको रूपमा अब तर्कले पुष्टि गरिरहनु पर्दैन, व्यवहारले पुष्टि गरिरहेको छ। फेरि पनि दोहोऱ्याऊँ मदन भण्डारीले प्रतिपादन गर्नुभएको सिद्धान्त र विचारहरूको सहीपनालाई अब तर्कले पुष्टि गरिरहनु पर्दैन व्यवहारहरूले सिद्ध गरिरहेका छन् ।



कम्युनिस्टहरू सधैं सामाजिक परिवर्तनको एउटा बृहत्तर लक्ष्य लिएर हिंड्ने मान्छेहरू हुन् । त्यसैले हामी संकीर्णता या आग्रहहरूबाट मुक्त भएर र व्यापक दृष्टिकोण लिएर मात्रै सामाजिक परिवर्तन गर्न सक्छौं । सानो चित्तले, काखापाखा गर्ने कुराले, अग्रज नेताहरूको मूल्यांकनमा तलमाथि पार्ने कुराले मुलुकलाई अगाडि बढाउन सकिंदैन । कमरेड मदन भण्डारीले नेपालको कम्युनिष्ट आन्दोलनमा देखिएको सैद्धान्तिक अन्यौल समाप्त पार्दै सैद्धान्तिक मार्गदर्शन गर्नुभयो । उहाँले व्यापक रूपमा पन्पिएको, फैलिएको, जरा गाडेको अवसरवादलाई पराजित गर्ने कामको निम्ति योगदान गर्नु भयो। सैद्धान्तिक रूपमा नेपालको कम्युनिस्ट आन्दोलन सैद्धान्तिक विचलनबाट र जडसूत्रवादको शिकार भएको थियो। उहाँले पुस्तकपन्थ, जडसूत्रवाद, अनुभवको नक्कल गर्ने प्रवृत्ति जस्ता कुराहरूबाट कम्युनिष्ट आन्दोलनलाई मुक्त गराउन ठूलो योगदान गर्नुभयो। उहाँले सामाजिक परिवर्तनको क्रान्तिकारी सिद्धान्त जनताको वहुदलीय जनवादको प्रतिपादन गर्नुभयो ।

जनताको बहुदलीय जनवाद (जबज) ले वर्तमान नेपाली राजनीतिलाई अगाडि बढाउन नेतृत्वदायी भूमिका खेलेको मात्र होइन, यसले समग्रमा राजनीतिलाई मार्गदर्शनसमेत गरिरहेको छ। राजनीति सबै नीतिहरूको मूल नीति हो। जबजले राजनीतिक क्षेत्रमा मात्रै मार्गदर्शन गरिरहेको छैन। यसले समग्र सामाजिक-आर्थिक व्यवस्था, समग्र सामाजिक क्रियाकलापहरू, संस्कृतिका पक्षहरूसमेतलाई व्यवस्थित गर्दै समाजलाई कुन दिशामा अगाडि बढाउने अर्थात् समग्र सामाजिक परिवेशलाई वैज्ञानिक, आधुनिक, समतामूलक, न्यायसङ्गत, अग्रगामी र जनमुखी दिशामा कसरी अगाडि बढाउने भन्ने विषयमा समेत ध्यान दिन्छ। यी व्यापक विषयलाई आफ्नो कार्यक्षेत्र बनाउँछ र कुनै पनि क्षेत्रबाट आफूलाई पृथक राख्दैन। राजनीतिक प्रणाली, शासन व्यवस्था, सामाजिक न्याय र समानतासहितको सामाजिक व्यवस्था, आर्थिक न्याय र समृद्धि, राजनीतिक स्वतन्त्रता र हक तथा

त्यसभन्दा परका वातावरण, मानवअधिकारजस्ता क्षेत्रहरू, अन्तर्राष्ट्रिय सम्बन्धका प्रश्न अर्थात् राष्ट्रियता, लोकतन्त्र र जनताको जीवनसँग सम्बन्धित यावत् पक्षहरूमा जबजले ध्यान दिन्छ। जबजले यी सबै क्षेत्रहरूलाई प्रभावित गर्दछ र नेतृत्व गर्दछ।

जबजका थुप्रै पक्षहरू छन्। यसमा नवीनता, विशिष्टता र व्यापकता छ। कतिपय मानिसहरूले कुनै समयमा कहींकतै कसैले जवजका कतिपय पक्षहरूको बारेमा चर्चा गरेको हुनाले जनताको बहुदलीय जनवाद नयाँ होइन भन्ने गर्छन्। यसैगरी फेरि जवजको अर्को पक्षको बारेमा अर्को समयमा र अर्को ठाउँमा कसैले चर्चा गरेको हुनाले यसमा कुनै नयाँ कुरा छैन भन्ने तर्क गर्छन्। राजनीतिक समता, बहुदलीय प्रणाली, बहुलवादी समाजको चर्चा पनि पहिलेदेखि उठेकै हो, त्यसैले यी विषयहरू जबजले ल्याएको होइन र यसमा नवीनता छैन भन्नखोज्नेहरू पनि छन्। यसका आलोचकहरूले त्यस ढङ्गले कुरा उठाउने गर्दछन्। वास्तवमा आंशिक रुपले कुरा उठाउनु, क्षेत्र विशेषको कुरा उठाउनु एउटा पक्ष हो भने समग्रमा, प्रणालीको रूपमा, सिद्धान्तको रूपमा विषय प्रस्तुत गर्नु बेग्लै हो।

हाम्रो देशमा राणाशासनकालमा प्रजापरिषद् स्थापना हुँदा त्यसको नाम, काम, कार्यक्रम, लक्ष्य र विचारका आधारमा त्यो तानाशाही सत्ताको बिरुद्धमा थियो। तर, आजको लोकतान्त्रिक गणतन्त्रको उचाइमा त्यतिबेलाको अवधारणा थिएन। त्यतिबेला निश्चय नै राजनीतिक सुधार र समृद्धिका कुरा उठाइएको थियो तर आर्थिक न्यायसहितको समृद्धिको कुरा उठाइएको थिएन। सुधार र समृद्धिलाई राजनीतिक स्वतन्त्रता, सामाजिक न्याय, समानता र आर्थिक न्यायसँग समेत जोडेर एउटा वैज्ञानिक, आधुनिक न्याय र समानतामा आधारित, समुन्नत र व्यवस्थित सिद्धान्तका रूपमा अगाडि सार्नसकेको अवस्था थिएन।

जबजको विशेषता के हो भने यसले जुनसुकै राजनीतिक विचार वा प्रणालीका पनि नराम्रा पक्षहरूलाई आत्मसात गर्दैन। ती नराम्रा पक्षहरू चाहे आफ्नै हुन् या आफूनिकट ठानिएका हुन्, तिनीहरूलाई पनि निर्ममताका साथ हटाउने, अस्वीकार गर्ने र सच्याउने काम जवजले गऱ्यो। मानवजातिले सामाजिक परिवर्तन, रूपान्तरण र व्यवस्थापनको सन्दर्भमा विभिन्न समयमा विभिन्न ठाउँमा गरेका विभिन्न प्रकारका प्रयोगहरूबाट हासिल भएका उपलब्धीहरू र तिनका परिणामका सकारात्मक पक्षलाई अपनायो। राम्रा देखिएका कुराहरू विपक्षीकै भए पनि त्यसलाई बिनाहिच्किचाहट मानवजातिले प्राप्त गरेका उपलब्धि हुन् भनेर आत्मसात् गऱ्यो। राजनीतिलाई नितान्त राजनीतिक क्षेत्र, राजनीतिक क्रियाकलाप, पार्टी खोल्ने र चलाउनेजस्तो साँघुरो घेरामा सीमित राखेन। मानवजातिले अनुसन्धान, प्रयोग र परीक्षण गरेका तथा त्यसक्रममा प्राप्त गरेका उपलब्धिहरूलाई सहर्ष स्वीकार गऱ्यो। विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका विभिन्न खोज र अनुसन्धानहरूलाई आत्मसात् गर्ने, सोझै राजनीतिसँग सम्बन्धित नदेखिने वातावरणजस्ता विषयहरू उठाउने काम जवजले गर्दछ। मानवअधिकार, समाजमा पछाडि परेको हिंसालाई अगाडि बढाउने सन्दर्भमा सामाजिक सुरक्षाको विषय, महिला सुरक्षा तथा समानता, बालबालिकाका निम्ति विशेष हेरविचार, उनीहरूको उचित सुरक्षा तथा हेरचाह, शिक्षा, स्वास्थ्य आदि पक्ष, समाजमा ओझेलमा परेका अपहेलित, विकलाङ्ग, अपाङ्ग, दृष्टिविहीन समुदायको बाँच्न पाउने, उन्नति-प्रगति गर्न पाउने जस्ता अधिकारका पक्षहरूलाई ध्यानमा राखेर समग्र समाजको परिवर्तनको सन्दर्भ जबजले समेट्छ। यो जबजको समग्रताको पक्ष हो, वैज्ञानिकताको पक्ष हो।

पुँजीवादी प्रणालीले राजनीतिक अधिकार र व्यक्तिगत स्वतन्त्रताको पक्षमा वकालत गऱ्यो। तर त्यसले सामाजिक न्याय, आर्थिक समानता, व्यक्तिको बाँच्न पाउने हकको पक्षमा ध्यान दिन सकेन। मानवअधिकारको महत्त्वपूर्ण पाटोका रूपमा रहेको सामाजिक-आर्थिक अधिकार अर्थात् खान, लाउन, बस्न र सम्मानपूर्ण ढङ्गले बाँच्नका लागि शिक्षा, स्वास्थ्य र जिविकोपार्जनका लागि अवसरजस्ता विषयहरूमा पूँजीवादले जोड दिएन। जबजले

लोकतन्त्रको नाममा पूँजीवादी प्रणालीभित्र रहेको कमीलाई स्वीकार गर्दैन । बरु यसले त लोकतन्त्रलाई पूर्णता दिनुपर्छ भन्दछ ।

परम्परागतरूपमा संचालित कम्युनिस्ट आन्दोलनभित्र सामाजिक न्याय र आर्थिक समानताका पक्षमा जोड त दिइयो तर राजनीतिक प्रतिस्पर्धा वा राजनीतिक स्वतन्त्रताजस्ता पक्षहरूमा त्यहाँ न्यूनता खड्क्यो । जनताको बहुदलीय जनवादले समाजवादका नाउँमा हुने यस प्रकारका कमीहरूलाई स्वीकार गर्दैन । अर्थात् जबजले लोकतन्त्रको नाउँमा राजनीतिक स्वतन्त्रतालाई मात्रै जोड दिने आशिंकता वा अपूर्णतालाई पनि मानेन र समाजवाद र समानताका नाउँमा राजनीतिक स्वतन्त्रताको न्यूनता रहेको स्थितिलाई पनि स्वीकार गरेन । जबज एउटा परिपूर्ण र सर्वकालिक मार्गदर्शक सिद्धान्त हो ।

दाहिनेतिर भएका कतिपय व्यक्ति जबज प्रजातान्त्रिक समाजवादभन्दा पर छैन भन्छन् भने देब्रेतिर भएकाहरू यो वर्गसमन्वय गर्ने सिद्धान्त हो भनेर भन्छन् । यो कि त मानिसहरूले ठीक ढङ्गले नबुझेर यसो भनेका हुन् या यसप्रति आग्रह राखेर यस्तो टिप्पणी गरेका हुन् । कतिपय व्यक्तिहरू आफूले आस्था राखेको कुनै एउटा वाद या विचारलाई श्रेष्ठ ठहऱ्याउने क्रममा जबजलाई अस्वीकार गर्ने कुनै तर्क नभएपछि जबज फलानाको सोच-विचारसँग निकट छ वा त्यसैका मातहतमा छ भन्ने हिसाबले पनि प्रस्तुत हुन्छन् । तर, साँचो कुरा त्यस्तो होइन । पूँजीवादका नाममा वा समाजवादका नाममा गरिएका प्रयोगहरू तथा चिन्तन र खोजका कमीबाट उत्पन्न भएका नकारात्मक पक्षहरूबाट जबजले शिक्षा लिने काम गरेको छ र क्रान्तिका सिद्धान्तलाई पूर्णतामा पुऱ्याउने काम गरेको छ । यति मात्र होइन कि जाति, भाषा, धर्म, संस्कृति, लैङ्गिक समुदाय र क्षेत्रका बीचमा रहेका असमानता र भेदभावका प्रश्नहरूलाई सम्बोधन गर्ने पक्षलाई समेत यसले समेटेको छ ।

नेपालको कम्युनिस्ट र लोकतान्त्रिक आन्दोलनका अघिल्लो पुस्ताका नेताहरू पुष्पलाल र बीपीले लोकतन्त्र, क्रान्ति र सामाजिक-आर्थिक सुधारका पक्षमा महत्त्वपूर्ण कुराहरू उठाउनुभएको छ । तर जबज जस्तै गरी विगतमा ती पक्षहरूले परिपूर्ण, आधुनिक र वैज्ञानिक सिद्धान्तका रूपमा मान्यता पाएर व्यवस्थित हुनसकेका थिएनन् र त्यो उचाइमा उठ्न सकेका थिएनन् । यो उहाँहरूको वैयक्तिक कमीका कारण भएको थिएन । उहाँहरू संलग्न वैचारिक धार र तात्कालीन समयका सीमाका कारण पनि त्यसो हुनु स्वाभाविकै थियो । उहाँहरू जुनजुन ठाउँमा संलग्न हुनुभो, सम्बन्धित रहनुभो र योगदान गर्नुभो त्यो महत्त्वपूर्ण छ ती र त्यतिबेलाको आन्दोलनका सीमाहरू छन् । त्यसबाहेक त्यतिबेलासम्मका प्रयोग तथा परीक्षणका अनुभवहरूले पनि आजको उचाइमा आउनु, सिद्धान्तलाई यो पूर्णतामा विकास गर्नु सम्भव थिएन ।

जबजका प्रतिवादीहरू अर्थात् *सोसिअल डेमोक्रेसीले* उठाएका विषयहरू, *युरो कम्युनिज्मले* उठाएका विषयहरू अथवा कुनै समयमा *रोजा लक्जेमवर्ग* वा अरु कुनै विद्वान्, चिन्तक, आफ्नो समयको क्रान्तिकारीमध्ये कसैले उठाएका कुरा आफ्नो ठाउँमा आंशिक रूपमा सही हुन सक्दछन् या संशोधनवादी भनेर आरोपित मान्छेले उठाएका कुरा पनि पूर्ण रूपले गलत नहुन सक्छन् । आज पनि विभिन्न समतावादी आन्दोलन, आर्थिक आन्दोलनहरू, वर्ग, क्षेत्र, भाषा, धर्म र अनेक नाममा सामाजिक आन्दोलन उठेका छन् र आंशिक रूपमा तिनका माग सही पनि छन् । तर, समग्रतामा जोड्ने अर्थात् तिनलाई राष्ट्रिय सन्दर्भमा जोड्ने, राष्ट्रको अग्रगामी परिवर्तनसँग जोड्ने, राष्ट्रिय एकतासँग आबद्ध गरेर ती मागहरू उठाउने, अगाडि बढाउने, सम्बोधन गर्ने र तिनलाई समग्र राष्ट्रिय परिवर्तन र व्यवस्थासँग जोड्ने कुरामा चाहिं जबजले मात्रै सफलता हासिल गरेको छ ।

एउटा खण्ड, अंश, वर्ग, समुदाय वा तप्काको रूपमा उठेको कुराले समग्रतालाई वेष्ठित गर्न सक्दैन । सङ्घर्षका रूपहरूको सन्दर्भमा पनि जबजले क्षणिक आवेश, उत्तेजना, लहडबाजी, तात्कालिक परिस्थितिको आधारमा मात्रै नीतिनिर्माण गरेर चल्ने,

अहिलेको आवश्यकतालाई हेरेर त्यही आवश्यकता नै सबैथोक हो भनेर चल्ने, अहिलेको परिस्थितिले जुन कुराका लागि अनुमति दिन्छ, त्यही कुरा नै सर्वकालिक हो, सार्वभौम हो भनेर सोच्ने काम गर्दैन। परिवर्तनको सन्दर्भमा, रूपान्तरण र व्यवस्थापनको सम्बन्धमा, परिस्थिति कस्तो छ, शक्तिसन्तुलन कस्तो छ, उपलब्धता के छ, जनताको चेतनाको स्तर कस्तो छ, राष्ट्र र अन्तर्राष्ट्रिय अवस्था कस्तो छ जस्ता सबै कुरा हेरेर जवजले आफ्नो नीति, बाटो र दिशा तय गर्दछ ।

कतिपय मानिसहरूले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था नै जबज हो भन्ने ठान्दछन्। त्यो पनि हो तर जबज त्यति मात्र होइन। बहुदलीय प्रतिस्पर्धालाई मात्रै जबज हो भन्ने ठानियो भने हामीले आफूमाथि लागेको बुर्जुवा, संशोधनवादी भन्ने आरोपलाई पुष्टि गर्न पुग्नेछौं, त्यतिमै सीमित हुनेछौं।

यतिबेला राजतन्त्र छैन, गणतन्त्र छ। यतिबेला तानाशाही होइन, लोकतन्त्र छ। यतिबेला संवैधानिक र कानुनी बाटाहरू उपलब्ध छन्। यसलाई व्यवस्थित गर्नुपर्ने र मूर्तरूप दिनुपर्ने अवस्था छ। यतिबेला यी कुराहरू छन् तर यी कुराहरू फेरि सर्वकालिक होइनन्।

परिवर्तनको बाटोका सम्बन्धमा जबज स्पष्ट छ। जतिबेला दुनियाँमा उपनिवेशवाद थियो, राष्ट्रिय स्वाधीनताका लागि भएका स्वतन्त्रताका आन्दोलनहरू शान्तिपूर्ण र गैरशान्तिपूर्ण दुवै रूपमा चलेका थिए। तर, आन्दोलनमा वैदेशिक हस्तक्षेप र दमन थियो भने उक्त हस्तक्षेप सेनाबिनाको सैद्धान्तिक हस्तक्षेप मात्रै थिएन। चीनमा जापानको सेनासहितको उपस्थिति थियो भने चीनले कुनै शान्तियात्रा गरेर, पुराण लगाएर र 'ओम शान्ति' मन्त्रोच्चारण गरेर जापान फर्किंदैनथ्यो। उसले दुईवटा कुराहरू खोज्यो, कि अनवरत शासन कि फासिस्ट दमन। जनता र राष्ट्रलाई राष्ट्रिय अधिकार चाहिन्थ्यो। त्यस मागलाई जब हिंसात्मक ढङ्गले दमन गरियो त्यतिबेला त्यसको प्रतिरोध र राष्ट्रिय स्वाधीनताको लडाईं उचित मात्र होइन, आवश्यक नै थियो। त्यहाँ जापानलाई मान्नुपर्दछ, उसको विरोध गर्न पाइन्न भन्ने जापानले लादेको कानुन थियो, चिनियाँ जनताले बनाएको कानुन थिएन। त्यही कानुन र संविधान मानेर चल्नु सम्भव थिएन, शान्तिपूर्ण बाटा र विधिहरू उपलब्ध थिएनन् र दमनकारी कानून मानेर चल्नु सम्भव थिएन। त्यस्तो अवस्थामा राष्ट्रिय स्वाधीनताका निम्ति त्यहाँको सङ्घर्ष जायज थियो।

भारतमा ब्रिटिस उपनिवेश थियो। पादरीहरू मात्र आएका थिएनन्, त्यहाँ सेनासहितको बेलायती साम्राज्य आएको थियो। त्यहाँ सेनासहितको उपस्थिति कुनै आग्रह र शान्तियाचनाबाट हट्नु सम्भव थिएन। बेलायतले भारतमा शासन कायम गर्दै साधनस्रोत हडप्न तथा शोषण गर्न चाहन्थ्यो। ब्रिटिस उपनिवेशका विरुद्ध सशक्त राष्ट्रिय प्रतिरोध आवश्यक थियो, त्यस्तो दबाबले मात्र ऊ विस्थापित हुनसक्थ्यो। त्यसकारण त्यो स्वतन्त्रताको सङ्ग्राम आवश्यक र सान्दर्भिक थियो। त्यसलाई शान्तिपूर्ण ढङ्गले सम्बोधन गर्न ब्रिटिस शासन तयार हुन्थ्यो कि हुँदैनथ्यो ? त्यो इतिहासले मूल्याङ्कन गर्ने कुरा हो। त्यसकारण हामी त्यत्तिकै कुनै कुरालाई पनि स्वीकार वा अस्वीकार गर्न सक्दैनौं। मुख्यरूपमा स्वाधीनताको सङ्ग्रामलाई स्वीकार गर्नुपर्दछ। त्यो चाहे सुवासचन्द्र बोसको लाइनमा होस्, चाहे त्यो मोहनदास करमचन्द गान्धीको लाइनमा होस्। ती दुवैको उद्देश्य मिलेको थियो। एउटाले अर्कोलाई मद्दत पुऱ्याएको पनि हुनसक्दछ। त्यसमा रहेको समानता भनेको एउटै उद्देश्यका लागि फरकफरक बाटो र फरकफरक प्रयास थियो।

जब मुलुकमा तानाशाही हुन्छ, जब शान्तिपूर्ण बाटा र विधिहरू उपलब्ध हुँदैनन्, जहाँ जनताले शान्तिपूर्ण ढङ्गले विचार बनाउने, विचार व्यक्त गर्ने, सङ्गठन बनाउने र माग प्रस्तुत गर्ने अवसर पाउँदैनन् र शान्तिपूर्ण ढङ्गले जनताका आकाङ्क्षाहरू प्रतिबिम्बित गर्न र न्यायिकतामा पुग्न दिइँदैन, त्यस्तो अवस्थामा जनताले प्रतिरोधपूर्ण ढङ्गले अगाडि जानुपर्ने हुन्छ। जनताको शान्तिपूर्ण आवाजलाई हिंसाको बलमा राज्यले दमन गर्दछ भने जनताले

प्रतिरोध गर्दा हिंसा उत्पन्न हुन सक्दछ। त्यसलाई हामी अस्वीकार गर्न सक्दैनौं।

यसैगरी वैधानिक र अवैधानिक सङ्गठनहरूको सम्बन्धमा पनि स्पष्ट हुनुपर्दछ। पञ्चायतकालभरि दलहरू प्रतिबन्धित र भूमिगत अवस्थामा रहे। दलहरू खोल्नु र चलाउनु अवान्छित हुने तर जनताका विरोधी र तानाशाहहरू सङ्गठित भएर जनतामाथि तानाशाही व्यवस्था लादिरहन पाउने भन्ने चाहिं न्यायसङ्गत हुन सक्दैन। त्यसैले ती प्रतिबन्धलाई अस्वीकार गर्नु, भूमिगत अवस्थामा पनि पार्टी बनाउनु र सङ्घसंस्था खोल्न नपाउने अवस्थामै खोलेर, कानुनलाई छलेर वा तोडेर चलाउनु र अन्तिममा संविधान र कानुन बदल्ने गरी दबाब सिर्जना गर्नु अनुचित होइन।

२००७ सालमा राणाशाहीका विरुद्ध जुन ढङ्गको आन्दोलन भयो, तत्कालीन सन्दर्भमा त्यो ठीक थियो। ०४६ सालमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिले शान्तिपूर्ण आन्दोलन सफल हुने परिस्थिति सिर्जना भयो। ०६२-०६३ मा शान्तिपूर्ण आन्दोलन सञ्चालन गर्न सम्भव हुने भयो। हाल शान्तिपूर्ण बाटाहरू उपलब्ध छन्, संवैधानिक बाटा र विधिहरू उपलब्ध छन्, राजतन्त्र समाप्त भएको छ, जनताको हातमा शासन छ। यो जनताद्वारा निर्वाचित संविधानसभा छ, संसद् छ। विद्रोही र अन्य पक्षहरूसमेत भएर संयुक्त रूपमा बनाइएको अन्तरिम संविधान छ। जनतामा विचार लैजान, सङ्गठन गर्न, समर्थन प्राप्त गर्न र जुनसुकै निर्णय पनि गर्न सकिने अवस्था छ। संविधानसभाले दुई सय ४० वर्षको राजतन्त्र समाप्त भो भनेर एउटा निर्णय गर्दा राजतन्त्र समाप्त हुनसक्ने अवस्था छ भने जनता जुनसुकै कुरामा पनि निर्णय गर्न र कार्यान्वयन गर्न सक्षम छन्। त्यस्तो अवस्थामा फेरि हिंसाको बाटो, हिंसाको औजार, हिंसाको विधि सही हुन सक्दैन। यी जबजका सङ्गठन र सङ्घर्षका स्वरूपहरूसम्बन्धी अत्यन्त व्यवस्थित, उन्नत र वैज्ञानिक मान्यताहरू हुन्। संघर्षको स्वरूपसम्बन्धी एउटा मात्रै मान्यतालाई सिफारिस गर्न सकिँदैन, त्यो परिस्थितिमा निर्भर हुने गर्दछ।

एकीकृत नेकपा (माओवादी) ले बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था, बहुलवादी समाज, लोकतान्त्रिक राजनीतिक प्रणाली, निर्वाचित सरकार, निर्वाचन प्रणाली आदि जस्ता लोकतान्त्रिक पद्धतिका महत्त्वपूर्ण विशेषताहरू मुलुकमा विद्यमान हुँदाहुँदै पनि हिंसालाई सिद्धान्तको र छनोटको विषय बनाएर अपनायो, यसमा हाम्रो गम्भीर असहमति र विरोध हो। माओवादीको यो सही सावित हुनै नसक्ने अनावश्यक, अनुचित र हानीकारक नीति र व्यवहार हो।

केही समय पहिले एनेकपा माओवादीले अनिश्चितकालीन आमहड्ताल कार्यकर्ताद्वारा गरेको देखियो। यसलाई हेरेर अब ०६२-०६३ को आन्दोलन या ०४६ सालको आन्दोलन सम्भिmनुपर्छ भन्ने तर्क पनि सुनिए। ०४६ सालमा आन्दोलन गर्दा राजा वीरेन्द्रको सामन्ती राजतन्त्रको सक्रिय नेतृत्वमा तानाशाही पञ्चायती व्यवस्था थियो। त्यसैगरी, ०६२-०६३ मा लादिएको तानाशाही सामन्ती राजतन्त्र र निरंकुश राजा ज्ञानेन्द्रको शासन थियो। त्यसका विरुद्ध लोकतान्त्रिक पार्टीहरूको अगुवाइमा लोकतन्त्र प्राप्तिका निम्ति जनताको आन्दोलन भएको थियो। यसकारण लोकतान्त्रिक ढङ्गले निर्मित सरकार र लोकतान्त्रिक पार्टीहरूका विरुद्ध एउटा एकदलीय एकाधिकारवादी तानाशाहीको वकालत गर्ने, संविधान र कानुन नमान्ने, स्वेच्छाचारी, उग्रवामपन्थी, अतिवादी सङ्गठन वा समूहको नेतृत्वमा त्यस्तै जनआन्दोलन चल्छ भन्ने भ्रम पाल्नु गलत हो। यो राजनीतिक अज्ञानता हो। यो भनेको सुन र बेसारको टुक्रो छुट्याउन नसक्नुजस्तै हो। आन्दोलन भनेपछि जनता जसले आह्वान गरे पनि कुदिहाल्छन् भन्ठान्नु भ्रम हो। आन्दोलनमा जनता संलग्न हुन्छन् तर बितण्डामा जनता कुद्दैनन्। वास्तवमा सिद्धान्तको विषय बनाएर, लहडको विषय बनाएर, संविधानसभा हुँदाहुँदै, निर्णय गर्ने ठाउँ हुँदाहुँदै, त्यस ठाउँमा प्रमुख पार्टीको हैसियतमा आफू हुँदाहुँदै, आफ्नो नेतृत्वको सरकार बेढङ्गी र अराजक ढङ्गले गुमाएर अनि निहुँ

खोजेर जनता ओर्लिदेऊ, असफल भैसकेको फलानो व्यक्तिलाई फेरि प्रधानमन्त्री बनाउन तिमीहरू बलिदान गर्न तयार होऊ भन्ने मागका साथ उत्रिनु अनि त्यो सफल हुन्छ भनी ठान्नु नै मूर्खता हो । यदि मूर्खता होइन भने पनि त्यो विश्लेषणको कमी वा त्रुटि हो । त्यही त्रुटिले नै आफ्ना कार्यकर्ताबाहेक अरुलाई जनता नमान्ने, शान्ति चाहने जनतालाई भिजिलान्ते, गुण्डा, भाडाका टट्टु भन्ने, अनि लोकतन्त्र र शान्तिका पक्षमा उभिने पत्रकारका क्यामेरा फुटाउने, अङ्गभङ्ग गर्ने, शारीरिक हमला गर्ने बिन्दुमा माओवादी पुग्यो । तथाकथित महान् तेस्रो जनआन्दोलन पत्रकारका क्यामेरा फुटाउने ठाउँमा गएर टुङ्गियो । यस्ता क्रियाकलापले आजभन्दा झन्डै दुई सय वर्षअगाडि बेलायतको लुडाइट आन्दोलन या फ्रान्सको लियोका मजदुरहरूले मेसिनमाथि आक्रमण गर्ने गरी गरेको ध्वंसात्मक र न्यून चेतनाको आन्दोलनको झल्को दिन्छ ।

उग्रपन्थी, असान्दर्भिक र असामयिक सोचहरूबाट नेपाली समाज परिवर्तन हुन सक्दैन । यसलाई रूपान्तरण गर्नका लागि जबजजस्तो वैज्ञानिक तथा समुन्नत सिद्धान्त र कार्यक्रमको आवश्यकता छ । यसैअनुसार मात्रै समाज अगाडि जानसक्छ । आज गणतन्त्रलाई संस्थागत गर्नु छ, लोकतन्त्रलाई मूर्त रूप दिनु छ । जनताको लोकतन्त्र के हो ? त्यो स्पष्ट खाका हामीले तयार गर्नु छ । सामाजिक, आर्थिक न्यायसमेतको पूर्णलोकतन्त्र के हो ? आमसभा प्रदर्शन, जुलुस प्रदर्शन र विपक्षीको हक मात्रैको कुरा होइन लोकतन्त्र । समृद्ध र आधुनिक समाज, कानुनी राज भएको समाज, सुशिक्षित समाज भनेको विज्ञान प्रविधिको उपलब्धता मात्र होइन, समग्र शिक्षा, सामाजिक मूल्यमान्यताहरूको उचाइमा उठेको शिक्षाद्वारा शिक्षित प्रशिक्षित, आत्मनियन्त्रित, अनुशासित र लोकतान्त्रिक समाज हो । यस्तो मान्यता नभईकन समाजलाई अगाडि लान सकिँदैन । यो कुरा जबजले मात्रै गर्न सक्दछ ।

नेपाली समाज धेरै ढिलो आधुनिक युगमा प्रवेश गऱ्यो । एक सय चार वर्षसम्मको राणाशासनमा बन्द समाज र तानाशाही दमनका कारण विचार बुझ्ने, बनाउने, त्यो विचार विस्तार गर्ने र त्यसका आधारमा सङ्गठन गर्ने कुनै सम्भावना थिएन । त्यस्तो अवस्थामा जनताको प्रतिरोध र प्रतिक्रियाका कतिपय कुराहरू आए । लखन थापा विद्रोहलाई या प्रचण्ड गोर्खा र त्यसका गतिविधिलाई त्यतिबेलाको स्थितिको सापेक्षतामा हेर्नुपर्छ । प्रजापरिषद्को स्थापना, त्यसका गतिविधि र त्यसमाथिको दमनका क्रमलाई हामीले तत्कालीन नेपाली समाज एउटा छटपटीको अवस्थामा रहेको तर परिवर्तनका निम्ति अनुकूल वातावरण बनिनसकेको, सहेर पनि चलिरहन नसक्ने तर फेर्नसक्ने अवस्था पनि बनिनसकेको अवस्थाको रूपमा हेर्नुपर्छ । उक्त आन्दोलनमाथिको दमनका क्रममा हत्या, हिंसा, चारपाटा मुण्डन, जेलनेल र यातनाले दमनसँगै जागरणको सन्देश पनि प्रवाहित गऱ्यो । त्यसपछिको १० वर्ष अर्को एउटा उकुसमुकुस, छट्पटी र विद्रोहको अवस्थाबाट गुज्र्यो । दुई भिन्न वर्गका प्रतिनिधि राजनीतिक शक्तिका रूपमा कम्युनिस्ट पार्टी र काङ्ग्रेस पार्टीहरू स्थापना भए । आफ्ना दर्शन, विचार, सिद्धान्त र कार्यक्रमहरूसहित तिनीहरू मैदानमा उत्रे । अनि राणा शासनको समाप्ति अनिवार्य भयो । नयाँ र आधुनिक कुराहरू पैदा भए, जसलाई समाप्त पार्न सकिँदैनथ्यो, जसको दबाब राणा शासनले थेग्न सक्दैनथ्यो । तर, उसले शासन छोड्न नमानेपछि झडप हुनु अनिवार्य थियो । लोकतान्त्रिक शासन भएको भए लोकतान्त्रिक ढङ्गले नै हेरफेर हुन्थ्यो । अलोकतान्त्रिक, र चरम जहानियाँ निरङ्कुश राणाशासन हुनाले त्यसको चर्को प्रतिरोध हुनु अनिवार्य थियो । आन्दोलनको आह्वान भयो र त्यसले राणाशासनलाई समाप्त पाऱ्यो ।

आधुनिक युगमा प्रवेश गर्ने व्यवधानका रूपमा रहेको राणाशासन र त्यसको तानाशाही दमन समाप्त भएपछि र पहिल्यै सामन्तवादको ठाउँमा विभिन्न रूपमा प्रवेश गरिसकेको पुँजीवादको प्रवेशले यो प्रक्रियालाई तीव्र पाऱ्यो । पुँजीवाद आर्थिक क्रियाकलापका रूपमा मात्रै प्रवेश गरेन, विचारमा पनि प्रवेश गऱ्यो । विचारमा पुँजीवाद मात्रै प्रवेश

गरेन वैज्ञानिक समाजवाद पनि प्रवेश गऱ्यो। यो वैज्ञानिक समाजवाद र लोकतान्त्रिक पुँजीवादी मान्यता दुईवटाको वैचारिक र व्यावहारिक संयुक्त प्रहार राणाशासन जस्तो मक्किएको व्यवस्थाले धान्न सक्दैनथ्यो। २००७ सालको परिवर्तन त्यही उसको धान्ने क्षमताको अभाव र ऐतिहासिक रूपमा असान्दर्भिक र थोत्रो तथा टिक्न नसक्ने अवस्थामा पुग्ने कुराको परिणाम थियो । नेपाल नयाँ र आधुनिक समयमा प्रवेश गऱ्यो। २००७-२००८ सालमा मजदुरबाहेक महिला, युवा, विद्यार्थी र किसानहरूमा पनि वर्गीय र सामुदायिक चेतना, सङ्गठन र सङ्घर्षजन्य गतिविधिहरूमा जाने कुराको प्रारम्भ भयो। २००७ सालको सेरोफेरोमा यी वर्ग र समुदायहरूमा पनि जागरणको अवस्था पैदा भएको देखिन्छ।

त्यसपछि कम्युनिस्ट आन्दोलन वा प्रजातान्त्रिक भनिएको आन्दोलनमा तिनीहरूले गरेका कमीकमजोरी र भुलचुकहरू, तिनीहरूले समयसँगै पाएका समर्थन र गुमाएका उपलब्धिहरूको समीक्षा अहिले यहाँ सम्भव छैन। तर, नेपाली समाजले चाहेको वास्तविक सामाजिक न्याय, आर्थिक समानतासहितको राजनीतिक स्वतन्त्रता र हकअधिकारसहितको नेपाली समाज, आधुनिक, वैज्ञानिक, उन्नत र समृद्ध समाज बनाउने चाहना परिकल्पना भने अहिलेसम्म पूरा हुनसकेका छैनन्, जसलाई पूरा गर्ने अभियानमा हामी छौं।मानवीय चाहनाहरूलाई हाम्रा ऋषिमुनिहरूले उहिले नै 'सर्वेभवन्तु सुखिन, सर्वे सन्तु निरामया' भनेर भनेकै हुन्। तर, त्यो कसरी प्राप्त हुन्छ भन्ने कुरा नै समस्याको रूपमा रहयो। तत्कालीन नेकपा (माले) को चौथो महाधिवेशनले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणको सम्बन्धमा जननेता मदन भण्डारीको अगुवाइमा ठूलो फड्को ल्याउने खालका निर्णयहरू गऱ्यो। तत्कालीन नेकपा (माले) ले आफ्नो चौथो राष्ट्रिय महाधिवेशनको आयोजना २०४६ साल आश्विनको पहिलो हप्तामा गऱ्यो। त्यस महाधिवेशनले नेपाली कम्युनिष्ट आनदोलन र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको समीक्षा गर्दै पार्टीलाई खासगरी नेतृत्व विज्ञानको क्षेत्रमा तथा रणनीति र कार्यनीतिका प्रश्नहरूमा स्पष्टता प्रदान गऱ्यो। अन्य कतिपय धारणा र नीतिहरूको क्षेत्रमा सहीपना ल्यायो र सर्बोपरी त पार्टी नेतृत्वको सर्वोच्च स्थानमा वास्तविक नेता-वैचारिक नेतालाई स्थापित गऱ्यो। जननेता क. मदनकुमार भण्डारी महासचिवको जिम्मेवारीमा स्थापित हुनुभयो। पार्टीले र आनदोलनले उहाँको आधिकारिक अगुवाई प्राप्त गऱ्यो। त्यसको श्रेय कतिपय व्यक्तिहरूले लिने अनुचित र असम्भव प्रयास गरेको पनि देखिन्छ। पछिसम्म पनि जनताको बहुदलीय जनवादसँग असहमत र विरोधमा भएका व्यक्तिहरूले आफूलाई अगाडिदेखि नै त्यसको आदि व्यक्तित्वका रूपमा र त्यसको जग खडा गर्ने व्यक्तिका रूपमा प्रस्तुत गर्नखोज्नु हास्यास्पद हुन्छ। चौथो महाधिवेशनको सन्दर्भमा जबजका पूर्वाधारहरू निर्माण वा त्यस दिशाको यात्रामा जननेता मदन भण्डारीको अगुवाइ थियो। त्यसैकारण मदन भण्डारीलाई नै चौथो महाधिवेशनले आफ्नो नेताका रुपमा स्थापित गऱ्यो। पदीय जिम्मेवारी र नेतृत्व, राजनीतिक नेतृत्व र वैचारिक नेतृत्व एउटै कुरा होइन। पदीय जिम्मेवारी अनेकले लिनसक्छ, नेपालको कम्युनिस्ट आन्दोलनमा थुप्रै व्यक्तिहरू थुप्रै समूहहरूमा महासचिव भए। तर, अहिलेसम्मका नेताहरूमा संस्थापकको हिसाबमा र यसका प्रथम वैचारिक प्रणेताका रूपमा पुष्पलालले नेपाली कम्युनिस्ट आन्दोलनलाई ठूलो गुन लगाउनुभएको छ। त्यसपछि नेपाली समाज, राजनीतिक क्षेत्र र सामाजिक क्षेत्रमा वैज्ञानिक चिन्तन ल्याउने अर्को व्यक्तित्व जननेता मदन भण्डारी नै हुनुहुन्छ। उहाँले नेपाली समाजको परिवर्तनका निम्ति मार्गदर्शन गर्ने जबज जस्तो सिद्धान्त र कार्यक्रम प्रतिपादन गरेर अर्को असाधारण गुन लगाउनुभएको छ।

कसैले यस विचारसँग असहमति जनाउँदै भड्कावयुक्त गतिविधिहरू गरेका हुन सक्छन्। कहिलेकाहीं त्यसको तामझाम धेरै ठूलो पनि हुनसक्छ। तर, त्यो अन्तिममा गएर गलत सावित भइछाड्छ। माओवादीले 'महान् जनयुद्ध' भन्दै त्यसलाई स्थगित गर्नुपऱ्यो। लडाकुलाई

'क्यान्टोनमेन्ट'मा राख्नुपऱ्यो । हतियार गोदाममा थन्क्याउनुपऱ्यो । 'महान् जनयुद्ध' भए त चल्थ्यो र सफल हुन्थ्यो होला । 'महान् जनयुद्ध' लाई किन *स्टोर*मा राख्नुपर्थ्यो ? तर, जबज त्यसरी जानुपर्दैन । यसलाई 'क्यान्टोनमेन्ट' मा थन्क्याउनुपर्दैन, स्टोरमा भन्डारण गर्नुपर्दैन । बरु कालान्तरमा असहमतले पनि स्वीकारेर जबजमै आउन बाध्य हुनुपर्छ । तपाईंले एउटा ढुङ्गा समातेर भन्नुस् म यो धर्तीमा ढुङ्गा राख्दिन, आकाशमा फ्याँक्छु । तर, जति फ्याँके पनि ढुङ्गा फेरि धर्तीमै झर्छ ।

राजनीतिक स्वतन्त्रताको मात्रै वकालत गरेर आर्थिक न्याय र समानतालाई नजरअन्दाज गर्नेहरू कसरी फेरि धर्तीमै फर्केर आउन बाध्य भएका छन्, यसलाई हेर्दा स्पष्ट हुन्छ । २००७ साल र त्यसभन्दा पछि ०६२-०६३ को आन्दोलनको आसपाससम्म कम्युनिस्ट पार्टी र काङ्ग्रेसबीचको लडाईं राजतन्त्र कि गणतन्त्र भन्ने कुरामा हो । राजनीतिको मुख्य मतभेद भनेको लोकतान्त्रिक गणतन्त्र कि संवैधानिक राजतन्त्र भन्नेमा थियो । पुग्यो कहाँ ? अब यसमा वाकचतुऱ्याईंको के अर्थ छ र ?

कम्युनिस्ट आन्दोलनले पुष्पलाल श्रेष्ठको नेतृत्वमा २००६ सालमा गणतन्त्र स्थापनाको जुन सैद्धान्तिक उद्देश्य राख्यो, त्यो सही थियो । झापा आन्दोलनले निरङ्कुश राजतन्त्र भएको बेला राजतन्त्रको अन्त्य र गणतन्त्रको माग एकसाथ उठाएको हो । आमरूपमा कम्युनिस्ट आन्दोलनले भन्दै आएको लोकतान्त्रिक गणतन्त्रको माग ठिक थियो । त्यसमा अब थप तर्क र कसरत गरिरहनुपर्ने आवश्यकता छैन । त्यसै गरेर १० वर्षे कथित 'महान् जनयुद्ध' लाई भन्डारण गरियो, सहरी विद्रोह क्यामेरा फुटाउने कुरामा टुङ्गियो । अब फेरि तर्कको कति आवश्यकता छ ?

यी कुराहरूले जबजको शालीन विधिलाई पुष्टि गर्छन्, जसका लागि थप तर्कको आवश्यकता छैन । आजको समग्र नेपाली समाजलाई जबजले निर्देशित गरेको छ । राजनीतिमा विग्रहहरू हुने गर्दछन्, विद्रोहहरू हुने गर्दछन् । तर, जनताको बहुदलीय जनवादले ती सबैलाई भ्रान्त धारणाहरू छोड्न र वैज्ञानिक, आधुनिक, सर्वपक्षीय, अग्रगामी, परिवर्तनकारी, न्याय र समानतामा आधारित, उन्नत धारणाहरूमा उठ्न, बिनाआग्रह त्यो दिशामा अघि बढ्न र नेपाली समाजलाई अगाडि बढाउन आग्रह गर्दछ । यसले विगतका कमीकमजोरीहरूका आधारमा कसैप्रति पनि प्रतिशोधपूर्ण भाव राख्दैन । यसले नेपाली समाजलाई सुन्दर बनाउने अठोट गर्दछ, त्यसका लागि मार्गदर्शन गर्दछ । यो वास्तविकता बुझौं र अघि बढौं । यसो गरेमा नै मदन भण्डारीप्रति सच्चा सम्मान र श्रद्धान्जली हुनेछ ।

■

# जवज र पार्टी अनुशासन

*क. विद्या भण्डारी*
*उपाध्यक्ष, नेकपा (एमाले) तथा रक्षा मन्त्री*

जनताको बहुदलीय जनवादले पहलकदमी र प्रतिस्पर्धाबाट उत्कृष्ट परिणाम आउँछ भन्ने विश्वास गर्छ। दलहरूबीचको प्रतिस्पर्धाले उत्कृष्ट नीति लिएको, उत्कृष्ट नेताहरू भएको उत्कृष्ट दल जनताले पाउँछन् भन्ने निश्कर्ष हो भने दलभित्रको नीति तथा नेतृत्वको प्रतिस्पर्धाले ठिक नीति र नेतृत्व निर्माण हुन्छ भन्ने जबजको मान्यता हो। नेकपा (एमाले) को पाँचौं महाधिवेशनले जबजलाई कार्यक्रम बनाइसकेपछि निरन्तररूपमा एमालेका लागि जबज मार्गदर्शक सिद्धान्त बनेको छ। त्यति उत्कृष्ट सिद्धान्त अपनाएर पनि परिणाम भने ठीक किन आइरहेको छैन ? अहिले यो प्रश्न हामी सबैको चासो र चिन्ताको बिषय बनेको छ।



राजनीतिक दलका लागि नीति केन्द्रीय प्रश्न हो तर, नेतृत्व पनि सहायक प्रश्न कहिल्यै होइन। किनभने, नीतिलाई सहीरूपमा लागू गर्ने नेतृत्वले हो। कम्युनिष्ट पार्टीहरूमा नीति र नेतृत्व निर्माण महाधिवेशनले गर्छ। नीति मोटोरूपमा निर्माण गरिएको हुन्छ। भविष्यमा आइपर्ने सबै अन्तरविरोध र समस्याको हल महाधिवेशनले गर्न सक्ने बिषय होइन। त्यसैले भनिन्छ, परिस्थितिको परिवर्तनले कार्यनीति परिवर्तन हुन्छ। तर, नेतृत्व सक्षम भएन भने परिस्थितिको मागलाई उसले बुझ्न सक्दैन र महाधिवेशनको निर्देश अनुसार कार्यनीति निर्माण गर्न सक्दैन। अनि त, जति नै सही नीति महाधिवशेनले पारित गरे पनि त्यसको कुनै सार्थकता रहँदैन।

नेतृत्वको कमजोरी र गल्तीका कारण पार्टीले धक्का बेहोर्नुपर्दा कतिपय बेला जबज नै गलत हो कि भन्ने प्रश्न पनि उठाउने गरिएको छ। हुन त, त्यस्ता प्रश्नहरू हाम्रो पार्टीले महाधिवेशनहरूबाटै पटक पटक अस्विकार गरिसकेको छ। आमूलपरिवर्तनको एजेण्डासहित लोकतान्त्रिक विधिलाई आत्मसात गर्ने योभन्दा अर्को उत्कृष्ट सिद्धान्त यो एक्काइशौं शताव्दीमा कुन हुनसक्छ ? मानव समाजको समग्र अनुभवहरूलाई समेटेर, समाज विकाश क्रमका कमजोरीहरूलाई केलाएर तथा कमजोरीलाई शिक्षाकारूपमा ग्रहण गर्दै तिनलाई सच्याएर अघि बढ्ने प्रतिबद्धताको सिद्धान्त हो, जबज। सामाजिक परिवर्तनको क्रान्तिकारी अन्तरवस्तु यसमा कायम छ भने, त्यसलाई प्राप्त गर्ने लोकतान्त्रिक विधिलाई सैद्धान्तिकरूपमै समेटिएको छ।

जबजले लोकतन्त्र, प्रतिस्पर्धा भनेको छ तर, देश, समाज, पार्टी कतै पनि अराजकता हुनुपर्ने वकालत गरेको छैन। बरु, यसले विधिको शासनमा जोड दिएको छ। विधिको शासन समाजमा पनि हुनुपर्छ, राजनीतिक दलहरूमा पनि। विधिको शासन भनेको निरंकुशता निश्चितरूपमा होइन, उन्नतस्तरको अनुशासन हो। विधिको शासन भनेको लठ्ठी लगाएर अनुशासित बनाउने होइन, मानिसमा अनुशासनको चेत पैदा गर्ने अर्थात् स्वअनुशासित बनाउने पद्धति हो। यसैले, जबजले अनुशासनको चेत भएको, स्वअनुशासित समाज निर्माण गर्ने कल्पना गरेको छ र त्यस्तो समाज निर्माणका लागि उद्देश्यमा प्रतिबद्ध अनुशासित पार्टी निर्माण गर्ने नीति लिएको छ।

तर, जबजको उदेश्य अनुसारको पार्टी बनाउन हामीले सकेका छैनौं। करिब दुई दशकको हाम्रो अनुभवले पार्टी निर्माणमा नीति मात्र मुख्य प्रश्न

होइन रहेछ भन्ने नै प्रमाणित भएको छ। नीति अनुसारको नेतृत्व भएन अर्थात् नेताहरूले नीतिलाई ठिकरूपमा ग्रहण गर्न सकेनन् भने पार्टी निर्माणमा समस्या हुने रहेछ भन्ने स्पष्टरूपमा देखिएको छ। त्यसो हुँदा पार्टी अघि बढ्ने होइन, कैयौं बेला गम्भीर धक्का खानुपर्ने अवस्था आउने रहेछ भन्ने पनि प्रमाणित भएको छ। पार्टीले अहिले बेहोर्नुपरेको समस्याको कारण भनेको नेतृत्वले नीतिलाई कार्यान्वयन गर्न नसक्नु नै हो।

अहिलेको सन्दर्भमा पार्टीको प्रमुख प्रतिद्वन्द्वीता कोसँग छ अर्थात् हामीले बैचारिक तथा सांगठनिक प्रतिस्पर्धा कोसँग गर्नुपरेको छ ? जोसँग प्रमुख प्रतिस्पर्धा छ, उसैसँग सहमतिका नाममा समर्पण गर्ने प्रयास गर्नु जस्ता वैचारिक विचलनले अहिले पार्टीलाई संकटमा पारेको छ। माओवादी उग्रवादसँग गर्ने व्यवहारबारे आठौं महाधिवेशनले स्पष्ट दिशा निर्देश गरिसकेको सन्दर्भमा यो व्यवहारलाई नीतिगत होइन, नेतृत्वको समस्या मान्नु उपयुक्त हुन्छ। आफ्नै पार्टीका वरिष्ठ नेता प्रधानमन्त्री भएका बेला माओवादीको स्वरमा स्वर मिलाउँदै सरकारले राजीनामा दिईहाल्नुपर्छ भन्नु पनि वैचारिक विचलन नै हो। यो प्रवृतिलाई अन्तरविरोध ठिक ढंगले पहिचान गर्न नसक्नु वा गर्न नचाहनु पनि भन्न सकिन्छ। राजनीतिक संघर्ष चरम भएको बेला आत्मघाती काम गर्नेलाई उल्लेखनीय कार्वाही नहुनुले पार्टीमा चरम अवशरवाद प्रकट भएको छ भने त्यो घटनाले पार्टीलाई थप अराजकतामा पुर्‍याएको छ।

पार्टीलाई निरन्तररूपमा अराजकताको शिकार बनाइरहने प्रवृति जेठ १४ गते पनि देखिएको छ। दुई वर्षको जनादेश पाएको संविधानसभाको अवधि लम्ब्याउने बिषयलाई माओवादीले सरकारको राजीनामासँग जोडेर अत्तो थापिरहेको थियो। आफै ठूलो दल रहेको संविधानसभाको म्याद थप्न माओवादीले सरकारको राजीनामालाई शर्त बनाइरहेको बेला हाम्रै पार्टीका केही सभासद भने माओवादीलाई सघाउ पुग्नेगरी हस्ताक्षर संकलन गरिरहेका थिए। दलहरूबीच वार्ताको टेबलमा राजनीतिक रस्साकस्सी भइरहेको बेला एमालेकै कतिपय सभासद तथा नेताहरू आफ्नै पार्टी तथा पार्टीको सरकारलाई अप्ठ्यारो पर्नेगरी हस्ताक्षर संकलन गर्ने, पार्टीका नेताहरूलाई दबाब दिने र माओवादीलाई उत्साहित बनाउने काम गरिरहेका थिए। दलहरूबीचको तीनबुँदे सहमतिले संविधानसभाको म्याद एक वर्षका लागि थप्ने निर्णय भएपनि त्यसबेला पार्टीलाई अप्ठ्यारो पार्नेगरी गरिएका हस्ताक्षरलगायतका गतिविधि पार्टी विरोधी नै हुन्। तर, आत्मघाती गतिविधि गर्नेहरूलाई अहिलेसम्म स्पष्टिकरणसमेत लिन सकिने स्थिति बनेको छैन। जवजले परिकल्पना गरे जस्तो अनुशासित, सुदृढ र एकताबद्ध पार्टी निर्माण गर्ने हो भने यस्तो दण्डहिनताको अन्त्य हुनैपर्छ।

निर्णय हुनुअघिसम्म बिचारहरूबीच मन्थन तथा छलफल हुनु र निर्णय भएपछि त्यसलाई दृढतापूर्वक कार्यान्वयन गरिनुले नै पार्टीलाई सुदृढ र एकताबद्ध बनाउन सक्छ। जीवन्त राजनीतिक पार्टीभित्र विचार तथा दृष्टिकोणमा विभिन्नता तथा मतान्तर हुनु स्वभाविक छ। विचारमा विविधता र तिनमा मन्थन तथा छलफल भएन भने पार्टी जीवन्त रहन सक्दैन, मृत समान हुन्छ। तर, कमिटीको बैठकले सर्वसम्मति वा बहुमतको आधारमा कुनै निर्णय गरिसकेपछि त्यसलाई कार्यान्वयन गर्नु सुदृढ पार्टीका लागि अनिवार्य शर्त हो। यसको अर्थ के हो भने, निर्णय भईसकेपछि त्यसलाई कार्यान्वयन गरिएन भने पार्टी अराजकहरूको भीड मात्र बन्न पुग्छ। त्यस्तो पार्टीले न त कुनै लक्ष्य प्राप्त गर्न सक्छ न त तत्कालका समस्याहरूलाई समाधान नै गर्न सक्छ।

पार्टी केन्द्रीय कमिटीको सर्वसम्मत निर्णयका आधारमा वर्तमान सरकार निर्माण भएको हो। केन्द्रीय कमिटीको कुनै बैठकले यो सरकारबारे निर्णय गरेको छैन, यसको अर्थ पुरानो निर्णय कायमै छ। पछिल्लो समय माओवादीले राजनीतिक दलहरूसँग तथा सरकारसँग गरेका सहमति र सम्झौता पालना गरेमा राष्ट्रिय सहमतिका लागि तथा राष्ट्रिय सहमतिको सरकार निर्माणका लागि एमाले

वाधक नबन्ने पार्टीको पोलिटब्यूरो तथा स्थायी समितिले निर्णय गरेको हो। माओवादीले पुराना सम्झौता पालना गर्नु नपर्ने तर, एमालेले चाहि माओवादीको माग मान्दै आफ्नो नेतृत्वको सरकार त्यसै छाड्नु पर्ने पार्टीले कहिल्यै निर्णय गरेको छैन। यसकारण, प्रधानमन्त्रीले बिनाशर्त तत्काल राजीनामा दिइहाल्नुपर्छ भन्नु पार्टी निर्णय बिपरित हो र त्यसो भन्नु भनेको पार्टीलाई अराजकतामा धकेल्नु हो। निर्णयहरू अवज्ञा गरिरहने प्रवृतिलाई षड्यन्त्रबाहेक अरु भन्न सकिन्न। त्यस्तो प्रवृतिलाई नैतिक पनि मान्न सकिन्न। र, यसलाई खुलेआम छुट दिइरहनु भनेको पार्टीलाई अराजकताको खाडलमा राखिरहनु हो।

आमूलपरिवर्तनकारी र लोकतान्त्रिक धारको नेतृत्व गरिरहेको नेकपा एमालेलाई अरु कमजोर बन्न नदिन, अहिलेको स्थितिबाट बाहिर निकाल्न तथा बलियो बनाउन अनुशासित बनाउनु प्राथमिक कार्य हो। पार्टीका निर्णय एकमतका साथ कार्यान्वयन नगरेसम्म पार्टी यस्तै अराजकताको स्थितिमा रहिरहनेछ तथा अरु कमजोर बन्नेछ। संक्रमणकालीन अवस्थाबाट मुलुकलाई स्थायित्वमा लान, अराजकता अन्त्य गर्न र जबजले परिकल्पना गरे जस्तो मुलुकलाई लोकतान्त्रिक तथा समुन्नत बनाउन नेकपा (एमाले) बलियो बन्नैपर्छ। त्यसका लागि पार्टी अहिलेका चुनौतिहरू पहिचान गर्नुपर्छ तथा तिनको समाधानका लागि स्पष्ट निर्णयहरू लिनुपर्छ। कहिले दायाँ तथा कहिले बायाँ गर्ने घडीको पेन्डुलम बनेर हुँदैन। निर्णयहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्ने आँट गर्नुपर्छ। त्यसो गर्न सकेमा जबज जस्तो ठीक सिद्धान्त भएको नेकपा (एमाले) को प्रगतिलाई कसैले रोक्न सक्नेछैन।

■

# जवज भाषण होइन कर्म हो

*क. प्रदीप नेपाल*
*नेता, नेकपा (एमाले)*

नेपाली राजनीतिमा "जीवन सिद्धान्तका लागि होइन, सिद्धान्त जीवनका लागि हुनुपर्छ" भन्ने नयाँ मान्यता स्थापित गर्ने नेकपा (एमाले) का तत्कालीन महासचिव, जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवादका सन्दर्भमा सबैभन्दा पहिले २०४८ सालको कार्तिक महिनामा "बहुदलीय जनवादबारे केही कुरा" भन्ने पुस्तिका प्रकाशित गर्नु भई एउटा नयाँ सैद्धान्तिक गोरेटो खोल्नु भएको थियो। सुरुको उक्त पुस्तिका सानो थियो र बहुदलीय जनवादका प्रारम्भिक प्रस्थापनाहरू त्यसमा समाहित गरिएका थिए। पछि, अर्थात् नेपाल कम्युनिस्ट पार्टी (एमाले) को पाँचौं महाधिवेशनले जनताको बहुदलीय जनवादलाई नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रमका रूपमा स्वीकार गऱ्यो भने सोही पार्टीको छैटौं र सातौं महाधिवेशनले जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित गरे।



हिंसा होइन, जनताको शान्तिपूर्ण परिवर्तनकारी अभिमतबाट नै सामाजिक रूपान्तरणका महान् कार्यहरू सम्पन्न हुन्छन् भन्ने सत्यलाई नेपालको कम्युनिस्ट आन्दोलनमा जनताको बहुदलीय जनवादले नै स्थापित गरेको हो। जनताको माग बुझेर पार्टीले आफ्नो कार्यक्रम बनाउनुपर्छ भन्ने जबजको स्थापनालाई ०५१ को नेकपा एमालेको अल्पमतको सरकारका कामकारबाही तथा ०६२/६३ को जनआन्दोलन र ०६४ को अन्तरिम व्यवस्थापिकामा राजतन्त्र समाप्तीका निर्णयहरूले पुष्टि गरिसकेका छन्। यतिबेला मुलुक लोकतान्त्रिक गणतन्त्रको संविधान बनाउने काममा लागेको छ। यो कामलाई सही टुङ्गोमा पुऱ्याउन हामीले जनताको बहुदलीय जनवादका मूल स्थापनाहरूलाई आत्मसात् गर्नु जरूरी हुन्छ।

जनताको बहुदलीय जनवादी कार्यक्रमले निम्न राजनीतिक निष्कर्ष निकालेको थियो।

- सामाजिक रूपान्तरण तथा नेतृत्वको पक्ष कागजमा घोषणा गरेर प्राप्त हुने कुरा होइन। क्रान्तिको व्यवहारमा अन्य शक्तिहरूसँग प्रतिद्वन्द्विता गर्दै सक्रिय पहलकदमी र जनताको मन जित्न सक्ने निष्ठापूर्ण सेवाबाट मात्र सम्भव हुन्छ।
- राज्यसत्ताको सारतत्व वर्गीय चरित्रको सवाल हो र शासनतन्त्र स्वरूपको सवाल हो। सत्ताको सारपक्ष राज्ययन्त्रसँग सम्बन्धित कुरा हो भने त्यसको रूपपक्ष शासनतन्त्रसँग सम्बन्धित कुरा हो। बहुदलीय प्रणाली सार होइन, रूपपक्ष मात्र हो।
- लेख्ने, छाप्ने, बोल्ने, सभासंगठन गर्ने, आफ्नो आस्था अनुरूप राजनीतिक पार्टीहरू खोल्न तथा तिनीहरूमा लाग्न पाउने एवम् राजकीय निकायहरूमा चुन्न र चुनिन पाउने नागरिक स्वतन्त्रताका विषय हुन्। जनताले मौलिक अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउनुपर्छ।
- संविधानविहीन राज्य वा कानूनविहीन शासन अराजकता वा निरंकुशता हो।
- हाम्रो पार्टीले बहुदलीय राजनीतिक प्रणाली अन्तर्गत श्रमजीवी जनताको इच्छा आकाङ्क्षाको रक्षा र विकास गर्ने दृष्टिकोण लिएको छ। बहुदलीय प्रणाली अन्तर्गत श्रमजीवी जनताको सेवा हुन सक्दैन भन्ने मान्यता गलत हो।
- राज्यव्यवस्था वा शासन प्रणाली दुबै क्षेत्रमा निर्णायक तत्त्व जनता हुन्। जनताको चेतना र निर्णायक पहलकदमीबाट नै परिवर्तन सम्भव

हुन्छ भने त्यसको रक्षा पनि जनताकै पहलकदमी, चेतना र सक्रियताबाट मात्र सम्भव हुन्छ ।

- जनतालाई समाजवादका लाभहरूप्रति आकर्षित, शिक्षित, सचेत गराई मनोगतरूपमा त्यसको प्राप्तिका लागि आफैँ अग्रसर हुनसक्ने बनाउनु पर्छ । जनताको सक्रिय समर्थन र सहभागीता तथा जनताकै पहलकदमीलाई प्रोत्साहित गरेर समाजवादमा संक्रमण गर्नुपर्छ ।
- माथि टिपिएका संक्षिप्त अंशहरूले जनताको बहुदलीय जनवाद सम्पूर्णरूपमा प्रजातान्त्रिक प्रक्रिया र प्रणालीमाथि विश्वास गर्छ र राजनीतिक पार्टी, जनताकै पहलकदमीमा समाजवादसम्म जानुपर्छ भन्ने प्रष्ट पारेका छन् । त्यसैहुनाले जनताको बहुदलीय जनवादलाई समृद्ध पार्न गरिने कामहरूले नै हाम्रो पार्टीलाई सही दिशामा हिँडाइरहन सक्छ ।

त्यसका लागि हामीले निम्न काममा आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ :

१. राजनीतिका केही अहम् मुद्दाहरूमा हाम्रो पार्टीभित्र नेतानेता तथा कार्यकर्ता-कार्यकर्ताबीचका बुझाइमा भिन्नताहरू देखापरेका छन् । यी भिन्नता वास्तवमा बुझाइकै हुन् वा अभिव्यक्तिमा देखापरेको पृथकताका कारण मात्रै हाम्रो पार्टीपंक्तिले यस्तो अनुभूत गरेको हो । यो भेद, यस भेदका कारण तथा विविधताका बारेमा संक्षिप्त छलफल गर्न पार्टी केन्द्रले विशेष ध्यान दिनुपर्दछ ।

   राजाको बहिर्गमनपछि पनि सामन्तवादसँगै नेपाली जनताको अन्तरविरोध प्रमुखरूपमा अभिव्यक्त भएको छ । यद्यपि आउने दिनमा मर्दो जमिन्दारवर्गले आफ्नो सत्तालिप्सालाई त्याग्नैपर्छ र समयले नेपालमा दलाल नोकरशाही पूँजीसँग नेपाली जनताको प्रधान अन्तरविरोधलाई निर्क्योल गरेर देखाउने छ । तर मृत्योन्मुख जमिन्दारवर्गले यतिबेला सबै पार्टीभित्र सुँड हाल्ने कोसिस गरेर आफूलाई बचाउने सपना देखिरहेको छ भने तराईका मधेशवादी पार्टीहरू त जमिन्दारवर्गको हितरक्षाकै लागि जन्मिएका हुन् ।

२. माओवादी हिंसात्मक विद्रोहका बारेमा पनि एक अर्कासँग बाझिने चेतना हाम्रो पार्टीभित्र विद्यमान छ । हाम्रो पार्टीभित्र आफैँ तिरस्कार गरिसकेको झापाकालीन उग्रतादेखि हाम्रो चेतनामा झुण्डिएर रहेको जनताको जनवादी अधिनायकत्वको चेतनाका कारण हाम्रा कतिपय साथीहरू माओवादीका उग्रवामपन्थी गल्तीलाई पनि क्रान्तिकारी संघर्ष नै हो भन्ने सोचमा हुनुहुन्छ । उहाँहरू, माओवादीलाई मित्रशक्ति मान्नुपर्छ भन्ने मान्यतामा हुनुहुन्छ । यो सोच सैद्धान्तिक हिसाबले पनि मार्क्सवादसंगत छैन र हाम्रो मुलुकको ठोस परिस्थितिमा पनि सुहाउँदिलो छैन । मुलुकको लोकतान्त्रीककरण, पार्टीहरूको जनतान्त्रीकरणका लागि माओवादीले अङ्गिकार गरेका सोचहरूलाई सम्पूर्णतामै तिरस्कार गरेर मात्र हामी नेपालको सामाजिक रूपान्तरणमा जनताको पहलकदमी बढाउन सक्छौँ ।

   सामाजिक असमानता, राजनीतिक दमनका विरुद्ध माओवादीहरूले राज्यविरुद्ध विद्रोह थालेका हुन् । तर त्यो विद्रोह, विद्रोहमा मात्रै सीमित रहेन विद्रोह आरम्भको वर्षदिन बित्दा नबित्दै त्यसले आफूलाई नयाँ सत्ताका रूपमा प्रस्तुत गर्दै आफूलाई पनि आतङ्ककारी बनायो । मुख्य दोष राज्यसत्तातिरै जान्छ, तर माओवादीका कामकारबाही, तिनीहरूको कार्यशैली र क्रान्तिचेतले आतङ्कलाई नै विजयको आधार मान्दछ । यो सत्य प्रष्ट भैसकेपछि हामीले माओवादीप्रति मित्रभाव जाहेर गर्नु प्रकारान्तरले उनीहरूको आतङ्ककारी प्रवृत्तिलाई नै समर्थन गर्नुहुन्छ ।

३. संसदलाई एउटै ढङ्गले बुझ्ने र त्यसलाई उपयोग गर्ने बारेमा पनि हाम्रो पार्टीपंक्ति भित्रको चेतनामा एकरूपता छैन । हाम्रो पार्टीले संसदलाई सार्वभौम बनाउने आन्दोलनको अगुवाई गर्नुपर्छ । सँसदको आलोचना पनि सकारात्मक सारमै गरिनुपर्छ र जनतालाई पूर्णरूपले सार्वभौम बनाउने गरी नयाँ सँविधान निर्माण गरेर संसदको सुदृढीकरण गर्ने

प्रस्तावलाई हामीले अगाडि सार्नुपर्छ। साथै वर्तमान सँविधान घोषणा भएपछि हामीले राखेका आलोचनात्मक २७ बुँदाहरूलाई अहिले पनि हामी संघर्षको केन्द्रविन्दुमा राख्नुपर्छ। हामीले ०४७ सालमा अघि सारेका आलोचनाका २७ बुँदाहरूको समयले सत्यापन गरेका छन्, नेपाली राजनीतिको व्यवहारमा झण्डै पन्ध्र वर्षपछि तिनको सहीपना स्थापित भएको छ। समय गतिशील छ, त्यसैले संसद, पार्टी र सुधारहरूले पनि त्यो समयको गतिशीलतालाई पक्रिएर सँगसँगै यात्रा गर्नसक्नु पर्छ।

४. बहुलवादका बारेमा पनि हामीभित्र पृथक-पृथक मान्यता रहेका छन्। तिनलाई एकीकृत गर्नु अत्यन्तै जरूरी भएको छ। एउटा विचारले यसलाई फगत कार्यनीतिक दाउपेच मात्र मान्दछ। नयाँ जनवादी शासन स्थापनाका लागि संघर्षको एउटा सिँढीका रूपमा बुर्जुवा संसदको उपयोग गर्ने सोचले नै बहुलतालाई सबै क्षेत्रमा लागू गरिनु पर्ने राजनीतिक मुद्दा ठान्न दिँदैन। त्यसबाहेक कतिपय ठाउँमा बहुलवाद भनेपछि शासन सञ्चालनको प्रणालीमा मात्रै बुझ्ने काम पनि भएको छ।

बहुलता भनेको शासन प्रणालीसँग मात्र जोडिएको विषय होइन। नेपाल बहुराष्ट्रिय, बहुधार्मीक, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो। त्यसैले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक, भाषिक, धार्मिक, जातीय, क्षेत्रीय आदि सबै क्षेत्रमा विद्यमान बहुलतालाई स्वीकार्दै सामन्तवादलाई पूर्णतः अन्त गर्ने संवैधानिक ग्यारेण्टीसहित नेपाल राष्ट्रलाई हामीले सबैजातको फूलबारीका रूपमा विकास गर्नुपर्छ। राज्यका सन्दर्भमा स्वीकार गरिने यो मान्यता हाम्रो पार्टी जीवनमा पनि लागू गरिनुपर्छ। यो जनताको बहुदलीय जनवादको मान्यता हो।

५ सामाजिक रूपान्तरण जनताको जीवनसँग प्रत्यक्षरूपमा जोडिनु पर्छ। त्यसैले यतिबेला राजनीतिक दल, जनसंगठन, पेशागत संगठन र नागरिक समाजका संस्थाहरूबीचको व्यापक तथा एकीकृत शान्तिपूर्ण जनआन्दोलन निर्माण गरेर मात्रै सामाजिक रूपान्तरणको कामलाई सम्पन्न गर्न सकिन्छ भन्ने यथार्थलाई हामीले पार्टीव्यापीरूपमा बोध गर्नु, गराउनु पर्छ।

६. बोली र व्यवहारका आधारमा विश्लेषण गर्दा हाम्रो नेतृत्वशैलीमा चारखाले प्रवृत्तिहरू देखा पर्दछन्। सामूहिक नेतृत्व हाम्रो सैद्धान्तिक प्रतिवद्धता हो। यसलाई हामी सहज स्वीकार गर्ने गर्दछौं, तर हाम्रो पार्टी जीवनमा यसको कार्यान्वयन भैरहेको छैन। एकात्मक नेतृत्व हाम्रो सामाजिक चेतनासँग जोडिएको छ र त्यो सामन्तवादी नै छ। नेतृत्व पंक्तिमा देखापरेको अराजकशैली यथार्थमा यही सामन्तवादी चेतसँग जोडिएको छ।

यस्तो नेतृत्व शैलीले पार्टीलाई अघि बढाउँदैन। सही नेतृत्वशैलीले नै संगठनलाई बलियो बनाउने हो। त्यसका लागि माथिदेखि तलसम्मको सबै तहको नेतृत्वमा गरिएका निर्णयप्रतिको प्रतिवद्धता सहितको सामूहिक नेतृत्व शैली विकास गर्नु अनिवार्य भएको छ। निर्णय जहिले पनि तल्लो निकायको अनुमोदनको विषय बन्नुपर्छ। केन्द्रीय कमिटी भनेको कार्यसंयोजनको व्यवस्थापक हो। त्यो मालिक अथवा ठूलो नेता किमार्थ हुनसक्दैन।

७. कार्यकर्ताको असन्तुष्टिको एउटा पक्ष निर्णय प्रकृयासँग जोडिएको छ भन्ने मलाई लागेको छ। अत्यन्तै सकारात्मक रूपमा लिँदा हामीले हाम्रो निर्णय प्रकृयालाई अन्तरकृयात्मक भन्नुपर्दछ। तर यो अन्तरक्रिया पनि माथिबाट तल नै निश्रृत भैरहेको छ। यसलाई हामीले समावेशी बनाउनु बढी बुद्धिमानीपूर्ण र सही हुनेछ। गम्भीर मुद्दासम्बन्धी निर्णयहरू लिँदा तलबाट माथिसम्मको अन्तरकृयात्मक शैली बनाउँदा सिङ्गो पार्टीपंक्तिले निर्णयप्रतिको आफ्नो दायित्व बोध गर्नेहुन्छ। कमिटी संचालन प्रणालीलाई व्यवस्थित गर्नेबित्तिकै तलबाट माथिको सही निर्णय प्रक्रिया पार्टीमा लागू हुन्छ।

■

# जननेता मदन भण्डारीले दिशानिर्देश गरेका केहि राजनैतिक र बैचारिक पक्षहरू

*क. गुरुप्रसाद बराल*
*के.क.स., नेकपा एमाले*

***१) नीति अनुसन्धानमा जोड दिने राजनीतिक अन्वेषकः-*** जननेता मदन भण्डारीलाई नीति अनुसन्धानमा जोड दिने राजनीतिक अन्वेषकका रूपमा चिन्ने गरिन्छ। वहाँले जहिले पनि कुनै निष्कर्षमा पुग्नु भन्दा अगाडी सम्वन्धित विषयवस्तुको गहिराईमा पुगेर सन्दर्भ सामग्रीहरूको अध्ययन गरी सत्यतथ्यहरूको विश्लेषण गरेर राजनीतिक घटनाक्रम र त्यसले पारेका असरहरूको जाँचपरख पछिमात्र निष्कर्षमा पुग्नेगर्नु हुन्थ्यो। क. मदन भण्डारीले निकालेका निष्कर्ष र लिएका निर्णयहरू तर्कसंगत हुन्थे, सबै कोणबाट त्यसको औचित्य पुष्टी हुन्थ्यो र निर्णयहरू आफैमा बलशाली हुनेगर्थे। त्यसै हुनाले जननेता मदन भण्डारीलाई सामाजिक रूपान्तरणका लागि राजनीतिक अन्वेषक तथा नीति अनुसन्धाताका रूपमा लिईन्छ। क. मदन भण्डारीले नेपाली राजनीति र समकालिन अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा जे जस्ता नीतिगत निर्णयहरू गरिए ति सबै जिवित सत्य छन् र तिनको औचित्य पुष्टी भई रहेको छ। क. मदन भण्डारीलाई नीति अनुसन्धानमा जोड दिने राजनीतिक अन्वेषकका रूपमा लिईन्छ।



***२) कम्युनिष्ट आन्दोलन भित्र पनि लोकतान्त्रीक पद्धतिलाई सैद्धान्तिक र राजनैतिक रूपमा स्थापना गर्ने राजनेताः-*** कम्युनिष्ट पार्टी गठन र संचालनका सन्दर्भमा विगतका अन्धभक्ति यान्त्रिक जडतालाई चिन्हीत गरी दार्शनिक रूपबाट मार्क्सवाद-लेलिनवादको सैद्धान्तिक प्रकाशमा विश्लेषण गरेर जनवाद भन्ने शव्दको व्यापक अर्थमा जननेता मदन भण्डारीले प्रयोग गर्नु भएको छ। आमजनता भन्नाले यसको राजनैतिक अर्थ शोषित, पिडित आमजनता भन्नेनै वुझिन्छ। क. मदन भण्डारीले कम्युनिष्ट पार्टीको मातहतमा विकास भएका जनवर्गिय संगठनहरूको अतिरित्त सामुदायिक, पेशागत र सामाजिक, सांस्कृतिक क्षेत्रका विभिन्न संगठनहरूलाई आ-आफ्नो वर्गिय र सामुदायिक स्वार्थको रक्षाको लागि क्रियाशित हुन प्रोत्साहित मात्र गर्नु भएको छैन वहुलवादी खुल्ला समाजका आधारभूत संरचनाहरू भित्र रहेर सबै प्रकारका गतिविधिहरू गर्न पाउने लोकतान्त्रिक पद्धतिसँग सम्बन्धित छुटहरूलाई संवैधानिक रूपबाट स्वतन्त्रताको प्रत्याभूतिको प्रस्ताव गर्नु भयो। आफ्नो पार्टी भित्र मात्र होईन अन्य प्रतिस्पर्धि राजनैतिक पार्टी भित्र पनि लोकतान्त्रिकरणको प्रस्ताव राख्दै राजकिय क्षेत्रमा समेत पूर्ण लोकतान्त्रिकरणका लागि सैद्धान्तिक तथा राजनितिक प्रस्ताव अगाडि सार्नु भयो। जसको प्रत्यक्ष प्रभाव वहाँको देहावसानका १७ वर्ष पछि पनि उत्तिकै सान्दर्भिक भएको मात्र होइन, स्वयं नेकपा एमालेको आठौं महाधिवेशनले वहुपदिय र समावेशि पार्टी विधानको व्यवस्था गरि पार्टीव्यापि आमरूपमा लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्ने प्रक्रिया आरम्भ गरेको छ। फलतः आज सबै राजनैतिक पार्टीहरूमा लोकतान्त्रिक प्रक्रिया आरम्भ गर्नै पर्ने जवरजस्त परिवेश सृजना भएको छ। यसबाट यो पुष्टी हुन्छ कि जननेता मदन भण्डारीले कम्युनिष्ट आन्दोलन भित्रको मात्र लोकतान्त्रीकरणको विषय उठाउनु भएको होईन वहाँले आन्दोलनको लोकतान्त्रिकरण, संगठनको लोकतान्त्रिकरण र

राजकिय क्षेत्रको लोकतान्त्रिकरणको समष्टीगत पद्धतिलाई सैद्धान्तिक र राजनैतिक रूपमा स्थापना गर्ने वैचारिक नेताको रूपमा आफुलाई स्थापित गर्नु भएको छ ।

जननेता मदन भण्डारीले आफ्नै नेतृत्वमा पाँचौं महाधिवेशनमा आफ्ना नीति, सिद्धान्त र कार्यक्रमका सर्न्दभमा समेत पार्टी भित्र आम सदस्य सम्म त व्यापक छलफल चलाउनु नै भयो । त्यसको अतिरिक्त पार्टी वाहिर पनि यो छलफललाई प्रोत्साहित मात्र गर्नु भएन उनीहरूका आलोचना, विरोध र टिप्पणीहरू पनि सुन्ने कोशिस गर्नु भयो । यसरी क. मदन संकिर्णताबाट मुक्त भएर कम्युनिष्ट पार्टीलाई आमजनताको पार्टीका रूपमा राजैतिक रूपले स्थापित गराउने व्यवहारिक योजनाका नेतृत्वकर्ता हुनुहुन्थ्यो । त्यतिमात्र होईन वहाँले जनवर्गिय संगठन, पेशागत संगठन, व्यवसायिक संगठन र सामुदायिक संगठनहरूलाई आम जनताको विचमा पुऱ्याउन व्यापक पहल कदमी लिने पार्टीमा आधार सृजना गर्नु भएको थियो र यस्ता जनसंगठनहरूमा पार्टीले नेता होईन नीति दिनु पर्दछ भन्ने मान्यता अगाडि सार्नु भएको थियो । यसरी कम्युनिष्ट आन्दोलन भित्र लोकतान्त्रिक पद्धतिलाई शैद्धान्तिक तथा राजनैतिक रूपले स्थापित गराउन निम्न पद्धतिहरूलाई स्थापित गर्न व्यवहारिक योजना अगाडि सार्नु भएको थियो ।

पार्टीका नीति, सिद्धान्त र कार्यक्रमहरूलाई पार्टीका सबै सदस्य र आम जनताका विचमा व्यापक छलफल गराउ, सुझाव, आलोचना, टिप्पणीलाई ग्रहण गर । साथै आवधिक रूपमा पार्टीको निर्वाचन घोषणापत्र मार्फत आमनिर्वाचनद्वारा ति नीति र कार्यक्रमहरूलाई जनअनुमोदन गराउ र पार्टी नेताहरू आफुलाई पनि निर्वाचन मार्फत जनअनुमोदन गराउ । पार्टी भित्र वहुलतालाई स्विकार गर, आन्तरिक जनवादलाई अनुशासनको घेराभित्र प्रकट हुन देउ । जनवर्गिय संगठन, सामुदायिक संगठन र पेशागत संगठनहरूमा नीति देउ, नेता छान्ने लोकतान्त्रिक अभ्यास सम्वन्धित संगठन आफैलाई गर्न देउ । आदि जस्ता तात्कालिक अवस्थामा जननेता मदन भण्डारीले लिनु भएका नीतिगत निर्णयहरूले लोकतान्त्रिकरणको प्रक्रियाको प्रतिविम्ब प्रस्तुत गरेको देखिन्छ ।

***३) जननेता मदन भण्डारीले विज्ञान र प्रविधिका वारेमा आफ्नो दृष्टिकोण प्रस्ट राख्नु भएको थियो ।*** वहाँको ठम्याईमा प्रविधि, ज्ञान, सीप र क्षमता जनताका संपत्ति हुन् किनभने उपरोक्त कुराको विकासमा जनताकै सीप, सृजना, क्षमता र समयको लगानी भएको हुन्छ। त्यहि लगानीबाट थुप्रै बैज्ञानिकहरूले नयाँ नयाँ आविस्कार गरेका छन् । यि सबै जनताका नीधि हुन् र यिनीहरूलाई जनताको हितमा नै अधिकतम परिचालन गर्न विशेष जोड दिने वैचारिक दिशाको अगुवाई जननेता मदन भण्डारीले गर्नु भएको छ। आज आमुल परिर्वतन गरी नयाँ नेपाल निर्माण गर्ने राजनीतिक महायात्रामा नेकपा एमालेले उपरोक्त सच्चाईलाई गम्भिरतापूर्वक मनन् गरी विज्ञान, प्रविधिका सबै विधा र क्षेत्रमा व्यवस्थित कार्ययोजना सहित परिचालित हुनु पर्ने कुरामा ध्यान पुऱ्याउन जरुरी छ ।

४) पार्टीले अघि सारेको रणनीति र कार्यनीतिको उपयुक्त संयोजन गरी आमूल परिर्वतनका सबै कडिहरूलाई एकअर्कामा परिपुरक बनाउन जनहस्तक्षेपको कार्यनीतिक श्रृङ्खलालाई अविछिन्न र क्रमवद्धरूपमा अख्तियार गर ।

आमुल परिर्वतनका सबै कडिहरूलाई एक अर्कामा परिपुरक बनाउन जनहस्तक्षेपको कार्यनीतिक श्रृङ्खलाहरूलाई रणनीतिक योजनासँग तालमेल मिलाई निरन्तर योजनावद्ध र अविछिन्न रूपमा संचालन गर्नु पर्दछ भन्ने कुरा क. मदन भण्डारीले कार्यनीतिक योजनामा अगाडि सार्नु भएको छ। जनहस्तक्षेप स्थानिय देखि केन्द्रिय राज्य शत्ताका सबै संरचनाहरूमा जरुरी हुन्छ। उक्त प्रक्रियालाई मूर्तरूपबाट अगाडि बढाउन वर्तमान संविधानसभाबाट नयाँ संविधानको निर्माण गरी राज्यको पूनःसंरचना मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गरी कार्यपालिका, विधायिका तथा न्यापालिकाका सबै संरचनाहरूलाई विधि सम्मत ढंगले संचालित हुने प्रत्याभूत गर्नु पर्दछ। व्यवस्थापिका सभाबाट सामन्तवादी राज्यशक्तालाई पृष्टपोषण गर्ने सबै प्रकारका ऐन,

कानून र नीयमावलीको खारेजी गरी कानूनहरूको सुधार र संशोधनका साथै जरुरी नयाँ क्षेत्रहरूमा नयाँ कानूनहरू निर्माण गर्नु जरुरी छ। सो प्रक्रियालाई अझ अगाडि बढाउन पार्टीले निर्वाचन पद्धतिबाट जनताको सामर्थ्य हासिल गरी जनताको वहुदलीय जनवादी कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्ने आधारभूमी सृजना गर्नु पर्दछ। यसरी आमूल परिर्वतनका लागि रणनीति र कार्यनीतिका बिचमा उचित तालमेल मिलाई अगाडि बढनु जवजको सिद्धान्तको मार्गनिर्देशन हो।

५) जननेता मदन भण्डारी रहँदा सम्म पार्टीमा विकृति विसंगतिले टाउको उठाउने हिम्मत गरेको थिएन, आखिर किन ?

जननेता मदन भण्डारी वैचारिक नेता हुनुहुन्थ्यो। वहाँसँग व्यापक दृष्टिकोण थियो। गलत चिन्तन र प्रकृतिहरूलाई चिन्हीत गर्ने वहाँमा क्षमता मात्र थिएन वहाँले त्यसलाई राजनैतिक रूपमा तिक्ष्ण ढंगले आलोचना र खण्डन गर्नु हुन्थ्यो। वहाँले सकेसम्म गल्ती कमि कमजोरि गर्ने नेता कार्यकर्ताहरूलाई आत्म आलोचना गराउने प्रयास गर्नु हुन्थ्यो तर यदि ठिक ढंगले आत्म आलोचना गरेको लागेन भने क. मदनले गल्ती कम्जोरीहरूलाई टालटुल गर्ने वा राजनैतिक रूपबाट लिपनपोतन गर्ने गर्नु हुन्नथ्यो। त्यसैले क. मदनको नेतृत्व कालमा पार्टी भित्र विकृति र विसंगतिरूपी झार जंगलहरू कहिल्यै मौलाउन पाएन, गलत चिन्तन र व्यवहारले टाउको उठाउन पाएन। तर हामीले महशुस गनै पर्ने कुरा छ, क. मदन भण्डारीको अनुपस्थितिका ५ वर्ष (२०५० देखि २०५५) का विचमा पार्टी भित्र विकृति र विसंगति यति झाङ्गिएकी छैठौं महाधिवेशन सम्ममा आईपुग्दा त्यसका विरुद्ध लड्नका लागि पार्टीले महाधिवेशनको मुख्य नारानै विकृति र विसंगतिको विरुद्ध बनाउनु पऱ्यो। आखिर यसको मूल कारण राजनैतिक वैचारिक रूपमा जननेता मदन भण्डारीको रिक्तता नै थियो अथवा वहाँको सार्मथ्यलाई ग्रहण गर्न नसक्नु नै थियो।

६) साँस्कृतिक रूपान्तरणलाई योजनावद्ध रूपमा अगाडि बढाउनु पर्दछ भन्ने मान्यताका उद्वोधकः-

सामाजिक जिवनका सबै पक्षहरू जन्मदेखि मृत्यु पर्यन्त सम्मका सम्पूर्ण संस्कार विधिसँग सम्वन्धित विविध पक्षहरूका वारेमा क. मदन भण्डारीले गहिरो चाँख र अध्ययन गर्नु भएको थियो। वहाँले वहुजाती, वहुसाँस्कृति र वहुधर्म भएको हाम्रो जस्तो देशमा तत्तत् क्षेत्रका संस्कार विधिसँग सम्वन्धित रहेर सामाजिक प्रचलन र रीतिथितिमा रहेका असल र सकारात्मक प्रचलनहरूलाई प्रोत्साहित गर्न सोहि क्षेत्रका ज्ञाता र विशेषज्ञहरूलाई योजनावद्ध रूपमा परिचालन गर्नु पर्दछ भन्ने दृढमान्यता राख्नु हुन्थ्यो। आजपनि हाम्रो देशमा साँस्कृतिक रूपमा पश्चिमा प्रभाव र हस्तक्षेप वढिरहेका सर्न्दभमा जननेताको मान्यताको सार्न्दभिकतालाई अझ गम्भिरता पूर्वक लिनु पर्दछ। आज हाम्रो सामाजिक जिवनका सबै पक्षहरूलाई समायोजन गरी सबै धर्मिक समुदाय र संस्कृतिका जनतालाई सुपाच्य हुने प्रगतिशिल संस्कार विधिको खोज गरी जनसमक्ष व्यवहारमा परिपालनाका लागि प्रस्ताव गर्न अत्यन्त जरुरी भएको छ। क. मदन भण्डारीले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्ने मान्यता अगाडि सारि रहदा वहाँले देशका सबै जाति, धर्म र संस्कृतिको साझा थलो बनाउने मात्र होईन हरेक क्षेत्रबाट राष्ट्र निर्माणमा हुन सक्ने योगदानलाई पनि अपेक्षा गर्नु भएको थियो। आज धार्मिक अन्धताका केहि गन्धहरू जो देखा पर्न थालेका छन्। त्यसलाई वेलैमा दृष्टिगोचर गरेर व्यवस्थापन गर्नु पार्टी र राज्य दुवै क्षेत्रको गहन जिम्मेवारी हुन आउदछ।

७) प्रविधि र पूँजीलाई जनताको हितमा कसरी प्रयोग गर्ने भन्ने जननेता मदन भण्डारीको अपेक्षालाई पुरा गरौ, सूचना र प्रविधि माथि जनताको अधिकारलाई सुनिश्चित गरौ।

एक्काईसौ शताव्दी सुचना र प्रविधिको सताव्दी बनिसको सर्न्दभमा आज डिजिटल प्रविधिले सूचना र प्रविधिमा पहुँच हुने र नहुनेको विचमा ठूलो खाडल निम्त्याउदै छ। क. मदनले प्रविधि र पूँजीलाई जनताको हितमा कसरी प्रयोग गर्ने भन्ने सर्न्दभमा

जवज मार्फत विशेष महत्त्व दिनु भएको छ। आज हाम्रा सामुन्ने आधारभूत गरिव जनता सूचना प्रविधिको पहुँचबाट वन्चित भईरहेको सन्दर्भमा पार्टीले गम्भिरतापूर्वक यो विषयलाई उठाउन जरुरी छ। विज्ञान र प्रविधिले अन्तराष्ट्रिय जगतमा हासिल गरेका उपलब्धिहरूकावारेमा हामीले विशेष ध्यान पुर्‍याउन जरुरी भई सकेको छ। हाम्रो देश भित्र यसको पूर्वाधार विकास, व्यवस्थापन तथा जनउपयोगका सम्वन्धमा हामीले जनपहल तत्कालै लिनु पर्दछ। नयाँ उपलब्धिहरूमाथि उभिएर कम्प्युटरमा आधारित सूचना तथा संचार प्रविधिलाई व्यापक जनताको पहुँचमा पुर्‍याउने र यसको प्रयोगबाट गरिवी न्यूनीकरण र राष्ट्र निर्माण जस्तो विषयलाई स्पष्ट रूपमा उल्लेख गर्न जरुरी रहेको छ। ग्रामिण क्षेत्रको विकासमा सामुदायिक सूचना केन्द्रको स्थापना, इमेल इन्टरनेटको संजाललाई व्यापक रूपमा विस्तार गर्न पूर्व पश्चिम राजमार्गमा विस्तार भएको अप्टिकल फाईवरलाई प्रत्येक जिल्लाको सदरमुकाम सम्म न्यूनतम पुर्‍याउने सुनिश्चितता गर्न उत्तर दक्षिण वनेका र वन्ने सडकहरूमा अप्टिकल फाईवर विस्तार गर्ने नीति लिनुका साथै सेटलाइट सुविधाको विस्तार, विद्यालयहरूमा कम्प्युटर शिक्षा (Computer Education), दुरशिक्षा (e-Learning & Distance Education) को प्रवर्दन गर्नु आवश्यक रहेकोछ। प्रशासनिक सुधार र सुशासन (e-Governence), व्यापार विस्तार (e-Commers), जनस्वास्थ्य (Tele Medicine), कृषि तथा पशुको प्रवर्द्धन एवं नश्ल सुधार जस्ता विविध विषयहरूमा सूचना तथा संचार प्रविधिको उपयोगकावारे तत्कालै जनचेतना र जनशिक्षा अभियान पार्टी व्यापिरूपमा मात्र होईन जनस्तरमा पनि पुर्‍याउनु पर्दछ। अनि मात्र जननेता मदन भण्डारीले औल्याउनु भएको प्रविधि सम्वन्धि दृष्टिकोणको व्यवहारी प्रयोग हामीले गर्न सक्ने छौ।

८) प्रतिस्पर्धार पहल कदमीमा योग्यता हासिल गर्न पार्टी कार्यालय व्यवस्थापन गरौ।

क. मदन भण्डारीले जहिले पनि प्रतिस्पर्धा पहल कदमी सेवा र सर्मपणको उन्नत संस्कृतिलाई सर्वहारा वर्गिय दृष्टिकोणबाट व्याख्या गर्ने मात्र होईन त्यस कार्यलाई विषेश जोड दिनु हुन्थ्यो। आज प्रतिस्पर्धार पहलकदमी लिनका लागि हाम्रा पार्टी कार्यालयहरूलाई पूर्णरूपमा क्षमताशिल बनाउन त्यसको व्यवस्थापन गर्नु अत्यन्त जरुरी भएको छ। पार्टीको आन्तरिक जीवनसँग सम्वन्धित अभिलेखहरूको अतिरिक्त सम्वन्धित तहको स्थानीय निकायसँग सम्वन्धित रहेर सबै सूचनाहरूको संकलन र अभिलेखिकरण (कम्प्युटरराई, श्रव्य तथा दृष्यहरू समेत आवश्यकता अनुसार) गरेर पार्टीको इतिहासलाई संरक्षित गर्नुका साथै उक्त सूचनाका आधारमा स्थानीय तहको योजनाको निर्माण र कार्यान्वयमा पहल गर्नु आवश्यक रहेको छ। समग्र रूपान्तरणको पार्टीको योजनालाई व्यवहारमा कार्यान्वय गर्न पार्टीका सम्वन्धित तहका कार्यालयहरूलाई गम्भिरतापूर्वक आवश्यक गृहकार्य गर्ने पार्टीको तर्फबाट सक्रियरूपमा विकास निर्माणमा नेतृत्वले जनताको संलग्नतालाई सुनिश्चित गर्ने व्यवस्था गर्नु पर्दछ। यसको लागि प्रत्येक गाविस र नगरका वडाहरूलाई आधार बनाई नमूना कार्य अगाडि बढाउन निम्न विषयहरूसँग आधारित भएर हरेक जिल्ला पार्टी कमिटी, नगर र गाउँ पार्टी कमिटीहरूले आफ्ना नियमित राजनैतिक र संगठनात्मक कामहरूलाई निरन्तर संचालन गर्दै निम्न कामहरूलाई अगाडि बढाउनु पर्दछ।

- प्रत्येक आमाको साथै गर्भावस्थादेखि शिशुको संरक्षण,
- तीन देखि पाँच वर्ष उमेर समुहका बालबालिकाहरूको बालविकास तथा बालस्वास्थ्य र बालशिक्षा,
- ६ वर्षदेखि माथिका सबै बालबालिकाहरूको गुणस्तरीय गुणस्तरीय शिक्षाको सुनिश्चितता,
- उच्च शिक्षाको गुणस्तरीय प्रवन्ध,
- प्राविधिक तथा व्यवसायिक शिक्षा, शिक्षाको अवसरबाट बञ्चितहरूको सीप विकासको व्यवस्था,
- १४ देखि ३० वर्ष उमेर समूहका युवा युवतीहरूलाई उद्यम र व्यवसायीक शिप र

तालिमको व्यवस्था,

- जनस्वास्थ्य सम्बन्धी शिक्षा, उपचारात्म र प्रतिरोधात्मक उपचार विधीको व्यवस्था,
- प्राकृतिक श्रोतको समूचित सदुपयोगको योजना, उर्जाका लागि विजुली, सौर्य उर्जा, वायू उर्जा तथा गोबर ग्यासको योजना,
- सामुदायीक वनको संरक्षण, वातावरण संरक्षण, बाढी नियन्त्रण तथा रोकथामका लागि प्रभावकारी कार्ययोजना,
- कृषिमा व्यवसायिकरण, कृषक पाठशाला मार्फत सचेतना र प्रविधि हस्तान्तरण कार्यक्रम,
- नागरिकको निजी बचतहरूलाई बचत समूह, सहकारी, सामूदायीक कम्पनी तथा निजी कम्पनीहरूमा रूपान्तरण गर्न प्रेरित गर्ने कार्ययोजना,
- ज्येष्ठ नागरिकहरूको ज्ञान, शिप र क्षमताको पहिचान एवं सदुपयोग,
- दूरसञ्चार तथा सूचना प्रविधिको जनस्तरमा पहूँच,
- एकल महिला, पूर्वराष्ट्र सेवकहरूको क्षमतालाई समुदायको हितमा सदुपयोग,
- "आफ्नो गाउँ आफै बनाऔं" को अभियानलाई स्वालम्वी बनाउन सामुदायीक संस्थाहरूको सुदृढिकरण र क्षमता अभिवृद्धि एवं निजि उद्यम विकास तथा स्वपरिचालन जस्ता विषयहरूलाई समावेश गर्न सकिन्छ। हरेक तहका गाउँ पार्टी कमिटी तथा सो भन्दा माथिका कमिटीहरूले आफ्नो पार्टी कामको महत्त्वपूर्ण कार्य क्षेत्रको रूपमा उपरोक्त विषयहरूलाई समेटनु पर्ने गरि प्रतिवेदनलाई परिमार्जन गर्नु पर्दछ।

९) विकास परियोजनाका बिशेष नमुना संवन्धि कार्य :-

क. मदन भण्डारीले आफ्ना कार्यक्षेत्रहरूका विषयमा खोज अनुसंधान मात्र गर्नु हुन्थेन। विभिन्न ठाउँमा भएका राजनितिक घटनाक्रमहरूको अध्ययन अनुसंधान पनि निरन्तर गर्नु हुन्थ्यो। आज वहाँको अभावमा वहाँले स्थापना गर्नु भएको संस्कृतिलाई हामीले अनुसरण गर्नु ज्यादै जरुरी छ। यसको लागि आफ्ना आफ्ना पार्टीका कार्यक्षेत्रहरूमा विकास परियोजनासँग सम्वन्धित रहेर नेपालको विशिष्ट पहिचान हुने, नेपाली विशेषतामा आधारीत नेपालको आफ्नो नमूनालाई एमालेले खोज अनुसन्धानगरि उपयुक्त नमूना र तत्संवन्धि कार्यविधि निर्माण गरि अगाडि वडाउनु पर्दछ।हाम्रा सामुन्ने दर्जनौ सवालहरू छन् जसलाई एमालेले विशिष्ट खोज अध्ययन गरि परियोजनाका नमुनाहरू निर्माण गर्नु तथा संचालन गर्नु आवश्यक हुन्छ। हामीलाई यसरी खोज अनुसंधान गर्न श्रोत र साधन तथा जनशक्तिको कमि भएको होइन नेतृत्वले राजनैतिक दिशा निर्देशन गर्न सक्नु नै यसको मूल कारक तत्त्व रहेको छ। त्यसैले दर्जनौ क्षेत्रगत, बिषयगत, योजनागत, नीतिगत अनुसन्धानको काममा हात तत्काल वढाउनु जरुरी छ। जसले गर्दा विकास परियोजनाका नमूना विषेश कामहरू सुरु हुनेछन् र नेतृत्वले व्यवहारबाट आफुलाई समृद्ध बनाउन र ज्ञान हासिल गर्न सक्ने छ।

अन्तमा भाकपा मालेका महासचिव क. विनोद मिश्रले क. मदन भण्डारीको व्यक्तित्वको विषयमा भन्नु भएको कुरालाई सस्मरण गरौ "केहि वर्ष पहिले जव नेपाल एउटा महान ऐतिहासिक मोडबाट गुजरी रहेको थियो, त्यतिवेला कम्युनिष्ट आन्दोलनले यस्तो सिद्धान्तकार खोजिरहेको थियो जो मार्क्सवादको सार्वभौम सच्चाईलाई नेपालको ठोस स्थितिमा मिलाउन सकोस नेपालको जनवादी आन्दोलनले एउटा यस्तो नेता खोजिरेहेको थियो जो सुसंगत जनवादको झण्डालाई निर्भिकतापूर्वक फहराउन सकोस र नेपालले एउटा यस्तो राष्ट्रिय व्यक्तित्व खोजिरहेको थियो, जो सहासपूर्वक नेपालको राष्ट्रिय हित र आकांक्षाको पक्षपोषण गर्न सकोस। क. मदन भण्डारीले यि तिनवटै आवश्यकतालाई एकैचोटी पूर्ति गर्नु भएको थियो"। आज असार १४ गते मदन भण्डारीको जन्मजयन्तिको सर्न्दभमा यिनै उपरोक्त कुराहरूलाई हामीहरूले मनन् गर्न सके साचो अर्थमा जननेता मदन भण्डारी प्रतिको उचित सम्मान हुनेछ। ■

# क. मदन भण्डारी र कार्यकर्ताका समस्या

*क. देवराज घिमिरे*
*सदस्य, सल्लाहकार परिषद्, नेकपा (एमाले)*

नेपालको एकीकरण पछिका २४८ वर्षको निरंकुश राजतन्त्रात्मक शासन प्रणालीमा अनेक स्वरूपहरू वितेका छन्। चाहे जहानिया राणा शासनको कालमा होस् वा निरंकुश पञ्चायती व्यवस्थामा होस्। जनताले राजनीतिक अधिकारबाट पूर्णरूपले वञ्चित हुनुपरेको स्थितिको चर्चा गर्दा नपत्याउने जस्तो लाग्न सक्छ। अहिले निरंकुश राजतन्त्रको मात्र होइन राजतन्त्रको नै समाप्ती भएको छ। लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ।



२०४६ चैत्र २६ गतेभन्दा पहिलाको अवस्था र २०६३ वैशाख ११ पहिलाको अवस्थामा राजतन्त्रको अन्त्यगरी गणतन्त्रको स्थापना गर्ने गतिविधिको त कुरै छाडौं राजपरिवारका सदस्यहरूको तस्विरहरू कतै च्यात्तिएको, फाटेको वा राखेको ठाउँमा कुनै सानो कमी लाग्नेजस्तो स्थितिलाई आधार बनाएर पनि 'गाथ गद्दी ताकेको' आरोपमा राज-काज अपराधअन्तरगत वर्षौं वर्षको जेल सजाय भोग्नुपर्ने र अनेकौं प्रकारका यातना वेहोर्नु त सामान्य कुरानै हुने गरेको थियो। यो पृष्ठभूमि खासगरी निरङ्कुश पञ्चायती व्यवस्था (०४६ चैत्र अगाडि) को शासनको बर्बरतामा राजनीति नगरेको वर्तमानको पिँढीलाई त्यसताकाको प्रतिकूलतामा गर्नैपर्ने काम र तौरतरिकाहरूको महत्त्व वोध नहुनु अन्यथा हुँदैन। समकालीन राजनीतिक कर्मीहरूले भने त्यस्ता प्रतिकूल परिस्थितिलाई पार गर्न गरिएका कामहरू राजनीतिका आगामी दिनका लागि प्रेरणाका स्रोत र गन्तव्यका आधारका रूपमा लिनेछन् भने नयाँ पिँढीले यसबाट शिक्षा लिनुपर्ने हुन्छ। यो परिप्रेक्ष्यको चर्चा गर्दा नेपालको राजनैतिक आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्ने अनेकौं राजनेताहरूका अनुकरणीय योगदानहरू रहेका छन्। तिनका योगदानबाटै हाम्रो नेपाल राष्ट्र र नेपाली समाज आज परिवर्तनको यो स्तरसम्म आई पुगेको छ।

निरङ्कुशताको जुनसुकै समयमा होस् राजनेताहरूको नेतृत्वमा बनेका संघ संस्था र पार्टीका सिद्धान्त, नीति, कार्यक्रम र कार्ययोजना (कार्य नीति) को आधारमा सञ्चालित ठुलो संख्याका अनेकौं क्षमता र प्रतिभावान कार्यकर्ताका योगदानबाट मात्रै पार्टीको जग बलियो हुँदै पार्टी विस्तार र विकास हुने र त्यसले आफ्ना वाधक शक्तिहरूलाई परास्त गर्ने कुरा सामाजिक परिवर्तनको स्वभाविक नियम र प्रक्रिया हो। यो प्रक्रियालाई समयसापेक्ष सही नीति र तिनलाई प्रयोग गर्ने सही कार्यनीतिक योजना बनाउने काममा नेताहरूको भूमिका निर्णायक हुने गर्दछ। यसरी विगतको राजनीतिक आन्दोलनको विवेचना गर्दा अनेकौं नेताहरूको भूमिका पूरा गर्ने सन्दर्भमा उनीहरूले भोगेको कठिनाई र तिनबाट पारङ्गत भएका कार्यकर्ताहरूको महत्त्वलाई कतिपनि नजरअन्दाज गर्नु हुँदैन। सामाजिक क्रान्ति सम्पन्न गर्ने काममा जुटेको पार्टीको महत्त्वपूर्ण सवाल त्यो पार्टीले लिएको सिद्धान्त र कार्यनीतिक कार्यदिशा हो। कुनैपनि पार्टीको नीति र सिद्धान्त सही र गलत हुनुले क्रान्ति सम्पन्न हुने कि नहुने भन्ने कुरा निर्भर हुन्छ। पार्टीको नीति र सिद्धान्त सही भएपछि त्यसलाई कार्यान्वयन गर्ने कार्यकर्ताहरू निर्णायक बन्छन्। जुन पार्टीको नीति र सिद्धान्त सही भएर पनि त्यसका आम कार्यकर्ताहरू कुशल अनुभवसिद्ध र निष्ठाका साथ लाग्दैनन् भने त्यसले अग्रगति र विजय पाउन असंभव हुन्छ। त्यसैकारण भन्ने गरिन्छ कि पार्टीको

नीति र सिद्धान्त सही भएपछि कार्यकर्ताहरू निर्णायक हुन्छन् ।

नेपालको राजनीतिक आन्दोलनको इतिहासमा खासगरी कम्युनिस्ट पार्टीको इतिहासमा यो कुरालाई जुनपार्टीले जहिलेदेखि बुझेर तदअनुकूल कार्यकर्ता नीति लियो, त्यसले प्रगति र विजय प्राप्त गर्न सक्यो । यसको अभावमा पार्टीहरू समयक्रममा विभाजन, पलायन, निस्क्रियता र दिशाहीनताको सिकार हुनुपरेको बिगत छ ।

२०२८/२९ सालतिर झापा संघर्षमा सामेल हुनुभएका झापाका क्रान्तिकारीहरूले सुरु गरेको धारले पार्टी निर्माणमा नीतिको प्रष्टता र कार्यकर्ता निर्माण, विकास र संरक्षणमा गरेको प्रगतिले नै आज देशको कम्युनिस्ट आन्दोलनले यो स्तर कायम गरेको हो । निरङ्कुश तानाशाही पञ्चायती शासनकालमा पार्टी निर्माण गर्ने कामका जटिलता र त्यस्तो समयमा पार्टीको काममा समर्पित कार्यकर्ताको निर्माण, विकास र संरक्षण गर्दा उत्पन्न जटिलता र कठिनाईहरूलाई पन्छाउन सक्ने तत्कालीन नेकपा (माले) को एउटा ज्यादै महत्त्व राख्ने पक्ष हो । पार्टीको सही नीति निरूपण गर्ने र त्यो नीतिलाई ज्यानको बाजी थापेर राजनैतिक चेतना शून्य नेपाली समाजमा क्रान्तिकारी संगठन निर्माण गर्ने क्रममा पार्टीले खेलेको भूमिकामा स्वभाविक पार्टीका शीर्ष नेतृत्वका नेताहरूको तथा नीतिलाई जनतामा विजाङ्कुर गराउने अनेकौ पार्टी कार्यकर्ताको भूमिकाको स्मरण गर्दा म क. मदन भण्डारीलाई वास्तवमै एक महान् र दुरदर्शी नेताको रूपमा सम्मान गर्न पुग्दछु ।

आज क. मदन भण्डारीको ५९ औं जन्म जयन्ती हो । उहाँको संझनासँगै मैले आजभन्दा करिब ३० वर्ष पहिलाको हाम्रो पार्टी (तत्कालीन नेकपा माले) हाल नेकपा (एमाले) मा कार्यकर्ताको स्थिति र क. मदन भण्डारीको क्षमतालाई झल्झल्ती स्मरण गरिरहेको छु । त्यस समयमा पार्टी प्रतिबन्धित भएकोले पूर्णरूपमा भूमिगत भई काम गर्नु पर्दाको अवस्थामा कार्यकर्ता निर्माणका समस्या र कार्यकर्तालाई बचाउने काममा देखिएको समस्याका सम्बन्धमा क. मदन भण्डारीको निर्णय दिने क्षमताको महत्त्व पार्टी निर्माणमा एउटा महत्त्वपूर्ण योगदान हो भन्ने मलाई लाग्दछ ।

सुदुरपूर्वी नेपालको एउटा पहाडी जिल्ला ताप्लेजुङ्ग भौगोलिक विकटता र पछि परेको स्थान भएरपनि नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा निकै राम्रो स्थान लिने जिल्लाभित्र पर्दछ । २०२८/२९ सालको 'झापा संघर्ष' भन्दा पहिला ताप्लेजुङ्ग जिल्लामा छिटफुट रूपमा कम्युनिष्ट आन्दोलनका कामहरू भएपनी मुलतः झापा संघर्ष पश्चात को-अर्डिनेसन केन्द्र (को.के.) को निर्माण पछि नै त्यहाँको काम व्यवस्थित भएको हो । क. हरि नेपाल (जो २०३६ पौष १३ गते मारिनुभयो) को नेतृत्वमा जिल्ला संगठन कमिटी बनेपछि अनेकौं प्रकारका उकाली र ओरालीहरू पार गर्दै जिल्लामा पार्टीकाम फैलियो । ताप्लेजुङ्गको पार्टी कामले पूर्वी पाहाडकै पार्टी निर्माणमा महत्त्वपूर्ण योगदान गरेको थियो । झापा संघर्षको प्रभाव परेको आठराई (तेह्रथुम्) भेग र संघर्षमा लम्किएको इलाम जिल्लाको काममा पार्टी कार्यकर्ता निर्माणगर्ने कुरामा ताप्लेजुङ्गले उल्लेखनीय योगदान गरेको थियो ।

पाँचथर जिल्लाको राजनीतिक शून्यतालाई संगठित रूपमा गति प्रदान गरेर तेह्रथुम र संखुवासभाको पुराना कामका अधुरा यात्रामा गति प्रदान गर्ने जस्ता काममा ताप्लेजुङ्ग जिल्लाका उत्पादित कार्यकर्ताहरूको भूमिका उल्लेखनीय छ । ताप्लेजुङ्ग जिल्ला पार्टीले त्यस अवधिमा पूर्णकालीन कार्यकर्ताको उत्पादन गर्ने लक्ष्य पूरा गर्न अनेक प्रयत्नबाट सफलता प्राप्त गरेको थियो । त्यसताका जीवनलाई त्याग गर्न तत्परभएका योग्य कार्यकर्ता उत्पादन गर्नु त्यति सजिलो विषय थिएन । जिल्लामा महिलाहरूबीचको कामलाई फैलाउन र गहिराउन महिला पूर्णकालीन संगठक (संगठन गर्ने कार्यकर्ता) को आवश्यकता ज्यादै खड्किएको थियो ।

ताप्लेजुङ्गको प्रथम जिल्ला अधिवेशन बाटनै सामेलभएर काममा जुट्ने योजना र निर्णयकासाथ जानुभएको क. सुशिला श्रेष्ठ (सोभा) ०३५ चैत्र २७ गते इलामको इभाङ्गमा सहिद क. रत्न वान्तवाको सहादत स्थलबाट फरार भएपछि उहाँको ताप्लेजुङ्गको कार्यक्षेत्र परिवर्तन गर्नुपरेको थियो । यसले गर्दा ताप्लेजुङमा महिला कार्यकर्ताको अभाव पूरा गर्न

महिला कार्यकर्ता उत्पादन गर्ने लक्ष्यमा जिल्ला कमिटी केन्द्रित भयो। यही प्रयासबाट २०३६ को अन्त्यतिर को कुरा हो खेवाङ गाउँको कमरेड दिपालाई पार्टीले पूर्णकालीन भूमिगत कार्यकर्ताको रूपमा निर्णयगरी घरपरिवार छाडेर जनताको बिचमा लाने निर्णय गऱ्यो। क. दिपा पाठक उच्चमध्यम परिवारमा हुर्किएकी कलिलै उमेरमा विवाह गरी एउटी छोरीकी आमासमेत भएकी ज्यादै उत्साही र ज्यादै सक्रिय तथा साहसिक र मेहनती कार्यकर्ता हुनुहुन्थ्यो। उहाँले पार्टीको पूर्णकालीन कार्यकर्ता (संगठक) भएर घर छाडेर हिँड्दा उहाँको काखमा दूध खाने नानी (छोरी) सायद वर्ष दिनकी पनि नपुगेको अवस्था थियो। उहाँले पार्टी कामको महत्त्व र आवश्यकतालाई उच्च प्राथमिकता दिँदै प्यारी छोरी र आफ्नो घर परिवार त्यागेर हिँड्नुभएको थियो।

तात्कालीन अवस्थामा क. दिपाको माइती र घरको दुवै परिवार राजनितिक रूपमा कम्यूनिष्ट पार्टीप्रति आवद्ध भइनसकेको स्थितिको कारण पनि उहाँ भूमिगत भई पूर्णकालीन भएपछि परिवारसँगको सम्वन्ध पूर्णरूपले कटौती भएको थियो। यो परिवेशले पनि उहाँलाई कामगर्न अप्ठ्यारो नै थियो। तर जिल्लाका सबै जिम्मेवार नेता तथा कार्यकर्ताको विवेकपूर्ण र सहयोगी व्यवहारका कारण उहाँ काममा उत्साहकासाथ जुट्नुभयो। जिल्लाको पार्टीले खटाएका सवै क्षेत्र र मोर्चाहरूका काममा जुट्ता उहाँले आम जनताको मन जितेर असंख्य आश्रयहरू निर्माण गर्दै महिला कार्यकर्ताका तहबाट काममा अपेक्षित प्रगति गर्नुभयो। पार्टीको सहयोग पाएर उहाँको सैदान्तिक, राजनीतिक, वैचारिक स्तर उन्नत हुनगयो। उहाँकोसमेत योगदानले जिल्लाको संगठनात्मक क्षेत्रको काम उल्लेखनीय रूपमा प्रगति हुदै गयो।

जिल्लाका पूर्णकालिक कार्यकर्ताहरूका जीविकासँग सम्वन्धित समस्याका अतिरिक्त रोग विरामको समस्याहरूको समाधान कसरी गर्ने ? विविध प्रकारका कमी र समस्याहरू भएका कार्यकताहरूको समस्याको समाधान कसरी गर्ने ? आदि जस्ता विषयमा जिल्ला नेतृत्व निकै गम्भीरताकासाथ लागेको स्थिति थियो। क. राजेश ( सहिद हरि नेपाल) क. सुमन (शहिद चन्द्र बहादुर पुरी) को पारिवारिक समस्याको समाधानकै सिलसिलामा संखुवासभामा गएको समयमा प्रहरीको घेरामा पारिएर साहदत्त प्राप्त गर्नुभएको घरबाट पनि जिल्ला नेतृत्व ज्यादै समस्यामा फसेको थियो। जिल्ला र तात्कालीन उत्तरपूर्व क्षेत्रीय कमिटिकै नेताहरूको हत्या भएपछि पार्टी गम्भीर हुनु स्वभाविक थियो।

आफ्नो तोकिएको कार्यक्षेत्रमा कार्यरत भएकै अवस्थामा क. दिपा विरामी हुनुभएछ। उहाँ रहनु भएको इलाकाका सबै सरोकारवाला कमिटी, जनता र क्षेत्र आजित भएपछि यो समस्या जिल्लामा आएछ। उहाँमा समय समयमा वेहोस हुने र वेहोस भएको वेलामा बर्बराउँदै पार्टीका सबै कुराहरू बताउने हुँदो रहेछ। यो घटनाले भूमिगत पार्टी पद्दतिलाई गम्भीर असर गर्ने स्थिति देखा पऱ्यो। ईलाकाका आश्रयस्थलहरू असुरक्षित हुने, गोप्य रूपमा जनताको मन जितेर निर्माण भएका आश्रयस्थल प्रयोगगर्न नसकिने अवस्था भयो। त्यतिमात्र होइन कि उहाँको यो रोगको कारणले पार्टी विरोधी पंक्ति (प्रतिक्रियावादी तत्त्व) का कानमा सम्म पार्टीको महत्त्वपूर्ण गोपनीयता पुग्ने आधारहरू निर्माण भए। यो स्थितिबाट जिल्ला नेतृत्व ज्यादै गम्भीर भएर उहाँको उपचारका अनेकौं योजनाहरू बनाएछ। त्यस समयमा तालेजुङ्ग जिल्लामा कार्यरत रहनुभएका क.अरव (स्व.वासु शाक्य), क.उत्तम, क. कैलाश आदिहरूले उहाँलाई उपचारका निम्ति विभिन्न माध्यमबाट अनेक ठाउँमा लाने काम गर्नुभयो तर जाति भएन। पछि दार्जिलिङ लगियो र थप उपचार पश्चात् पनि उहाँमा देखापरेको रोगको समाधान हुन सकेन।

त्यसपछि उहाँलाई मोरङ्ग पार्टीको सहयोगमा क. नरेश वर्मा र क. धर्मको आश्रयस्थल विराटनगरमा राखिएको रहेछ। त्यस समयमा म ताप्लेजुङ्ग जिल्लाबाट तेह्रथुमको आठराई क्षेत्र र पाँचथर जिल्लाको जिम्मा पाएर त्यस क्षेत्रमा जुटिरहेको थिएँ। त्यतिखेरसम्म म क. दिपाको बारेमा अनभिज्ञ थिएँ। उहाँको निजी परिचयबारे मलाई केही थाहा थिएन। यही सन्दर्भमा मेची अञ्चलका संगठक तथा जिम्मेवार नेता क. दिनेश (प्रदीप नेपाल) ले मलाई पत्र मार्फत् 'अविलम्व विराटनगर गएर पार्टीको सम्पर्कमा रही मोरङका कमरेडहरूले दिएको जिम्मा

पूरा गर्नु' होला भनी पत्र लेख्नु भएको थियो । म सो अनुरूप विराटनगरमा गई अर्धखुल्ला अवस्थामा रही क. दिपाको उपचारको कार्यमा जुटें । मलाई ग्रामिण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा काम गर्न अपेक्षाकृत केही सजिलो पनि थियो । यसरी विराटनगरको आश्रयस्थलमा रही क. दिपालाई कहिले फार्बेसगञ्ज लगियो त कहिले विराटनगरको आयुर्वेदिक डाक्टरको मा लाने काम गरियो । अनेक प्रयत्नका बावजूद पनि क. दिपाको उपचारमा अपेक्षाकृत सुधार नआएपछि पार्टीपंक्तिमा ठूलो चिन्ताको विषय बन्यो । त्यस समयमा क. सागर (मदन भण्डारी) आएर समयसमयमा क. दिपाको स्वास्थ्य स्थितिको बारेमा जानकारी लिने गनुहुन्थ्यो । यस्तो क्रम करिब महिना दिनसम्म चल्यो । एक दिन क. सागर (मदन) आएर दिन भरिनै यो समस्या लगायत कार्यकर्ताका समस्या, पार्टीमा कार्यकर्ताको महत्त्व र समस्याको समधानको उपाय आदि जस्ता विविध बिषयमा कुरा भयो । अनेकौं कोणबाट कार्यकर्ताका समस्या र पार्टी जीवन अनि पार्टीलाई बचाउन कायकर्ताले खेल्नुपर्ने भूमिकाको विषयमा विस्तृत छलफल गरियो । रोगले नचापेको समयमा क. दिपा पनि छलफलमा सहभागी हुने गर्नुहुन्थ्यो ।

यस क्रममा क. मदनले आफ्नो कार्यकर्तालाई पार्टीले कसरी ध्यान दिनुपर्छ भन्ने विषयमा जसरी वताउनु भयो त्यो कुरा तत्कालीन माले पार्टी निर्माणको एउटा महत्त्वपूर्ण पक्ष हो भन्ने मैले ठानेको छु । त्यसले म मा पार्टीप्रतिको निष्ठा र समर्पण अझ उन्नत भयो । पार्टी काममा जुटिरहने कुरामा म अझ प्रतिवद्ध बन्न पुगें ।

त्यसैगरी क. मदन पार्टीलाई बचाउन हरेक कार्यकर्ताले त्याग गर्नुपर्छ भन्ने पक्षमा पनि त्यतिकै दृढ हुनुहुन्थ्यो । उहाँले प्रतिवन्धित पार्टीको स्थिति, निरङकुश राजतन्त्र र तानाशाही पञ्चायती शासन व्यवस्थाको बरबरतापूर्ण क्रियाकलापहरूको वारेमा छलफल गर्दै क. दिपाको स्थितीको बारेमा भन्नु भयो "अव हामीले क. दिपालाई पार्टीव्यापी सम्पर्क सूत्र प्रयोग गरी हिँडाइरहनु उपयुक्त हुँदैन । फापरवारीमा मुडो घिसारेको डोव जस्तो गरी देशैभरी हिँडाउनु पार्टीलाई किमार्थ उपयुक्त छैन । वहाँलाइ मिलाएर भूमिगत कार्यकर्ताबाट खुल्ला गर्न वहाँका आफन्त, परिवारजन र समाजले आवश्यक सहयोग गर्ने व्यवस्था गर्नुपर्छ ।" यसो गर्नुबाहेक यो समस्या पार्टीव्यापी रूपमा अगाडि लान नहुने कुरा बेजोडले राख्दै उक्त समस्याको समाधान गर्ने निचोड दिएर उहाँ जानुभयो । त्यसको २ दिनपछि क. विनोद ( डिल्ली मैनाली) आउनु भयो र उपचारको नयाँ विधि र स्थान पत्ता लगाएर आएको कुरा राख्दै पुनः उपचारमा लैजाने सोच बताउनु भयो अनि महेन्द्र मोरङ कलेजमा अध्यापन गर्ने एकजना गफ्फुर भन्ने डाक्टरकोमा होमियोपेथिक पद्धतिको उपचार गर्न सुरु गरियो । यो उपचार पछि क. दिपालाई केही राम्रो भयो । त्यसपछि उहाँको आफ्नो परिवारलाई सम्पर्क राखी क. दिपालाई उहाँको बुबा आमाकोमा पठाइ खुल्ला गर्ने काम गरियो । यसरी क. मदन कार्यकर्ता उत्पादनदेखि तिनका सानाभन्दा साना र झिनामसिना समस्याका समाधान गर्न त्यतिकै गम्भीर र चिन्तित हुनुहुन्थ्यो ।

कार्यकर्ताका समस्या पनि क. मदन निजी समस्याकै रूपमा लिने गर्नुहुन्थ्यो भन्ने ज्वलन्त उदाहरण क. दिपालाई लिन सकिन्छ । क. मदनले दिएको निष्कर्ष पार्टी र कार्यकर्ताको लागि ज्यादै व्यावहारिक र उपयुक्त थियो जसले गर्दा पार्टीको ठूलो समस्याको समाधान भयो । यदि समयमै हामीले क.दिपालाई परिवारको सहयोगवाट खुल्ला नगरेको भए उहाँको जीवनको अतिरिक्त पार्टी जीवनमा अरु समस्या व्यहोर्नुपर्ने थियो । क. मदन दूरदर्शी र व्यावहारिक हुनुहुन्थ्यो । उहाँ तल्ला स्तरका कार्यकर्तादेखि माथिल्लो स्तरका कार्यकर्ताहरूप्रति उत्तिकै विवेकपूर्ण र न्यायोचित व्यवहार गर्नुहुन्थ्यो । त्यसैले होला हरेक कार्यकर्ता जस्तोसुकै समस्याका वावजूद पनि उहाँको नजिकमा बस्दा आफूलाई सुरक्षित र खुसी ठान्थे ।

आज नेताका अनपेक्षित व्यवहार भोग्ने कार्यकर्ताहरू क. मदनको यी गुणहरूलाई सम्झँदै वहाँको विचारको अनुवाद व्यवहारमा हेर्ने प्रतीक्षा गरिरहेका छन् । आशा गरौं नेतृत्वबाट सकारात्मक कदम चालिनेछ ।

■

# जनताको वहुदलीय जनवादलाई आत्मसात् गरौं

*क. खगराज अधिकारी*
*नेकपा (एमाले)*

वि.सं. २०५० साल जेष्ठ २, ३ र ४ गते नेकपा (एमाले) कास्कीको तृतीय जिल्ला अधिवेशनको आयोजना गरिएको थियो। उक्त अधिवेशनलाई सम्बोधन गर्न पार्टीका आदरणीय नेता जननेता मदन भण्डारी काठमाडौंको जेष्ठ १ गतेको कार्यक्रमलाई सम्बोधन गरी हवाईमार्गबाट पोखरा आइसक्नु भएको थियो। त्यसैगरी कमरेड जीवराज आश्रित पार्टीको आफ्नै खरानी रङ्गको पजेरोबाट आफ्ना सहयोद्धा कमरेड बाचस्पति देवकोटाका साथ स्थलमार्गबाट पोखरा आइरहनु भएको थियो। बेलुका कमरेडहरूलाई राख्ने-बसाल्ने बन्दोवस्त हरि पाण्डेज्यूले आफ्नो चिनजान, घनिष्ठता अनि मित्रताको हिसावले आफ्नै घरमा बन्दोबस्त मिलाउनु भएको थियो र हामीले पनि सुरक्षा र अन्य व्यवस्थाका हिसाबले राष्ट्रियसभाका माननीय सदस्य हरि पाण्डेज्यूको घरलाई उपयुक्त ठान्यौं। चिपलेढुङ्गास्थित उहाँको निवासमा ड्राइभर अमर लामासहित दुवैजना नेता कमरेडहरू रहने कुराको टुङ्गो लाग्यो।

उक्तदिन अमरलामाको वेचैनी र बारम्बार शौचालय प्रयोगको अस्वाभाविकता र खाना खानेवेलाको अनुहारको अस्वाभाविकताबारे, तत्काल नेता कमरेडहरूलाई तुलसा पाण्डे भाउजूले राम्ररी जानकारी गराउनु भएको रहेछ। अन्तिमपटक विदाई गर्न कमरेडहरू सम्मेलन स्थलमा मलाई बोलाउन आउनुभयो। म बन्दसत्रबाट बाहिर निस्किएँ। आज होइन भोलि ३ गते चितवनमा मसहित जाने कुरा मैले अनुरोध गरें। त्यतिवेला महाधिवेशनहलको बन्दसत्रको कार्यलाई कुनै बाधा नदिने तर प्रभावशाली व्यक्तित्वका धनी कमरेडहरू गोविन्दकुमार श्रेष्ठ र हितकाजी गुरुङसहितको १० जनाको टोली मोटरसाइकल चढेर चितवन जाने बन्दोवस्त मिलाउन लागिएको थियो। त्यतिवेला नेताद्वय कमरेडहरूले आफूहरूले गोरखकाली रबर उद्योगको अवलोकन गर्ने र उक्त वेलुका गोरखामा नै रहने र त्यसका लागि कमरेड ऋषि कट्टेल हुनुभएपछि पर्याप्त हुने कुरा राख्नु भएपछि उक्त प्रबन्ध गरिएन। त्यसताका 'ट्राफिक सप्ताहा' चलिरहेको थियो। हामीहरू कुराकानीमा व्यस्त भइरहेका थियौं। अमर लामा एकछिन गायब भए। उनको खोजी भयो। बाचस्पति देवकोटा कमरेड पनि सँगै हुनुहुन्थ्यो। त्यतिवेला प्रसङ्ग चल्यो "ढिलो हिँडे पक्कै पुगिन्छ, छिटो हिँडे भन्न सकिन्न" भन्ने भनाइलाई जननेता मदन भण्डारीले दोहोऱ्याउनु भयो। एकछिनपछि मात्र अमर लामा आए। हामी उनलाई अति विश्वासका साथ हेर्थ्यौं। सबै कुरा अनौठा हुँदा पनि केही शङ्का गरिएन। पार्टीको झण्डा सानो थियो पजेरोमा उनले ठूलो हाल्न जोड गरेछन्। त्यसमा पनि कुनै शङ्काको नजरले हेरेनौं। हामी कति अन्धा रहेछौं। अहिले पछुतोले रन्किरहेको आगोमा सल्किरहेका छौं।

खुलासत्रमा कमरेड मदन भण्डारीको चुम्बकीय बोलीले हाम्रा विपक्षीहरू पनि हलमा टनाटन थिए नअटाएर हल बाहिर पनि खचाखच भएर सुनिरहेका थिए। चीनको भ्रमण भर्खरै सकेर आएको वेला थियो। टनकपुरको देशघाती सन्धि, सन्धि नमानिकन गरिएको र नेपालको सीमा मिचिएको अर्थात् नेपाली भूमि लेफ्ट एफ्लेक्सबण्ड (Left Aflexbond) निर्माणमा २.९ हेक्टर प्रयोग भएको प्रष्ट भैसकेको सन्दर्भ थियो। त्यसमा कमरेड मदनले "हामी टनकपुर सन्धिमा भएको राष्ट्रघात सच्चियो भने २ हात उठाएर समर्थन गर्छौं " लिलामणीजीलेझैं 'हलो अड्काएर गोरु पड्काउँदैनौं अर्थात् कसम खाएर विरोधको राजनीति गर्दैनौं' भन्नुभएको अहिले पनि ताजै छ। उहाँले गणेशमान सिंहसँगको सम्बन्ध प्रगाढ र धेरै घनिभूत बनाउनु भएको थियो। आन्दोलन

उत्सर्गमा पुगेको अवस्था थियो र त्यसैकारणले १ महिना लामो समयका लागि राजधानी छोडेर बाहिर नजान सल्लाह पनि पाइसक्नु भएको अवस्था थियो। उहाँले प्रजातन्त्रको नाउँमा "संविधान, कानून, नियम, संसद र प्रचलित ऐन र परम्परा मिचेर अधिनायकवाद लाद्न खोजिन्छ भने हामी अधिनायकवादलाई समाप्त पार्न र राष्ट्रियतालाई सवल र सुदृढ पार्न आमजनसमुदायका साथ महत्त्वपूर्ण पहल गर्न वाध्य हुनेछौं" भन्ने हुँकार दिएर देशी विदेशी प्रतिक्रियावादीलाई गम्भीर र अन्तिम चुनौती दिनु भएको थियो। राष्ट्रवादको महान् झण्डा उठाएर उहाँले राष्ट्रघाती र नक्कली राष्ट्रवादीहरूलाई लल्कार्नु भएको थियो। नेपाली राष्ट्रियताका अथक योद्धा, असल पहरेदार, नेपाली आमाका असल सपुत जननेता मदन भण्डारी जसरी प्रजातन्त्रका महान् सारथी, जनवादका हिमायती हुनुहन्थ्यो त्यसैगरी सच्चा र सही राष्ट्रवादका जाज्वल्यमान नक्षत्रसमेत हुनुहुन्थ्यो। कार्यकर्तामाझ अत्यन्त सरल र प्रिय हुनुहुन्थ्यो। मूल सङ्गठकका हैसियतले योग्य नेतृत्वकर्तासमेत हुनुहुन्थ्यो। कार्यकर्ताको आलोचना, सुझाव र टिप्पणीलाई उहाँले स्वागत गर्ने मात्र होइन कि तिनीहरूलाई आत्मसात् पनि गर्नुहुन्थ्यो। कार्यकर्ताले दिएका सानाभन्दा साना सुझावहरूलाई पनि गम्भीर रूपमा ग्रहण गर्नु हुन्थ्यो। कार्यकर्ताको जिज्ञासाका भोकहरू मेटाउनु हुन्थ्यो र तर्कशक्तिका बेजोड धनी मदन कमरेडसँगको छलफलपछि कार्यकर्ताले पछिसम्मलाई गतिलो उर्जा प्राप्त गर्दथे।

त्यतिबेला भर्खरै चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा चीन पुगेर फर्कनु भएका जननेता मदन भण्डारीले मूलतः चिनियाँ कम्युनिष्ट पार्टी र त्यसको पार्टी स्कूलको गतिविधिबारे गहिरो रुचिका साथ अध्ययन गर्नुभएको रहेछ। फर्केपछिका आफ्ना अनुभव र नेपालको कम्युनिष्ट पार्टीको स्कूललाई कसरी सञ्चालित गर्ने भन्ने सम्बन्धमा महत्त्वपूर्ण सोच समेत बनाउनु भएको रहेछ। त्यसका केही पक्षहरू हाम्रो जिल्ला अधिवेशनको बन्दसत्रमा उहाँले राख्नु भयो। संयोगवश अगुवा कमरेडहरूको सहयोगमा तृतीय जिल्ला अधिवेशनको राजनीतिक साङ्गठनिक प्रतिवेदन म आफैले तयार पारेको थिएँ। यो त मैले पहिलो र दोस्रो अधिवेशनमा तयार पारेभन्दा अलि भिन्न खालको थियो। त्यसमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिको लम्बेतान विश्लेषण गरिएको थिएन। त्यसमा संक्षिप्त रूपमामात्र प्रवेश गरिएको थियो। मूलरूपमा दोस्रो अधिवेशनदेखिका केही महत्त्वपूर्ण कार्यहरू, तिनका उपलब्धिका पक्षहरू, कमीकमजोरीहरूको संक्षिप्त चर्चा गरिएको थियो। आगामी दिनका चुनौतीहरू र तिनका समाधानका उपायहरूबारेमा अलि विस्तारपूर्वक र स्पष्ट कार्ययोजनाहरू अर्थात् कार्यभारहरू प्रष्ट रूपमा उल्लेख गरिएको थियो।

बन्दसत्रमा उहाँले प्रतिवेदनका बारेमा र कमीकमजोरीहरूका बारेमा सामान्य टिप्पणी गर्नुभयो "मैले यसको प्रस्तुतिपछि तपाईहरूका टिप्पणीलाईसमेत सुनेर आफ्ना धाराणाहरू राख्न उपयुक्त हुने थियो तर पहिला नै हिँड्नु पर्ने भएकोले प्रतिवेदनको मजबूनको संक्षिप्त अध्ययनपछि विचारहरू राख्न गएको छु। मूलतः प्रतिवेदन परम्परागत भन्दा भिन्न र आगामी दिनका कामहरूको योजनाका साथ रहेछ म यसबाट प्रभावित भएको छु" भन्दै आफ्ना अति ओजपूर्ण र मूल्यवान मार्गनिर्देशक विचारहरू प्रस्तुत गर्नुभयो जननेता मदन भण्डारीले। उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको पार्टी स्कूल विभागले मार्क्सवादका शास्त्रीय रचनाहरूका आधारमा मार्क्सवादका तीन सङ्गठक अङ्गहरू, श्रोतहरूको अध्ययनभन्दा पनि चिनियाँ कम्युनिष्ट पार्टीले तय गरेका तात्कालिक कार्यभारहरू, कार्यनीतिहरू र तिनलाई सम्पादन गर्न लिनुपर्ने नीतिहरूका सम्बन्धमा आफ्ना लाखौंलाख पार्टी सदस्यहरूका बुझाइमा समरूपता प्रतिबद्धतामा एकरूपता ल्याउनकालागि पार्टीव्यापी अभियान सञ्चालन गर्ने र नवीनतम् आवश्यकता र चुनौतीहरू मार्क्सवादको आलोकमा सम्पादन गर्न सक्ने सामर्थ्यवान् पार्टी पंक्ति तयार पार्ने कुरामा पार्टी स्कूल केन्द्रित भएर लागेको र त्यसबाट आफू प्रभावित भएको कुरा राख्नु भएको थियो।

निर्णय गर्नुभन्दा या निष्कर्षमा पुग्नुभन्दा पहिला 'घुँडा धसेर छलफल गर्ने, छलफल पछि निष्कर्ष निकाल्ने र त्यसलाई एकचित्तका साथ कार्यान्वयन गर्ने' चिनियाँहरूबाट सिक्नैपर्ने रहेछ। हामीले हाम्रो पार्टी स्कूललाई पनि विसर्जनवाद र जडसुत्रवादका विरुद्ध मार्क्सवादको सृजनात्मक प्रयोगको कसीमा कसरी खरो उतार्न सक्तछौं भन्ने कुरा सम्पूर्ण पार्टी पंक्ति दृढ संकल्पका साथ लाग्यौं भने संघर्ष, विचार र संगठनको क्षेत्रमा उल्लेख्य उपलब्धि प्राप्त गर्न सक्तछौं भन्ने दृढता उहाँले व्यक्त गर्नु भएको थियो ।

चिनियाँशैलीलाई उद्धृत गर्दै उहाँले चिनियाँ किसानहरूले धान सखाप पार्ने सलहलाई कसरी लखेटी-लखेटी समाप्त पारे भन्ने ज्वलन्त उदाहरण दिनुभएको थियो। सलहले धानमात्र खाने रहेनछ धानमा लाग्ने 'लाई' किरालाई पनि समाप्त पार्ने रहेछ। केही वर्षको अनुसन्धानपछि सलह नष्ट गरेका चिनियाँहरूले बाहिरी देशबाट सलह ल्याएर पाल्न र बढाउन थालेको, कालोपोको रोग लाग्नबाट धान जोगाएको उदाहरण प्रस्तुत गर्नुभयो। हामीले निर्णय गर्नेवेलामा निधार खुम्च्याउनु पर्छ, घोत्लिनु पर्दछ, धेरै कोणबाट विचार विमर्श गर्नुपर्छ । जब निर्णय गरिन्छ त्यसलाई अन्तिम परिणामसम्म कार्यान्वयन गरेरमात्र त्यसको सम्पूर्णतामा पुग्न सकिन्छ। यही चिनियाँ शैलीलाई हामीले हाम्रो देशको सन्दर्भमा मौलिकताका साथ उपयोग गर्नुपर्दछ भन्ने आफ्नो ठम्याइलाई कार्यकर्तासामु उहाँले प्रस्तुत गर्नुभयो ।

जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवादलाई कार्यक्रमको उद्देश्यका रूपमा प्रस्तुत गर्नुभयो। पाँचौ महाधिवेशनमा यसलाई कार्यक्रमको रूपमा पारित गर्दा बहसका अनेकौं कोणहरू प्रकट भए। राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतबाट प्राप्त अनुभवका आधारमा यसका बहुआयामिक पाटाहरूको बारेमा यौटा बृहत छलफल प्रारम्भ भएको थियो। यसको विस्तृत रूपमा टुङ्गो लाग्न नपाउँदै उहाँको रहस्यमय हत्या भयो ।

अहिले जनताको बहुदलीय जनवादको आफू खुशी व्याख्या हुँदै जान थालेको छ। कतिपय कमरेडले यसलाई सिद्धान्तको रूपमा विकास गर्नुपर्दछ भनेर नेपाली क्रान्तिको मौलिक सिद्धान्तको रूपमा विकसित भएको जनताको बहुदलीय जनवादमाथि प्रहार गर्न हाकाहाकी चुनौती दिन थाल्नु भएको छ। केही कमरेडहरूले यसको रक्षा, विकास र प्रयोगमा जोड दिनुको साटो दस्तावेजहरूमा भुलचुकवस या आफ्नो अन्तरमनको चाहनाका कारणले प्रयोग शब्दावली बनाउन थाल्नु भएको छ। जनताको बहुदलीय जनवाद अन्धाले हात्ती छामेजस्तो हुन थालेको छ ।

नेपाली राजनीतिमा अहिले विचारको लडाइँ मुख्य दुईधारमा बाँडिएको छ। एउटा उग्रवामपन्थी विचारको बाहक व्यक्तिहत्या र निषेधको अधिनायकवादी विचार प्रचण्डपथ, अर्को बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक, तर अल्पसंख्यक जातिहरूको बसोबास रहेको नेपाल बहुलताले भरिपूर्ण छ र जनताको बहुदलीय जनवाद नै यसको सिद्धान्त र कार्यक्रम हुन सक्तछ भन्ने मत अहिले यी दुईबीचको वैचारिक, भौतिक, व्यावहारिक संघर्षमा हामी खरो रूपमा उत्रनु परेको छ ।

उग्रवामपन्थी अराजकतावादसँग आत्मसमर्पण गरेर जननेता मदन भण्डारीप्रति गद्दारी गर्नेहरूको कमी समाजमा देखिएको छैन। जनताको बहुदलीय जनवादकाप्रति ओठेभक्ति देखाउँदै यसको लोकतान्त्रीककरणको पक्षलाई अँध्यारो बनाउदै प्रचण्डपथको व्यक्ति हत्या, हिंसाको राजनीतिलाई महान् 'जनयुद्धको' संज्ञा दिनु, यसप्रतिको मोह प्रदर्शन गर्नु, जनताको बहुदलीय जनवादप्रति वेइमानी गर्नु, नेपाली क्रान्तिप्रति धोका दिनु र शक्ति र बन्दूकका अगाडि लम्पसार भएर आत्मसमर्पण गर्नु नै हो। जननेता मदन भण्डारीले कास्कीको तेस्रो जिल्ला अधिवेशनमा जडसूत्रवाद र विसर्जनवादका विरुद्ध धावावोल्न तथा मार्क्सवादको सृजनात्मक प्रयोग गर्न दिनुभएको मार्गदर्शनलाई आत्मसात् गर्न सकेमात्र जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिमा व्यवहारतः सम्पन्न गर्न सकिन्छ ।

कास्कीको तेस्रो जिल्ला अधिवेशनमा जनताको

बहुदलीय जनवादको व्याख्या गर्दै यसलाई प्रस्ट पार्ने, यसको सान्दर्भिकता र समसामयिक राजनीतिमा यसको विश्लेषणको मूल र चुरो कुराको उजागर गर्ने कार्यमा खारिएको, गहिरो र सुझबुझपूर्ण प्रखरताको प्रचुरता छचल्किएको थियो। यसले के देखाउँछ भने सिद्धान्त पहिला उत्पति हुँदैन व्यवहार नै पहिला प्रकट हुन्छ। प्रणालीमा लान, व्यवस्थित बनाउन सरल र स्पष्ट पार्न सिद्धान्तको आवश्यकता पर्दछ। हामी नेपाली कम्युनिष्टहरू २००७ सालदेखि निरन्तर बहुदलीय राजनीतिको पक्षधर रहेर आयौं। २०१४ सालको भद्रअवज्ञा आन्दोलनको सहभागिता, २०१५ सालको संसदीय निर्वाचनमा सहभागिता, २०१७ सालदेखि विघठित संसदको पुनःस्थापनाको माग, २०३६ सालको जनमत संग्रहमा बहुदलप्रतिको पक्षधरता, २०४३ सालको पञ्चायती चुनावमा हस्तक्षेपको नीति, २०४६ सालको संयुक्त जनआन्दोलनमा नेतृत्वकर्ताको भूमिका र त्यहाँदेखि आजसम्मको राजनीतिक गतिविधिले हामी बहुलताका र बहुदलीयताका व्यावहारिक पक्षधर रही आएका हौं। जनताको बहुदलीय जनवादले यसलाई सिद्धान्तकृत गरिसकेको कुरा कास्की जिल्लाको तृतीय अधिवेशनमा जननेता मदन भण्डारीले स्पष्ट पार्नुभएको तथ्यलाई आत्मसात् गर्नै पर्दछ। जनताको बहुदलीय जनवादलाई आत्मसात् गर्नसक्नु पर्दछ। यसलाई सिद्धान्तको रूपमा विकास गर्नु वा परिमार्जन गर्नु भनेको मूलतः यसलाई विकृत पार्नु मात्रै हो। अहिलेको आवश्यकता यसलाई आत्मासात् गर्नु, यसको आलोकमा अहिलेको राजनीतिक कार्यदिशा स्पष्ट पार्नु, समग्रपक्षको परिचालन गर्नु नै हो। मूलतः यसलाई आत्मसात् गर्नु नै हो। मदन भण्डारी भन्नुहुन्थ्यो–“सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो।” अहिलेको नेपाली जीवनका आधारमा मुख्यतः वर्ग-संघर्षलाई, वर्गीय पक्षधरतालाई मुख्य विषय मानेर जातीय, लैङ्गिक, भौगोलिक लगायतका यावत् भेदहरूलाई अन्त्य गर्न सक्नु नै जनताको बहुदलीय जनवादको सही आत्मसातीकरण हुन सक्छ।

■

# पथप्रदर्शक जननेता : मदन भण्डारी

*क. हिक्मत कार्की*
*महासचिव, मदन भण्डारी फाउण्डेशन*

जननेता मदन भण्डारी हामी बीचमा नरहनु भएको १७ वर्ष वितिसकेको छ । हामीले उहाँप्रति श्रद्धान्जली दिन जेष्ठ ३ गते स्मृति दिवस र असार १४ गते जन्म जयन्ती मनाउने गरेका छौं । नेकपा एमालेका तत्कालिन महासचिव जननेता भण्डारी नेकपा एमालेको नेता हुनुहुन्थ्यो नै, तर उहाँको परिचय त्यतिमा मात्रै सिमित छैन । उहँ एक नविन विचारक, भविष्य द्रष्टा, सशक्त संगठक, देशभक्त र प्रजातान्त्रिक आन्दोलनका अग्रज योद्धा पनि हुनुहुन्थ्यो । मृत्यु शास्वत विषय हो नै, तर उहाँको मृत्यु असामयिक मात्र थिएन, एउटा षड्यन्त्रमूलक ढंगले गरिएको रहस्यमय हत्या नै हो । आफ्नो जीवनको जम्मा जम्मी ४१ वर्ष मात्रै व्यतित गर्नुभएका जननेता भण्डारी अझ खुल्ला राजनीति र आमपरिचयका साथ करिव ३ वर्ष मात्रै हाम्री बीचमा देखिनुभयो ।



युवा अवस्थामै अझ सार्वजनिक जीवनको छोटो अवधिमै हामी बीचबाट सदा-सदाका लागि विदा हुनु भएता पनि आज पनि उहाँ अमर हुनुहुन्छ । असार १४, २०६७ उहाँको ५९ औं वर्ष प्रवेशको दिन हो तर उहाँलाई हामी सम्झनामा मात्रै पाइरहेका छौं । यस घडीमा हामी उहाँलाई श्रद्धासुमन व्यक्त गरिरहेका छौं । कुनै पनि व्यक्तिलाई मृत्युपछि गरिने श्रद्धान्जली, उ प्रतिको माया सम्मान हो भने, उसले विगतमा समाज, राष्ट्रमा पुऱ्याएका महत्त्वपूर्ण योगदानहरूको चर्चा पनि उप्रतिको सम्मान नै हो ।

जननेता मदन भण्डारीलाई सदा-सदा सम्झिरहन उहाँले विगतमा दिनु भएका महत्त्वपूर्ण योगदानहरूकै कारण हो । उहाँका योगदानहरूको चर्चा गर्दा यस लेख मार्फत् एकाध केही महत्त्वपूर्ण विषयहरू उल्लेख गर्न चाहन्छु । तत्कालिन नेकपा एमालेका महासचिवका हैसियतले आफ्नो पार्टीको न्यूनतम कार्यक्रमको रूपमा अगाडि सार्नु भएको नेपाली क्रान्तिको कार्यक्रम "जनताको बहुदलीय जनवाद" विचारको क्षेत्रमा उहाँले नेतृत्व गर्नु भएको सशक्त वैचारिक नेतृत्व हो । अत्यन्त परम्परागत र जडतापूर्वक ढंगले चलिरहेका कम्युनिष्ट पार्टीहरूलाई र अझै अगाडि भन्नु पर्दा कम्युनिष्ट आन्दोलनलाई नै नयाँ ढंगले जनताको बीचमा प्रजातान्त्रिक आन्दोलनको रूपमा स्थापित गर्न सशक्त भूमिका निर्वाह गर्नुभयो । हुनत जवज नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट बहुमतद्वारा पारित पार्टीको न्यूनतम कार्यक्रम नै हो । तर त्यसै पाटीको छैठौं, सातौं र आठौं राष्ट्रिय महाधिवेशनमा आइपुग्दा यो विचार पार्टी भित्र सर्वस्वीकार्य कार्यक्रम मात्रै बनेन, यो त पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा समेत स्थापित भइसकेको छ । अहिले पनि यदाकदा जवजलाई बुझ्ने र व्याख्या गर्ने सन्दर्भमा पार्टीका नेताहरूमा एकरूपता नदेखिएता पनि २०६५ फागुनमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनले पार्टीको सिद्धान्तको रूपमा स्वीकार गर्दै जवजको रक्षा, विकास र प्रयोग गर्ने निष्कर्ष निकालिसकेको छ ।

जनताको बहुदलिय जनवादको विचार जननेता मदन भण्डारीले अगाडि सारिरहँदा देशभित्रका र बाहिरका कम्युनिष्ट पार्टीका नेताहरूले यसलाई

दक्षिणपन्थी विचार समेत भनेर आरोपित गरेको थिए। तीब्र प्रहार र आलोचनाका बीच पनि नेकपा एमालेका हजारौं कार्यकर्ताहरूको समर्थनमा जननेता भण्डारीले आफ्ना केही सहयोद्धाहरूका साथ यस विचारलाई पार्टी भित्र र बाहिर , मुलुक भित्र र बाहिर स्थापित गर्ने अभियानमा नै उहाँ दिवंगत हुनु भयो। त्यस यता जवजको विकासमा हामीले खासै योगदान पुऱ्याउन नसकेपनि जवज आफैंमा एउटा हाम्रो मुलुकको सामाजिक, आर्थिक रूपान्तरणको नेतृत्वदायी सिद्धान्त तथा कार्यक्रमको रूपमा स्थापित भइसकेको छ। उहँले छोड्नु भएको यो विचारको रक्षा, विकास र प्रयोग नै नेपाली क्रान्ति हो।

जननेता मदन भण्डारीको योगदानको चर्चा गर्दा त्यस्तै अर्को एउटा महत्त्वपूर्ण योगदानलाई यहँ चर्चा गर्नै पर्ने हुन्छ। २०४६ सालको जनआन्दोलनपछि उपलब्धिहरूको रक्षा गर्न, राजनीतिक संक्रमणकाललाई छोट्याउने सन्दर्भममा पनि उहाँको भूमिका नेतृत्वदायी नै रह्यो। उग्रवामपन्थी र दक्षिणपन्थीहरू त्यस बेला नयाँ संविधान बन्न नदिने, संक्रमणकालको फाइदा लिएर अस्थिरता मच्चाइरहने प्रयत्न गरिरहेका थिए। संविधान निर्माणका सन्दर्भमा अनेकौं व्यवधानहरू खडा गर्दै धमिलो पानीमा माछा मार्न खोजिरहेका थिए। संविधानमा सम्पूर्ण रूपमा जनताका माग र आवश्यकतालाई समावेश गर्न आफ्ना पार्टीका प्रतिनिधि र पार्टीको तर्फबाट पूरै प्रयत्न गर्नु भयो।

तत्कालिन राजनीतिक शक्ति सन्तुलनको अवस्थाले गर्दा जनताका सम्पूर्ण मागहरू समावेश हुने सम्भावना रहेन। त्यसै अवसरलाई दुरूपयोग गर्दै संविधान बन्न नदिन उग्रवामपन्थी र दक्षिणपन्थी शक्तिहरूको चलखेल शुरु भएपछि जननेता भण्डारीले तत्कालिन त्रिपक्षीय राजनीतिक शक्ति सन्तुलनको ठोस विश्लेषण गर्दै जनआन्दोलनका प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धीको लागि अगाडि बढ्ने निष्कर्ष सहित सात महिना भित्रै संविधान जारी गराउने अहम् भूमिका निर्वाह गर्नु भएको थियो। जनताले उठाएका कैंयौ विषयवस्तुहरू तत्कालिन संविधानमा समावेश हुन सम्भव नभएपछि ती विषयहरू उहाँले फरक मतको रूपमा २७ बुँदामा सुत्रवद्ध गरी सार्वजनिक गर्नुभयो। २०६२/०६३ को आन्दोलनपछि पुर्नस्थापित प्रतिनिधिसभाले ०६३ जेष्ठ ४ गते विशेष प्रस्ताव पारित गर्दै ०४७ सालमा जननेता भण्डारीले फरक मतको रूपमा राख्नु भएका अधिकांश विषयहरूलाई सम्वोधन गऱ्यो। त्यस्तै ०६३ मा जारी अन्तरिम संविधान र अब कुनै पनि दिन बन्ने नयाँ संविधानमा उहँले २० वर्ष अगाडि सार्नु भएका विचारहरू नै अहिलेको वास्तविकता भएका छन्, यसअर्थमा के भन्न सकिन्छ भने जननेता भण्डारी नविन विचारक र भविष्य द्रष्टा समेत हुनुहुन्थ्यो। यस्ता महान व्यक्तित्व जननेता मदन कुमार भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु।

■

# जननेता भण्डारी, जवज र दक्षिण अफ्रिकी अनुभवको सन्दर्भ

*विष्णु रिमाल*
*अध्यक्ष*
*नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)*

हामी नेपालीहरू दक्षिण अफ्रिका भन्नासाथ असलै असल काम फत्ते गर्न सक्ने नेताहरूको देशको रूपमा बुझ्छौं । रङ्गभेदवादी शासनसँग लामो लडाइ लडेर संविधानसभामार्फत संभवतः आजसम्मकै अनुकरणीय संविधान बनाउने देश हो दक्षिण अफ्रिका! त्यसैले पनि हुनसक्छ हामी त्यहाँको धेरै कुराको अनुकरणसमेत गर्न पुग्छौं ।



वि.सं. २०४६ सालअघि निरङ्कुश राजतन्त्रद्वारा थोपरिएको तानाशाही पञ्चायती व्यवस्था थियो । त्यो समयमा दक्षिण अफ्रिकाको एउटा एकान्त टापुमा नेल्सन मण्डेला लामो कारावास खेपिरहेका थिए । उनको रिहाइमा विश्वव्यापी रूपमै प्रचार अभियान चलिरहेको थियो । त्यति नै खेर राजतन्त्रविरुद्ध चर्चित झापा विद्रोहमा हतियार उठाउने नेता मोहनचन्द्र अधिकारी पनि पञ्चायती शासकद्वारा थोपरिएको लामो जेल सजायँ काट्दै थिए । त्यतिखेरको लडाकू कम्युनिस्ट पार्टी, नेकपा (माले) ले उनको रिहाईमा जनपरिचालन मात्र गरेन, अभियान पोष्टरमा मोहनचन्द्रलाई “नेपाली नेल्सन मण्डेला”को रूपमा प्रस्तुत समेत गऱ्यो ।

> *युवा मदन भण्डारी एमालेको महासचिव चुनिनु भयो । त्यति नै खेर दक्षिण अफ्रिकामा क्रिस हानी- कम्युनिस्ट पार्टीका युवा महासचिव थिए ! उनको नृसंस हत्या भयो । केही महिनाको वीच मै जननेताको पनि हत्या भयो ।*

बहुदलीय व्यवस्था आयो । जननेता मदन भण्डारी चर्चाको शिखरमा हुनुहुन्थ्यो । वि.सं. २०४९ सालको अन्त्यतिर कम्युनिस्ट पार्टीको युवा महासचिवको रूपमा उहाँ एमालेको महासचिव फेरि चुनिनु भयो । त्यतिबेला दक्षिण अफ्रिकामा क्रिस हानी- कम्युनिस्ट पार्टीका युवा महासचिव थिए । उनी लोकप्रिय थिए र दक्षिण अफ्रिकाको संक्रमणकालीन राजनीतिलाई संस्थागत गर्न नेल्सन मण्डेलासँगै क्रियाशील थिए । उनको नृसंस हत्या भयो । जननेता भण्डारीको पनि त्यतिखेर क्रिस हानीसँग तुलना हुन थालेको थियो । केही महिनाको बीचमै उहाँको पनि हत्या भयो ।

दुई नेताको हत्या भएको १६ वर्ष वितिसकेको छ । दुवै देशमा उदेकलाग्दा राजनीतिक प्रयोग भएका छन् । दक्षिण अफ्रिकीहरूले रङ्गभेदलाई निर्मुल गरिसकेका छन् । हामीले अढाईशताव्दी पुरानो राजतन्त्रलाई विदा गरेका छौं । उनीहरूको भागमा अलि धेरै सकारात्मकता थपिएको छ । हाम्रो भागमा अझै राजनीतिक जटिलता छँदै छ ।

सन् २००७ डिसेम्बरमा सत्तारुढ अफ्रिकी नेशनल कँग्रेस ( ए.एन.सी.) ले ५२ औं महाधिवेशन गऱ्यो । वर्तमान राष्ट्रपति ज्याकोव जुमा र निवर्तमान राष्ट्रपति थावो एम्वेकी २ कित्तामा उभिए । उही पार्टी, उस्तै राजनीतिक कद भएका दुई नेता अध्यक्षका प्रत्यासीको रूपमा उभिँदा सिङ्गो कार्यकर्ता पंक्ति पनि दुई किनारामा उभिन थाले । त्यसको असर पार्टी

भित्रमात्र नभई सत्ताधारी गठबन्धन र सिङ्गो राजनीतिक संयन्त्रमा समेत पर्‍यो । यही विवादलाई ध्यानमा राखी दक्षिण अफ्रिकी कम्युनिस्टपार्टीका नेताहरूले खुल्ला पत्र नै लेखे ।

"कमरेडहरू, अहिलेको सन्तुलन भनेको हामीले हरेक विषयमा सँगैसँगै गरेको संघर्षको प्रतिफल हो । डिसेम्वरमा हुने अफ्रिकी नेसनल कँग्रेसको ५२ औं महाधिवेशनको संघारमा आईपुग्दा ए एन सी का शाखाहरू, क्षेत्र, प्रान्त र राष्ट्रिय संरचनाहरूमा विभाजन र आपसी असहिष्णुता इतिहासमै कहिल्यै नदेखिएको अवस्था देखिएको छ । राजनीतिक गुटवन्दीका कारण गुप्तचर संस्था, न्यायालय र सार्वजनिक संचारका क्षेत्रसमेत चिन्ता लाग्दो किसिमले प्रदुषित भइहेको छ । हाम्रो उदाउँदो लोकतन्त्रका लागि क्षति पुऱ्याउन यति नै काफी छ । यसलाई डिसेम्बरभन्दा अघिको स्थितिमा पुऱ्याउन चानचुने तरिकाले संभव देखिँदैन ।

> राजनीतिक गुटवन्दीका कारण गुप्तचर संस्था, न्यायालय र सार्वजनिक संचारका क्षेत्र समेत चिन्तालाग्दो किसिमले प्रदुषित भइहेका छन् । हाम्रो उदाउँदो लोकतन्त्रका लागि क्षति पुऱ्याउन यति नै काफी छ।

यस्तो किन भइरहेछ ? यो आफैंमा एउटा विवादको विषय हो । तर एउटा कुराचाँहि निश्चित छ, हामी कुनै हालतमा पनि यसरी अघि बढ्न सक्दैनौं । परिवर्तनलाई सुनिश्चित गर्न सँगसँगै जानुको हामीसँग विकल्प छैन ।

राष्ट्रिय तहमा आ-आफ्नो महाधिवेशन पछि कोसाटु (कँग्रेस अफ साउथ अफ्रिकन ट्रेड यूनियन्स) र एस. ए. सि. पी., निरन्तर ए. एन. सी.सँग द्विपक्षीय वा त्रिपक्षीय बैठकको लागि प्रयत्नरत थिए । हाम्रो संयन्त्रमा जस्तोसुकै फरक मत र विवाद भए पनि तीव्र प्रतिस्पर्धा वीच हुन लागिरहको ए. एन. सी. को निर्वाचनको प्रक्रियामा कमरेडली व्यवहार रहेको नयाँ उदाहरण कायम गर्न बल पुऱ्याउनु थियो । दुःखको कुरा हामी यस्तो अनुभूती गरिरहेका छौं, ए. एन. सी. को राष्ट्रिय नेतृत्व यति विघ्न विभाजित भइसकेको छ कि अब उनीहरूमा हामीलाई भेट्न समेत अनिच्छा पैदा हुन पुगेको छ ।

वर्षौंदेखि ए. एन. सी. को एउटा पक्षबाट कोसाटु र एस. ए. सी. पी. को सामूहिक नेतृत्वको अपमान र अमर्यादा हुंदै आयो । हामीलाई भनियो- "समस्या तिमीहरूमै छ, पहिले-पहिले संयन्त्रका नेताहरूसँग सम्बन्ध असलै थियो नी ।" यही भनाईमा हाम्रो गंभीर आपत्ति रहेको छ । हाम्रो सम्बन्ध राष्ट्रिय क्रान्तिप्रतिको हाम्रा साझा प्रतिवद्धतामा आधारित हुनुपर्छ, त्यो अमुक व्यक्ति मन पर्ने वा नपर्ने निजी अनुभूतिको आधारमा होइन ।

दुर्भाग्यवस गठबन्धनका निर्वाचित नेतृत्वको अपमान र अमर्यादा एउटा दिनचर्याको रूपमा प्रान्त, क्षेत्र र शाखासम्म झारिएको छ । गठबन्धनका हामी मात्रै होइन अपमानको कहर स्वयं ए. एन. सी. का प्रान्तीय नेतृत्व, समर्पित तर स्वतन्त्र मन्त्रीहरू, अन्य जनसंगठनका सदस्य र गैरपार्टी सदस्य कमरेडहरूमाथि समेत थोपरिएको छ । असफलताको बीचको व्यापक असक्षमतामाथि प्रभावकारी जीतका लागि दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी संघर्षप्रतिको समर्पणको सट्टा व्यक्तिप्रति समर्पण खोज्ने यस्तो नेतृत्व शैलीको तुरुन्त समाप्तिका लागि आव्हान गर्दछ ।

ए. एन. सी. को डिसेम्बर महाधिवेशनले नयाँ जगमा त्रिपक्षीय संयन्त्रलाई सुदृढ गर्न हामी सबैलाई एउटा अर्को मौका दिनेछ भन्ने हामीलाई लागेको छ । तर ए. एन. सी. मा भने यो महाधिवेशनबाट झन् विवादको शुरुवात हुने देखिदै छ । डिसेम्बरको निर्वाचनमा जेसुकै परिणाम आए पनि सन् २००८ को जनवरी र फेब्रुअरी पनि महाधिवेशनमय नै हुने छाँटकाँट देखिंदैछ । एक समूह कमरेडहरू "जितुवा" को रूपमा र अर्को समूहका कमरेडहरू "हरूवा" को रूपमा दुइचिरामा देखिने निश्चित छ । जसले जिते पनि त्यो "विजय" वास्तवमा खोक्रो विजय हुनेछ, किनकी हामी

विवादलाई नीति र सिद्धान्तको सट्टा व्यक्तित्वको लडाइमा केन्द्रित गर्दैछौं ।"

यसरी दक्षिण अफ्रिकामा विवाद सुरु भयो । दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी (एसएसीपी) को तर्फबाट अफ्रिकी नेशनल कँग्रेस (एएनसी)का सदस्यहरूलाई लेखिएको यो खुल्लापत्रले एकातिर नेतृत्व, शैली, व्यवहार र आचरणमा आधारित विवाद प्रतिविम्वत गरेको छ भने अर्कातिर एएनसी, एसएसीपी र कँग्रेस अफ साउथ अफ्रिकन ट्रेड यूनियन्स (कोसाटु) रहेको सत्ता संचालक त्रिपक्षीय गठवन्धनले अंगिकार गरेको क्रान्तिको कार्यक्रम एन.डि.आर. (नेशनल डेमोक्र्याटिक रेभोल्युसन) अर्थात् राष्ट्रिय लोकतान्त्रिक क्रान्तिलाई बुझ्ने, व्याख्या गर्ने र प्रयोग गर्ने मामिलामा सैद्धान्तिक बहस पनि जारी छ ।

रङ्गभेदी शासनको अन्त्यपछि प्रख्यात अस्वेत नेता मण्डेलाकै कार्यकालमा दक्षिण अफ्रिकी कमरेडहरू बीचको विवाद केमा हो भन्ने प्रश्नमा कोसाटु र एस ए सी पी का नेताहरूको भनाई थियो- "लोकतान्त्रिक दक्षिण अफ्रिका भोली कस्तो हुनेछ, समाजवादी की पूँजीवादी ? हामी बीचको बहसको चुरो यही नै हो ।" आफ्ना मान्यताहरूलाई जोड दिँदै ट्रेड युनियन र कम्युनिस्ट पार्टीले "समाजवाद हाम्रो भविष्य हो, अहिले नै त्यसको निर्माण गरौं ( सोसलिजम इज आवर फ्युचर, विल्ड ईट नाउ)" को नारा अघि सारे । उनीहरूले असमान र उत्पीडनमा पिसिएको अफ्रिकालाई उठाउन पुर्ननिर्माण र विकासको कार्यक्रम आर.डि.पी. (रिकन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट पोग्राम) लाई परिवर्तनको संवाहकको रूपमा व्याख्या गरे ।

> **कविलातन्त्रबाट दास युग, दास युगबाट सामन्तवाद र सामन्तवादबाट पूँजीवादी संक्रमणको ऐतिहासिक कालखण्डमा जसरी उत्पादन सम्बन्ध फेरियो, त्यसै गरी समाजवादी उत्पादन सम्बन्ध पनि फेरिन्छ । यो पूँजीवादको गर्भबाट जन्मदैन, दिग्विजयी श्रमिक वर्गले सचेतनतापूर्वक आफैं सिर्जना गर्छन् ।**

अर्कातिर सत्ताधारी अफ्रिकी नेशनल कँग्रेसले भने रङ्गभेदी शासनको आर्थिक जरा उखेलेर मात्रै परिवर्तन दिगो हुने नीतिमा जोड दियो । "उत्पीडित विश्वको अन्य भागभन्दा अलि फरक हाम्रो देशमा, आम जनतामा सम्पत्ति र जमिन फिर्ता गरिएन भने मुक्तिको खासै अर्थ रहने छैन । त्यसैले हाम्रो रणनीतिको आधारभूत पक्ष भनेकै हाम्रो विजयले दिने परिवर्तनलाई औपचारिक प्रजातन्त्रभन्दा माथि उठाउनु हो । विद्यमान आर्थिक शक्तिहरूको भूमिका जस्ताको तस्तै रहन दिनुको अर्थ रङ्गभेदी हैकमको जरामा मलजल गर्नु हुनेछ ।" यही मान्यतामा ए.एन.सी.ले अल्पसंख्यक गोरा साहूहरूको मुठ्ठीमा रहेको अर्थतन्त्र, बहुसंख्यक कालाहरूको हातमा ल्याई कालाहरूलाई धनी बनाउने वि.इ.इ. (ब्लाक इकोनोमिक इम्पाओरमेन्ट) अर्थात् कालाहरूको हातमा अर्थतन्त्रको सशक्तीकरण कार्यक्रम अघि सार्‍यो ।

यसपछि कालालाई धनी बनाउने की गरिब अफ्रिकीलाई अधिकार सम्पन्न बनाउने भन्ने नयाँ विवाद अघि बढ्यो । नेल्सन मण्डेलाका उत्तराधिकारीका रूपमा थावो एम्वेकी दोस्रो कार्यकालको लागि राष्ट्रपतीमा चुनिएपछि ट्रेड यूनियन, कम्युनिष्ट पार्टी र सरकारमा रहेका एएनसी नेतृत्वबीच सैद्धान्तिक र शैलीगत दुबै प्रकृतिको विवाद उत्कर्षमा पुग्यो ।

"के हाम्रो लोकतान्त्रिक राज्यले पक्षपोषण गरेको र गरिरहेको श्रमिकवर्ग र शहरी तथा ग्रामीण गरिव जनसमुदायहरूको हात माथि पर्दै गएको छ त ? वा एकाधिकार पुँजीवादले वितेको दशकमा तुलनात्मक रूपमा आफूलाई सुदृढ गरेको छ ? के सन् १९९४ पछि एनडिआरका चालक शक्तिको वर्चश्व समाजमा बढेको छ ?" यस सम्बन्धमा अझै बहस यसरी जारी छ ।

"स्थिति पहिलेभन्दा पनि साह्रै खराव भयो ।" भन्नेहरूलाई सरकारमा रहनेहरूको जवाफ छ, "आज

हिजो भन्दा राम्रो भएको छ र भोलि निश्चित रूपमा आजभन्दा असल हुनेछ।" दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको दावी छ– "एनडिआरले आफ्नो घोषित बाटो फेरेको छ। जसको कारण एनडिआरका चालक शक्तिलाई भन्दा एकाधिकार पूँजीवादलाई ज्यादा लाभ हुन पुगेको छ।"

## उत्तरको खोजीमा ताजा प्रश्नहरू

"यहाँसम्म आईपुग्दा के हामीहरू पहिलेकै क्रान्तिकारी बाटोमा अडिग छौं त? रङ्गभेदी शासन सन् १९९४ मा अन्त्य भएपछिको हाम्रो राज्य तथा समाज रूपान्तरणको मार्ग के हो?" विवादको अर्को पाटोमा सैद्धान्तिक बहस पनि चाख लाग्दो देखिन्छ। रङ्गभेदी शासनको पतन पछि आफैले शासनको वागडोर सम्हाल्दा सिद्धान्तलाई व्यहारमा उतार्ने क्रममा उत्पन्न अनुत्तरित प्रश्नहरूको सूचि लामै छ:

- के समाजवाद पूँजीवादको गर्भबाटै जन्मन्छ?
- एनडिआरको चरित्र के हो- पूँजीवादी की समाजवादी?
- दक्षिण अफ्रिका समाजवादमा पुग्ने बाटो कुन हो- पूँजीवादी, समाजवादी वा गैर पूँजीवादी?
- एनडिआर (एनडिआर-नेशनल डेमोक्र्याटिक रेभ्युलुशन अर्थात राष्ट्रिय लोकतान्त्रिक क्रान्ति) लाई समाजवादी बाटोतर्फ उन्मुख गराउनु वा यसको क्रान्तिकारीकरण गर्नुपर्छ भन्नु, यो कार्यक्रमलाई श्रमजीवी वर्गद्वारा अपहरण गराउनु वा छलाङ मार्ने कच्चा कामबाट धरापमा पार्नु नै हो त?
- एनडिआरले उपनिवेशकालीन उत्पीडनको उत्तराधिकारको रूपमा रहेको एकाधिकार पूँजीवादको पुर्नसंयोजन गर्ने हो की त्यसको अन्त्यको लागि काम गर्ने?
- हाम्रो 'सपना'को राष्ट्रिय लोकतान्त्रिक राज्य कस्तो हुन्छ- बुर्जुवाकी अन्य कुनै प्रकारको?
- एनडिआर समाजवादी रूपान्तरणको लागि बाधक हो की समाजवादको लागि छरितो बाटो?
- एनडिआरको सबैभन्दा शक्तिशाली तथा गतिशील पाटो कुन हो? के यो वर्ग निरपेक्ष कार्यक्रम हो ?आदि ।

## बहसका चाखलाग्दा पक्ष

दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी र ट्रेड यूनियनले अघि सारेको नारा- "समाजवाद हाम्रो भविष्य हो, अहिले नै त्यसको निर्माण गरौं"को व्याख्याबाटै बहसको थालनी भएको छ। "श्रमिकवर्ग र त्यसका सहयोगीहरूले राज्यसत्ता कब्जा नगरेसम्म समाजवादी उत्पादन सम्बन्ध सुरु हुनै सक्दैन" भन्ने व्याख्या यो नारा क्वाइन गर्दा तय गरिएको थियो। अहिले यही मान्यतामा विश्वास गर्नेहरूको तर्क छ- पहिलेको नारालाई "समाजवाद हाम्रो भविष्य हो, अहिले श्रमिकवर्गको शक्ति निर्माण गरौं" हुनुपर्छ। अर्काथरीको भनाई छ- यसको पुर्नसंयोजन "समाजवाद भविष्य हो, अहिले समाजवादी सुधार गरौ" हुनुपर्छ। यी दुई लाइनमा चलेको विवादको मुद्दा हो- "राष्ट्रिय संघर्षमा वर्गीय विषयको खोजी गर्ने कि वर्ग संघर्षको राष्ट्रिय विषय खोज्ने"। यसै बहसको आसपास रहेर ए एन सी का विज्ञको निष्कर्ष छ- राष्ट्रिय लोकतान्त्रिक राज्य अहिलेको राज्य जस्तै हो शुद्ध पूँजीवादी। दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले भनेको "मिश्रित समाजवादी अर्थतन्त्र" पनि मार्क्सवादी लेनिनवादी होईन, 'मिश्रित' भन्नुको अर्थ हो सामाजिक जनवादी।

"समाजवाद पूँजीवादको गर्भबाटै जन्मन्छ" यो भनाई पनि अहिले बहसको विषय बन्न पुगेको छ। यो वहस दक्षिण अफ्रिकाको बाटो 'पूँजीवादी-समाजवाद उन्मुख कि गैर पूँजीवादी' भन्ने विषयसँग जोडिएको छ। मोजाम्बिक र अंगोलाका प्रगतिशील राष्ट्रिय मुक्ति क्रान्तिले विश्व पूँजीवादी उत्पादन प्रक्रियालाई पन्छाई समाजवादमा पुग्नका लागि अपनाएको समाजवाद-उन्मुख बाटो र जाम्बियाले अपनाएको गैरपूँजीवादी बाटोलाई "जिउँदो समाजवाद" को रूपमा बहसकर्ताहरूले उदाहरणको रूपमा चर्चा गरेका छन्।

ए.एन.सी. का जोयल नेट्सीटेन्भ्रेले दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका महासचिव ब्लेड जिमान्डेको 'समाजवादउन्मुख' र 'गैरपूँजीवादी बाटो' को व्याख्यालाई 'तर्कसङ्गत नरहेको' भनेर बहस अघि बढाएका छन् । उनको तर्क छ, कविलातन्त्रबाट दास युग, दास युगबाट सामन्तवाद र सामन्तवादबाट पूँजीवादी सङ्क्रमणको ऐतिहासिक कालखण्डमा जसरी उत्पादन सम्बन्ध फेरियो, त्यसैगरी समाजवादी उत्पादन सम्बन्ध पनि फेरिन्छ । यो पूँजीवादको गर्भबाट जन्मदैन, बरु यस्ता सम्बन्ध त दिग्विजयी श्रमिक वर्गले सचेतनतापूर्वक आफैं सिर्जना गर्छन् । उनको भनाई छ- "समाजवादी क्रन्तिमा पहिलो र जटिल काम भनेकै श्रमिक वर्गमा शक्तिको हस्तान्तरण हो ।' यो शक्ति वलात् कव्जा गरेर वा चुनाव जितेर अभिव्यक्त हुनसक्छ । यो क्युवामा जस्तै फराकिलो आधारमा निर्मित क्रान्तिकारी मोर्चालाई "क्रान्तिकारी श्रमजीवी वर्गको पार्टी" मा रूपान्तरित गरेर पनि हुन सक्छ ।

## क. मदन, जवज र दक्षिण अफ्रिकीहरूको अनुभवको सान्दर्भिकता

नेपालको द्वन्द्व समाधानमा दक्षिण अफ्रिकाको अनुभवको पटक-पटक चर्चा गरेझैं, सरकार सञ्चालन र राजनीतिक कार्यक्रमको सन्दर्भमा दक्षिण अफ्रिकीहरूले बहसमा उठाएका प्रश्नहरू पनि हाम्रो छलफलमा निश्चितै सहायक होला भन्न सकिन्छ । अहिले नेपालमा पनि भीमकाय संविधानसभा छ । यसभित्र रहेका यथास्थितिवादी, उग्रवामपन्थी र दक्षिणपन्थी सबै प्रवृत्ति नयाँ नेपाल कस्तो बनाउने भन्नेमा आ-आफ्नै तरिकाको व्याख्या गरिरहेका छन् । दक्षिण अफ्रिकीहरूले आफ्नो राजनीतिक कार्यक्रम एनडिआरको भविष्य, समाजवादको निर्माण र समाजिक रूपान्तरणमा बहस केन्द्रित गरेझैं हामी पनि "जनताको बहुदलीय जनवाद-जबज", मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली समाजको रूपान्तरणमा बहस केन्द्रित गरिरहेका छौं ।

स्वतन्त्रता संग्राममा मारिएका एकजना एल साल्भाडोरका गुमनाम गुरिल्लाको कविता यहाँ उल्लेखनीय हुनसक्छ-

Ask not my name

Nor if you knew me

The dreams I have had

Will grow without me

Alive no more

I will go where my dreams have shown me.

Those who carry on the fight

Will plant other roses

All will remember me.

ताजा प्रश्नहरू धेरै छन्; उत्तर भने सीमित! यतिखेर हामीले जननेता मदन भण्डारीलाई कसरी स्मरण गर्नुपर्ला ? एकपटक सोचौं ।

■

# मदनलाई सम्झँदा

*सुबोधराज प्याकुरेल*
*मानव अधिकारवादी*

मदन भण्डारी स्मृति प्रतिष्ठानद्वारा प्रकाशित स्मृति ग्रन्थ (पहिलो भाग) मा राजनीतिज्ञ हृदयश त्रिपाठीले मदनलाई सम्झँदै भन्नु भएको छ- “उहाँको वाणी अद्वितीय थियो। शब्दमा निख्खरता थियो। शब्द चयन गर्ने क्षमता अलौकिक थियो। उहाँको तार्किक क्षमताका अगाडि सबै नतमस्तक हुन्थे। अध्ययन व्यापक भएकाले जस्तोसुकै विषयलाई पनि तर्कले थिचिदिन्थ्यो। यस्ता अनेकौं गुण भएका जीवित नेताहरू मैले देखेको छैन। .... मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक व्याख्याताको रूपमा हामीले उहाँलाई सम्झनु पर्छ।”



०४५ सालतिर देवी बरालले एक दिन मलाई भन्नु भएको थियो- “एस.एस. (श्वेतशार्दूल, मदनको भूमिगत नाम) सँग एकपटक कुरा गरेपछि पछिसम्मलाई एउटा विषयमा आत्मनिर्भर, विश्वस्त र सिर्जनशील व्याख्या गर्न सकिने होइन्छ। त्यस्ता अन्य विषयमा पनि विश्वासपूर्वक बहस र व्यवहार गर्न सकिन्छ।” मदनको देहावसानपछि मदनको त्यो सत्य, अटल अनि सरल व्याख्याशैली सम्झिँदै उहाँ रुनु भएको म कहिल्यै बिर्सन सक्दिन।

मदन भण्डारीको राजनीतिक यात्राको अधिकांश समय मोरङ्ग र पूर्वी नेपालमा बित्यो। उहाँसँग कुम जोडेर छायाँसरी देवी बराल र भुवनसिंह राई हिँड्नु भयो। ०४७ सालमा केही बुद्धिजीवीहरूले मदनसँग आक्रोश व्यक्त गर्दै भने कि पार्टीले बुद्धिजीवीहरूको कदर गर्दैन। उनीहरूको कुरा सुन्दैन आदि। तत्कालीन अवस्थामा भर्खरै पार्टी खुला भएको हुनाले पार्टीका कमिटीहरूमा निम्नवर्गका र पूर्णकालीनहरूकै वर्चस्व थियो। बुद्धिजीवीका कतिपय कुरा, अनेकन सोधग्रन्थ र अनुसन्धानमा आधारित तर्कहरूलाई बुझ्ने, व्याख्या गर्ने क्षमता भएका पदाधिकारी पार्टीमा कमै मात्र थिए। कतिपय बुद्धिजीवीमा प्राविधिक सीपको घमण्ड थियो। उनीहरूले राष्ट्र निर्माणका लागि पार्टीको सपना साकार पार्नु छ भने बुद्धिजीवीहरूलाई पार्टीको निर्णायक तहमा पुऱ्याई हाल्नुपर्छ भन्ने अपेक्षा पनि गर्दथे। उनीहरूको कल्पना स्नातक, स्नाकोत्तर गरिएको भए पनि भूमिगत कालदेखि पार्टीमा लागेकाहरूमा बौद्धिक आत्मनिर्भरताको कमी थियो। असन्तुष्टि पोख्दै आक्रोशित भएका बुद्धिजीवीहरूलाई मदनले हँसिलो पाराले भन्नुभयो- “एकथरी पढाउने पेशामा आबद्ध बुद्धिजीवीहरू छन् जो प्रत्येक तहका विद्यार्थीलाई उही पुस्तक र त्यही विषय जस्ताको तस्तै पढाउँछन् र आफ्नो विद्यार्थी बढी सङ्ख्यामा, राम्रो अङ्कमा पास हुनुलाई आफ्नो सफलता ठान्छन्। म आशा गर्छु- तपाईंहरू पढाउने र रटाउने मात्र कुरामा सीमित रहनु भएको छैन। मेरा मित्र हुनुहुन्छ भुवनसिंह राई। उहाँले ४-५ कक्षासम्म मात्रै पढ्नु भएको होला तर जनताको घरदैलामा मार्क्सवादको चर्चा गर्नुहुन्छ। त्यसको व्यवहारिक प्रयोगद्वारा आमनागरिकको जीवनमा ल्याउन सकिने परिवर्तनप्रति विश्वास जगाउनुहुन्छ। त्यसप्रति जनतालाई सङ्गठित गर्नुहुन्छ र जनताको आन्दोलन हाँक्नु हुन्छ। मेरा लागि उहाँ वास्तविक बुद्धिजीवी हुनुहुन्छ जो मार्क्सवादको श्रृजनात्मक प्रयोग र विकास गर्नमा तल्लीन हुनुहुन्छ।”

०४६ सालको आन्दोलनपछि उहाँ एउटा भाषणमा गर्जिनु भएको थियो-"राजाको टाट्नामा घाँस खानेहरू।" विराटनगरमा केही साथीहरू पाटी उद्योग खोल्ने निर्णयपछि के नाम राख्ने होला त्यो नानीहरूले लेख्ने पाटी उद्योगको ? भनेर अलमलमा परिरहेका थिए। अनेकथरी नाम सुझाउँदा कसैको चित्त बुझेको थिएन। कताबाट मदन झुल्किनु भयो, चर्चा सुन्नुभयो। एक निमेषमा भनिदिनुभयो- "नानीहरूले बाह्रखरी सिक्ने बेलाको जिनिसको उद्योगको नाम 'बाह्रखरी पाटी उद्योग'." मदनले प्रयोग गर्ने शब्द जनतासँग भिजेको हुने गर्दथ्यो।

स्थानीय निकायको निर्वाचनमा तत्कालीन मालेले हस्तक्षेप गर्ने निर्णय गऱ्यो। म विराटनगर नगरपञ्चायतको उप-प्रधानपञ्चको उम्मेदवार बनाइएँ। सुरुमा अरुले प्रस्ताव गर्दा मैले पटक्कै मानिनँ। एकसाँझ मदन मेरो डेरामा आउनु भयो। कुराकानीका क्रममा उहाँले भन्नुभयो- "तपाईं स्वच्छता, पारदर्शिता र जवाफदेही प्रशासन चाहिन्छ भन्नु हुन्छ। जनताका बीचमा सत्यनिष्ठ व्यवहार गरेर मात्र प्रजातन्त्र ल्याउन र जोगाउन सकिन्छ भन्नु हुन्छ। अनि जनताको बीचमा ढ्वाङ्ग लगाएर यो प्रतिबद्धता सार्वजनिक गर्न पाइने खुला स्वतन्त्रताबाट डराएर 'म त कोठाभित्रै ठीक छु, क्रान्तिकारी र इमान्दार छु'- पनि भन्नु हुन्छ ?" त्यसपछि मसँग जवाफ थिएन। कायल भएर हुन्छ भनेँ। भात पाकिसकेको थिएन। उहाँ हात खुट्टा धोएर 'फ्रेस' हुनुभयो। लुङ्गी फेर्नुभयो। र, मलाई भन्नुभयो- "ल माथि जाऔँ।" हामी भुइँतले घरको ढलान गरिएको छानामा उक्लियौँ। भऱ्याङमाथिको छाना अड्याउने पर्खालमा म उभिएँ। उहाँले मलाई भन्नुभयो- "तपाईंको अबको चुनौती भनेको विषयलाई गहिराइमा बुझ्नु, आत्मविश्वस्त हुनु, त्यस विश्वासको पक्षमा तर्कहरूको सिर्जना गर्नु र आममानिसको जीवनमा दैनिकी व्यवहारमा झेल्नुपर्ने समस्याहरूको उदाहरणसहित आफूलाई धाराप्रवाह प्रस्तुत गर्नु। नबिर्सनु होला, तपाई स्वच्छताको उद्देश्यसहित नगरपञ्चायतमा जाँदै हुनुहुन्छ। अरूका मालिक दरबार होलान्, अञ्चलाधीश, प्रशासन होलान्। उनीहरू तिनकै निगाह खोज्लान्। समस्या पर्दा त्यतै बिन्तिभाउ गर्लान्। तर तपाईंले वचन दिनुपर्छ कि तपाईं मतदाताले नाथेको गोरु बनेर तिनकै इच्छामा जोतिनु हुनेछ। फोहरीपनको डटेर विरोध गर्नु हुनेछ। पञ्चायतभित्रका विकृति जनताका बीचमा उजागर गर्नु हुनेछ। जनताको आदेश शिरोपर गर्दै विकृति, विसङ्गतिको भण्डाफोर गर्ने र जनताको श्रोत सम्पत्ति जनताको सेवामा आना-पाई नमासिने गरी सदुपयोग गर्ने काममा इमान्दार रहनु हुनेछ।" मलाई लाग्यो यो त मेरो सपना हो। म रोमाञ्चित भएँ। मदन सरासर छानाको पल्लो छेउ पुग्नु भयो। र, भन्नुभयो- भन्ठान्नूस् म पाँच हजार श्रोता हुँ। तपाईं चुनावी भाषण गर्दै हुनु हुन्छ। यो सरोचियाको मछहट्टी चोक हो। श्रोतामा विद्यार्थी, महिला, रिक्सा चालक, सब्जी व्यापारी र बटुवाहरू छन्।" त्यसपछि उहाँ तल ओर्लनु भयो। फर्किंदा फस्नरवाला कालो डायरी राख्ने झोला लिएर आउनु भयो। पलेँटी कसेर बस्नु भयो। दाहिने खुट्टामाथि देब्रे खुट्टा मोडिएको, देब्रे हात देब्रे गालामा, काखमा निलो रङ्को डायरी र दाहिने हातमा डट्पेन। मैले "आदरणीय नगरवासी दाजुभाइ दिदी बहिनी, लालसलाम", भनें। उहाँले दाहिने हातले इशारा गर्नुभयो र भन्नुभयो- "नमस्कार, अभिवादन, प्रणाम जे भने पनि हुन्छ। तपाईंका स्वामी लालसलाम गर्ने मात्र छैनन्।" मैले धाराप्रवाह ४० मिनेट मदनलाई, उहाँभन्दा पर-परको चौर, घर, आकाश, दायाँ बायाँ टाउको घुमाउँदै भाषण गरे। बस्तीमा भत्किएका सडक, नाला। अव्यवस्थित बजार। तरकारी बेच्न आएका महिलाहरूको कि त कौडीको मोलमा थोक व्यापारीलाई बेच्नुपर्ने कि रात परुञ्जेल पर्खनु पर्ने समस्या, कोल्डस्टोर नभएकोले माछा बिग्रने, विद्यार्थीले राजनीतिशास्त्र पढ्न पाउने तर सीमानाको भारतीय बजार जोगबनीका विद्यार्थीले पाए जति पनि सङ्गठन र विचारको स्वतन्त्रता नपाउने। राजनीतिक स्वतन्त्रताको अर्थ आफ्नो दैनिकीको स्वतन्त्रतापूर्वक, आत्मसम्मानका साथ छनौट गर्ने प्रणालीको वकालत गर्न पाउनु हो। भरोसा र विश्वासको आधारमा राजनीतिक व्यक्ति र सङ्गठनको छनौट र निर्माण गर्न पाउनु हो। यसरी

सङ्गठित र जवाफदेही जनताको नियन्त्रणमा राज्यका प्रत्येक अङ्गको सञ्चालन गर्न पाउनु हो- भनेर मैले राजनीतिक स्वतन्त्रताको बारेमा थोरै परिभाषासहित भाषण टुङ्ग्याएँ ।

भाषण सक्दा म पसिनाले निथ्रुक्क भएको थिएँ । त्यो रात अबेलासम्म हामीले राजनीतिक विज्ञानको कुरा गऱ्यौँ । ड्युरिङ मत खण्डन, व्यक्ति, परिवार र राज्यसत्ताको उत्पत्ति, बोल्गादेखि गङ्गा र उग्रवादी कम्युनिज्म एक बालरोग जस्ता कृतिको स्मरण र चर्चा गऱ्यौँ । नौलो जनवादी चरणमा विभिन्न वर्ग हुन्छ र तिनको स्वतन्त्र अस्तित्व हुन्छ भने तिनको वर्गीय प्रतिनिधि पार्टी किन हुन्न ? भन्ने चर्चा गऱ्यौँ । जनताले व्यवहारबाट मात्रै पत्याउँछन् अनि मात्रै आफूले पत्याएको मान्छेको सिद्धान्तको अध्ययन गर्छन् भन्ने निष्कर्ष खिच्यौँ । त्यसपछिको अनेकन चुनावी भाषणमा म देख्थें कि भीडको एक कुनामा मदन पलेटी कसेर बस्नु हुन्थ्यो । पुलिसले उहाँलाई मार्ला भनेर मलाई डर लाग्थ्यो । साँझ उहाँ आउनु हुन्थ्यो र आफ्नो समीक्षा सुनाउनु हुन्थ्यो । पछि प्रधानपञ्चका उम्मेदवार ध्रुवनारायणले यो चाल पाएछन् । गुनासो गर्थे- “हाउ, सुबोधलाई त एस. एस.ले सप्पै भाषण सिकाएर पो त हाउ, नत्र त म स्ववियु सभापति भइसकेको मान्छेलाई कहाँ जित्थ्यो हाउ भाषणमा ?”

मानवअधिकार संरक्षण मञ्च गठन भएको लगत्तै मदनले छलफल गर्दा मैले मानवअधिकारको विश्वव्यापी घोषणाको चारओटा धाराहरूको विशेष उल्लेख गरेको थिएँ । धारा (९) मनोमानी कैद, नजरबन्द वा देश निकाला विरुद्ध । धारा (१०) धार्मिक स्वतन्त्रता । धारा (५) यातना र अमानवीय व्यवहार विरुद्ध । धारा (८) मौलिक हकको हनन् भएमा उपचारको अधिकार । मौलिक हकभित्रै विचार सङ्गठनको स्वतन्त्रता पर्ने भएकोले यसलाई बुझ्ने र बुझाउने कुरामा विशेष पहल गर्नुपर्ने अर्थमा हामीले चर्चा गऱ्यौँ ।

दासढुङ्गाको घटनामा उहाँको मृत्यु भयो । उहाँ पोखरा जानु अघिल्लो दिन नक्सालस्थित उहाँको डेरामा मैले भेटेको थिएँ । पोखरा भ्रमणको क्रममा प्रशिक्षण दिँदा उहाँले अबका नेताले सिद्धान्त मात्र होइन जीवनमा उपयोगी हुने ज्ञान, सूचना र सीप पनि जनतालाई बताउन सक्नुपर्ने भन्नु भएको थियो । विद्यार्थी, शिक्षक, कर्मचारीजस्ता क्षेत्रमा पार्टीगत भातृ सङ्गठन बनाउने कि पार्टीका मानिसले विचार र व्यवहारका भरमा नेतृत्वमा प्रतिस्पर्धा गर्ने भन्ने विषयमा विचारका आधारमा चुनिने संस्कारको विकास गर्नुपर्छ भनेर उहाँ भन्नु हुन्थ्यो ।

विभिन्न वर्गीय सङ्गठनमा पार्टीले इन्चार्ज तोकेर पठाउने प्रक्रिया मलाई पटक्कै मन पर्दैनथ्यो । म भन्थेँ- “निरन्तर सम्पर्क र वैचारिक स्पष्टताका लागि सहयोगीका रूपमा कसैलाई तोकिनु एउटा कुरा । तर सबै साङ्गठनिक मामिला र नेतृत्व चयनका लागि सम्पूर्ण अख्तियारी प्राप्त इन्चार्ज प्रणाली निरङ्कुश संस्कृति नै हो । अब हिजोको जस्तो खतरनाक परिस्थिति छैन । पार्टी र विचार खुला छन् । शान्तिपूर्ण प्रतिस्पर्धाको संवैधानिक व्यवस्था छ । किन यसरी नेता थोपर्ने चलन ?” उहाँ भन्नु हुन्थ्यो- “धैर्य गर्नुस् । हामीमा पनि उपयुक्त चेतना, क्षमता र आत्मविश्वाससहितको परिवर्तन आउनेछ ।”

मदनद्वारा ०४७ असोज ११ गते पार्टी प्रवक्ताका हैसियतले प्रस्तुत, संविधानको मस्यौदाप्रतिको २७ वटा आलोचनात्मक बुँदालाई मात्र एमालेका नेताहरूले आत्मसात गर्न सकेको भए हामी नेपालीले किमार्थ दुःख पाउने थिएनौँ । ०५० साल यता हजारौँ पटकभन्दा बढी हजारौँले यो कुरा एमालेका सबै वरिष्ठ नेताहरूलाई सुनाएका छन् । आज पनि उग्र कुरा गर्ने माओवादीले ठण्डा दिमागले ती २७ बुँदा पढोस्, बुझोस् र आजको परिस्थिति अनुकूल कार्यभार निर्धारण गरेर हेरोस् । सामाजिक जीवनको हरेक कुनाबाट उसले समर्थन पाउने छ । खै के भयो कुन्नी एमालेलाई ? पजेरो जङ्गल जाँदैन, त्यसैले माओवादी जङ्गल फर्किँदैन- भन्नेहरू पैताला कोमल छ, त्यसैले गोरेटोमा टेक्दैन भन्ने ठाउँमा पुगेका त होइनन् ? कस्तुरी मृगले नाभीको बास्ना थाहा नपाएर भड्किने गर्छ भन्थे । जनताको बहुदलीय

जनवादजस्तो लोकल्याणकारी, प्रगतिशील रूपान्तरणको साँचो कम्मरमा भिरेर संसदको टाउको मिलानमा मदनको देहावसानलगत्तै नेताहरू रुमल्लिए। यस्ता शुरवीर विरल्लै निस्किए जस्ले सिद्धान्तको खम्बा समातुन्। जनताको नजरमा पार्टीको प्रतिरूप एउटा यस्तो कार्यालयमा रूपान्तरण भयो, जसको हाकिम, कारिन्दा, चाकडी चाप्लुसी गर्दै अवसरवादमा लिप्त भए। आश्चर्य छ, मदनपछि पार्टीको त्यही बागडोर हाँक्ने सामूहिक नेतृत्वका कुनै अभियन्ता अपजसको जिम्मा लिन तयार छैन। तर सबैलाई हेक्का रहोस् ०५० साल यताको १७ वर्षपछि नेपालका नामी पत्रपत्रिकाले कमरेड मदन स्मृति अङ्क प्रकाशन गर्न थालेका छन्। यस्तो अनायाश भएको होइन। जनताले बुझ्दैछन्- यो देशको समाजवादी आन्दोलन र न्यायपूर्ण समाज रूपान्तरणको कार्यक्रमको नाम जनताको बहुदलीय जनवाद नै हो।

साहसीहरू विनाबन्दुक पनि क्रान्ति गर्न सक्छन्। आत्मविश्वासीहरू विनाहिंसा पनि जित्न सक्छन्। र जनताका सेवकहरूलाई जातीय विभाजनको कुटिलता अथवा उग्रराष्ट्रवादको मुकुण्डो चाहिँदैन। एमालेले आफ्नो नाडी छामे पुग्छ किन पार्टी फोड्दा अधिकांश सांसद चोइटिन्छन् तर पार्टी ढिक्कै बस्छ ? प्रमाण यथेष्ट छ, नेताले गर्ने छनौट र छनौट प्रणाली कमजोर छ। आफूलाई मदनको अनुयायी हुँ भनेर प्रमाणित गर्न, जनताको मूल्याङ्कनमा रहने कार्यकर्ताहरूले सञ्चालन गर्नसक्ने पार्टी निर्माण गर्नुहोस्। शुभकामना !

■

# सम्झनामा मदन भण्डारी

***क. गोमा देवकोटा***
***महिला नेतृ, नेकपा (एमाले)***

जननेता मदन भण्डारी एक दुरदर्शी र प्रतिभाशाली नेता हुनुहुन्थ्यो । त्यहीकारण, बिरोधीहरूले पनि उहाँ जीवितै हुँदा र मृत्यु भएको कैयौं वर्षपछिसम्म पनि 'नेता हुनु त मदन भण्डारी जस्तो' भन्थे, भन्छन् । उहाँसँग मेरो भेट २०४१ साल साउन महिनामा भएको थियो । कास्की जिल्लाको बेगनास गाउँमा तत्कालीन मालेको केन्द्रीय कमिटीको बिस्तारित बैठक हुँदै थियो । मेरो कार्यक्षेत्र त्यहीं भएकाले पार्टीले मलगायत त्यस क्षेत्रमा काम गर्ने कार्यकर्ताहरूलाई अतिथिहरूलाई सेल्टरमा ल्याउने जिम्मा दिएको थियो । साउनको झरीले बिभिन्न नाकाबाट सेल्टर आइपुग्नुभएका अतिथिहरू पानीले पूरै भिज्नुभएको थियो । विस्तारित बैठकका अतिथिहरूलाई गोप्य र सुरक्षितरूपमा ल्याउने तथा राख्ने चुनौतीसँगै उहाँहरूको भिजेको कपडा सुकाउनै समस्या हामी स्थानीय कार्यकर्ताहरूलाई थपियो । धेरै कपडा सुकाउँदा गाउँमा शंका उत्पन्न हुन सक्थ्यो । त्यसले सम्पूर्ण नेताहरू असुरक्षित बन्न सक्नुहुन्थ्यो ।



भिजेका कपडा सत्रुले थाहा नपाउनेगरी कसरी सुकाउने भनेर म साथीहरूसँग सल्लाहा गर्दै थिएँ । बामदेव गौतमले सबै स्थानीय कार्यकर्ताहरूले बाँडेर घरघरमा लैजान निर्देशन दिनुभयो । उहाँले निर्देशन दिएपनि म र अरु साथीहरू अन्यौलग्रस्त बनिरहेका थियौं । त्यसरी लैजाँदा झन प्रशासनले थाहा पाउने हो कि भनेर । त्यत्तिकैमा सागर आउनुभयो र भन्नुभयो "सबैको घरमा कपडा धुन्छन् नै, त्यसरी बाँडदा कसैले शंका गर्दैनन् ।" 'सागर' अर्थात् मदन भण्डारीसँग मेरो पहिलो साक्षात्कार त्यही थियो । बिस्तारित बैठकका बेलाका अरु घटनाले पनि साना कुराहरूमा पनि ध्यान दिने र तिनलाई समाधान गर्न प्रयत्न गर्ने बानी उहाँमा रहेको मैले महशुस गरेँ ।

बहुदलीय व्यवस्था स्थापना भएपछि पार्टी खुला भयो र कास्की जिल्लाको कार्यकर्ता भेलालाई सम्वोधन गर्न मदन आउनुभयो । परिचय कार्यक्रमका क्रममा सबैले परिचय दिए । उहाँले आफूलाई मदन भण्डारी भनेर परिचय दिनुभयो । सागर भनेर चिनिरहेको हामीले उहाँलाई त्यहीँ वास्तविक नामले चिन्यौं । उहाँले त्यहाँ महिला कार्यकर्ताहरूलाई कसरी पार्टी काममा लगाउने तथा महिला कार्यकर्ताहरूको सैद्धान्तिक स्तर कसरी उठाउनेबारे प्रशिक्षण दिनुभएको थियो । उहाँले भेलामा आएका महिला कार्यकर्ताहरूलाई पार्टीको तर्फबाट धन्यवाद पनि भन्नुभयो । प्रश्नोत्तरको क्रममा मैले महिलाहरूलाई किन 'धन्यवाद' भनेर सोधें । उहाँले भन्नुभयो- "तपाईहरू घरमा क्रान्ति गरेर यहाँसम्म आउनुभएको हो, र पार्टीलाई यहाँसम्म ल्याउनुभएको छ । पार्टी तपाईहरूको यो गुणलाई कहिल्यै बिर्सिंदैन ।"

बागबजारमा पार्टी केन्द्रीय कार्यालय थियो । प्रवाशमा बस्ने एकजना कमरेडले बम्बईमा बेचिएका दुई महिलालाई उद्धार गरेर ल्याउनुभएको थियो । पार्टीका नेताहरूले ती महिलालाई खाने/बस्ने व्यवस्था गर्न अखिल नेपाल महिला संघलाई जिम्मा दिनुभयो । हामीलाई समस्या पर्‍यो, उनीहरूलाई कहाँ

राख्ने ? उनीहरूलाई एड्ससमेत लागेकाले कोही साथी राख्न तयार थिएनन् । मैले जीवराज आश्रितसँग समस्या राखे । उहाँले पनि अनेमसंघले जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने अडान दोहोऱ्याउनुभयो । म उहाँसँग बिबाद गर्दै थिएँ, त्यसै बेला मदन त्यहाँ आईपुग्नुभयो र सोध्नुभयो- "तपाईहरूलाई के समस्या पऱ्यो ।" मैले सबै समस्या बताएँ । उहाँले चिन्ता गर्नुपर्दैन, सबै व्यवस्था पार्टीले गर्छ, होटलमा लगेर राखिदिनुहोला भन्नु भयो । म र साथीहरू खुसी भयौं । उहाँले समस्या समाधान गरिदिनुभएका त्यस्ता घटनाहरू गणनागरी साध्य छैनन् ।

२०४८ फाल्गुण १२ गते ऋषिराज देवकोटा 'आजाद' को स्मृतिसभा सिन्धुलीको भिमानमा थियो । उहाँ त्यहाँ आयोजित सभालाई सम्वोधन गर्न जानुभएको थियो । पञ्चायत कालमा सर्बस्वहरण भएर लामो समय जिल्लाबाहिर रहेकोले बहुदल आएपछि मैले भर्खरै सानो काठको घर बनाएको थिएँ । त्यो पनि, एउटा कोठा मात्र बारेको थियो । सभा सुरु हुनअघि उहाँ र उहाँसँग आउनुभएका अतिथिहरू त्यहीँ बस्नुभयो । उहाँहरू आउनुअघि नै पकाइसकेकाले खान चिसो भइसकेको थियो । चिसो खाना तताएर उहाँहरूलाई खान बोलाएँ । भर्खर बनाएको घर, भाँडा पनि कम नै थिए । खाना पनि बिशेष केही थिएन । त्यसलाई पनि उहाँले मिठो मानेर खानुभयो ।

खानापछि, स्थानीय कार्यकर्ताहरूसँग भेटघाटको क्रममा आजाद कमरेडको हत्या भएको ठाउँ कहाँ हो भनेर सोध्नुभयो । मैले बताएँ । हत्या भएको ठाउँतिर हेर्दै उहाँले भावुक भएर "जसले जनता र देशको निम्ति काम गर्छ, शोषकहरूले उसलाई बाँच्न दिँदैनन्" भन्नुभयो । सभा सुरु हुनेबेला भएपछि हामी सभास्थलतर्फ गयौं । भित्री मधेशको गाउँ भएपनि कार्यक्रममा ठूलो जनसमूह उपस्थित थियो । सभा सकिएलगत्तै उहाँ गाडीबाट काठमाडौं फर्किनुभयो ।

२०५० साल जेठ ३ गते सम्झँदा अहिले पनि मलाई कहाली लाग्छ । मसहित अखिल नेपाल महिला संघका अगुवाहरू त्यो दिन चितवनको ज्यामिरेमा थियौं । हाम्रो राष्ट्रिय भेलालाई सम्वोधन गर्न नै उहाँ त्यहाँ आउँदैहुनुहुन्थ्यो । हामी उहाँ र जिवराज आश्रितको प्रतिक्षामा थियौं । हामीले सुन्यौं, नेताहरू चड्नुभएको गाडी त्रिशुलीमा खस्यो । त्यहाँ कोलाहल मच्चियो । पानी परिरहेकाले हामी त्यो दिन घटनास्थल जान पाएनौं । भोलिपल्ट बिहान पुग्दा दासढुङ्गाको सडक र नदी किनारामा मानिसहरूको भिड खचाखच भरिसकेको थियो । नेताहरू जीवितै हुनुहोला कि भन्ने हाम्रो मसिनो आशा आश्रितको शव भेटिएपछि समाप्त भयो । त्यसपछि आँखाभरी आँसु लिएर हामी काठमाडौं फर्कियौं ।

■

# सङ्गठनात्मक क्षेत्रमा जननेता मदन भण्डारीका सोच

*क. प्रेम दंगाल*
*महासचिव, अखिल नेपाल किसान महासंघ*

कमरेड मदन भण्डारी विचारको वा दर्शनकोमात्र नेता हुनुहुन्नथ्यो । यदि त्यसो भइदिएको भए त उहाँ विचारक वा दार्शनिकमात्र हुनुहुन्थ्यो होला । तर उहाँ त जनताको प्रिय नेता हुनुहुन्थ्यो । त्यस्तो नेता हुनलाई विचारको क्षैत्रमा मात्र हैन राजनीति, सङ्गठन निर्माण, परिचालन, सङ्घर्ष र जनताका समस्या समाधानमा समेत खरो नउत्री सम्भव नै थिएन । त्यसैले कमरेड मदन एक विचारक, राजनेता, संगठक, आन्दोलनकर्मी, राजनीतिक विश्लेषक र सशक्त विचार प्रवाहक वा वक्ताको रूपमा उत्तिकै काविल हुनुहुन्थ्यो । उहाँको दख्खल धेरै फाँट र क्षेत्रहरूमा थियो । त्यसैले नै होला नेकपा (एमाले) ले उहाँलाई जननेताको रूपमा आदर र सम्मान गरेको छ । हो, उहाँकै नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (जबज)लाई अगाडि सा¥यो । समयक्रममा यो विचारलाई पार्टीले नेपाली समाज परिवर्तनको मार्गदर्शक सिद्धान्तको रूपमा समेत स्वीकार गरिसकेको अवस्था छ । यो विचारको सैद्धान्तिक, राजनीतिक र दार्शनिक पक्षमा समयसमयमा व्यापक चर्चा परिचर्चा भएका छन् । यो लेखमा जबजको यो पक्षमा वा विचारधारात्मक पक्षका बारेमा चर्चा नगरी यो विचार कार्यान्वयनका लागि आवश्यक पर्ने सङ्गठनात्मक सिद्धान्त, सङ्गठन निर्माण, परिचालन र सङ्घर्ष उठाउनका लागि कमरेड मदन भण्डारीले अगाडि सार्नुभएका विचारको संक्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । सङ्गठनात्मक सिद्धान्तका तीन तत्वहरू– (१) सिद्धान्तमा स्पष्टता, (२) सबल सङ्गठन र (३) सशक्त आन्दोलनमा कमरेड मदन भण्डारीले जहिले पनि आत्मसात् गर्नु हुन्थ्यो । कमरेड मदन भण्डारीले सङ्गठन निर्माण र परिचालनका सन्दर्भमा अगाडि सार्नुभएका विचारहरूलाई निम्न अनुसार सुत्रवद्ध गर्न सकिन्छः



### सङ्गठन निर्माण र परिचालनमा मदनका विचारहरू

कमरेड मदन भण्डारीले समाजको लोकतान्त्रीकरणदेखि कम्युनिष्ट पार्टीको लोकतान्त्री-करण समेत गर्नु पर्ने आवश्यकतामा सदैव जोड दिनु भएको थियो । लोकतन्त्रलाई जीवन्तता प्रदान गर्न सम्पूर्ण कमिटी प्रणालीलाई तदर्थवादबाट मुक्त गरी जतिसक्दो छिटो सम्बन्धित तहको अधिवेशन वा सम्मेलन आयोजना गरी कार्यकर्ताबाट अनुमोदन हुनु पर्ने कुरामा सदा जोड दिनु भएको छ । राष्ट्रिय राजनीतिमा राज्य सञ्चालन गर्दा जसरी पार्टीहरू आवधिक निर्वाचनमा जानु पर्ने र जनअनुमोदन हुनु पर्ने कुरामा उहाँले जोड दिनु भएको थियो त्यसैगरी पार्टीका आम कमिटीहरू सम्बन्धिततहको सम्मेलन आयोजना गरी अनुमोदन गरी लोकतन्त्रको अभ्यास गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । त्यसैगरी उहाँले निर्वाचित कमिटी हत्तपत्त भंग गर्नु हुँदैन, कमिटी प्रणाली सञ्चालनमा कमिटीहरू आकारमा साना तर कार्यक्षमतामा प्रभावकारी हुनुपर्छ । योग्यता क्षमता भएका अथवा सम्बन्धिततहको कमिटीका लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड पुगेका व्यक्तिहरूलाईमात्र कमिटीमा जिम्मेवार बनाउनुपर्छ भन्ने मान्यता राख्नु हुन्थ्यो । उहाँ सधैं कमिटी,

सङ्गठन र नेतृत्वको गुणात्मक पक्ष निर्माणमा ज्यादा ध्यान दिनु पर्छ भन्ने कुरामा जोड दिनुहुन्थ्यो। पार्टी र सङ्गठनको आम चरित्र अनुसार उक्त पार्टी र सङ्गठनमा क्रियाशील सदस्य र नेतृत्व निर्माण गर्नुपर्छ, कमिटीका बैठकहरू नियमितरूपमा आयोजना गरी कमिटीमा छलफल हुने विषयउपर व्यापक छलफल र अन्तरक्रियापछि मात्र निर्णयमा पुग्ने परिपाटी बसाल्दामात्र पार्टीको लोकतान्त्रीकरण गर्न सकिने कुरामा जोड दिनुहुन्थ्यो। त्यसैगरी जसरी प्रस्तावमा छलफल र अन्तरक्रिया गरी निर्णयमा पुगिन्छ त्यसैगरी पार्टी कमिटीले गरेका निर्णयहरू लागू गर्ने, गराउनु पर्ने कुरामा जोड दिनु हुन्थ्यो।

त्यसैगरी कमिटीसँग सम्बन्धित समस्याहरूमा कमिटीभित्रै सघन ढंगले छलफल हुनुपर्छ। कमिटीले गरेका निर्णय र बनाएका कामको योजनाहरूको व्यवस्थित अनुगमन हुनुपर्छ, नियमित आलोचना, आत्मालोचनाको परिपाटी अगाल्नु पर्दछ। कमिटी र सदस्यहरूका कमी र त्रुटि खोज्दा आफूबाट सुरु गर्नुपर्छ भन्ने कुरामा उहाँले जोड दिनु भएको पाइन्छ। त्यसैगरी कुनै काम विग्रिएको अवस्थामा त्यसको दोष जति अरुलाई देखाउने र राम्रो काम हुँदा त्यसको जसजति आफूलाई भन्ने प्रवृतिलाई पार्टीबाट अन्त गर्नुपर्छ भन्ने कुरामा जोड दिनुहुन्थ्यो। पार्टी काममा सबै फाँटको कामलाई उत्तिकै महत्त्व दिनु पर्ने कुरामा जोड दिँदै पार्टी र सङ्गठनका लागि सङ्गठनात्मक क्षेत्रको कामको महत्त्वसँगै अन्य आर्थिक, प्रचार र सङ्घर्षका क्षेत्रको कामलाई समेत यथोचित ध्यान दिने नीति लिनु पर्ने कुरामा उहाँको जोड हुन्थ्यो। उहाँले पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पार्टी कार्यकर्ताहरू खासगरी पूर्णकालीन कार्यकर्ताका समस्या हल गर्नु पर्ने कुरामा जोड दिनुहुन्थ्यो। उहाँ पार्टी र जनसङ्गठन बीचको सम्बन्ध सुमधुर र प्रगाढ हुनुपर्छ, पार्टीले जनसङ्गठनको नीतिगत र विचारधारात्मक नेतृत्वमात्र लिनु पर्दछ सङ्गठनको क्षेत्रमा पेशागत र जनसङ्गठनहरू स्वतन्त्र रहनु पर्दछ। भन्ने कुरामा जोड दिनु भएको छ। पार्टी कमिटी र जनसङ्गठनहरूले आफ्ना कामहरू आमूल परिवर्तनको आन्दोलनसँग गास्नुपर्दछ र जनवर्गीय, पेशागत र सामुदायिक संगठनहरूलाई पार्टीको नीतिगत पकडभित्र राख्नुपर्दछ भन्ने कुरामा जोड दिदै जनसङ्गठनले छुट्टै पहिचान कायम गर्नु पर्ने कुरामा जोड दिनुभएको छ। सङ्गठनभित्र देखिने समस्यालाई सम्वोधन गर्न उहाँले अनेक विषयमा ध्यान पुर्‍याउनु भएको छ। तिनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- पार्टी सङ्गठनभित्र गुट उपगुट बनाउने कुरालाई पूर्णरूपमा निरुत्साहित गर्नु पर्दछ।
- पार्टीभित्र पद, प्रतिष्ठा, सुविधा र हैसियतमात्र खोज्ने प्रवृतिलाई पूर्णरूपमा निरुत्साहित गर्नु पर्दछ।
- पार्टी सङ्गठन निर्माण गर्दा कमिटीमा राखिने सदस्यहरूको योग्यता, क्षमता र हैसियत बराबर हुनु पर्ने कुरामा उहाँले जोड दिनु ुन्थ्यो। हल मिलाएरमात्र कमिटी बनाउने नीति लिनु पर्दछ भन्ने कुरामा उहाँको जोड हुन्थ्यो।
- कमरेड मदन भण्डारीले तत्कालीन अवस्थामै पार्टी काम र कमिटी प्रणालीमा समावेशी स्वरूप दिने सिद्धान्तलाई अगाडि बढाउनु भएको थियो। यसक्रममा उहाँले भन्नुहुन्थ्यो कि जाति, जनजाति, महिला, तराईका समुदाय बीचको पार्टी काममा ध्यान दिनु पर्दछ।
- उहाँ पार्टी नेता र कार्यकर्ताहरूको वैचारिक, सैद्धान्तिक र राजनीतिक स्तर उन्नत बनाउन सधैं जोड दिनु हुन्थ्यो। यो कामलाई उहाँले पार्टीकामको मेरुदण्डको रूपमा लिनु हुन्थ्यो।
- पार्टी खुल्ला भएपछि उत्पन्न नयाँ परिस्थितिमा सबैले पार्टी काममा प्रतिपर्धामा उत्रिन अनिवार्य ठान्नु हुन्थ्यो। त्यसैगरी पार्टीपार्टीहरूवीच पनि राजनीतिमा खरो उत्रिनु पर्ने कुरामा जोड दिनुहुन्थ्यो। यसरी

मात्र जनताको बहुदलीय जनवादी कार्यक्रमले अंगिकार गरेको लक्ष्य भेट्टाउन सङ्गठन निर्माण गर्न सकिने कुरामा जोड दिनु हुन्थ्यो ।

- कमरेड मदन भण्डारीले सधै वर्ग सङ्घर्षको पहिलो मोर्चा सडक र गैर संसदीय सङ्घर्षलाई लिनु हुन्थ्यो । सङ्घर्षको प्रमुख थलो सडक र गैर संसदीय सङ्घर्ष बन्न नसकेको अवस्थामा उहाँ सधैं चिन्ता व्यक्त गर्नु हुन्थ्यो ।
- कमरेड मदन भण्डारी पार्टी नेता र कार्यकर्ताको आचरण र जीवनशैलीप्रति निकै कठोर हुनुहुन्थ्यो । उहाँ सिंगो कम्युनिष्ट पार्टीलाई सर्वहाराकरण गर्न नसक्नुमा पार्टी नेता र कार्यकर्ताहरूको आचरण र जीवन शैलीलाई सर्वहाराकरण गर्न नसक्नु हो भन्ने कुरामा जोड दिनु हुन्थ्यो ।

**सङ्गठनात्मक सिद्धान्त र पद्धतिको कार्यान्वयन र व्यवस्थापनमा मदनका सोचहरू**

- एक क्रान्तिकारी कम्युनिष्ट पार्टीले अवलम्वन गर्ने सङ्गठनात्मक सिद्धान्त मूलरूपमा जनवादी केन्द्रीयताको सिद्धान्त नै हो । त्यसैले यसलाई आत्मसात् गर्ने, गराउने कुरामा कसैसँग कुनै सम्झौता गर्नु नहुने मान्यता कमरेड मदन राख्नुहुन्थ्यो ।
- सङ्गठनको विधान, पार्टी कार्यक्रम र कमिटीका निर्णयहरूको हरहालतमा परिपालना गर्ने गराउने कुरामा उहाँ सधै जोड दिनुहुन्थ्यो ।
- व्यक्ति, नेता स्थापित गर्ने गराउने कुराका सशक्त विरोधी कमरेड मदनले सधै कमिटी प्रणाली र व्यवस्थालाई स्थापित गर्ने र जोड दिने गर्नु हुन्थ्यो ।
- परिस्थिति फेरिनसाथ पार्टी र जनसङ्गठनका सङ्गठनको स्वरूप र ढाँचालाई पनि तदनुरूप नै परिवर्तन र व्यवस्थित गर्ने अवधारणा उहाँले अगाडि सार्नु भएको थियो ।
- कमिटीका सदस्यहरूवीच जिम्मेवारीको वैज्ञानिक बाँडफाँडको पक्षमा उहाँ रहनुहुन्थ्यो । यसको मतलव योग्यता, क्षमता, कार्यदक्षता र क्रियाशीलताका आधारमा सदस्यहरूको कामको बाँडफाँड हुनु पर्ने कुरामा उहाँ जोड दिनु हुन्थ्यो ।
- कम्युनिष्ट पार्टीलाई सधै वर्गमा आधारित अर्थात् सर्वहारा श्रमजीवी वर्गको हितको प्रतिनिधित्व गर्ने सङ्गठनको रूपमा विकास गर्न जोड दिने गर्नु हुन्थ्यो । पार्टीमा उहाँ सधै वर्गीय पक्षधरताको विचारलाई स्थापित गर्ने गराउने काममा लाग्नु भयो ।
- उहाँ पार्टी सङ्गठन सधै विचारका आधारमा सञ्चालन गर्नु पर्ने कुरामा जोड दिने गर्नु हुन्थ्यो । त्यसैगरी वैचारिक र राजनीतिकस्तर उन्नत भएका नेता कार्यकर्ताहरूले मात्र क्रान्ति र परिवर्तनको नेतृत्व गर्न सक्छन् भन्नु हुन्थ्यो ।
- पार्टी सङ्गठन र सङ्गठनात्मक व्यवस्थापनमा उहाँले कार्यकर्ताका समस्या समाधान गर्ने बारेमा पनि चिन्ता व्यक्त गर्नु हुन्थ्यो । कार्यकर्ताका समस्या सम्वोधन गर्न उहाँले पार्टी सङ्गठनमा योजनाहरू पनि प्रस्तुत गर्नु भयो ।
- पार्टी सङ्गठनात्मक सिद्धान्तको कुरा गर्दा उहाँ सधै सङ्गठनभित्र पटकपटक शुद्धीकरण अभियान सञ्चालन गर्नु पर्ने कुरामा जोड दिनुहुन्थ्यो ।

**गलत विचार प्रवृतिको विरुद्ध जुझ्ने सम्वन्धमा कमरेड मदन भण्डारी**

कुनै पनि विषयमा उहाँ गहिरो गरी अध्ययन गर्नुहुन्थ्यो । आम पार्टी नेता कार्यकर्ताहरूमा पनि

सोही चाहनुहुन्थ्यो । सतही अध्ययनको घोर विरोधी हुनुहुन्थ्यो । अध्ययनको क्षेत्रको कुरा गर्दा उहाँ सिद्धान्तलाई व्यवहारको कसीमा हेर्दै किताबी ज्ञानलाईमात्र ध्यान दिने प्रवृतिको विरोधी हुनुहुन्थ्यो । कुनै पनि नयाँ विषयमा अध्ययन गरी उक्त विषयलाई सामूहिक छलफलमा ल्याई आम पार्टी सदस्यवीच अनुभव आदानप्रदान गर्नु पर्ने कुरामा जोड दिनुहुन्थ्यो । आचरण, जीवनशैली र कार्यशैलीको क्षेत्रमा देखिएका गलत प्रवृतिका विरुद्धमा मदन भण्डारी पार्टीमा सधै जुझ्नुभयो । उहाँ कुनै पनि विषयलाई गंभीरतापूर्वक नलिने र काममा लापर्वाही गर्ने प्रवृतिका विरुद्ध सधै उभिनु भयो । कुन कामको कति महत्त्व छ र कुनलाई प्राथमिकता राखी सम्पादन गर्ने भन्ने कुरा संगठकले छुट्याउनु पर्ने कुरामा उहाँ जोड दिनुहुन्थ्यो । उहाँ सधै योजनाबद्ध ढंगबाट काम गर्ने र विना योजना काम गर्ने कार्यशैलीप्रति आलोचना गर्नु हुन्थ्यो । पार्टी कमिटीका बैठकहरू उहाँ सधै व्यवस्थित तयारीकासाथ प्रस्तुत हुनुहुन्थ्यो भने तयारी विनाका बैठकहरू सञ्चालन नगर्ने जोड दिने गर्नु हुन्थ्यो । आम जनसमुदायका दैनन्दिन समस्यालाई केन्द्रविन्दु मानेर पेशा, व्यवसायमा संलग्न सङ्गठनहरूले काम गर्नु पर्ने कुरामा जोड दिनु हुन्थ्यो र समस्याप्रति उदाशीन हुने प्रवृतिप्रति उहाँ कठोर हुनुहुन्थ्यो । कम्युनिष्ट पार्टीमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको परिपाटीलाई उहाँले कडाईकासाथ आफू पनि लागू गर्नु हुन्थ्यो भने सिंङ्गो पार्टी पंक्तिलाई पनि यही पद्धति अवलम्बन गर्न प्रेरित गर्नु हुन्थ्यो । सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको परिपाटीलाई उलङ्घन गर्ने विषय उहाँका लागि क्षम्य हुने थिएनन् । कम्युनिष्ट आन्दोलन र पार्टी कमिटीहरूमा नेतृत्व केन्द्रको ज्यादै ठूलो महत्त्व हुन्छ भन्ने कुरालाई ख्याल गरेर पार्टी नेतृत्व केन्द्र निर्माणमा उहाँ सदा जोड दिनु हुन्थ्यो । नेतृत्व केन्द्र नभएको कम्युनिष्ट पार्टीले क्रान्ति गर्न पनि सक्दैन भन्ने कुरा उहाँको मान्यता थियो ।

## विचार र चिन्तनको क्षेत्रमा देखिएका गलत प्रवृतिप्रति कमरेड मदन भण्डारी

कमरेड मदन भण्डारी सदैव जनतालाई शिरमा राखी पार्टी नीति बनाउनु पर्दछ भन्ने कुरामा जोड दिनु हुन्थ्यो । अर्थात् जनता नै सर्वशक्तिवान् छ भन्ने कुरा बारबार दोहोऱ्याउनु हुन्थ्यो । त्यसैगरी पार्टी सङ्गठनमा पनि व्यक्ति हैन सङ्गठन र पार्टी पहिलो हो भन्ने कुरा सधै ख्याल गरी जनता र पार्टी सङ्गठनभन्दा आफुमाथि ठान्ने प्रवृतिका विरुद्ध उहाँले सधै सङ्घर्ष गर्नु भयो । उहाँ आफू पनि सादा जीवन व्यतीत गर्नु हुन्थ्यो त्यसैले सुविधाभोगी प्रवृतिप्रति उहाँ निकै नै निर्मम हुनुहुन्थ्यो । उहाँ सादा जीवन उच्च विचारको प्रतिमूर्ति नै हुनुहुन्थ्यो ।

कम्युनिष्ट आन्दोलनमा उहाँले नै विभिन्न खाले विचार उपर खुलेर लाग्न पाउने, छलफलमा भाग लिन पाउने, फरक विचारसमेत आम कार्यकर्ता र जनताको बीचमा लान पाउने कुराको सुरुवात र त्यसलाई संस्थागत गर्नु भयो । उहाँ जसरी आफ्नो विचारप्रति दृढ हुनुहुन्थ्यो त्यसरी नै फरकमतमा लागेको व्यक्तिलाई पनि सम्मान गर्नु हुन्थ्यो । विगतको इतिहास कोट्याउने हो भने कम्युनिष्ट पार्टीमा फरक विचार राख्दा विचार मिल्ने व्यक्तिका समाप्ति भएका कयौं घटना नभएका होइनन् । तर उता उहाँ फरक विचारको पनि सुनुवाई गर्नुहुन्थ्यो ।

चकडी र चाप्लुसी गर्ने प्रवृतिप्रति उहाँ कठोर हुनुहुन्थ्यो । सम्मान र चाकडी मात्र खोज्ने नेतृत्वपक्तिप्रति पनि उहाँ नरम हुनुहुन्नथ्यो । व्यक्ति स्वयमले आफ्नो अतिमूल्याङ्कन गर्ने प्रवृति, त्यसैगरी हीनताबोधलेग्रसित हुने प्रवृतिप्रति पनि उहाँ प्रहार गर्नु हुन्थ्यो ।

## साङ्गठनिक अनुशासनको क्षेत्रमा देखिएका गलत प्रवृति विरुद्ध कमरेड मदन भण्डारी

बैठकमा प्रस्तुत प्रस्ताव उपर छलफल र अन्तरक्रिया हुँदा वेखवर रहने तर पछि कुरा काट्ने प्रवृति, शत्रुप्रति उदार हुने प्रवृति, पार्टी सङ्गठनका गोपनियता भङ्ग गर्ने प्रवृति, पार्टी निर्णय नहुँदै

विचारहरू सार्वजनिक गर्ने गराउने प्रवृति, आफूले भनेको कुरा पार्टीले निर्णय गरे काम गर्ने नत्र नगर्ने प्रवृति, आर्थिक हिनामिना गर्ने प्रवृतिलाई उहाँले ज्यादै निर्मम भएर प्रहार गर्नु हुन्थ्यो ।

**सङ्गठनात्मक क्षेत्रमा गर्नु पर्ने कामलाई कमरेड मदन भण्डारीले यसरी सुत्रवद्ध गर्नु भएको थियोः**

- विचारधारात्मक कामलाई पहिलो प्राथामिकतामा राख्ने,
- पार्टीको विधान, कार्यक्रम र कार्यदिशाको कडाइकासाथ परिपालनामा जोड दिने,
- पार्टी सदस्यहरूले आफ्नो अधिकारमात्र खोज्ने हैन कर्तव्यप्रति पनि त्यतिकै सचेत हुनुपर्ने,
- सूचना प्रणाली र अनुभव आदानप्रदानलाई व्यवस्थित बनाउने कुरामा जोड दिने,
- नेता कार्यकर्ताहरूको कामको मूल्यांकन प्रणालीको विकास गर्नु पर्ने कुरामा जोड दिने,
- पार्टी कामको योजना कार्यान्वयन भए नभएको सर्न्दभमा नियमित प्रतिवेदन लिने/दिने कुरामा जोड दिने,
- काम सम्पादन गर्नेमात्र होइन त्यसको नियमित समीक्षा गर्ने र कमिकमजोरीहरूलाई हटाउने कुरामा जोड दिने,
- जतिवेला जे आईलाग्यो सोही गर्ने होइन पार्टीको योजनावद्ध प्रणालीको स्थापनामा जोड दिने,
- आलोचना आत्मालोचनाको पद्धतिलाई स्थापित गर्ने कुरामा जोड दिने,
- सधैं कमिटी प्रणाली स्थापित गर्ने कुरामा जोड दिने,
- पार्टी कामलाई जनताका समस्यासँग गाँसेर सम्बन्धित क्षेत्रको आन्दोलन संगठित गर्ने कुरामा जोड दिने,
- कोरा सिद्धान्तको कुरामात्र हैन विकास निर्माण कार्यमा सहभागिता र नेतृत्वकारी भूमीकामा जोड दिने,
- सङ्गठन, परिचालन, सङ्घर्षरूपी कार्यक्रमका अतिरिक्त रचनात्मक काममासमेत जोड दिने,
- पार्टी निर्णय र योजना अनुसार कामहरू भए नभएको सन्दर्भमा नियमित निरीक्षण / अनुगमनमा जोड दिने,
- पार्टी नेतृत्व जनताको आधारभूत तहमा जानु पर्ने कुरामा जोड दिने,
- सङ्गठनमा अनुशासनको परिपालनामा जोड दिने,
- जनप्रीय कार्यशैली र आचरणमा जोड दिने ।

**सङ्घर्षको क्षेत्रमा कमरेड मदनका सोचहरू**

सही सिद्धान्त भएर मात्र पुग्दैन, सही सिद्धान्तलाई कार्यान्वयन गर्न सशक्त सङ्गठनको जरुरत पर्दछ । यतिले मात्र समाजको आमूल परिवर्तन र रूपान्तरणको काम सम्पन्न हुन्न । यसका लागि सशक्त आन्दोलनको जरुरत पर्दछ । सशक्त आन्दोलनविना सही सिद्धान्त र सशक्त सङ्गठन पनि प्रभावकारी हुन सक्दैनन् । त्यसैले कमरेड मदन भण्डारीले सङ्घर्षको कुरा गर्दा आन्दोलनको रूप र तरिकाको निर्क्यौल सबैभन्दा पहिला गर्नु पर्ने कुरामा जोड दिनु हुन्थ्यो । त्यसैगरी उपरोक्त तीन स (सिद्धान्त, सङ्गठन र सङ्घर्षको) को कार्ययोजनालाई मूर्तरूप दिन आन्दोलनमा के-के मागहरू राख्न जरुरी छ ?, नाराहरू चयन गर्न जरुरी छ ? भन्ने कुरा ठम्याउनु पर्दछ भन्नु हुन्थ्यो । अर्थात् सशक्त सङ्घर्षका लागि सही माग र आकर्षक नाराहरूको चयन गर्नु पर्दछ भन्ने कुरामा जोड दिनु हुन्थ्यो । त्यसैगरी आन्दोलन सफल बनाउन संयुक्त मोर्चा र कार्यगत एकताको विषयलाई पनि उहाँले त्यतिकै महत्त्व दिई आन्दोलनमा सम्भव सबै शक्तिलाई परिचालन गर्नु पर्ने कुरामा जोड दिनु भएको छ । आन्दोलनमा प्रचारको कामलाई व्यवस्थित गर्नु पर्ने, सफल आन्दोलनका लागि सम्भव सबैले समर्थन र ऐक्यवद्धता प्रकट गर्ने गराउने अवस्था निर्माण गर्नुपर्दछ भन्ने कुरामा उहाँको सदैव जोड रहन्थ्यो । ■

# सन्तुलन गुमेको त्यो दिन...

*क. डोरमणी पौडेल*
*अध्यक्ष, नगरपालिका महासंघ*

२०५० सालसम्म आइपुग्दा संघर्षका कहालिलाग्दा दिनहरू पार गर्दै २०३६ साल देखि २०४६ साल सम्म बिभिन्न आरोह अबरोहका बिच आम नेपालीसरह सामान्य जीवन यापन गर्दै थिएँ। स्थानीय आन्दोलनमा अगुवाको भूमिका निर्वाह गर्दै संर्घषको मैदानमा गोली र बारुदका बीच मोर्चा सम्हाल्दा पनि रत्तिभर विचलित भइनँ। दर्जनौंपटक प्रहरीको कष्टडी र जेलजीवन बिताउँदा पनि सहजरूपमा ग्रहण गरें। प्रहरीबाट पाउने शारीरिक मानसिक यातना जीवनको दैनिकी बनिसक्दा पनि आफूलाई सम्हालेर राखें। एउटा सामान्य शिक्षकको जागिरबाट १५ जना परिवारका सदस्यहरू पाल्नु पर्दाको पीडा र निरंकुश शासकहरूबाट राजनीति गरेको अभियोगमा त्यो जागिरबाट समेत हात धुनु पर्दा भोग्नु परेको त्यो कहाली लाग्दो दिन पनि सहज ढंगबाट पार गरेको थिएँ। यी सबै कल्पनै गर्न नसक्ने डरलाग्दा दिनहरू पार गर्दा पार्टी, पार्टी नेतृत्व र जनताप्रतिको आस्था र विश्वासका साथै नेपाल र नेपाली जनताको उज्ज्वल भविष्य गाँसिएको हुँदा त्यही सुदूर भविष्यको परिकल्पनाले मलाई जस्तोसुकै कठिन यात्रा पनि पार गर्न प्रेरित गरेको थियो र मैलै आफूलाई सम्हाल्दै अनेकौं बाधा व्यवधान र अडचनको बाबजुद् अलिकति पनि बिचलित नभई संघर्षको त्यो यात्रालाई निरन्तरता दिइनै रहेको थिएँ।

तर २०५० सालको जेष्ठ ३ गते राति ९ बजे अनायास प्राप्त भएको खबरले भने मैले आफैंलाई सम्हाल्न सकिनँ। त्यो दिन पार्टीकै एकजना नेता मेरै घरमा बस्नुभएको थियो र हामी बीच राजनितिक कुराहरू भईरहेका थिए, काठमाडौंबाट एउटा टेलिफोन आयो क. मदन भण्डारी र क. जीवराज आश्रित चढेको गाडी पोखरावाट चितवनतर्फ जाने सन्दर्भमा दास ढुङ्गामा दुर्घटना भयो र गाडी त्रिशुली नदीमा गायव भयो। यो समाचार पूरा हुँदा नहुँदै म अर्धबेहोस भएँ र मैले आफ्नो मानसिक सन्तुलन गुमिसकेको थाहा पाइन। म डाँको छोडेर रोएँ। घरका परिवार जम्मै रुन थाले। अनायास उठेर लुँगी र गंजीको भरमा चप्पलसम्म नलगाईकन सडकतिर कुँदेछु, जुन कुरा मलाई यादमै छैन। म नारायणघाटतिर जाने रात्रिवसको प्रतीक्षामा एक्लै सडकमा उभिन पुगेछु। मेरो पछिपछि परिवारका सदस्यहरूले लुगा जुत्ता र एकजना साथीसँगै जाने गरी लिएर आएछन्। मलाई लुगा लगाई दिएर गाडीमा चढाए। म रुँदै-रुँदै दासढुङ्गा पुगें त्यतिबेलासम्म त्यहाँ धेरै मानिसहरू जम्मा भइसकेका थिए।

क. मदन भण्डारी मेरो आस्थाको केन्द्र, नेपाली जनताको उज्वल भविष्यको नक्षत्र, कम्युनिष्ट आन्दोलनका अग्रणी, नवीन विचारक, प्रखर बक्ता, जस्तोसुकै चुनौतीको सामना गर्न सक्ने शाहसी व्यक्तित्व, आफ्ना कुरालाई दृढताका साथ राख्ने र लागू

गराउन सक्ने क्षमताका धनी, छोटो अवधिमा नै विश्वकम्युनिष्ट आन्दोलनलाई आफ्नो प्रभावमा पार्न सक्ने त्यो महान् व्यक्तित्वका धनीको मृत्युको समाचारले सारा देश रोयो। स्वदेश वा विदेशमा बस्ने सारा नेपाली जनता रोए म रोएँ, मेरो परिवार रोयो। मेरै घरमा बस्ने एमालेका नेतृत्वतहका एउटा कार्यकर्तालाई त्यो समाचारले खासै प्रभाव पारेको अनुभूति मैले गर्न सकिनँ। ती को हुन् म सार्वजनिक गर्न चाहन्न किनकि उनको पनि दुर्घटनाबाटै मृत्यु भइसकेको छ।

म सम्झन्छु त्यो दिन जुन दिन मदन भण्डारीसँग साक्षात्कार भएको थियो। तिथिमिति मलाई याद छैन तर बहुदलीय व्यवस्था घोषणा भइसकेपछि हेटौंडामा एउटा कार्यकर्ता भेलामा,

घ्यूरंगको कुर्ता सुरुवाल र कालो टोपीमा सजिएर ३ घण्टा प्रशिक्षण दिनुभएको थियो । क. मदन भण्डारीले ३ घण्टा सम्म अविरल रूपमा बोलिरहँदा उहाँका कपडा पसिनाले निथ्रुक्कै भिजिसकेका थिए । वहाँ चलमल नगरी बोलिरहनुभएको थियो र करिब ३०० कार्यकर्ताहरू सास फेरेको आवाज पनि वाहिर ननिस्कने गरी सुनिरहेका थिए । त्यसैदिन मैले चिने क. मदन भण्डारीलाई र सबै हेटौंडाका कार्यकर्ताले चिने । त्यो दिन मेरै घरमा बस्ने कार्यक्रम थियो । कार्यक्रम सकेर केही नेताहरूसहित घरतिर गयौं घरमा गएपछि परिवारसँग देखाउनुभएको आत्मीयताले ती महान् ऐतिहासिक व्यक्तित्व मेरो घरको परिवारको एउटा सदस्यको रूपमा रूपान्तरण हुनुभयो, त्यो दिन मेरो परिवारको बीचमा बसेर घरायसी कुराहरू भए । कमजोर आर्थिक अवस्था हुँदा-हुँदै पनि परिवारलाई सन्तुलित राख्दै पार्टी कामलाई महत्त्व दिएकोमा दीलैदेखि मेरो प्रशंसा मात्र गर्नुभएन मेरो सम्पूर्ण परिवारलाई यति उर्जावान् बनाइ दिनु भयो कि सवैले आफ्ना व्यक्तिगत दुःख, पीडाका साथ विपन्न जीवन विताउनुपरेको कुरालाई विर्सिए । भूमिगत कालमा सबै नेताहरूको सेल्टरको रूपमा रहेको मेरो घरलाई धेरै नेताहरूले चिनी सक्नुभएको थियो र मेरो घर एउटा आदर्श घरको रूपमा पनि विभिन्न ठाउँमा उदाहरण दिने गर्नुहुन्थ्यो । त्यसै सन्दर्भमा क. मदन भण्डारीले भन्नुभयो "धेरै नेता कमरेडहरूले तपाईं, तपाईंको घर र परिवारका वारेमा जे जति सुनाउनु भएको थियो, आज म त्यो कुराको अनुभव गर्दैछु । मैले जति सुनेको थिएँ, त्यो भन्दा अझ बढी हो कि भन्ने लागिरहेछ"

यस्ता धेरै कुराले क. मदन भण्डारीप्रति मेरो आस्था र विश्वासको जग यति बलियो बन्यो कि कसैले भत्काउन खोजेर पनि भत्किन सक्ने थिएन । त्यसैले पनि दासढुङ्गाको घटना सुनेपछि मैले आफूलाई सम्हाल्न नसकी र मैले आफ्नो सन्तुलनलाई गुमाउन पुगेछु ।

करिब २ बर्षपछि हुनुपर्छ पार्टीको कार्यक्रम सकेर दोस्रोपल्ट फेरि मेरो घरमा बस्ने कार्यक्रम थियो । घरमा पारिवारिक, राजनैतिक सबै कुरा भए । उहाँले बिहान उठेर ट्वाइलेटको लागि लोटा खोजिरहनुभएको थियो । पहिलोपटक आउँदा अस्थायी ट्वाइलेटमा लोटामा पानी लिएर जानु पर्दथ्यो । दोस्रो पटकमा भने ट्वाइलेट बनिसकेको थियो तर उहाँको स्मरणमा भने पुरानै लोटा र पुरानै कच्ची ट्वाइलेट घुमिरहेको थियो । यसबाट उहाँको स्मरणशक्ति कति सशक्त रहेछ भन्ने कुराले फेरि मलाई नतमस्तक बनायो ।

यस्ता अनेकौं घटना छन् क. मदन भण्डारीसंग गाँसिएका हरेक घटना जब म सम्झन्छु तब दासढुङ्गा सम्झन्छु । म आफूलाई बिर्सिदिन्छु, भक्कानो फुटेर आउँछ, आँखावाट आँसु बर्सिन थाल्छ । म बेहोस मानिस जस्तो एकोहोरो भएर टोलाउन थाल्छु ।

अनि मलाई लाग्छ आज मदन भण्डारी बाँचिरहेका भए यो देशले यस्तो दुर्गति भोग्नुपर्ने थिएन । क. वामदेवले चुचुरोमा पुगिसकेको पार्टीलाई निर्लज्ज ढङ्गले फुटाएर फेदीमा पुऱ्याउने थिएनन् । माओबादीहरूले त्यो हर्कत गर्न सक्ने थिएनन् । २० औं हजार नेपालीको ज्यान जाने र अंगभंग हुने थिएन । देशले काँचुली फेरिसक्ने थियो । अर्थिक, सामाजिक रूपान्तरण भई नेपाली जनताको मुहारमा क्रान्ति आउने थियो । बिदेशीहरूको क्रीडास्थल नेपाल बन्ने थिएन । सम्पूर्ण नेपालीहरूले स्वाभिमानी जीवन बाँच्न पाउने थिए । यस्ता उदीयमान नेपाली राजनीतिका सर्जकलाई गुमाउनु पर्दा मैलै आफ्नो सन्तुलन नै गुमाएँ भन्दा मलाई कुनै अप्ठ्यारो लागेको छैन ।

■

# मदन भण्डारी मेमोरियल कलेज-हिजो, आज र भोलि

*प्रा. चिरञ्जीवी शर्मा*
*अध्यक्ष*
*मदन भण्डारी कलेज*

जननेता मदनकुमार भण्डारीका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, भौगोलिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सबैखाले विचारहरू, सोचहरू, चिन्तनहरू र आवधारणाहरूलाई संरक्षण, सम्बर्धन, विस्तार र व्यापक गर्नका लागि राष्ट्रियस्तरको सामाजिक संगठनका रूपमा सम्पूर्ण वर्ग, तह, तप्काका जनसमुदायमा समर्पित नेपालको राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम संस्थापित सामाजिक संस्थाको नाम हो 'मदन भण्डारी फाउन्डेसन'। मातृसंस्थाका रूपमा, नाफारहित संस्थाका रूपमा र सार्वजनिक संस्थाका रूपमा संस्थापित र स्थापित फाउन्डेसनको विधानका अधीनमा रही शैक्षिक गतिविधिबाट नेपालको सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरण गर्ने पवित्र उद्देश्य लिई स्थापना गरिएको शैक्षिक संस्था हो 'मदन भण्डारी मेमोरियल कलेज'।



शैक्षिक सत्र २०५८।२०५९ देखि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरबाट कक्षा ११ र कक्षा १२ का विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा संकाय संचालन गर्न स्वीकृति प्राप्त गरी संचालन सुरु गरेको मदन भण्डारी मेमोरियल कलेजले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि.ए., बि.बि.एस्. र बि.एड्. का उत्पादनहरू गुणात्मक र प्रतिस्पर्धात्मक रूपबाट सिर्जना गर्दै आज मानविकी संकायका मानवशास्त्र-समाजशास्त्र, अंग्रेजी (साहित्य) र पत्रकारिता र आमसंचारका स्नातकोत्तर कक्षाहरू संचालन गर्न सक्षमता प्राप्त गरेको छ। आफ्नो स्थापनाकालबाट काठमाण्डौं महानगरपालिकाको वडा नं. ७ रातोपूलमा आफ्ना सम्पूर्ण कार्यक्रमहरू संचालन गर्दै आएको मदन भण्डारी मेमोरियल कलेज यसै शैक्षिक सत्रबाट आफ्ना सम्पूर्ण कार्यक्रमहरूका साथ आफ्नै नयाँ बनेको भवन शान्तिविनायकनगर काठमाण्डौंमा स्थानान्तरण भइसकेको छ।

नेपाली शिक्षा क्षेत्रमा देखिएका थुप्रैखाले कमी-कमजोरी, विसंगति, गैर-शैक्षिक क्रियाकलाप र मौलिकपनको अवसानको अवस्थाबाट चिन्तित भई नेपाली शिक्षामा परिमार्जन र सुधारका कार्यहरू गर्न सके मात्र जननेता मदन भण्डारीप्रतिको सच्चा सम्मान हुने र मदन भण्डारीका शैक्षिक सामाजिक चिन्तहरूको सिर्जनात्मक प्रयोग हुनेछ भन्ने सोचबाट प्रेरित भई संस्थापक सदस्यहरूको सामुहिकताबाट शैक्षिक कार्यक्रम संचालन गर्नका लागि स्थापित संस्था मदन भण्डारी मेमोरियल कलेज आज सानो चिनारीका रूपमा जनसमक्ष आएको छ। संस्थापकहरूको अथक प्रयास, नेपाली जनताको अपार स्नेह र ममता, विद्यार्थीहरूको लगनशील-अनुशासित-मर्यादित आचरण, परिश्रमी, प्रचारक-प्रसारक र स्तरीय शिक्षा हासिल गर्ने अभिलाषा र अभिभावकहरूको निरन्तर आकर्षण र लगावका कारण मदन भण्डारी कलेजले निकट भविष्यमा नै एउटा प्रसिद्ध र स्तरीय विश्वविद्यालयका रूपमा स्थापना हुने मौका पाउनेछ। त्यसबेला मदन भण्डारी

विश्वविद्यालयले उच्च शिक्षाको नीति-निर्माणमा र मदन भण्डारी विद्यालयले विद्यालय स्तरीय शिक्षा नीतिमा राज्यलाई सघाउ पुऱ्याउनेछ। यसैगरी शिक्षालाई प्राविधिक, व्यावसायिक, व्यावहारिक, रोजगारमूलक र वैज्ञानिक बनाई विश्व प्रतिस्पर्धामा गुणात्मकता प्रदान गर्ने विश्वविद्यालय बनाउन यसका सम्बन्धित निकायहरूले आवश्यक पहल गर्ने छन्। विश्वविद्यालयले प्रत्येक व्यक्तिमा भएका आन्तरिक प्रतिभाहरूको कदर र सम्मान गर्दै यथोचित मार्गदर्शन गर्नेछ। नेपाली मौलिकतामा आधारित शिक्षालाई विश्वबजारमा समेत व्यापक बनाउनेछ। यसो भन्नुको अर्थ लोकतान्त्रिक गणतन्त्रात्मक संघीय नेपालमा सामाजिक-आर्थिक-शैक्षिक-सांस्कृतिक-भौगोलिक रूपान्तरणमा शिक्षालाई प्रमुख सूचकका रूपमा स्थापित गर्नेछ।

मदन भण्डारी फाउन्डेसनको उद्देश्य भनेको मदन भण्डारीको बहुआयामिक व्यक्तित्व र योगदानलाई व्यापक विकास र विस्तार गर्नु हो; मदन भण्डारीद्वारा प्रतिपादित सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक पक्षहरूको व्याख्या र विश्लेषण गरी सामाजिक रूपान्तरणका लागि कार्यान्वयन गराउनु हो, देशमा व्याप्त अशिक्षा, गरिबी, बेरोजगारी, पछौटेपन तथा भेदभाव हटाउन पहल गर्नु हो।

असहाय, अपाङ्ग, बालबालिका, महिला, मजदुर, जेष्ठ नागरिक, पिछडिएका वर्ग, जाति-जनजाति आदि सबैलाई आफ्ना मौलिक अधिकार प्राप्त गराउन प्रयत्न गर्नु हो, देश र जनतालाई माया गर्ने दक्ष, कुशल र जिम्मेवार नागरिक निर्माण गर्नु हो, युवाहरूलाई स्वस्थ र सिर्जनशील बनाई समाजमा शान्ति कायम गराउनु हो।

मदन भण्डारीले प्रतिपादन गरेको सिद्धान्न जनताको बहुदलीय जनवाद (जवज) हो। यस सिद्धान्तले संविधानको सर्वोच्चता, बहुदलीय प्रतिस्पर्धा, बहुलवादी खुला समाज, कानुनसम्मत शासन-प्रशासन र सुशासन, बहुमतको सरकार, प्रजातान्त्रिक मौलिक अधिकार, नागरिक रक्षा र शान्ति, संघीयताबीचका एकता र राष्ट्रियता, प्राकृतिक स्रोत र साधनको समुचित बाँडफाँड र सार्वभौम नेपाली जनताको रक्षा आदि कुराहरूमा जोड दिन्छ। यी सबैका लागि सर्वसुलभ, अनिवार्य, रोजगारमुखी, व्यावहारिक, वैज्ञानिक, व्यावसायिक र प्राविधिक, अनुसन्धानात्मक र प्रतिस्पर्धी तथा गुणात्मक शिक्षाको कार्यान्वयन आदिको आवश्यकता मदन भण्डारी फाउन्डेसनका शैक्षिक संस्थाहरूको पूरा गर्ने प्रण जननेताको ५९ औं जन्मजयन्तीका अवसरमा व्यक्त गर्दै जननेता मदन भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

■

# सम्झनामा शताब्दी पुरुष जननेता मदन भण्डारी

*क. रामेश्वर फुयाल*
*केन्द्रीय बै. सदस्य, नेकपा (एमाले)*

- "साम्यवादको मूल उद्देश्य भनेको समाजबाट शोषण, असमानता र भ्रष्टाचारको समाप्ति हो। विगतमा यसको कार्यान्वयनमा गल्ती भएको छ भन्दैमा साम्यवादको ध्येय नै असफल भयो भन्न मिल्दैन।"

- "समाजवादले खाएको यो धक्का अस्थायी हो र वर्ग प्रकृति तथा ऐतिहासिक विकासको परीक्षणबाट विकसित भएको समाजवादी दर्शनले अवश्य निकट भविष्यमा पुनः लोकप्रियता तथा सफलता प्राप्त गर्नेछ। मार्क्सवाद एउटा सर्वकालिक सिद्धान्त हो। त्यसैले यो विश्वका शोषित र उत्पीडित जनताको मार्गदर्शक सिद्धान्त भएर रहिरहने छ। समाजमा धनी र गरिव रहुञ्जेल मार्क्सवादको औचित्य यो भूतलमा रहिरहन्छ।"



- "सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो।"

- "जनतालाई वाक् स्वतन्त्रताको अधिकार नदिइकन, संरचनात्मक आलोचनाको अवसर नदिइकन तथा समाजमा प्रतिस्पर्धात्मक अवस्था विकास नगरिकन जनताको प्रेरक वातावरण सृजना गर्न तथा पूर्वी युरोप तथा सोभियत संघमा गरिएका जस्तै गल्तीहरू रोक्न गाह्रो पर्छ। हर प्रकारका विरोधहरू ध्वंशात्मक हुँदैनन् भन्ने हाम्रो विश्वास छ। प्रतिस्पर्धात्मक व्यवस्थाले खास गरी वितरण प्रणालीमा नकारात्मक प्रभाव पार्ला कि भनेर हामी त्यत्तिकै सतर्क छौं। त्यसैले हामीले यस्तो आर्थिक कार्यक्रम साँचेका छौं जसले उत्पादक शक्तिको विकास निश्चित् गर्दछ र समाजमा ध्रुवीकरण तथा शोषण कायम हुने छैन। हाम्रो आर्थिक कार्यक्रमले राज्यलाई नेतृत्वदायी भूमिका प्रदान गर्दछ। त्यसैले निजी क्षेत्रलाई उद्योग तथा व्यापारिक क्षेत्रमा बढ्दो गतविधि गर्ने अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्न दिन्छ। "

- "संसारका विभिन्न भागहरूमा समाजका बारेमा नयाँ सोचहरू आउनुको वावजुद पूँजीवादसँगको लामो संघर्ष अनिवार्य छ।"

माथिका उद्धरणहरू विभिन्न सन्दर्भमा जननेता मदन भण्डारीले व्यक्त गर्नु भएका विचारहरू हुन्। कमरेड मदन भण्डारीले चढ्नु भएको गाडी त्रिशुलीमा बेपत्ता भएको खबर आलापोट गाउँ कमिटी सचिव मदन खड्कामार्फत घरमा टेलिभिजन हेरिरहेको बखत मैले सुनेको थिएँ। मदन खड्काका पिता तुलाबहादुर खड्काले भन्नु भयो "रामेश्वर तिमीहरूको भाग्य हऱ्यो।" साधारण घर व्यवहार गर्ने सामान्य कृषक तुलाबहादुर खड्काका भनाइ पीडाको रनाहामा सुनिमात्र रहें।

मेरो गाउँ शोकमग्न थियो। कागेश्वरी पुस्तकालय अगाडि उभिएको हुलमा बृद्ध मनहरि फुयाल दाइले भन्नुभयो "मुलुकले स्वप्न द्रष्टा गुमायो। रामेश्वर तिमीहरूले रानो गुमायौं।" मदन कमरेडको हत्या पछाडि देशका सामान्य नागरिकदेखि विश्लेषकसम्मले यस्तै टिप्पणी गरेको सुनिन्थ्यो। यी वाक्यहरू हरसङ्कटका दिनमा सम्झिरहन्छु। मैले

चर्चा गर्न खोजेको विषय नेता मदन भण्डारी कसरी जननेताका रूपमा जनताका मन मस्तिष्कमा छाउन सक्नुभयो भन्ने हो। जहिलेजहिले नेपालको राजनीतिमा सङ्कट आउँछ मान्छेहरू मदन भण्डारी सम्झन्छन्। यसको कारण के होला ? सबैलाई थाहा छ, कमरेड मदन भण्डारी समस्याको चुरो कुरा बुझ्ने र समाधानका लागि जस्तै कठिन चुनौती पनि उठाउन हिम्मत गर्ने मानिस हुनुहुन्थ्यो। उहाँका सङ्कल्प नै जनताका मनमा छाप पार्ने बिषय हुन् भन्ने मलाई लाग्छ।

नेपालको इतिहास केलाउँदा सात सालको क्रान्ति नेपाली सर्वहारा श्रमजीवी वर्गले सामन्ती जहानियाँ शासन समाप्तिका लागि पूँजीपतिको वर्गीय प्रतिनिधित्व गर्ने नेपाली काँग्रेससँगै मिलेर गरेको अधुरो क्रान्ति थियो। त्यस क्रान्तिका उपलब्धीको रक्षा हुन सकेन। ०४६ सालमा कम्युनिष्ट पार्टीको प्रभाव काफी विस्तार भैसकेको थियो। क्रान्तिकारी धारको प्रतिनिधित्व गर्ने नेकपा (माले) ले सिर्जनात्मक नेतृत्व गरेको वामवोर्चा र नेपाली काँग्रेसको संयुक्त नेतृत्वमा संचालित संयुक्त जनआन्दोलनले अर्को क्रान्तिको रूप धारण गऱ्यो। तानाशाही पञ्चायती व्यवस्थाको अन्त भई, सीमित प्रजातान्त्रिक अधिकारसहितको बहुदलीय व्यवस्थाको स्थापना भयो। निर्दलीय पंचायती व्यवस्थामा प्रतिबन्धित पार्टीहरू माथिको प्रतिबन्ध हट्यो। वाक्, प्रकाशन स्वतन्त्रता र मौलिक हक प्राप्तिले जनताको जीवनका हरक्षेत्रमा आमूल परिवर्तनको ढोका खुले। शान्तिपूर्ण जनआन्दोलनबाट प्राप्त उपलब्धीको रक्षाका लागि अन्तरिम सरकार नयाँ संविधान निर्माण, संसदको गठन, स्थानीय सरकारको निर्वाचनमार्फत राजनैतिक दलहरूको एकतामा प्राप्त उपलब्धीहरूको रक्षामा सापेक्ष रूपमा राम्रा उपलब्धि पनि हुन सके।

नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनले अगाडि सारेको "निर्दलीय पँचायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको स्थापना" नारा कार्यान्वयनका लागि संयुक्त जनआन्दोलनको कार्यनीति अगाडि बढायो। संयुक्त जन आन्दोलनमा नेपाली पूँजीपति_वर्गको उदार हिस्सा, नेपाली काँग्रेस, वामपन्थी शक्तिलाई पंचायत विरोधी मोर्चासँगै उभ्याउन नेकपा (माले) ले सिर्जनात्मक भूमिका खेल्न सकेको थियो। त्यतिबेला पनि उग्रवामपन्थी शक्तिको प्रतिनिधित्व गर्दै राष्ट्रिय जनआन्दोलन संयोजन समिति जनआन्दोलनको मूलधार बाहिर रहँदै अलग्गै आन्दोलन चलाउँदै थियो। यदि संयुक्त जनआन्दोलनको वैचारिक राजनैतिक तयारी, प्राविधिक तयारी, वाम प्रजातान्त्रिक मोर्चा निर्माण र संयुक्त जनआन्दोलनको नेतृत्वदायी भित्री भूमिका क. मदन भण्डारीको (सामूहिक नेतृत्वसहित) र बाहिरी मोर्चामा प्रजातान्त्रिक नेता गणेशमान सिंहको नभएको भए संयुक्त जनआन्दोलनको सफलता सम्भव हुने थिएन।

भनिन्छ, नेपालको नेतृत्व वर्ग क्रान्ति गर्न, विद्रोह गर्न सिपालु छन् तर व्यवस्थापन गर्न जान्दैनन्। त्यसैले प्राप्त उपलब्धी गुम्छ। सातसालको क्रान्तिपछि पार्टीहरू बीचको झैझमेला बढ्यो। फलस्वरूप क्रान्तिका उपलब्धी गुमे। २०१७ सालमा पुगेर प्रतिक्रान्ति नै भयो।

२०४६ सालको संयुक्त जनआन्दोलनका उपलब्धीको केही कमीका बावजुद रक्षा गर्न सापेक्षतामा सकियो। कमरेड मदन भण्डारीले औंल्याएका नेपालको संविधान ०४७ मा रहेका कमिका २७ बुँदा सच्याउन नेपाली काँग्रेस तयार भएको भए मुलुकले अर्को जनआन्दोलन खेप्न पर्थ्यो र ? वाम प्रजातान्त्रिक एकतामा इमान्दारिपूर्वक जोड दिने राजनेता मदन भण्डारी नै सापेक्ष उपलब्धीको रक्षाका लागि नेतृत्वदायी भूमिका खेल्ने व्यक्तित्व हुनुहुन्थ्यो भन्न सबैलाई कर लागेको छ।

नेतृत्वको मूल्यांकन पलपलमा हुँदो रहेछ। २०४६ चैत्र २६ गतेको राजा वीरेन्द्रसँग वाममोर्चा र नेपाली काँग्रेसका नेताले गरेको समझदारीमा पनि कमी थिए। तर संघर्षकै क्रममा सच्याउने आँट मदन भण्डारीको नेतृत्वले गऱ्यो र तुलनात्मक रूपले संयुक्त जनआन्दोलनमा सहिद र जनताले गरेको आकांक्षाको मार्गचित्र सफलतापूर्वक अगाडि बढ्यो। मान्छेहरू जनआन्दोलन २, १४ जेष्ठ ०६७ पछि पनि मदन

भण्डारीको अभाव महशुस गरिरहेछन् र भन्छन् "राजनेताको अभाव भो।" नेपाली राजनीतिक यात्राका उकाली ओरालीका सङ्कटका पलपलमा के वामपन्थी, के काँग्रेस सबैले अभाव महशुस गर्ने राजनेताको नाम भएको छ 'मदन भण्डारी'।

संसारभरिकै कम्युनिष्ट पार्टीहरूले सर्वहारा वर्गको अधिनायकत्वको वकालत गर्दागर्दै मदन भण्डारीले सर्वहारा श्रमजीवी वर्गको जनवादी अधिनायकत्वमा जोड दिनुभयो। संसारभरका कम्युनिष्ट पार्टीले एक दलीयता मान्दा उहाँले बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई जोड दिनुभयो। संसार भरका कम्युनिस्ट पार्टीले आफ्ना नीति कार्यक्रमको बहस सीमित नेता पार्टी कार्यकर्तामा सीमित गर्दा पार्टीव्यापी कार्यकर्ता र जनस्तरमा खुल्ला बहस गराउने आँट गर्नुभयो। बहस चलाई त्यसको सारतत्व खिचेर जनआधारित कार्यकर्ताको पार्टी बनाउने अदम्य साहस कमरेड मदन भण्डारीले देखाउनुभयो र नेपाली जनताको प्यारो राजनेताका रूपमा स्थापित हुन सक्नुभयो।

मैले चर्चा गर्न खोजेको विषय भनेको जननेता मदन भण्डारीले उठाउन खोज्नुभएको विषयको सर्वकालिक अस्तित्व र सिद्धान्तका रूपमा मदन भण्डारीको अवधारणा हो।

"सिद्धान्तका लागि जीवन होइन जीवनका लागि सिद्धान्त हो" कति जीवन्त छ यो भनाई ? यो कहिले लागू हुँदैन ? "संसार भर नयाँ सोंचहरू आउँछन् पूँजीवादसँगको लामो सङ्घर्ष अनिवार्य छ।"

कमरेड मदन भण्डारीले बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई राज्य प्रणालीमा साम्यवादीहरूले अवलम्बन गर्नुपर्छ भनेर नेपालका साम्यवादी पार्टीहरू र आफ्नै पार्टीभित्र पनि बहस चलाई रहेकै बखत पूर्वी युरोप र सोभियत मोडेलको समाजवादी ढाँचा असफल सिद्ध भयो।

त्यसैले उहाँले भविष्य द्रष्टाको रूपमा नेपालको कम्युनिष्ट आन्दोलनलाई जनताको बहुदलीय जनवादको राजमार्गमा डोऱ्याउँदै सिङ्गो विश्वसामु आफ्नो सिद्धान्त अगाडि बढाउनु भएको छ। उहाँले कम्युनिष्ट शासन भएका राज्य र अन्य देशका कम्युनिष्ट पार्टीले नअपनाएको नवीन धारणा वाक तथा प्रकाशन स्वतन्त्रताको हक, संरचनात्मक आलोचनाका लागि बहुपार्टी प्रतिस्पर्धा र बहुलवाद, चेतनाको विकासका लागि प्रेरक वातावरण, विरोध सबै ध्वंशात्मक हुँदैनन् भन्ने मान्यता, शक्ति पृथकीकरणको सिद्धान्त, आबधिक निर्वाचन आदि अबधारणालाई जनताको बहुदलीय जनवादले अगाडि सारेको छ। नेपालमा अहिलेसम्मका आन्दोलन पछिका राजनैतिक आन्दोलनको प्रतिफल जनताले नपाउनुको मूल कारण क्रान्ति अघि र पछि पनि एउटै वर्गको हाली मुहाली हो। क्रान्ति पछि त्यसलाई संस्थागत गर्ने आर्थिक आधारलाई उहाँले जोड दिनु भएको छ र भन्नु हुन्छ "यस्तो आर्थिक कार्यक्रम सोचेका छौं जसले उत्पादक शक्तिको विकास निश्चित गर्छ र समाजमा ध्रुवीकरण तथा शोषण कायम हुँदैन। हाम्रो आर्थिक कार्यक्रमले राज्यलाई नेतृत्वदायी भूमिका प्रदान गर्दछ।" उहाँको परिकल्पनाको अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाईसमेत प्रबर्द्धन गरिन्छ र त्यसै आर्थिक, सामाजिक आधारमा राजनीतिक क्रान्ति टिकाउन सकिन्छ भन्ने उहाँको सिद्धान्त छ। त्यसैले क्रान्ति अघिको कल्पना र क्रान्तिपछिको व्यवस्थापन आधार दिन सक्ने, जनताको अन्तःस्करणमै बास बसेको नेपाली राजनीतिक यात्राका संकटका पलपलमा जनताले सम्झने राजनेता हुनुहुन्छ 'जननेता मदन भण्डारी'। उहाँको आदर्श, आँट, अठोट आजका र आउँदो पुस्ताले सिकेर अगाडि बढ्न सकौं।

■

# पार्टी र जनवर्गीय संगठनहरूबीचको अन्तरसम्बन्धमा जननेता

*क. राजेन्द्र राई*
*पूर्व अध्यक्ष, अनेरास्ववियु*

**आरम्भः**

आरम्भमै के कुरा स्पष्ट गर्न जरुरी ठानिएको छ भने, शीर्षकमा उल्लेखित पार्टी र जनवर्गीय संगठनहरू भन्ने कुराले कुनै खास पार्टी र खास जनवर्गीय संगठनहरूलाई नबुझाए पनि (जुनसुकै पार्टी र जनवर्गीय संगठनहरू भन्ने बुझाउने भए पनि) यहाँ मूलतः नेकपा (एमाले) र त्यस पार्टी निकटका जनवर्गीय संगठनहरूबीचको सम्बन्धको बारेमा चर्चा, छलफल र विश्लेषण गर्ने प्रयास गरिएको छ। तथापि, यो छलफल अरु पार्टी र जनवर्गीय संगठनहरूका लागि पनि कामयावी हुनेछ।



**अन्तरसम्बन्धका आवश्यकताः**

नेकपा (एमाले) र सो पार्टी निकटका हरेक जनवर्गीय संगठनहरू आफैमा पूर्ण, अलग र स्वतन्त्र संस्थाहरू हुन्। किनकि, ती हरेकका आफ्नै लक्ष्य, नीति-कार्यक्रम, सांगठानिक संरचना, विधि-विधानहरू छन् र तिनीहरू त्यसैका आधारमा सञ्चालित छन्। तर पनि केही खास कारणहरूले गर्दा पार्टी र जनवर्गीय संगठनहरूकाबीचमा अन्तरसम्बन्धको आवश्यकता पर्दछ। यस कुरालाई निम्नढङ्गले स्पष्ट गर्न सकिन्छः

**पार्टीका लागिः**

नेकपा (एमाले)का लागि मूलतः निम्न दुई कारणहरूले गर्दा जनवर्गीय संगठनहरूसँगको अन्तरसम्बन्ध अति आवश्यक र महत्त्वपूर्ण हुने गर्दछः

१. नेकपा (एमाले) ले कार्यनीतिक रूपमा मात्र होइन, रणनीतिक रूपमा समेत अथवा क्रान्तिपूर्वको अवस्थामा मात्र होइन क्रान्ति सम्पन्न भएपछि स्थापना हुने जनवादी व्यवस्थामा समेत बहुदलीय राजनीतिक प्रतिस्पर्धालाई कायमै रहन दिइने/दिनुपर्ने मान्यता जबजमार्फत् अथवा जबजको विशेषताको रूपमा स्वीकार गरिसकेको छ। त्यस्तो प्रतिस्पर्धामा उत्रने हो भने अथवा आफूलाई उतारिरहेको बेला आफ्नो सिद्धान्त, विचार, योजना, कार्यक्रम, संगठनहरू आदि (पार्टीको राजनीति) लाई सम्पूर्ण क्षेत्रहरूमा अथवा सबै क्षेत्रका जनताका बीचमा सुव्यवस्थित र प्रभावकारी ढङ्गले पुऱ्याउन र प्रचारित गर्न नसक्ने हो भने नेकपा (एमाले)ले श्रेष्ठता हासिल गर्न सक्दैन अथवा अरुलाई उछिन्न सक्दैन। तर त्यत्तिकै अर्को सत्य के हो भने, कतिपय यस्ता विशिष्ठ क्षेत्रहरू छन्। वा हुन्छन् जहाँ नेकपा (एमाले)ले आफ्नो पार्टीको राजनीतिक पार्टीकै नाम र झण्डामा वा पार्टीको खुला संगठनको माध्यमबाट पुऱ्याउन र प्रचारित गर्न कम प्रभावकारी हुने मात्र होइन कतिपयमा असम्भव र अझ कतिपयमा त प्रत्युत्पादक समेत हुने सम्भावनासमेत रहनेछ। तर, त्यस्ता क्षेत्रहरूमा जनवर्गीय संगठनहरूका माध्यमबाट पार्टीको राजनीतिलाई पुऱ्याउने र प्रचारित गर्न सकिने सम्भावना भने हुनेछ। तसर्थ, यस्तो कामका लागि पार्टीलाई जनवर्गीय संगठनहरूका सहयोग र अन्तरसम्बन्धको आवश्यकता पर्दछ।

२. जनता र राष्ट्रको मुक्ति र प्रगतिका लागि जनवादी क्रान्ति सम्पन्न गर्ने, कार्यनीतिक

रूपमा क्रान्तिपूर्व पनि आफ्नो सरकार स्थापना गरी देश र जनताका पक्षमा अनेकौं सुधारका कामहरू गर्ने, क्रान्तिका लागि शक्ति सञ्चय गर्ने उद्देश्यका साथ नेकपा (एमाले) अघि बढिरहेको पार्टी हो ।

अवश्य पनि आफ्नै अगुवाइमा क्रान्ति सम्पन्न भएपश्चात त राज्यसत्ताकै माध्यमबाट देश र जनताका पक्षमा काम गर्ने अवसर नेकपा (एमाले)ले पाउने सम्भावना रह्यो नै । तर क्रान्तिपूर्वको अवस्थामा पनि चाहे सरकारमा पुगेर होस् वा सरकार बाहिर रहेर, देश र जनताका हित र प्रगतिका लागि अधिकतम् काम गर्ने कोसिस गर्नु नेकपा (एमाले)को अनिवार्य दायित्व हो । यो दायित्व पूरा गर्नका लागि नेकपा (एमाले)लाई जनवर्गीय संगठनहरूको साथ र सहयोग जरुरी हुन्छ । किनकि, पार्टी सरकारमा गएको बेला तलबाट अथवा सम्बन्धित क्षेत्रैबाट मागहरू उठान गरी माथिबाट अथवा सरकार र राज्यका विभिन्न निकायहरूबाट पूरा गर्नका लागि पार्टी र जनवर्गीय संगठनको सम्बन्ध चाहिन्छ । आफू सरकारबाहिर रहेका बेला आन्दोलन र अन्य तरिकाद्वारा सरकार र सम्बन्धित निकायहरूलाई दबाब दिई देश र जनताका पक्षमा काम गराउनका लागि साथै विभिन्न क्षेत्रका मागहरू पूरा गराउनका लागि पनि नेकपा (एमाले)लाई जनवर्गीय संगठनहरूको सहयोग अति आवश्यक पर्दछ । यस्तो सहयोग पाउनका लागि नेकपा (एमाले)ले आफू निकटका जनवर्गीय संगठनहरूसँग हमेशा अन्तरसम्बन्ध राखिरहन जरुरी हुन्छ ।

**जनवर्गीय संगठनहरूका लागि:**

नेकपा (एमाले) निकट जनवर्गीय संगठनहरूका लागि पनि मूलतः निम्न २ कारणहरूले गर्दा नेकपा (एमाले) सँगको अन्तरसम्बन्ध आवश्यक बन्ने गर्दछ:

१. हरेक जनवर्गीय संगठनहरू ठोस लक्ष्य/उद्देश्यहरूसहित जन्मिएका हुन्छन् र निर्धारित लक्ष/उद्देश्यहरू प्राप्तिका लागि अगाडि बढिरहेका हुन्छन् । तर त्यस्ता लक्ष/उद्देश्यहरू पूरा हुने कि नहुने अथवा कति मात्रामा पूरा हुने भन्ने कुराको निर्धारण मूल रूपमा देशको राजनीतिले नै गर्दछ अथवा देशको राजनीति कसरी अघि बढिरहेको छ । देशमा कुन राजनीतिक शक्ति बलियो छ वा कुन राजनीतिक शक्तिको हातमा राज्यसत्ता/सरकार छ भन्ने कुराहरूले जनवर्गीय संगठनहरूका लक्ष/उद्देश्यहरू पूरा हुने वा नहुने भन्ने कुराको छिनोफानो गर्दछ । देशमा असल राजनीतिक शक्ति बलियो भयो वा त्यस्तो शक्तिको हातमा राज्यसत्ता/सरकार रहन गयो भने जनवर्गीय संगठनहरूको लक्ष/उद्देश्यहरू पूरा हुनेछन् । त्यस्तो भएन भने जनवर्गीय संगठनहरू जति नै ठूला र बलिया भए पनि उनीहरूका लक्ष/उद्देश्यहरू पूर्णरूपमा पूरा हुनसक्ने छैनन् । त्यसैले मुलुकमा सही राजनीति स्थापना गर्नका लागि अथवा सही राजनीतिक पार्टीलाई बलियो बनाउन र सरकार/राज्यसत्तामा पुऱ्याउनका लागि जनवर्गीय संगठनहरूले भूमिका खेल्न जरुरी छ । नेकपा (एमाले) निकटका जनवर्गीय संगठनहरूले नेकपा (एमाले)लाई नै देशको सबैभन्दा असल पार्टी हो भन्ने निष्कर्ष निकालेको हुनाले सो पार्टीलाई बलियो बनाउन र सरकार/राज्यसत्तामा पुऱ्याउनका लागि सकेको सहयोग गर्न जरुरी ठान्दै आएका छन् । सहयोग पनि गर्दै आइरहेका छन् । त्यसरी सहयोग लिने-दिने कामलाई सुव्यवस्थित र प्रभावकारी बनाउनका लागि नेकपा (एमाले) सँग सो पार्टी निकटका जनवर्गीय संगठनहरूको अन्तरसम्बन्धको आवश्यकता पर्दछ ।

२. जनवर्गीय संगठनहरूका आन्दोलन, संगठन विस्तार / निर्माणलगायत अन्य विभिन्न काम र कार्यक्रमहरूलाई प्रभावकारी र सफल बनाउनका लागि राजनीतिक पार्टीको सल्लाह र सहयोग महत्त्वपूर्ण हुनसक्छ । त्यस्तो सल्लाह र

सहयोगका सम्भावना र सहजता जनवर्गीय संगठनहरू र राजनीतिक पार्टीबीचमा अन्तरसम्बन्ध भएमा नै सम्भव हुन्छ ।

**असली अन्तरसम्बन्धः**

नेकपा (एमाले) र सो पार्टीसँग निकट रहेका जनवर्गीय संगठनहरूबीचको सम्बन्ध कस्तो रहने भन्ने सम्बन्धमा लामो समयदेखि छलफल र विवाद जारी छ । त्यस दौरानमा दुई खाले अतिवादी र अनुचित सोचहरू पनि देखा परिरहेको देखिन्छ । तीमध्ये पहिलो सोच छ, नेकपा (एमाले)ले आफूसँग निकट रहेका जनवर्गीय संगठनहरूलाई आफ्नै मातहतका कमिटीहरूलाई जस्तै गरी पूर्ण नियन्त्रण र निर्देशनकासाथ सञ्चालन गर्नुपर्दछ भन्ने र दोस्रो सोच छ, जनवर्गीय संगठनहरूलाई पार्टीबाट पूर्ण रूपमा अलग र स्वतन्त्र राखेर सञ्चालन गर्नुपर्छ भन्ने । माथि भनिएजस्तै यी दुवैखाले सोचहरू उपयुक्त छैनन् । किनभने, अघिल्लो सोचअनुसार अघि बढ्दा जनवर्गीय संगठनहरू र पार्टी बीचको भिन्नता समाप्त भएर जानेछ । त्यसो हुँदा कतिपय क्षेत्रहरूमा काम गर्न अप्ठ्यारो पर्ने मात्र होइन जनवर्गीय संगठनहरूकै औचित्यतासमेत समाप्त भएर जानेछ । जनवर्गीय संगठनहरू क्रमशः कमजोर हुँदै जानेछन् । अनि, दोस्रो सोचअनुसार अघि बढ्दा जनवर्गीय संगठनहरू मुख्य उद्देश्य वा लाइनबाट च्यूत हुने, नितान्त समुदायवाद (आफ्नो समुदायसँग जोडिएको कुरामा मात्र चासो राख्ने), अराजकता र अराजनीतिकरणको शिकार बन्ने, पार्टीसँगको अन्तरसम्बन्धबाट हुने फाइदाहरूबाट बञ्चित बन्ने सम्भावना रहनेछ । त्यसो भएकोले, पार्टी र जनवर्गीय संगठनहरू बीचको सम्बन्ध न पूर्ण रूपले नियन्त्राणात्मक र निर्देशनात्मक हुनु राम्रो हुन्छ न पूर्ण स्वतन्त्र ।

खासमा पार्टी र जनवर्गीय संगठनहरूबीचको अन्तरसम्बन्ध 'सहयोगात्मक, राजनीतिक सामीप्यता र सांगठानिक स्वतन्त्रताको' हुन उचित हुनेछ । यसलाई अलि विस्तारमा निम्न ढङ्गले व्याख्या गर्न सकिन्छः

पहिलो कुरा त, नेकपा (एमाले) र सो पार्टी निकटका जनवर्गीय संगठनहरू बीचमा सहयोगात्मक अन्तरसम्बन्ध हुनुपर्दछ । त्यस्तो सम्बन्ध एकपक्षीय होइन दुईपक्षीय हुनुपर्दछ अथवा एक पक्षले मात्र सहयोग गर्नुपर्ने अर्को पक्षले नगरे पनि हुने खालको होइन दुवै पक्षले सकेको सहयोग गर्नुपर्ने खालको हुन जरुरी छ ।

दोस्रो, नेकपा (एमाले) र जनवर्गीय संगठनहरूका बीचमा राजनीतिक सामीप्यताको अन्तरसम्बन्ध हुनेछ । यसको मतलब, मूल रूपमा जनवर्गीय संगठनहरू नेकपा (एमाले)को समर्थक र सहयोगी हुनेछन् । जनवर्गीय संगठनहरू पार्टीको मूल राजनीतिक लाइन, लक्ष्य, उद्देश्य, कार्यक्रमहरू विपरीत जाने छैनन् । तर यसको मतलब हरेक विषय र घटनाहरूमा समान धारणा हुनपर्ने अथवा पार्टीको धारणालाई नै समर्थन गनुपर्ने भन्ने हुन सक्दैन ।

तेस्रो, सांगठानिक सवालमा भने नेकपा (एमाले) र जनवर्गीय संगठनहरू बीचमा स्वतन्त्रताको सम्बन्ध रहनुपर्छ । कमिटी/विभाग आदिको गठन, पुनर्गठन, नेतृत्व चयन आदि स्वतन्त्र ढङ्गले अथवा सम्बन्धित संगठनको आफ्नै विधि-विधान, प्रक्रिया र निर्णयअनुसार हुनुपर्दछ । सांगठानिक काममा कसैको सहयोग हुन सक्नेछ तर हस्तक्षेप, नियन्त्रण र निर्देशन हुनुहुँदैन ।

अन्तरसम्बन्ध सम्बन्धी माथिका व्याख्या निकै सरल व्याख्या हुन् । यति सरल व्याख्याले त केबल सहज परिस्थितिमा मात्र मार्गदर्शन गर्न(बाटो देखाउन) सक्छ । त्यसैले माथिको व्याख्या काफी छैन । किनकि, कुनै पनि नीति, सिद्धान्त र नियमहरूले सजिलोमा मात्र होइन अप्ठ्यारोमा पनि मार्गदर्शन गर्न सक्नुपर्छ । त्यसोभएकोले असहजताको अवस्थामा अथवा पार्टी जनवर्गीय संगठनहरूबीचमा कुरा नमिलेको वा विवाद रहेको अवस्थामा अन्तरसम्बन्ध कस्तो रहने अथवा निर्णय र कामहरू कसरी अघि बढाउने भन्ने जस्ता कुरालाई स्पष्ट पार्न थप व्याख्याको जरुरी छ । यो कारणले पनि जरुरी छ कि व्यवहारमा असहजता र विवाद पटकपटक आउन सक्छन् ।

असहजता र विवादको अवस्थामा अन्तरसम्बन्ध कस्तो हुने अथवा कसरी अघि बढ्ने भन्ने सम्बन्धमा जननेता कमरेड मदन भण्डारीले साह्रै स्पष्ट विचार राख्नुभएको छ, उहाँका विचार कस्ता थिए भन्ने बुझ्न/बुझाउन उहाँका रचनाहरूका केही र सम्बन्धित अंशहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

- पार्टीको नीति र सम्बन्धित संगठनहरूका प्रजातान्त्रिक प्रक्रियाबाट पारित विचारहरूमा अन्तरविरोध देखियो भने त्यस संगठनलाई त्यसबेला सम्बन्धित सवालमा उसकै निर्णयअनुरूप चल्न दिनुपर्छ। (मदन भण्डारीका संकलित रचना पृष्ठ १२३)
- आफ्नो वर्ग र पेशाको हितमा आवश्यकता परेको खण्डमा प्रजातान्त्रिक ढङ्गले पार्टीको नीतिभन्दा फरक मत राख्ने र त्यसअनुसार काम गर्ने स्वतन्त्रता जनवर्गीय संगठनहरूलाई दिनुपर्छ। (पूर्ववत्)
- कुनै पनि जनसंगठनहरूसँग सरोकार राख्ने विषयहरूमा पार्टीले आफ्नो विचार, विश्लेषण र नीति पठाउन सक्छ। तर, त्यो नीति सम्बन्धित संगठनको आफ्नै प्रक्रिया र विधिअनुरूप पारित भएर मात्र लागू हुनुपर्छ। (नवयुग बर्ष १, अंक १ पृष्ठ ३०)
- अझ पार्टीको सरकारसँगको अन्तरसम्बन्धको बारेमा त उहाँले भन्नुभएको छ- सम्बन्धित क्षेत्रको काम र आफ्नो वर्ग वा पेशाको हितका निम्ति र सरकारी नीति एवम् व्ययवहारका विपक्षमा आलोचना, सभा, जुलुश र विरोध प्रदर्शन गर्ने पनि स्वतन्त्रता दिनुपर्छ। (संकलित रचनाहरू, पृष्ठ १२२)

जननेता कमरेड मदन भण्डारीका माथि उद्धृत विचारले के स्पष्ट पार्दछ भने, विभिन्न समयमा अनेक विषय र घटनाहरूका सन्दर्भमा पार्टी र जनवर्गीय संगठनहरूका दृष्टिकोण र निर्णयहरू फरक फरक खालको हुनसक्छन् र यदि त्यस्तो भयो भने अथवा पार्टी र जनवर्गीय संगठनहरू सोच र निर्णयमा एकरूपता आउन सकेन भने पार्टीले जवर्जस्ती आफ्नो सोच र निर्णयहरू जनवर्गीय संगठनहरूमाथि लाद्ने वा उसलाई अप्ठ्यारो पार्ने ढङ्गले अघि बढ्न हुन्न, त्यसो गरियो भने एकातिर झन् असहजता र समस्याहरू थपिनेछन् भने अर्कोतिर त्यस्तो अन्तरसम्बन्धलाई उपयुक्त मान्न पनि सकिन्न। तसर्थ, त्यसो गरिनुको सट्टा तर्क, तथ्य र विचारद्वारा नै जनवर्गीय संगठनहरूलाई सहमतिमा ल्याउने प्रयास गरिनुपर्छ। सहमतिमा पुग्दै पुग्न सकिएन भने जनवर्गीय संगठनहरूलाई आफ्नो विधानप्रक्रियाअनुसार पारित भएका निर्णयअनुसार अघि बढ्न दिइनुपर्छ, त्यस कुराप्रति पार्टीको चित्त बुझ्दै बुझ्नेन भने बरु पछिल्ला दिनहरूमा पनि त्यसले जनवर्गीय संगठनहरूलाई सहमतिमा ल्याउने प्रयास जारी राख्नुपर्छ र जनवर्गीय संगठनहरू सहमतिमा आउन तयार भएमा उनीहरूकै प्रक्रियाबाट निर्णय परिवर्तन गर्न लगाउनुपर्छ।

**अन्तरसम्बन्धका गलत अभ्यास:**

पार्टी र जनवर्गीय संगठनहरूको अन्तरसम्बन्धको निकै लामो अभ्यास र अनुभव भएपनि यस विषयमा नेकपा (एमाले) भित्र अहिलेसम्म पनि समान धारणा बन्न सकिरहेको छैन। एकातिर यस विषयको विवाद अहिलेसम्म टुङ्गिएको छैन भने अर्कोतिर करिब करिब गलत अभ्यास हुँदै आइरहेको छ। निकै दुःखको कुरा त यो छ कि, अन्तरसम्बन्ध सम्बन्धी गलत अभ्यास, गलत धारणा र विभिन्न खाले विवादको कारणले कतिपय जनवर्गीय संगठनका नेता-कार्यकर्ताहरूको राजनीतिक जीवन अप्ठ्यारोमा परेको मात्र होइन कतिपयको समाप्त भएको छ।

खासगरी सांगठानिक स्वतन्त्रताको अन्तरसम्बन्धलाई सही ढङ्गले अघि बढाउने काम भइरहेको छैन। करिबकरिब सांगठानिक स्वतन्त्रताको सट्टा नियन्त्रण र हस्तक्षेपको अन्तरसम्बन्धको अभ्यास हुँदै आइरहेको छ। किनकि, संगठन/कमिटी/विभाग आदिको गठन-पुनर्गठनमा हस्तक्षेप/नियन्त्रण गरिने, कमिटी/विभागहरूको नेतृत्व चयन पार्टीको सोच र निर्णयअनुसार गर्न खोजिने, सम्बन्धित जनवर्गीय

संगठनका मानिसहरूको विवेक र निर्णयलाई कुनै महत्त्व नदिने, नेतृत्व कस्तो बनाउने वा कसलाई नेता बनाउने जस्ता निर्णय पार्टीले गर्ने, अझ पार्टी निर्णयको नाममा पार्टीबाट खटाइएको इन्चार्ज अथवा पार्टी प्रमुख आदिले व्यक्तिगत निर्णय गर्ने र त्यसलाई हुबहु र प्रत्यक्ष र अकाट्य निर्देशनको रूपमा कार्यान्वयन गराउन खोज्ने, पार्टीको निर्णय हो, सबैले स्वीकार्नुपर्छ नस्वीकारेमा कारवाही हुन्छ भनेर जवर्जस्ती लाद्न खोज्ने, स्वीकार्नका लागि मानसिक दबाब दिनखोज्ने, चुनावी प्रक्रिया सुरु भई प्रतिस्पर्धाको अवस्थामा पनि फलाना व्यक्ति पार्टीको उम्मेद्वार भनेर प्रचारित गर्ने र अर्कोलाई पार्टी निर्णय विरोधी मात्र होइन पार्टीकै विरोधी जस्तो गरी प्रचारित गर्नखोज्ने, खास व्यक्तिको पक्षमा पार्टीको हवाला दिँदै पार्टीबाट खटाइएको इन्चार्जदेखि लिएर पार्टीको प्रमुख र अन्य नेताहरूसमेत लाग्ने, हुँदाहुँदा पछिल्ला दिनमा खास व्यक्तिलाई जिताउन इन्जार्ज र कतिपय नेताहरू विभिन्न खाले धाँधलीको तहमासमेत उत्रने काम भइरहेको छ ।

त्यसैगरी कतिपय अवस्थामा पार्टी निर्णय-निर्देशन नमानेको भनेर कमिटी विघठन गर्ने, व्यक्तिलाई कमिटीबाट कारवाही गर्ने, कारवाही गर्न निर्देशन दिने, त्यस्ता व्यक्तिलाई पछिल्ला दिनहरूमा पनि जिम्मेवारी नदिने जस्ता कामहरू पनि भइरहेका छन् ।

पछिल्लो समयमा त पार्टीले तोकेको इन्चार्ज भनेर जनवर्गीय संगठनको औपचारिक बैठकमा पूर्ण समय उपस्थित भएर पार्टीको निर्देशन भन्दै आफ्नो व्यक्तिगत सोचाइहरू पार्टी निर्देशनको रूपमा राख्नेसमेत भइरहेको छ। यस तरिकालाई विभिन्न हिसाबले अनुचित भन्न सकिन्छ। पहिलो; पार्टीको औपचारिक बैठकबाट निर्णय नभएको वा नभइकन इन्चार्जले दिएको निर्देशन पार्टीको निर्देशन हुनसक्दैन, दोस्रो; पार्टीको निर्देशन जनवर्गीय संगठनको औपचारिक बैठकमा पार्टीको नेता वा पार्टीको तर्फबाट खटाइएको इन्चार्जले प्रत्यक्ष रूपमा दिने होइन , त्यो प्रयाक्सन मार्फत् राखिनुपर्छ। तेस्रोः पार्टीको निर्णय अकाट्य आदेशको रूपमा लाद्ने होइन, चित्त बुझाएर उनीहरूकै प्रक्रियाअनुसार निर्णय गराई कार्यान्वयन गराउने कोसिस गर्नुपर्छ ।

त्यसैगरी, सहयोगात्मक सम्बन्ध पनि पूर्णरूपमा सही ढङ्गले अघि बढ्न सकिरहेको छैन । जनवर्गीय संगठनहरूले पार्टीलाई आवश्यक परेको बेला खास गरी पार्टीबाट माग गरिएको बेला जहिले पनि सहयोग गर्नुपर्ने/गर्ने तर पार्टीले जनवर्गीय संगठनहरूलाई अपेक्षित र आवश्यकताअनुसारको सहयोग नगर्ने, कहिलेकाहीँ पार्टीको सानो जिम्मेवारी दिनका लागिसमेत जनवर्गीय संगठनलाई नेतृत्वदायी क्षति हुनेगरी जनवर्गीय संगठनहरूबाट विभिन्न व्यक्तिहरूलाई पार्टीले विभिन्न उपायबाट लिएर जाने गरेका छन् ।

- जनवर्गीय संगठनहरू र पार्टी बीचमा सर्वकालीक मतविरोधहीनतको अपेक्षा गर्नु व्यवहार र सिद्धान्तविरोधी कुरा हो । किनकि, एउटै पार्टीभित्र त अनेक विषयहरूमा कयौँ पटक अन्तरविरोधहरू देखा पर्नेगर्दछ र कतिपय मतविरोधहरू त अन्तरपार्टी संघर्षका रूपमा दीर्घ अवधिसम्म जारी रहने गर्दछ भने पार्टी र जनवर्गीय संगठनहरूबीचमा सदावहार मतविरोध शून्यताको कल्पना गर्नु अज्ञानता वा मूर्खता प्रदर्शन गर्नु सिवाय केही हुनेछैन ।
- नेकपा (एमाले)ले र उसको निकटका जनवर्गीय संगठनहरूले स्वीकार्दै आएका द्वन्दात्मक भौतिकवादी दर्शनले पनि भौतिक वस्तु र घटनाहरूमा मात्र होइन चिन्तन र विचारहरूमा पनि (फरकफरक व्यक्तिहरूमा मात्र होइन एउटैकोमा पनि) अन्तरविरोध रहनसक्छ भन्ने कुरा स्वीकार्दछ। त्यसो भएकोले पार्टी र जनवर्गीय संगठनहरूबीचमा कहिलेकाहीँ देखापर्ने मतविरोधहरूलाई किमार्थ अन्यथा मान्न सकिँदैन ।
- जनवर्गीय संगठनहरूलाई पार्टीको प्रचारक र सहयोगीको रूपमा मात्र बुझ्ने र त्यसैअनुसारको

व्यवहार गर्ने गल्ती कहिले पनि गर्नुहुँदैन। किनकि, जनवर्गीय संगठनहरू पार्टीको प्रचारक र सहयोगीको अतिरिक्त खास क्षेत्रको प्रतिनिधि र नेता पनि हुन्। यसको मतलब, तिनीहरूले पार्टीको प्रचार र सहयोग गर्ने काम बाहेक आफ्नो वर्ग, पेशा, समुदाय आदिका हक, हित, अधिकार आदिका लागि पनि विशेष भूमिका निर्वाह गर्नुपर्छ र अझ भन्ने हो भने उनीहरूको मूल काम नै यही हो र यो कामबाट विमुख हुने वा त्यसलाई वेवास्ता गरेर अघि बढ्ने हो भने अरु काम जति नै गरे पनि जनवर्गीय संगठनहरूले आफ्नो वर्ग, पेशा, समुदाय आदिका मानिसहरूको मन जित्न सक्दैनन्। तिनीहरूका समर्थन, सहयोग र सद्भाव पनि पाइरहन सक्दैनन्। जसले गर्दा जनवर्गीय संगठनहरूको अस्तित्व संकटमा पर्नेछ। तर यो कुरालाई मूलतः पार्टी पंक्तिबाट राम्रोसँग बुझ्ने र आत्मसात गर्ने काम भइरहेको देखिँदैन। पार्टी ठिक भयो भने वा पार्टी सरकारमा पुग्यो भने सब ठीक हुन्छ भन्ने गलत सोचका कारण पार्टी पक्षबाट जनवर्गीय संगठनहरूलाई पार्टीको सहयोगात्मक आन्दोलनको रूपमा मात्र उपयोग गर्न खोज्ने तर वर्गीय, पेशागत र सामुदायिक आन्दोलनको रूपमा विकास गर्न र अघि बढाउन ध्यान नदिने अथवा त्यस दिशामा अघि बढाउन सहयोग नपुऱ्याउने जस्ता कामहरू भइरहेका छन्।

- जनवर्गीय संगठनहरूले कतिपय विषय र घटनाहरूमा पार्टीभन्दा पृथक भएर जाँदा पार्टीलाई अप्ठ्यारो पर्छ कि भन्ने प्रश्न उठ्नसक्छ। तर आम रूपमा त्यस्तो अप्ठ्यारो पर्ने छैन। किनकि, पार्टी सही ठाउँमा भए उसले आफ्नो तर्कहरू र स्पष्टीकरणलाई सार्वजनिक रूपमा राख्ने काम गरेर अझ आफ्नो सहीपनालाई उजागर र पुष्टि गर्ने अवसर पाउँदछ एकातिर भने अर्कोतिर पार्टी गलत ठाउँमा रहेछ भने पनि आफूलाई सच्याएर ठीक ठाउँमा ल्याउने अवसर पाउनेछ।
- हो, अपवादको रूपमा कहिलेकाहीँ पृथक भएर जाँदा अप्ठ्यारो पर्ने अवस्था र विषय पनि हुनसक्छ। त्यस्तो भयो भने जनवर्गीय संगठनहरू पनि जेसुकै होस् भनेर गैरजिम्मेवार ढङ्गले अघि बढ्ने छैनन् र बढ्नु पनि हुँदैन।

**अन्त्यः**

पार्टी र जनवर्गीय संगठनहरूबीचको अन्तरसम्बन्ध सम्बन्धी माथि उल्लेखित विचार जननेता मदन भण्डारीले आफू नेकपा (एमाले)को प्रमुख (महासचिव) भएको बेला राख्नुभएको हो। वहाँको त्यस विचारप्रति त्योबेलादेखि अहिलेसम्म न त नेकपा (एमाले)ले न त नेकपा (एमाले) का कुनै पनि नेताले प्रश्न उठाएको वा अनुचित भनेका छन्। यसको सिधा अर्थ हुन्छ, जननेता मदन भण्डारीको उक्त विचारलाई नेकपा (एमाले)ले स्वीकार गर्दै आइरहेको छ। विडम्वना, जननेता मदन भण्डारीका उक्त विचारअनुसार पार्टी र जनवर्गीय संगठनहरूको अन्तरसम्बन्ध अघिबढ्ने कुरामा करिबकरिब जननेता मदन भण्डारीको पालादेखि नै समस्या देखापर्दै आइरहेको छ।

विगतमा जे जस्तो भएपनि यदि जननेता मदन भण्डारीका विचार अहिले पनि उत्तिकै सही छन् भनेर स्वीकार्ने हो भने कडाइ र इमान्दारिताकासाथ त्यसैअनुसार जनवर्गीय संगठन र पार्टीको अन्तरसम्बन्धलाई अगाडि बढाइनुपर्छ। यसो गरे पार्टी र जनवर्गीय संगठनहरू सबैको हित हुनेछ। यसतर्फ सम्बन्धित सबैको ध्यान जाओस्।

■

# "जवज"प्रति ओठेभक्ति होइन कार्यान्वयन

*क. गोकुल बास्कोटा*
*अध्यक्ष, नेकपा (एमाले), काभ्रे*

सत्र वर्ष भएछ, नेपाली राजनीतिक आकाशबाट हाम्रो एउटा नक्षत्र अनायासै र रहस्यमय ढङ्गले हराएको । एउटा साझा सपनाको अन्त्य, पुरानो पुस्तालाई पत्याउनै गाह्रो, समकालीनहरूले बिर्सनै नसक्ने, अनि नयाँ पुस्ताले समाजिक परिवर्तनका प्रत्येक कालखण्डमा खेजिरहने र तिनीहरूका स्वप्नद्रष्टा जननायक, प्रजातान्त्रिक मूल्यपद्धतिका सगरमाथा अर्थात् जननेता मदन भण्डारी आज नेपालीमाझ छैनन् । परिवारजनको के कुरा गर्नु जवकि सिंगो मुलुक त्यो भद्र, शालीन र दृढ निश्चयी राजनेताको हठात् अवसानमा सत्र वर्षदेखि अभिभावकविहीन छ । शालीन र भद्र व्यक्तित्वले होइन, कलात्मक र लयात्मक भाषणको प्रभाव मात्रले पनि होइन, मानिसहरूका निमेषछलेर बाँडिएका असम्भव सपनाहरूको संयोजनले पनि होइन, सार्थक लोकतन्त्र र सामाजिक आर्थिक परिवर्तनको मूर्त एजेण्डा र त्यसको पूर्णताका लागि वस्तुनिष्ठ योजनाहरूले मदन मुलुकको राजनीतिका अभिभावक थिए र आज सम्झना पनि त्यसैको भइरहेको छ ।



जब हरेक वर्ष जेठ तीन आउँछ, न्यायपूर्ण सामाजिक परिवर्तनको आन्दोलनमाथिको बज्रपात झैं लाग्ने त्यो घटनाले परिवर्तनकामीहरूलाई नराम्ररी झस्काउँछ । असार १४, मदनको पुनर्जन्मको असम्भव सपनाले प्रत्येकलाई टोलाउने बनाउँछ । कस्तो गहिरो छाप ? कति दमदार प्रभाव ? किन मदनको नामको उच्चारणसँगै मानिस उद्वेलित हुन्छ ? शासक कहिल्यै भएनन् मदन । तर मानिसहरू उनको ओजपूर्ण शासनको प्रतीक्षामा रहेझैं लाग्छ आज पनि । सायद यसैले होला १७ वर्ष पछि पनि मानिसहरू उनको पदचापको खोजीमा भौतारिएझैं लाग्छ ।

कला, सहित्य, संस्कृति, राजनीति, अर्थब्यवस्था र समाजविज्ञान सबै क्षेत्रमा उनको योगदान थियो । तर, मलाई लाग्छ नेपाल र नेपालीलाई उनले दिएको एउटै कुरा छ त्यो हो-स्वतन्त्रता, समृद्धिका लागि कोरेको परिवर्तनको गोरेटो, अर्थात् जनताको बहुदलीय जनवाद । राज्यप्रणालीको सर्बस्वीकृत पद्धति लोकतन्त्रलाई सार्थक बनाउन त्यसको समाजिक-आर्थिक चरित्र प्रगतिशील, लोकप्रिय र गतिशील बनाउनु पर्छ भन्ने उनको उसवेलाको उद्घोष आज नेपाली राजनीतिको अकाट्य दिशा बन्न पुगेको छ र जतिसुकै अवरोध भए पनि मुलुक त्यो बाटोमा नगइ सुख्ख छैन भन्ने सत्य स्थापित हुँदैछ । त्यसैले मदन भण्डारी खास वेलाको भीडले प्रदान गरेको समयका नेता थिएनन् । उनीसँग मानव जीवनलाई समृद्ध बनाउने नीति र योजना थियो । बर्गसंघर्षमा हिंसाको अनिवार्यताको नेपाली कम्युनिस्ट आन्दोलनमा गढेर बसेको चिन्तनलाई उनले अर्कै दिशा दिएका थिए र त्यसको वस्तुनिष्ठ विकल्प पनि प्रस्तुत गरेका थिए । जहाँ नेपाली समाजको यथार्थताको उद्बोधन र सम्बोधन एकैसाथ भएको थियो र छ ।

मदन भण्डारीलाई जुन समयको समाजले देख्यो, उनलाई आफ्ना अन्तर्मनका प्रतिक्रियाहरू सम्बोधन गर्ने भाषणवाजका रूपमा मात्रै पनि चित्रित गरेको आज देख्न सकिन्छ । तर, मदनका भाषण उग्रविरोध ओकलेर भीडको सपनालाई आफ्नो

सफलताको हतियार बनाउने हुँदैनथे। समकालीन अवस्था दर्शाउँथे, त्यसलाई सभावाट अनुमोदन गराउँथे, निश्कर्षमा विकल्पसहित दिएर भविष्यमा हुनसक्ने कुराहरू पनि वताइदिन्थे। वक्तृत्वको क्षेत्रमा उनको यो नयाँ प्रयोग मात्र थियो। तर, मदनको पहिचान भाषणमा मात्र बुझ्रेर हुने भए पनि उनले नेपाली राजनीतिलाई दिएको योगदान भाषण हुँदै होइन मौलिक विचार हो। त्यसैले मदन भण्डारीलाई कुनै एउटा क्षेत्रमा सीमित गर्नु अन्याय हुन्छ। त्यसका लागि उनको बहुआयामिक नेतृत्वका केस्राहरू केलाउने कार्य हुनु आवश्यक छ। यसले नै उनलाई भावी पुस्तासँग अझ धेरै साक्षात्कार गराउन सकिन्छ।

मदन भण्डारीसँग मैले दुईपल्ट आफ्ना कलिला हात मिलाउने मौका पाएको थिएँ सिकारु पत्रकार हुँदै गर्दा बागबजारमा दृष्टि साप्ताहिकको कार्यालयमा र एमालेको समर्पित कार्यकर्ता हुँदै गर्दा बनेपामा आयोजित एउटा आमसभामा। त्यसवेला परिचय र सन्चो बिसन्चोबाहेक अरु कुरा त केही भएन तर, म आफैं पुलकित भएको थिएँ र मेरो युवा छाती गर्वले फुलेको थियो। आजसम्मको मेरो जीवनमा मर्माहत विषय पनि मदनकै विषयमा भएको थियो। उनको दुःखद देहावसानको मुख्य समाचार मैले हात कपाउँदै र आँसु चुहाउदै प्रकाश साप्ताहिकमा लेख्नु पर्दा। अहिले पलपल गर्दै वर्षहरू विते, दशक वित्यो तर, मैले आम जनताले आँखा चिम्लेर घप्लक्कै विश्वास सुम्पिएको मदनबाहेक अर्को नेता देख्न पाएको छैन। म कल्पना गर्छु मदन भण्डारीको सामीप्यतामा हुर्केबढेका केही त्यस्ता नेता युगले फेरि जन्माइदिए हुन्थ्यो। जसप्रति सबै नेपालीले पुरै विश्वास गर्न सकून्। मदनको आगमनमा पूरै नेपाल आशावादी भएर हाँसेको थियो र उनको अवसानमा सिंगो देश रोएको थियो। तर, यो कुरा नै मदन भण्डारीको जिवन्तताको आधार होइन। उनीप्रति धेरै धेरै नेपालीजस्तै मेरो पनि अगाध आस्था र विश्वास थियो। त्यसैले उनको वारेमा लेख्दा अल्मलिइन्छ पनि, के लेख्ने ? मदन भण्डारीको समग्र जीवनवारे धेरै खोजी हुन जरुरी छ।

उनका रचनाको संरक्षण, विस्तार हुन आवश्यक छ। उनका विचारको प्रस्तुति सहज रूपमा उपलब्ध गराउने काम किन हुन सकेको छैन ? म सोध्ने गर्छु यो काम कसले गर्नु पर्ने हो ? एमालेले ? अहँ होइन। मदन भण्डारी नेपालका निधि हुन् उनको बारेमा जान्न चाहनेका लागि संग्रहालय नै बनाउनु पर्छ। सरकारले नै यस्तो काममा हात हाल्नु पर्छ। तर, त्यो काम आजसम्म हुन नसक्नु दुःखद हो।

आज नेपालमा जुन परिवर्तन भएको छ त्यो परिवर्तनको मूर्त जग जनताको बहुदलीय जनवादमार्फत् मदन भण्डारीले नै राख्नु भएको थियो। र, यतिवेला नेपाली समाज जवजकै राजमार्गमा हिँड्न खोज्दै छ। जबजको नामसँग जसको जतिसुकै दुश्मनी होस् त्यसलाई आफूले बाँडेको फोस्रा सपनाहरूको आत्मदाहवाट बचाउन जवजले दिएको राजनीतिक बाटो नहिँडी तिनीहरूलाई सुख छैन। विधिवत् घोषणाहरूद्वारा जवजको अस्वीकार र भर्त्सना उनीहरूवाट नित्य भइरहोस्। धेरै भर्त्सना र धेरै जवजको आत्मालाई स्वीकार गर्नु पर्ने वाध्यतावाट उनीहरू गुज्रिने निश्चित छ। फगत यत्ति हो अवको पुस्ताको सक्रिय मनमस्तिष्कले विवेक र चेतनाको प्रयोग गर्ने अवसर मात्र पाए हुन्छ। स्वतन्त्र मस्तिष्कले सत्यावरण गर्ने अवसर पाउने हो भने नेपाली राजनीतिले पाउने राजमार्ग जवज नै हो। अहिले अनुयायीहरूले धैर्यतापूर्वक यसलाई अघि बढाउन मात्र सक्नुपर्छ। त्यसैले मदनका विचारको ठोस कार्यान्वयन अवको खाँचो हो। तसर्थ योजनासाथ मदन भण्डारीका अनुयायीहरूले यस दिशामा कार्यारम्भ गरुन् भन्ने आशा म गर्न सक्छु। हरेक वर्ष मदन जयन्ती मनाएर मात्र पुग्दैन उनका सबै योगदानलाई हाम्रो राष्ट्रको परिवर्तनको केन्द्रबिन्दु बनाउनु पर्छ। यसरी नै मदन भण्डारीप्रति जीवन्त श्रद्धा कायम रहन्छ।

■

डायरी संस्मरण

# 'नेता त नेता, मदन भण्डारी पो नेता'

*प्रा. डा. गणेशमान गुरुङ*

मेरो डायरी सम्झाउँछ- २०४७ वैशाख १६ गते काठमाडौंको विशाल टुँडिखेलमा मानिसहरूको अत्यन्त ठूलो भीडले साँघुरिएको दिन। त्यही विशाल आमसभामा कमरेड मदन भण्डारीको जोशिलो र पेचिलो भाषणबाट मानिसहरू मुग्ध थिए, नतमस्तक थिए। बीचबीचमा तालीको गड्गडाहट्ले एकढङ्गको रौनक ल्याएको देखिन्थ्यो। गोधूलीले विस्तारै आफ्नो ठाउँ लिँदै थियो। आमसभाका सहभागीहरू अचल भएर बसिराखेका थिए। म मानिसहरूको अनुहार हेर्दै र प्रतिक्रिया बुझ्दैबुझ्दै रत्नपार्कभित्रको बगैंचाछेउ ठेलमठेल गर्दै थिएँ। साँच्ची नै इन्द्रचोकभित्रको एक परिचित साहूजी एक्लै बोलेर स्वाद लिइरहेको देखेर सोधें-"घत पर्‍यो नेताजीको भाषण सुनेर ?" एकोहोरो अरूले सुनून्-नसुनून् उनी बोल्दै थिए- "नेता त नेता यस्तो पो नेता अरू के नेता ?" उनी साँच्ची नै जोशिएका थिए, रौसिएका थिए र हौसिएका थिए। मसँग बोल्नुभन्दा पनि उनी भाषण सुन्नमा नै तल्लीन भएकाले अरू गफ गर्न सकिनँ-रोकें, यताउता दृष्टि पुऱ्याएँ, प्रायः दर्शकहरू सबै एकमनले भाषण सुनिरहेका थिए। भाषणमा प्रयोग गरिएका घतलाग्दा शब्दहरूबाट श्रोताहरूले आनन्द लिइरहेको देख्न पाइन्थ्यो। यसरी मदन भण्डारी त्यहाँ भएका दर्शकहरूको हृदयमा प्रवेश गरिसकेका थिए। उनले राम्ररी बुझेका थिए- राजनीति श्रीमती, भाइ, छोराछोरी र भाञ्जाभाञ्जीका लागि होइन, जनताका लागि हो, दुःखीपीडित र शोषित वर्गका लागि हो र राष्ट्रियताका लागि हो। वास्तवमा क. मदन भण्डारी क्याम्ब्रिज र हर्वड विश्वविद्यालयका विद्यार्थी थिएनन्। उनी त थिए- ताप्लेजुङ्ग ढुङ्गेसाँघु गा.वि.स.स्थित एउटा साधारण विद्यालय ठोट्ने प्राथमिक विद्यालय, त्यसपछि तेम्बे नि.मा.वि. र क्रमशः बालसुवोधिनी मा.वि. हुँदै राजनीतिक थलो बाराणसीका विद्यार्थी। तर परिश्रम, अनुशासन, लगनशीलता र स्वअध्ययनका कारणले सानै उमेरमा आफ्नै मुलुकमा मात्र नभै अन्तर्राष्ट्रिय जगत्मा समेत एउटा प्रतिभाशाली राजनीतिक व्यक्तित्वका रूपमा उदयीमान तारा थिए। त्यहीताका सुनेको थिएँ- भारतको कलकत्तामा 'समकालीन विश्वपरिस्थिति र मार्क्सवादको सार्थकता' विषयक गोष्ठीमा उनीबाट भएको प्रस्तुतिले गोष्ठीभित्र नै एउटा तहल्का मच्चिएको थियो रे। उनलाई थाह थियो - सोभियत सङ्घ र पूर्वी युरोपका घटनाबाट पश्चिमी पूँजीवादी शक्तिहरू हौसिएका तर एकाध मुलुकमा घटेका घटना र समाजवादी व्यवस्थामा आएगरेका कमीकमजोरीबाट नै मार्क्सवादी दर्शन मर्दैन भन्ने कुरामा उनी सुरुदेखि ढुक्क देखिन्थे। यसरी अन्तर्राष्ट्रिय राजनीतिभित्र आफ्नो महत्त्वपूर्ण छवि बनाउन सफल ती अद्भूत युवा व्यक्तित्व , यहाँका दुखीगरिब, शोषितपीडितहरूलाई पीडा र शोषणबाट मुक्ति दिलाउन नपाउँदै कलिलो उमेरमा नै नेपाली नक्षत्रबाट एकाएक अस्ताए। यो नेकपा (एमाले) को मात्र क्षति नभई सम्पूर्ण नेपालीका लागि क्षति थियो र दुःख थियो तापनि उनको सैद्धान्तिक अवधारणा 'जनताको बहुदलीय जनवाद' (जबज) नेकपा (एमाले) लाई मात्र नभइ नेपालका वामपन्थी राजनीतिक पार्टीहरूका लागि एउटा मूल दर्शन बन्नपुगेको छ। घुमिफिरी रुम्जाटार भनेझैं दशबर्षे सशस्त्र



सङ्घर्षपश्चात् एनेकपा माओवादी पार्टी विस्तारै जबजकै सैद्धान्तिक परिधिभित्र आइसकेकोछ- नौलो जनवादको नारा दिऊन् वा जनतन्त्रको नारा दिऊन् जे नारा दिए पनि जबजबाट प्रतिपादित यस जबज सिद्धान्त आफैंमा व्यावहारिक र वैज्ञानिक भएको कुरा महसुस गरेर नै नेकपा (एमाले) को बुटवल महाधिवेशन २०६६ ले समेत एकस्वरले सर्वसम्मत ढङ्गले अनुमोदन गरिसकेको छ।

२०४६ को जनआन्दोलनपश्चात् मुलुकले काँचुली फेरेको सन्दर्भमा आएको नयाँ संविधानबाट नेपाली जनता खुसी थिए होलान् तापनि क. मदन भण्डारीको दृष्टिकोणमा उक्त संविधान अधुरो, अपुरो र अनुदार भएकाले अनुर्वर महसुस गर्दै आफ्ना अभिव्यक्तिहरू, सुझावहरू दिएको हेक्का कतिले राखेका छन्। तर मलाई सम्झना छ- उनका अभिव्यक्तिहरू लोकतन्त्र र गणतन्त्रको पक्षमा थिए, त्यति मात्र होइन यहाँका महिला, आदिवासी, जनजाति र दलितमाथिका विभेदका विरुद्धमा थिए, दुःखीगरिब र शोषित पीडित वर्गको हितमा थिए भने उनले त्यतिबेलै अर्को जन-आन्दोलनको आवश्यकताको पक्षमा सङ्केत गरेको महसुस हुन्छ।

क. मदन भण्डारीले बहुजाति, बहुसंस्कृति एवम् बहुधर्मी मुलुक नेपाललाई हिन्दूअधिराज्य र हिन्दू धर्मावलम्बी भएको राजतन्त्रको हितमा/पक्षमा निर्मित संवैधानिक प्रावधानसँग मतान्तर राखेकाले नै यहाँका विविध धर्मावलम्वी समुदायहरूले उनलाई अर्कै रूपमा हेर्थे। उनी प्रजातन्त्र, समानता र न्यायका पक्षपाती र अन्याय-अत्याचार र विभेदपूर्ण नीतिका विरोधी थिए। उदाहरणका लागि संविधान निर्माताहरूले नेपाली भाषालाई राष्ट्रभाषा भनी त्यसबेलाको संविधानमा उल्लेख गर्न लाग्दा क. मदन भण्डारीले समर्थन दिन सकेनन्। यसबाट भन्न सकिन्छ नेपाल बहुभाषी मुलुक हो, यहाँका सम्पूर्ण जातजातिका भाषा राष्ट्रका सम्पत्ति भएकाले समान रूपले सबै भाषाको संरक्षण र सम्बर्द्धन एवम् विकास हुनुपर्छ भन्ने कुरामा उनी स्पष्ट थिए। भोलि उठ्न सक्ने मुद्दाका बारे उनलाई पहिले नै जानकारी हुन्थ्यो। उदाहरणका लागि दोस्रो जनआन्दोलन राजतन्त्रको अन्त्य र गणतन्त्रको चाहनामा आधारित थियो। क. मदन भण्डारीले २०४७ को संविधानमा नै श्री ५ को सरकारका सट्टा **'नेपाल सरकार'**, शाही नेपाली सेनाको सट्टा **'नेपाली सेना'** लेखिनुपर्ने दावा गरिसकेका थिए। यस्तै राजा र राजपरिवारका सदस्यहरूलाई आमनागरिक सरह कर तिर्न लगाउने, संविधानको संरक्षकका रूपमा श्री ५ को सट्टा जनतालाई राख्ने र **जनतालाई सार्वभौम** बनाउने उनको स्पष्ट चाहना भएको देखिन्थ्यो।

उनी गणतन्त्रवादी थिए। वि.सं. २०४६ को जन-आन्दोलनको सहयात्री नेपाली काङ्ग्रेसका कारणले पनि राजासँग सम्झौता गर्नु उनको बाध्यता थियो। क. मदन भण्डारीका सुझाव लागू हुन नसक्दाको परिणाम २०४७ को संविधानलाई नेकपा (एमाले) का तर्फबाट **आलोचनात्मक समर्थन** मात्र भएबाट नै पुष्टि हुन्छ। अतः २०६२/२०६३ को दोस्रो जन-आन्दोलनले गणतन्त्र ल्यायो भन्नुसट्टा गणतन्त्रको बीउ क. मदन भण्डारीले रोपिसकेको सन्दर्भमा १२ वर्षपछि मात्र फल प्राप्त भएको भन्नु उपयुक्त हुन्छ। यसरी यहाँ विविध जातजाति र त्यसैअनुसार भाषा, संस्कृति र धर्मलाई सम्बोधन गर्न सक्ने, विभेदपूर्ण नीतिको विरुद्धमा लड्न सक्ने, मजदुर, किसान, श्रमजीवी जनताको हित र सबैलाई चित्त बुझाउन सक्षम नेताका रूपमा उनलाई चित्रण गर्न लाग्दा भन्न मन लाग्छ- क. मदन भण्डारी राष्ट्रिय एकता र अखण्डताको निरन्तरताका लागि चिन्तित महान् नेता थिए।

फेरि एकपटक मेरो डायरीले सम्झाउँछ- जुन बेला म समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागमा अध्यापन कार्यमा थिएँ। मेरो त्यसबेलाका विद्यार्थी डा. विश्वकल्याण पराजुलीको सल्लाहमा म कमरेड मदन भण्डारीको भ्रमणको सन्दर्भमा उनको स्वागतमा पोखरा पुगें। यसभन्दा अगाडि पूर्वप्रधानमन्त्री क.मनमोहन अधिकारी र क. मदन भण्डारीसँग भेटघाटका लागि बागबजार पुगेको सम्झना ताजै छ। नेकपा (एमाले) कास्कीको जिल्ला अधिवेशनका सन्दर्भमा २०५०/०२/०२ मा ओयोजित उद्घाटन

शत्रको विशाल सभामा वहाँसँगै बसेर मैले पनि बोल्न पाएको थिएँ। यी महान् नेतासँग भेट्ने सौभाग्य सम्भनामात्र बन्न पुगेको छ। अतः उनको सैद्धान्तिक अवधारणा **जबज**लाई मार्गदर्शनका रूपमा लिएर नेकपा एमालेको केन्द्रीय नेतृत्व र कार्यकर्ता निःस्वार्थ ढङ्गले जनताबीच पुग्ने हो भने नेपाल र नेपालीका लागि थुप्रै काम गर्न सकिने निश्चित छ। यसैबाट उनीप्रति सच्चा श्रद्धान्जली हुने छ। कानुनी राज्य, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा जस्ता आधारभूत राजनीतिक विशेषताहरू बोकेको **जबज** आफैमा एउटा दर्शन बन्नपुगेको सन्दर्भमा यसको अपव्याख्या कसैबाट गरिनुहुँदैन। किनभने **जबज**ले सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादी सत्ताबाट हुने शोषण र उत्पीडन समाप्त पार्दै मजदुर, किसान, श्रमजीवी जनताको हित र सामन्तवाद तथा साम्राज्यवाद विरोधी शक्तिहरूको सरकार स्थापनाबाट मुलुकमा सुख, शान्ति, अमनचयन कायम र देश विकास हुने कुरासमेत अंगालेको छ। जननेता मदन भण्डारीप्रति श्रद्धासुमनसहित लालसलाम !

■

# आस्थाको एउटा मान्छेको सम्झनामा

*देवप्रकाश त्रिपाठी*
*वरिष्ठ पत्रकार*

सामान्यतया राजनीतिकर्मीहरू पदप्राप्तिलाई आफ्नो सफलता ठान्दछन् । साधारण राजनीतिकर्मिका विचारमा जति ठूलो पद प्राप्त हुन्छ सफलताको साइज पनि सोही बमोजिम ठूलो मानिन्छ । तर वृहत अर्थमा पद प्राप्ति राजनीतिको सफलता या असफलता मापन गर्ने विधि या आधार होइन । देश या समाजलाई समयोचित मार्गदर्शन गर्न सक्ने दुरदर्शि एवं इमान्दार व्यक्ति जो सामाजिक उन्नतिका लागि क्रियाशील रहन्छन् ती व्यक्ति सफल राजनीतिज्ञ मानिन्छन्, जस्तो कि मदन भण्डारी ।

मदन भण्डारी तत्कालिन नेपालको राजनीतिमा उग्र चिन्तनधारामा समाहित त्यस्ता व्यक्ति हुन् जसले समयानुकूल आफूलाई मात्र बदलेनन् लाखौं समर्थक एवं शुभेच्छुकहरूलाई नयाँ विचार मार्ग दिए र शान्तिपूर्ण ढंगले क्रान्तिकारी परिवर्तन गर्न सकिन्छ भनी दिशाबोध गराए । उहाँका बारेमा मैले पहिलो पटक २०४१ सालमा सुनेको भएपनि भेटवार्ता गर्ने अवसर चाहिं ०४७ सालको प्रारम्भतिर मात्र मिलेको हो । भण्डारी तत्कालिक नेकपा (माले) पार्टीको महामन्त्री हुनुहुन्थ्यो, तर ०४६ को परिवर्तन लगत्तै खुला राजनीतिमा आउँदा उहाँलाई नेकपा (माले) को प्रवक्ताका रूपमा अगाडि ल्याइएको थियो । ०४७ सालको शुरुमा उहाँले बागबजार स्थित नेकपा (माले) केन्द्रिय कार्यालयको उद्घाटन गर्दै आफ्नो मन्तव्य प्रकट गर्नुहुँदा म त्यस समारोहमा श्रोताको रूपमा थिएँ । राजधानीमा पहिलो भाषण थियो त्यो मदन भण्डारीको, तर पहिलो भाषण नै यति ओभिलो थियो कि 'यि मानिस सामान्य होइनन्' भन्ने निष्कर्ष उक्त समारोहका सहभागिहरूले तत्काल निकालेका थिए । त्यपछिका दिनमा मदनसँग मेरो भेट निरन्तरजस्तै हुन थालेको थियो । बागबजार स्थित मालेको केन्द्रिय कार्यालयमा सैद्धान्तिक एवं वैचारिक बहसका लागि पनि मलाई मदनले लामो समय दिनु भएको छ । कम्युनिष्ट आन्दोलप्रति मेरा तीन दर्शन प्रश्नहरूको जवाफ दिइरहनु हुँदा मैले मनमनै उहाँलाई अन्य कम्यूनिष्ट नेताहरूसँग तुलना गरेको थिएँ । मदनको अध्ययन, ज्ञानको गहिराई र तर्क क्षमता नाम चलेका अन्य कम्यूनिष्ट नेताहरू भन्दा धेरै माथिल्लो तहको रहेको महसूस त्यसबेला मैले गरेको थिएँ । म कम्यूनिष्ट आन्दोलनबाट बाहिरिएको मानिस, मैले आफूलाई प्रजातान्त्रिक आन्दोलनमा एकाकार तुल्याइसकेको थिएँ । प्रजातन्त्रवाद साम्यवादी समाजबाद भन्दा अनेकौं अर्थमा सही भएको निष्कर्ष मेरो थियो । म मेरो विचार अनुरूपको दल खोज्दैथिएँ त्यसताक र, कांग्रेस बाहेक अर्को कुनै पार्टी हुनसक्ला प्रजातन्त्रवादलाई आत्मसात गर्ने भन्ने मेरो खोजियात्रामा विभिन्न नेताहरूसँग बहस र छलफल भएको थियो । मदन भण्डारीसँग पनि मेरो भेट त्यसै सन्दर्भमा भएको हो । मैले उहाँलाई एक विचारक, उदार प्रजातन्त्रवादका समर्थक, इमान्दार, क्षमतावान र वौद्धिक एवं प्रतिबद्ध नेताका रूपमा पाएँ । उहाँमा सशस्त्र या हिंसात्मक क्रान्तिको भ्रान्ति थिएन । समाजलाई विथोल्ने, अस्तव्यस्त बनाउने, भाँडभैलो मच्चाउने र धमिलो पानीमा माछा मार्ने अराजकताबादी चिन्तनको लेस मात्र पनि उहाँमा भेटिएन । मानिसलाई बाहुबल होइन अकाट्य तर्कबल कै आधारमा शान्तिपूर्ण ढंगले परिवर्तनका पक्षमा परिचालन गर्न सकिन्छ भन्ने आत्मविश्वास मदनमा थियो । अभिव्यक्तिको जादुई शक्ति उहाँमा थियो र आफ्नो त्यहि शक्तिका आधारमा उहाँ कृष्णप्रसाद भट्टराईजस्ता महान नेतालाई संसदीय निर्वाचनमा पराजित गर्न समर्थ हुनु भएको हो । अद्भूत अभिव्यक्ति क्षमताका कारण हजारौं युवालाई आफूले

निर्दिष्ट गरेको दिशामा परिचालन गर्नसक्ने सामर्थ्य मदनले दर्शाउनु भएको थियो । म महिलेकाहिं अखवारमा तत्कालिक मालेको नीति, विचार, कार्यक्रम तथा नेताहरूको बारेमा आलोचनात्मक लेख या टिप्पणी लेख्ने गर्दथें । मदन भण्डारीसँग कतै भेट हुँदा उहाँ खुशी हुनुहुन्थ्यो र 'के छ आलोचना गरेर सहयोग पुऱ्याउने मित्र' भन्दै हात मिलाउने गर्नु हुन्थ्यो । उहाँको त्यस्तो व्यवहारले मलाई लेख्ने बेलामा सचेत र गम्भीर हुन सहयोग पुऱ्याउँथ्यो ।

कतिपय मानिसहरूले अचेल एनेकपा ( माओबादी) का अध्यक्ष प्रचण्डसँग मदन भण्डारीको तुलना गर्ने गरेको सुन्छु म । मलाई त्यसरी भण्डारीसँग प्रचण्डको तुलना गरिएको स्वभाविक र जायज लाख्दैन । बरु प्रचण्डसँग तुलना गरेर भण्डारीको कद घटाउन खोजिएको महसूस गर्छु म । मदन, जसले कहिल्यै हिंसात्मक क्रियाकलापलाई प्रोत्साहन गर्नु भएन, राजनीतिलाई आपराधिकरण गर्ने हरेक विषय सन्दर्भलाई उहाँले सँधै अस्विकार गर्नुभयो र राजनीतिक शुद्धिकरणमा केन्द्रित रहनु भयो, सामाजिक सद्भाव विथोल्ने, जातिय एवं क्षेत्रिय भावना भड्काउने र देशको सार्वभौमिक एकता र अखण्डतालाई क्षति पुऱ्याउने प्रकारका कुनै पनि कार्य-व्यवहार मदनले गर्नु भएन, राष्ट्रियता र राष्ट्रिय एकतामा धक्का पुगने, समाजलाई गिजोल्ने र आफ्नो स्वार्थ शिद्धि गर्ने कार्य उहाँले कहिल्यै गर्नु भएन, राज्यलाई कमजोर तुल्याउने या राज्यको श्रोत र साधनमा बम्हलुट गर्ने तथा लडाकुहरू पालेर जनतालाई तर्साउने र सताउने कार्य पनि मदनले गर्नु भएन, प्रजातन्त्रको विकल्प खोज्ने या उच्च पदका लागि आफैलाई मात्र योग्य ठान्ने कमजोरी पनि मदनमा देखिन, माफी माग्दै गल्ति दोहोऱ्याइरहने, कपट रच्ने र बोलि फरिरहने जस्तो तुच्छ व्यवहार पनि उहाँले कहिल्यै दर्शाउनु भएन ।

मदनको अभिव्यक्ति र व्यवहार सँधै शालिन, भद्र, उदार र विश्वसनीय रहेको महसूस मैले गरें । त्यस्ता मदनसँग प्रचण्डको तुलना गर्दा मदनको उचाई घटाउन खोजेको हो या बढाउन भन्ने बारेमा गम्भीरतापूर्वक ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । एकपटक मैले सुनें– 'मदनजीलाई विस्थापित गरेर माधव नेपाल महासचिव बन्न प्रयास गर्दै हुनुहुन्छ' भन्ने । यस सम्बनधमा मदनजीको प्रतिक्रिया जान्ने इच्छा भएर मैले उहाँलाई फोन गरें, घटना शायद २०४९ सालको प्रारम्भ तिरकै हो । जवाफमा उहाँले भन्नुभयो– 'देव जी, माधव नेपालजीको हाम्रो पार्टीमा धरै ठूलो योगदान छ, म मात्र होइन हाम्रो पार्टीका सबैले उहाँको उच्च आदर-सम्मान गर्दछन् । यदि उहाँ महासचिव बन्न चाहनुहुन्छ भने हामी उहाँलाई सर्वसम्मत ढंगले उक्त जिम्मेवारी सुम्पन तयार छौं । यो कुनै विवाद र बहसको विषय बन्ने छैन ।' मदनको यस्तो अभिव्यक्तिले म तयसबेला चकित परेको थिएँ र मेरो उहाँप्रतिको सम्मान थप हुन पुगेको थियो । अहिल प्रचण्डले बाबुराम भट्टराईमाथि गरेको व्यवहार हेर्छु, अनि लाग्छ– 'किन तुलना गरिरहनु प्रचण्डसँग मदन भण्डारीको?'

कसैको पनि निधनमा अपूरणीय क्षति ठान्नु, लेखनु या देख्नु पर्विय परम्पराको एउटा विशेषता हो, एउटा औपचारिकता हो । बामपंथी अतिवाद र अराजकताबादको बढी उर्लिरहेको यो विष्मयकारी समयमा मदन भण्डारीको अभाव मनै पटक्क खानेपानी खट्एिको छ । मदन भइदिन पटक्क खानेगारी खदिएको छ । मदन भइदिनु भएको भए देशको यस्ता दुर्गति हुने थिएन कि भन्ने अभेद्य प्रश्नले मलाई सँधै चिमोटिरहन्छ ।

■

# क. मदन भण्डारी र कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण

*क. रमेश सिलवाल*
*अध्यक्ष, मदन भण्डारी स्पोर्टस एकेडेमी*

नेपालको विकट पहाडी जिल्ला ताप्लेजुङ्गको ढुंगेसाँघुमा २००९ सालमा जन्मेर २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा रहस्यमय जीप दुर्घटनामा परी क. मदन भण्डारीले मृत्युवरण गर्न पुग्नुभयो। २०४६ सालको जनआन्दोलनपछि २०४७ सालको संविधानको घोषणा क्रममा ३८ वर्षको युवा उमेरमा आमनेपाली जनतासमक्ष खुला रूपमा देखा पर्नुभएका मदन भण्डारीले करिब अढाई वर्षको छोटो अवधिमा नै नेपाली जनताको हृदय जित्न सफल हुनुभयो। आमनेपाली जनताको मन र मस्तिष्कमा बस्न सफल हुनुभयो। राष्ट्रव्यापी सर्वेक्षणमा कैयन घगडान् व्यक्तित्वहरूलाई पछाडि पार्दै **बीसौं शताब्दीको शिखर व्यक्तित्व** चयन हुन सफल हुनुभयो। आखिर क. मदन भण्डारी यत्तिको लोकप्रिय किन हुन पुग्नु भयो त ? नेपाली जनताले उहाँप्रति यति ठूलो माया, श्रद्धा र सम्मान किन दिन पुगे ? यो यक्ष प्रश्नको उत्तर खोज्न जरुरी छ।



नेपालमा मात्र होइन, सामान्यतया विश्वव्यापी रूपमा मूल्यांकन गर्दा लोकप्रियताको हिसाबले खेलाडी, कलाकार, साहित्यकार, धार्मिक व्यक्तित्व, दार्शनिक व्यक्तित्व, क्रान्तिनायक वा शासकीय पदको उच्च ओहदामा आसिन भई इमान्दारीतापूर्वक राष्ट्र हाँक्ने वा अन्तर्राष्ट्रिय रूपमा आफ्नो कर्मबाट पुरुषार्थ देखाउने व्यक्तित्वहरूलाई प्राप्त हुन्छ। मदन भण्डारीले माथि उल्लेखित कुनै पनि विषयमा सर्वोत्कृष्टता हासिल गरेको नदेखिए पनि उहाँ किन यति लोकप्रिय बन्नुभयो, उहाँको चामत्कारिक व्यक्तित्वमा के त्यस्तो सम्मोहन कला थियो, जसले आम नेपाली जनतामाझ उहाँ चिरस्मरणीय व्यक्तित्व बन्न पुग्नुभयो ? त्यस बारेमा आवश्यक अनुसन्धान र छलफल गर्न वाञ्छनीय छ।

क. मदन भण्डारीको लोकप्रियताको बारेमा चर्चा गर्दा कतिपय व्यक्तित्वहरू उहाँको चामत्कारिक व्यक्तित्वले गर्दा हो भन्ने ठान्दछन् भने कतिपय व्यक्तिहरू उहाँको जादूमय भाषणकला र जनतालाई मन्त्रमुग्ध पार्ने भाषण शैलीलाई महत्त्व दिन्छन्। उहाँको तिक्ष्ण ढङ्गको राजनैतिक एवं वैचारिक विश्लेषण गर्ने क्षमता र नवीन विचारका सर्जक एवं पारित विचारको कार्यान्वयन गर्ने क्षमतालाई महत्त्व दिन्छन्। उहाँको सिङ्गो नेतृत्व पंक्तिलाई समेट्न सक्ने र एकताबद्ध ढंगले पार्टी हाँक्ने क्षमता, सुदृढ संगठन निर्माण तथा परिचालन गर्ने खूबी र कार्यकर्ता पंक्तिको उहाँप्रतिको आस्था एवं विश्वासकै कारणले उहाँ पत्यारिलो नेता बन्न सफल हुनुभयो भन्नेहरूको जमात पनि ठूलै छ। उहाँको सादा जीवन, उच्च विचार र पदलाई हैसियतको रूपमा भजाउने भन्दा जनताको सेवा गर्ने अवसरको रूपमा लिने प्रवृत्तिले गर्दा नै मदन भण्डारी जननेता बन्न पुग्नुभएको हो र लोकप्रियताको शिखरमा आसिन बन्न सक्नुभएको हो भन्ने आममानिसको विश्लेषण छ।

जनता र विश्लेषकहरूको माथि उल्लेखित भनाइप्रति मेरो विमति छैन। मेरो विचारमा भन्ने हो भने नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक गर्ने अभियानमा उहाँको ठूलो योगदान रहिआएको छ। कम्युनिस्ट पार्टीलाई सर्वहारा वर्गको

अधिनायकत्वको नाउँमा तानाशाहीकरण वा एक दलीय अधिकारवाद वा अधिनायकवादबाट मुक्त हुनुपर्दछ र पार्टीभित्र र पार्टी बाहिर पनि पूर्ण लोकतन्त्रको आधारमा संचालित हुनुपर्दछ। कम्युनिस्ट पार्टी जनअनुमोदित हुनुपर्दछ। कम्युनिस्ट पार्टी र त्यसका नेताहरू जनतासमक्ष जानुपर्दछ। जनताको हृदय जित्दै जनताबाट खुल्ला प्रतिस्पर्धामा अब्बल निस्कँदै चुनिनु पर्दछ। उहाँले नेपाली समाजमा रहेको बहुलवादलाई स्वीकार्दै बहुदलीय शासन पद्धति र बहुदलीयता नेपाली कम्युनिस्ट आन्दोलनलाई स्वीकार्य बनाउनुभयो। कम्युनिस्ट पार्टीले जनपार्टी (मास पार्टी) होइन, जनआधारित कार्यकर्ता पार्टी (मास वेस्ड क्याडर पार्टी) बनाउनु पर्छ भन्ने उहाँको विचार थियो। यसरी क. मदन भण्डारीले सशस्त्र संघर्षबाट मात्रै राज्यसत्ता कब्जा गर्न सकिन्छ भन्ने धारणालाई बदल्दै शान्तिपूर्ण कार्यक्रमले जनसंघर्षको माध्यमद्वारा जनपरिचालन गरिएमा पार्टी र आन्दोलन मजवूत हुन्छ भन्ने विचार प्रस्तुत गर्न सक्षम हुनुभयो। सशस्त्र संघर्षविना केही गर्न सकिन्न भन्ने विचार बोकेको कम्युनिस्ट आन्दोलनलाई शान्तिपूर्ण राजनैतिक प्रतिस्पर्धामा ल्याई हिंसात्मक बाटोलाई तिलाञ्जलि दिँदै शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धाको धार समाउन पुग्नुभयो। यो सोचले नेपाली कम्युनिस्ट आन्दोलनलाई मात्र प्रभाव नपारी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाईसमेत प्रभावित पार्न सक्षम भयो।

नेपालमा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो। नेपाली कम्युनिस्ट आन्दोलन क्रान्तिको मौलिक कार्यक्रम तय गर्नमा भन्दा चिनियाँ क्रान्ति र रुसी क्रान्तिबाट बेसी प्रभावित भयो। फलस्वरूप कतिपय सिद्धान्तहरूको त्यहाँबाट अन्धानुकरण गर्दै हुबहु नक्कलसमेत गर्न पुगियो भने रुसी र चिनियाँ कम्युनिस्ट पार्टीप्रतिको आग्रह वा पूर्वाग्रहले गर्दा नेपाली कम्युनिस्ट आन्दोलन पनि विभाजित हुन पुग्यो। यो परिवेशमा नेपाली क्रान्तिको मौलिक विशेषतासहितको मोडेल 'जनताको बहुदलीय जनवाद' प्रस्तुत गर्न क. मदन भण्डारी सफल हुनुभयो। ने.क.पा. (एमाले)को पाँचौं राष्ट्रिय महाधिवेशनले जननेता क. मदन भण्डारीद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद' लाई नेपाली क्रान्तिको कार्यक्रमको रूपमा पारित गऱ्यो र छैठौं राष्ट्रिय महाधिवेशनले त्यसलाई 'क्रान्तिको सिद्धान्त' को रूपमा आत्मसात गऱ्यो।

क. मदन भण्डारीले 'जवज' को कार्यक्रमलाई १४ वटा बुँदामा परिभाषित गर्न पुग्नुभयो। संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्तिपृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष, कानूनी शासन, जनताको जनवादी व्यवस्थाको सुदृढीकरण, विदेशी पूँजी र प्रविधि, नेतृत्व र अधिनायकत्व, जनताको बहुदलीय जनवाद, क्रान्तिका शत्रु र मित्रहरू क्रान्तिका बाटा हुन्। 'जवज' नेपाली क्रान्तिको मौलिक विशिष्टतामा आधारित भई निर्देशित गर्ने सिद्धान्त र कार्यदिशा पनि हो। 'जवज' मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई नेपाली धरतीमा रूपान्तरण गर्ने व्यावहारिक र सृजनात्मक कार्यक्रम हो। तसर्थ, यो नेपाली क्रान्तिको लागि जननेता क. मदन भण्डारीद्वारा प्रस्तुत धरातलीय यथार्थमा आधारित नवीन विचार पनि हो। 'जवज' यो कसैको अन्धानुकरण गरिएको जडसूत्रवादी कार्यक्रम होइन। यो कार्यक्रम नेपाली क्रान्तिको वस्तुगत यथार्थमा आधारित मौलिक चिन्तन हो। नेपाली कम्युनिस्ट आन्दोलनको अनुभव, इतिहासका पाठहरू, यसका विश्लेषण, आत्मसमीक्षा एवं मूल्यांकन, समकालीन वस्तुस्थिति, वर्तमानको यथार्थता र भविष्यको सम्भावनासमेत विश्लेषण गरिएको महत्त्वपूर्ण दस्तावेज हो। आफ्नो मौलिक विशिष्ठता, वस्तुगत यथार्थ र अनुभवको आधारमा सिर्जित विचार भएकोले यो नेपाली माटो सुहाउँदो विचार हो।

'जवज' कुनै क्रान्तिकारी कार्यक्रम होइन, यो त सुधारवादी र पतनोन्मुख कार्यक्रम हो। सोभियत संघको विखण्डन र पूर्वी यूरोपबाट अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र समाजवादी आन्दोलनले

गम्भीर धक्का महसुस गरेपछि समाजवादलाई बचाउन ल्याइएको रक्षात्मक कार्यक्रम हो। यो नेपाली क्रान्तिको मौलिक कार्यक्रम होइन, नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टी कहिल्यै पनि लोकतन्त्रवादी हुन सक्दैनन् भन्ने जस्ता स्यालको हुँइया गर्ने र जवजको विरोध गर्ने उग्र बामपन्थी र उग्र दक्षिणपन्थीहरूको जमात पनि काफी छ। त्यस्ता व्यक्तिहरूले बुझ्नु पर्ने कुरा के छ भने नेपाली कम्युनिस्ट पार्टीले स्थापनाकालदेखि नै कहिल्यै पनि निरंकुशताको वकालत गरेन। उसले सदैव नागरिकको मौलिक हक एवं अधिकारको बारेमा, नागरिक स्वतन्त्रताको एवं राजनैतिक स्वतन्त्रताको पक्षमा वकालत गर्दै आयो। नेपाली कम्युनिस्ट आन्दोलनले सदैव लोकतान्त्रिक मूल्य, मान्यता र अवधारणाको पक्षमा वकालत गर्दै आयो। नेपाली कम्युनिस्ट आन्दोलनमा उग्रवामपन्थी र उग्रदक्षिणपन्थी धार केही विचलित भएपनि मूलधारले कहिल्यै निरंकुशताको पक्षमा वकालत गरेन। बि.सं. २०३५ सालमा नेकपा (माले) को स्थापनापश्चात् यसले सदैव जनतालाई नै शक्तिको स्रोत मान्यो। सशस्त्र युद्धलाई संघर्षको रूपमा अस्वीकार गऱ्यो। जनसंघर्ष र जनआन्दोलनलाई अगाडि बढाउँदै निरंकुशता बिरोधी आन्दोलनलाई अगाडि बढाउन थाल्यो। नेकपा (माले) को वि.सं. २०३८ साल कार्तिक १ गतेको बैठकले "उग्रबामपन्थी भड्काव र दक्षिणपन्थी अवसरवाद विरुद्ध जुझ्दै आफ्नै विचार, कार्यदिशा तथा देशको वास्तविकता अनुरूप विकास गर्नुपर्ने निर्णय गऱ्यो"। वि.सं. २०४०-४२ तिर नेकपा (माले) भित्र पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता भन्ने कार्यनीतिक नारामा राजनीतिक स्वतन्त्रताको नारा प्रमुख कार्यनीतिक नाराका रूपमा पारित भयो, जसको अगुवाई क. मदन भण्डारीले गर्नुभएको थियो। राजनैतिक स्वतन्त्रताअन्तर्गत पार्टी खोल्न पाउने स्वतन्त्रता, पार्टीहरूबीच प्रतिस्पर्धा गर्न पाउने स्वतन्त्रता र जुन पार्टीले जनताको विश्वास जित्न सक्दछ, त्यसले सरकार बनाउन पाउने स्वतन्त्रता पर्दथ्यो। क. मदनले २०४१ सालमा "राजमोती" को छद्म नामबाट "अर्जुनदृष्टि" पुस्तक निकाल्नुभएको थियो। जसमा कम्युनिस्टले पनि बहुदलमार्फत् ब्यालेटबाट सत्ता प्राप्त गर्न सकिन्छ र जनसेवा गर्न सकिन्छ भन्ने थियो। नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्ने क्रममा २०४३ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनमा र तत्पश्चात् स्थानीय निर्वाचनको उपयोग गर्ने र निरंकुशता विरोधी आन्दोलनलाई सशक्त पार्ने क्रममा जनपक्षीय उम्मेदवार उठाउने र निर्वाचनमा जिताउने कार्य भयो। जसले गर्दा पञ्चायती शासन दिनप्रतिदिन कमजोर बन्दै गयो। देशभर संगठन विस्तार तीव्र भयो। यसरी निरंकुश पञ्चायती व्यवस्थालाई निर्वाचनको माध्यमद्वारा भण्डाफोर र उपभोग गर्दै कमजोर पार्न र जनपक्षीय शक्तिलाई मजवूत बनाउन क. मदन सफल हुनुभयो र बन्दुकभन्दा ब्यालेट शक्तिशाली हुँदोरहेछ; सशस्त्र संघर्षलेभन्दा जनसंघर्ष प्रभावशाली हुँदोरहेछ भन्ने विचारलाई उजागर गर्दै संसदीय संघर्षप्रति आकर्षण गर्न उहाँ सफल हुनुभयो। नेकपा (माले) को २०४६ सालमा सम्पन्न चौथो महाधिवेशनले क. मदन भण्डारीलाई महासचिवमा चयन गऱ्यो। उहाँकै प्रस्ताव अनुरूप चौथो महाधिवेशनमा बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवाद पारित भयो। उहाँकै अगुवाईमा चौथो महाधिवेशनले राजनैतिक आस्था अनुरूप पार्टी खोल्ने, सभा संगठन गर्ने, व्यवसायिक एवं पेसागत संगठन खोल्ने, वाक, प्रेस स्वतन्त्रता, समानताको हक लगायत मौलिक अधिकारको पक्षमा कार्यक्रम पारित गऱ्यो। सम्पूर्ण बहुदलवादी शक्तिहरू एकजुट हुनुपर्दछ र साझा एजेण्डाका आधारमा साझा मञ्च गठन गरी निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गर्नुपर्दछ भन्ने एकसूत्रीय अवधारणा अगाडि उहाँले सार्नुभयो। सायद क. मदन भण्डारी नहुनु भएको भए बाममोर्चा बन्थ्यो कि बन्दैनथ्यो ? बाममोर्चा र नेपाली काँग्रेसबीच निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धमा २०४६ सालको संयुक्त जनआन्दोलन हुन्थ्यो कि हुँदैनथ्यो ? र, २०४६ को परिवर्तन हुन्थ्यो कि हुँदैनथ्यो ? सो सोचनीय छ। मैले माथिको व्याख्या गर्नुको तात्पर्य के हो भने नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिकरण गर्ने क. मदन

भण्डारीको प्रयास सोभियत संघ र पूर्वी यूरोपबाट कम्युनिस्ट आन्दोलनले धक्का खानु अगावैको सोच हो । फलस्वरूप, विश्व कम्युनिस्ट आन्दोलनले धक्का खानु परेको अवस्थामा पनि नेपाली कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा रहेन यो आक्रमक स्थितिमा र सफलताको बाटोमा अगाडि बढिरहयो । किनकि, नेपाली कम्युनिस्ट आन्दोलन जनतामा भिजेको थियो र नेपाली कम्युनिस्ट र जनताको सम्बन्ध नङ् र मासुको जस्तो थियो ।

२०४६/०४७ सालको जनआन्दोलनपश्चात क. मदन नेपाली कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्न निरन्तर जुट्नुभयो । फलस्वरूप नेकपा (माले) र नेकपा (मार्क्सवादी) पार्टीबीच एकता भई नेकपा (एमाले) बन्यो । अन्य थुप्रै सानाठूला घटक तथा नेता र कार्यकर्ताहरू नेकपा (एमाले) मा समाहित हुन पुगे । वि.सं. २०४६ सालमा सम्पन्न चौथो महाधिवेशनपश्चात् आफ्ना विचारलाई सूत्रबद्ध गर्दै अगाडि बढ्नुभयो र वि.सं. २०४९ सालमा सम्पन्न पाँचौं महाधिवेशनमा 'नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद' प्रस्तुत गर्नुभयो । जुन महाधिवेशनबाट अत्यधिक बहुमतले पारित भयो । नेकपा (एमाले)ले पाँचौं महाधिवेशनमा 'जडसूत्रवाद र विसर्जनवादको बिरोध गरौं, मार्क्सवादको सृजनात्मक प्रयोग र विकास गरौं' भन्ने नारा अघि सार्‍यो । यस नाराले 'जवज' के हो ? र कुन दिशातिर अगाडि बढ्न उत्प्रेरित छ भन्ने तथ्यको उजागर गर्दछ । क. मदन भण्डारी भन्नुहुन्थ्यो "जीवन सिद्धान्तको लागि होइन, जीवनको लागि हुनुपर्दछ ।" 'जनताको बहुदलीय जनवाद', जनताको जीवनको लागि बनेको सिद्धान्त हो । यो सिद्धान्त भएकोले निरन्तर विकासवान हुनुपर्दछ ।" यस भनाइले के पुष्टि गर्दछ भने 'जवज' सम्पूर्ण हो यसमा 'कमा', 'फुलिस्टप' केही पनि परिवर्तन गर्न सकिंदैन भन्ने विचार र 'यो अपूर्ण हो, यसमा आमूल परिवर्तन गर्नुपर्दछ' भन्ने दुवै विचार गलत हुन् । समयक्रमसँगै जवजलाई र जवजले देख्न नसकेको विषयलाई समेट्न र यसलाई समृद्ध बनाउन दृढसंकल्पित भएर लाग्नुपर्दछ ।

नेपाली कम्युनिस्ट आन्दोलन र त्यसको मूलधार नेकपा (एमाले) सित यति राम्रो र सुस्पष्ट विचार हुँदाहुँदै नेकपा (एमाले) किन मरिचझैं चाउरेर दिन प्रतिदिन सानो बन्दैछ र यसले जनअपेक्षाअनुरूप कार्य किन गर्न सकिरहेको छैन ? यसबारेमा गहन छलफल र विश्लेषण जरुरी छ ।

आज क. मदन भण्डारी हाम्रोसामु भौतिक रूपमा हुनुहुन्न । तर, उहाँले छोडेर जानुभएको नवीन विचार 'जवज' हामीसँग छ । उहाँको अवसानपछि त्यो विचारले व्यवहारिक रूपमा चाहेजति सफलता पाउन नसक्नुको कारण नेतृत्वपंक्तिका जिम्मेवार व्यक्तिले 'जवज' लाई अन्तरआत्माबाट ग्रहण गर्न नसक्नु, त्यसलाई अझ बढी सुदृढ र सुसंस्कृत गर्न नसक्नु, 'जवज' सम्बन्धी विचारलाई आफ्ना मातहतका नेतृत्व तथा कार्यकर्तामाझ र आम जनसमुदायसमक्ष आमसभा, भेला, प्रशिक्षण, लेख, रचना आदि मार्फत व्यापक रूपमा प्रचार प्रसार गर्न नसक्नु र कार्यान्वयन पक्ष कमजोर हुनु नै हो । क. मदन भण्डारीले पाँचौं महाधिवेशन अगावै पोलिटब्युरोमा दस्तावेज प्रस्तुत गर्ने क्रममा यस कार्यपत्रको प्रत्यक्ष वा परोक्ष ढङ्गले बिरोध गर्ने व्यक्तिहरूले नै कालान्तरमा कार्यान्वयन गर्ने तहको नेतृत्वमा पुग्नु र 'जवज' भनेको हिमाल टाढाबाट हेर्दा जति सुन्दर देखिन्छ तर कति कुरूप छ भन्ने कुरा नजिकबाट थाहा हुन्छ वा जवजलाई दक्ष प्रजापतिको टाउको भनेर विश्लेषण गर्ने नेताहरू र उहाँको वरिपरि आफ्नो स्वार्थपूर्तिका लागि लाग्ने व्यक्तिहरू नै जवजको सोच, दृष्टिकोण र दूरदर्शितालाई व्यवहारमा कमजोर बनाउन प्रयत्नशील छन् । क. मदन भण्डारीको र जवजको तारिफ गर्दा आफ्नो उचाइ घटेको ठान्ने प्रवृत्ति र ठाडो रूपमा क. मदनको र जवजको विरोध गर्दा सिंगो पार्टीपंक्तिबाट एक्लिने डर र नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने क्षमताविहिन नेताहरूको ठूलो पंक्तिले गर्दा नै जवज आज दिशाहिन जस्तो अवस्थामा चौबाटोमा अलपत्र परेको छ। यसलाई चौबाटोबाट ठीक दिशातिर केन्द्रित गर्नुपर्ने आजको सबैभन्दा ठूलो चुनौति हो । एकातर्फ एक दशकभन्दा बढी सशस्त्र युद्धमा होमिएको नेकपा (माओवादी) प्रचण्डपथको राग

अलाप्दै गर्दा क. मदन भण्डारीको जवजको बाटोमा आइपुग्नु, तर हामीले जवजको लाइन ग्रहण गऱ्यौं कि भनी भन्न नसक्नु अर्कोतर्फ त्यस्तै समृद्ध विचार बोकेको नेकपा (एमाले) क्रमश : खुम्चिदै जानुमा रहेको पर्दा अगाडिको र पर्दा पछाडिको कारण खोज्नु ढिलो भइसकेको छ ।

क. मदन भण्डारी 'जवज' को कारणले मात्र नभई कुनै पनि घटना र विषयवस्तुलाई सटिक रूपले विश्लेषण गर्न र त्यसबारेमा दूरदृष्टि राख्नसमेत खप्पिस हुनुहुन्थ्यो । २०४७ सालको संविधानमा उहाँले राख्नुभएको २७ बुँदे सुझाव वा आलोचनात्मक धारणा व्यवहारमा कार्यान्वयन गरिएको भए आजको यो अवस्थामा मुलुक पुग्ने थिएन । आज नेकपा ( माओवादी)ले उठाएका अधिकांश सवाल २०४७ सालमै क. मदनले उठाउनु भएको थियो । तर, २०४७ सालको संविधानमा 'कमा' र 'फुलिस्टप' केही पनि थपघट गर्नु हुँदैन यो संविधान त कालजयी छ भन्ने उग्रदक्षिणपन्थी सोचाइ र २०४७ सालको संविधानमा जनताको पक्षमा केही पनि लेखिएको छैन र यो पुरानो सत्ताका संविधान भएकोले यसलाई पूर्णतया ध्वस्त बनाउनुपर्दछ भन्ने उग्र बामपन्थी सोचाइ र ऐन मौकामा भद्र भइ मौनता साँध्ने प्रवृत्ति नै मुलुकलाई यस स्थितिमा पुऱ्याउन जिम्मेवार छन् ।

क. मदन भण्डारी आज हामीमाझ हुनुहुन्न । बाँचुन्जेल नेकपा (एमाले) र अन्य पार्टीका नेता तथा कार्यकर्ताहरूले उहाँको योगदानलाई चाहिनेभन्दा अवमूल्यन गरे र उहाँको अवसानपछि मात्र क. मदनलाई क्रमश : बुझ्न थाले । नेपाली जनताहरूलाई उहाँको आवश्यकता र योगदान मृत्युपछि मात्र महसुस हुनथाल्यो "...सक्यो दैलो देख्यो" भन्ने उखान झैं । तर, विदेशीहरूले उहाँलाई पहिल्यै चिनिसकेका थिए । त्यसैले न्यूजविक पत्रिकाले १९९१ मे २७ को अंकमा "नेपालमा कार्लमार्क्स जीवित छन् (In Nepal, Karl Marx Live)" भनेर २०४८ सालको आमनिर्वाचनपछि उहाँको १ पेज लामो अन्तर्वार्ता छाप्यो । देशी विदेशी प्रतिक्रियावादीहरूले उहाँको योग्यता, क्षमता र दूरदर्शीता देखेर नै दासढुंगा हत्याकाण्ड घट्न पुग्यो ।

क. मदन आज हाम्रोसामु हुनुहुन्न । तर जब-जब विचारको खडेरी हुन्छ, मुलुकमा संकट उत्पन्न हुन्छ, तब-तब मुलुकले क. मदनलाई सम्झन्छ । टुँडिखेलको खुला मञ्चमा सदैव उहाँको अभाव खट्किन्छ । क. मदन जस्तो व्यक्तित्व शायदै यो धरतीमा अब फेरि जन्मेला । तर आशा गरौं क. मदन जस्तो व्यक्ति यो धरतीमा जन्मनेछ र मुलुकले ठीक दिशा लिनेछ । क. मदनले देखाउनुभएको बाटोमा मुलुक हिंड्न सकोस्, नेताहरूले मुलुक हाँक्न सक्नुहोओस्, यही नै उहाँप्रतिको सच्चा श्रद्धान्जली हुनेछ ।

■

# दासढुङ्गा हत्याकाण्डका केही तथ्यहरूः सन्दर्भ १७ औं स्मृति दिवस

*क. कर्ण बहादुर थापा,*
*केन्द्रीय कमिटी सदस्य, नेकपा एमाले*

२०५० साल जेष्ठ ३ गते ५:३० बजेको समयमा चितवनको दासढुंगामा जननेता मदन भण्डारी र जीवराज आश्रित चढेको गाडी चालक अमर लामाले दुर्घटना गराई त्रिशुली नदीमा हाल्ने काम गरे। उक्त घटनामा नेपाली राजनीतिमा सफलताको शिखर चढिरहेका मदन भण्डारी र उहाँका समकालीन नेता जीवराज आश्रितको अवसान भयो। घटना भएको १६ वर्ष बितिसक्दा पनि उक्त घटनाको बारेमा प्रारम्भमा जुनजुन प्रकारका मान्यताहरू थिए, अहिले पनि आधारभूत रूपमा नेपाली समाजमा पुरानै मान्यताहरू विद्यमान छन्। घटनालाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने कुरामा भीषण विवाद र बहुध्रुवको स्थिति रहेकै भए पनि त्यो घटना वर्षमा १ पटक मदन-आश्रित स्मृतिदिवसको समयमा सामान्य चर्चामा मात्रै सीमित रहने गरेको छ। दासढुंगा हत्याकाण्ड जनताको विष्मृतिमा जाने हो कि भन्ने चिन्ताको विषय भएको छ। यति ठूलो घटनालाई यति छिट्टै विर्सने गल्ती गर्नु नेपालको लोकतन्त्रको विकासको लागि अहितकर हुनेछ भन्ने मान्यताका आधारमा त्यो हत्याकाण्डका केही तथ्यहरूलाई जनसमक्ष राख्नु उचित ठानेको छु।

दासढुंगा हत्याकाण्ड भएको समयमा गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री थिए र गृहमन्त्री शेरबहादुर देउवा थिए। पोखराबाट नारायणगढतर्फ जाँदै गरेको गाडी दासढुंगा भन्ने ठाउँमा पुग्दा त्रिशुली नदीमा खसालिएको थियो। जेष्ठ ३ गते ५.३० बजे तिर घटना भएको थियो। घटनास्थलमा सबभन्दा पहिले स्थानीय बासिन्दा र सेनाको उद्धार टोली पुगेको थियो। राति १० को समय अगावै गाडी खसालिएको भुमरीमा गाडी भएको स्थान पत्ता लगाइ सकिएको थियो। सेनाका जवानहरूले पानीभित्रै गएर गाडीलाई सिक्रिले बाँधेका थिए। उद्धारमा संलग्न सेनाका जवान, स्थानीय बासिन्दा र पार्टी कार्यकर्ताहरू रातभरी जसो रणभुल्लमा परेका थिए। त्यो समयमा दासढुंगा लगभग निर्जन ठाउँ नै थियो। त्यहाँ कुनै पनि किसिमको उज्यालोको व्यवस्था थिएन। टेलिफोन सेवा नभएको हुनाले खबर आदान प्रदान पनि हुन सक्दैनथ्यो। गाडीलाई पानीबाट बाहिर ल्याउने क्रेनको व्यवस्था सयममै हुन सकेन। भोलिपल्ट ८ बजेमात्रै हेटौडाबाट क्रेन आइपुग्यो। तत्कालीन सरकार उद्धारमाभन्दा बढी जनआक्रोसबाट बच्ने उपायको खोजीमै तल्लीन रहेको पाइयो। तर सरकारको कामले जनआक्रोसलाई झनै बढावा दिने काम गऱ्यो। घटनाको सम्बन्धमा छानवीन गर्न प्रचण्डराज अनिलको एक सदस्यीय आयोग सरकारले तुरुन्तै घोषणा गर्न जति सक्रियता देखायो, उद्धार, घटना स्थलको सुरक्षा र अनुसन्धानको पाटोमा ध्यान दिएन। जसका कारण तत्कालीन एमालेका अध्यक्ष मनमोहन अधिकारीलाईसमेत लिएर हेलिकप्टरमा दासढुंगा पुगेका शेरबहादुर देउवा जनताको विरोधका कारण घटना स्थलमा ओर्लन पनि सकेनन्। सरकारद्वारा गठन गरिएको आयोग प्रायोजित भएको आशंका अधिकांशले गरे। जनस्तरमा पद्मरत्न तुलाधरको संयोजकत्वमा आयोग बन्यो भने केपी ओलीको संयोजकत्वमा पार्टीको आयोग पनि बन्यो। घटना स्थलमा पुग्ने जो कोही पनि उक्त घटनालाई सामान्य गाडी दुर्घटनाको रूपमा स्वीकार गर्न

सक्दैनथे । त्यो ठाउँ सामान्य गाडी दुर्घटना हुने ठाउँ नै थिएन । संकेतको रूपमा राखिएको बालुवाका तीन विशिष्ट प्रकारका चिन्हलाई पछ्याउँदै विस्तारै त्रिशुलीतिर मोडिएको गाडी, बाँयाबाट अकस्मात दाँयातिर गएको, गाडीको चक्काका डाम, सँगैको सिटमा बसेका दुई नेतामध्ये उद्धार गरिएको गाडीमा आश्रितको मात्रै लास भेटिनु, चालक अमर लामा पानीमा पनि नखस्नु जस्ता नाङ्गो आँखाले देखिने तथ्यले सामान्य गाडी दुर्घटना भनेर कसैले पत्याउन सक्दैनथ्यो । तत्कालीन सरकार, केही शक्ति र व्यक्तिहरू भने सामान्य गाडी दुर्घटना प्रमाणित गर्न आफ्नो सम्पूर्ण शक्तिका साथ क्रियाशील थिए । त्यसैको परिणाम नै भन्नुपर्दछ सरकारबाट गठित अनिल आयोगले चालक अमर लामाको लापरवाहीले गाडी दुर्घटना भएको र यो घटना नियोजित हत्याकाण्ड नभएको निष्कर्ष सार्वजनिक गर्‍यो । तर जनस्तरमा गठित तुलाधर आयोग र पार्टीद्वारा गठित ओली आयोगले भने यो नियोजित हत्याकाण्ड भएको निष्कर्ष निकाल्यो र थप अनुसन्धानको लागि विशेषज्ञसमेत भएको उच्चस्तरीय आयोगको आवश्यकता औंल्यायो ।

अनिल आयोगले प्रतिवेदन सार्वजनिक गर्ने वित्तिकै नेकपा (एमाले) ले आयोगको प्रतिवेदनलाई अस्वीकार गर्‍यो र सर्वोच्च अदालतका वाहलवाला न्यायाधीसको अध्यक्षतामा विशेषज्ञहरूसमेतको संलग्नतामा 'अधिकार सम्पन्न आयोग' को माग गर्दै संघर्षको थालनी गर्‍यो । तत्कालीन सरकारले घटनाको छानविन गर्नको लागि गरिएको मागलाई अस्वीकार मात्रै गरेन, संघर्षमा उत्रेका जनतामाथि व्यापक दमनमा समेत उत्रियो । नेकपा (एमाले) को अगुवाईमा जनताको ठूलो सहभागिता रह्यो र दुई महिनासम्म देशव्यापी आन्दोलन भयो । यो क्रममा हजारौंको गिरफ्तारी, धरपकड, अङ्गभङ्ग गर्ने काम त भयो नै २५ जनाले साहदत प्राप्त गरे । त्यसपछि मात्रै सर्वोच्च अदालतका तत्कालीन न्यायाधीस त्रिलोकप्रताप राणाको अध्यक्षतामा प्राध्यापक हर्षनारायण धौभडेल र विपुलेन्द्र चक्रवर्ती सदस्य रहेको छानविन आयोग बन्यो । छानबिन आयोगको गठनको मागका लागि मात्रै यति ठूलो बलिदान सायद नेपालको इतिहासमा पहिलो पटक नै भएको होला । उक्त आयोगले त्यस अघिका आयोगले दिएका प्रतिवेदनको अध्ययन गरेर घटनाको विवरणलाई निकै राम्रो गरी संग्रह गर्‍यो तर किटानी निचोड निकाल्ने काम गरेन । मदन-आश्रितको भिसेरा जाँच वेलायतको एल्डर मस्टन फोरेन्सिक ल्यावमा भएको थियो । डा.हम्फ्रे लगायत ९ जनाको टोलीले भिसेरा परिक्षण गरेको थियो र उक्त टोलीको प्रतिवेदन अनुसार मदन-आश्रितको रगतमा एकै किसिमको केमीकल भेटिएको थियो । जीवराज आश्रितको रगतमा लठ्याउने तत्त्व पनि भेटिएको थियो, जुन केमीकल काठ रंग्याउन प्रयोग गरिन्छ । दुबै रगतमा पाइएको केमीकल दिमागलाई नै असर पार्ने, मानिस नै वेहोस हुने बढी भएमा मर्न पनि सक्ने खालको थियो । वेलायती उच्च अस्पतालको प्रतिवेदनको गम्भीर प्राविधिक अनुसन्धानको आवश्यकता रहेको पनि तुलाधर र अन्य आयोगले सुझाएका थिए । त्यसपछि कुनै पनि प्रकारको अनुसन्धानको व्यवस्थित काम राज्यस्तरबाट भएन ।

२०५१ सालको पुस महिनामा नेकपा एमालेको सरकार गठन भयो । नेपालको इतिहासमा नै सबभन्दा लोकप्रीय नौ महिने सरकार २०५२ सालको भदौ १२ गतेको सर्वोच्च अदालतको फैसलाले विघटित भयो । सरकारको विघटनमा देशी तथा विदेशी शक्तिको ठूलो चलखेल र एकता प्रकट भयो । एमालेको नौ महिने सरकारपछि मिलीजुली बसौं बाँडीचुँडी खाऔं भन्ने उक्तिलाई चरितार्थ गर्ने काम भयो । सम्पूर्ण विकृति र विसंगतीहरू सतहमा आए । मदन-आश्रित हत्याकाण्ड फेरि एमालेकै विरुद्धमा गम्भीर योजनाका साथ प्रचारमा ल्याइयो । सम्पूर्ण षड्यन्त्रकारी शक्तिहरू उक्त काण्डलाई एमालेको

विरुद्धमा नै प्रयोग गर्न कम्मर कसेर लागे। 'शरीरको मासु, सिङको अचानो' बनाउन षड्यन्त्रकारी शक्तिलाई सफलता मिल्यो। एमालेको विभाजनको एक महत्त्वपूर्ण मुद्धाको रूपमा मदन-आश्रित हत्या काण्ड र महाकाली सन्धिलाई बनाइयो। यो समयमा टिएन प्रधान र रमेश प्रधानहरू नेपाली छापाहरूमा अकस्मात् तर योजनाबद्ध रूपमा प्रकट गराइए। नेकपा माओवादीको मुखपत्रको रूपमा रहेको जनादेश साप्ताहिकको २०५४ साल मंसिर १७ गतेको अँकमार्फत टि.एन.प्रधान झुल्किए, महाकाली प्याकेज र सन्धि अनुमोदन रहस्य लेखमार्फत। त्यसपछि 'मदन भण्डारी हत्याबारे थप तथ्य, जनादेश २०५४ मंसिर २४, टि.एन. प्रधान दार्जिलिङ, रमेश प्रधान इलाम, मदन भण्डारी हत्याबारे थप तथ्य–टि.एन प्रधान कालिङपोङ दार्जिलिङ, २०५४ पुस १ गते जनादेश, पहिले हाम्रो भनाइ अनि मदन भण्डारी-टि.एन प्रधान/रमेश प्रधान, २०५४ पुस ८ जनादेश, मदन-आश्रित हत्या र यसको रिपोर्टबारे हाम्रो भनाई– नारायण शर्मा सम्पादक जनादेश, २०५४ पुस १५, अब मैले बोल्नै पर्‍यो–टि.एन. प्रधान जनादेश, २०५४ पुस २९ र यो मेरो सानो भनाइ–रमेश प्रधान जनादेश, २०५४ माघ ७ मा लगातार लेखहरू प्रकाशित भए। जुन लेखमा मदन-आश्रितको हत्यामा माधव नेपाल र केपी ओलीको संलग्नता रहेको भन्ने उपन्यासशैलीका विबरण छापिएका छन्।

नेकपा एमालेको छैठौ राष्ट्रिय महाधिवेशन २०५४ साल माघ १२–१८ नेपालगञ्जमा सम्पन्न हुँदै थियो। माघ ७ गतेसम्म 'जनादेश' मा छापिएका टि.एन. प्रधान/रमेश प्रधानका धारावाहिक लेख, विभिन्न आयोगका प्रतिवेदनको सार, पृष्ठभूमि साप्ताहिकमा छापिएका राजन जोशी, टि.एन. प्रधानहरूका लेखलाई समर्थन गरिएका लेखहरू, महिमा साप्ताहिकमा छापिएका रमेशराज आचार्य दादाका लेख, टि.एन.हरूलाई नै समर्थन गरी प्रकाशित 'जनआस्था' को समाचार र सौर्य साप्ताहिकमा छापिएको खगेन्द्रराज सिटौलाको लेखको साथै बेलाबखतको कुरा स्तम्भमा 'र' को विगविगी र देशभक्तहरूको दायित्व शीर्षकको बाबुराम भट्टराईको लेख साथै भक्त बहादुर श्रेष्ठ, सि.पी मैनाली, बामदेम गौतम, के.पी.ओली, पद्मरत्न तुलाधर र नारायण शर्माको प्रतिक्रियासमेत समेटिएको पुस्तिका गोपाल सिवाकोटी चिन्तन र जनक पाठकले प्रकाशित गरे। उक्त पुस्तिका नेपालगञ्जको एमाले महाधिवेशन परिशरमा हजारौंको सँख्यामा बिक्री वितरण गरियो। भीषण विवादको सामना गर्दै एमालेको छैठौं राष्ट्रिय महाधिवेशन सम्पन्न भयो। २०५४ साल फाल्गुण २१ गते सहिद दिवसको दिन पारेर एमालेको विभाजन गरियो र नेकपा मालेको जन्म भयो। एमालेका नेता/कार्यकर्ता पंक्तिमा कटुता र विभाजन ल्याउनमा टि.एन. प्रधान/रमेश प्रधानका 'जनादेश' का धारावाहिकले निकै ठूलो भूमिका खेल्यो। एमालेको विभाजनपछि टि.एन. प्रधानहरू एकाएक गायव भए। माले र एमालेको बीचमा महाभारत युद्धभन्दा जटिल संघर्ष भयो। एमालेको विभाजनलाई अधिकतमरूपमा उपयोग गर्न सकिने निष्कर्षका साथ मध्यावधि निर्वाचनको घोषणा भयो। नेकपा (एमाले) ले इतिहासले ल्याएको कठिन चुनौतीलाई दृढताको साथ सामना गर्‍यो र आफूलाई जनताको बीचमा स्थापित गरायो।

२०५६ सालमा भएको निर्वाचनको कठिन प्रतिस्पर्धाको घडिमा फेरि टि.एन./रमेश प्रधानहरू प्रकट भए। एमालेको विभाजनबाट निर्मित मालेले एमालेका नेताहरूका विरुद्धमा महाकाली सन्धि र मदन-आश्रितको हत्याकाण्डलाई खुबै प्रचार गरे। त्यही समयमा मालेको मुखपत्रको रूपमा प्रकाशित हुँदै गरेको **नयाँ निष्कर्ष मासिक २०५६, जेष्ठ अंकमा पुनः टि.एन. प्रधान उदाए। छद्म नाममै छापाहरूमा लेखिरहने टि.एन. प्रधान आफ्नोफोटो सहितको परिचय लिएर नयाँ निष्कर्ष मासिकमा उदाए, ...केपी–माधवको ...'र' सँग सम्पर्क र दासढुंगा हत्याकाण्ड**

शीर्षकको लेख मार्फत। "यिनै हुन् टि.एन्. प्रधान शीर्षकको ठीक तल टि.एन्. प्रधानको फोटो छापियो। बक्समा टि.एन. प्रधानको परिचय यसरी दिइयो– नाम : तिर्थनारायण प्रधान (टि.एन. प्रधान), जन्मः सन् १९३९ जुलाई ६ तारिख दार्जिलिङ, माताः मनकुमारी प्रधान, पिताः स्व.जगत नारायण प्रधान, शिक्षाः सन् १९५७ मा दार्जिलिङ पब्लिक स्कूलबाट म्याट्रिक, सन् १९६३ मा North Bangal University Bogdgra बाट डिप्लो, सन् १९६४ अगष्ट २४ मा ग्राम पञ्चायतको सिफारिसमा जागिरमा भर्ना, सन् १९८५ मा राजिव गान्धीद्वारा काम राम्रो गरेवापत मेडल, सन् १९८८ मा काठमाडौं (भारतीय राजदुतावास), सन् १९९६ जुन १ मा काठमाडौंबाट रिटायर्ड । घटना अनुसन्धान स्तम्भमा छाएिको तीर्थ नारायण प्रधानको नाममा प्रकाशित उक्त लेखको सुरुवातमा लेखिएको छ,– "एमालेको महाधिवेशनताका दासढुंगाको बारेमा लेख्दा एमाले फुटाउने चाल भनेर धेरैले रिपोर्टहरू लेखे। आखिर एमाले फुटेपछि हामीले लेखेनौं। किन त ? हामीले नेपाली जनताले उनीहरूका नेतालाई कत्तिको माया गर्दा रहेछन् भनेर हेऱ्यौं। अर्कातिर हामी त्यो बेला नेपालमा थिएनौं। रमेश जी त अहिले पनि बाहिरै हुनुहुन्छ।" अगाडि लेखिएको छ–'जसले जेसुकै भनून्। संवेदनशील अवस्थामा तथ्य लेख्दा धेरै अर्थ बोक्ने हुन्छ। हामीले राष्ट्रिय महत्त्व नबोक्ने प्रसङ्गबारे लेख्दा सबैले विर्सिदिन्छन्। म सन् १९८८ देखि काजमा रही १९९० नोभेम्मर २७ तारिख मा नई दिल्लीको गृह मन्त्रालयबाट काठमाडौंको भारतीय फौजीको स्थल डिभिजनका ए.एल. त्रिपाठीसँग काठमाडौं आएको थिएँ। भाडाको घर फरक भए पनि हामी लाजिम्पाटमा बस्ने गर्थ्यौं। मसँग नेपालको नागरिकता छैन तर नेपाली हुँ। नेपालको बारेमा चासो राख्नु म दोष देख्दिन। यै भएर र भारतको पञ्जाको अलिकति ख्याल भएर मैले पत्रिकामा खवरहरू छपाएको हुँ। म नेपालको माले पार्टीसँग नजिक छैन। म नेपाली मूलको हुँ। तर नेपालको बासिन्दा भएको प्रमाण नभएपछि कसको नजिक हुन सकिन्छ ? म खुलस्त भन्छु–आजभोलि सुवास घिसिङ र योगी नरहरीनाथ भन्दा गतिलो नेता गोरखाली ( नेपाली) जातिमा देखेको छैन।' उक्त लेखमा विगतमा टि.एन. प्रधान र रमेश प्रधानको नाम जनादेश पत्रिकामा छापिएका धारावाहिकलाई उटालपुटाल पारेर लामो विवरण लेखिएको छ। जुन तत्कालिन महासचिव माधव नेपाल र केपी ओलीको विरुद्धमा मुख्य रूपमा केन्द्रित छन्। निर्वाचनको मुखमा माधव नेपाल र केपी ओलीलाई हराउने उद्देश्यले प्रकाशित भएको उक्त लेख छापिएको नयाँ निष्कर्ष मासिक तत्कालीन मालेले देशव्यापी प्रचार सामग्रीको रूपमा जनताको बीचमा वितरण गऱ्यो। माधव नेपाल र केपी ओली दुबै जना दुई दुई निर्वाचन क्षेत्रबाट निर्वाचित भए। एमालेले फुटको वावजूद ६९ सिटमा विजय हासिल गऱ्यो र ४२ वटा निर्वाचन क्षेत्रमा १ हजार भन्दा कम मतको अन्तरमा पराजय भोग्यो। मालेले एकसिट पनि जित्न सकेन। यस्तो कपोकल्पित प्रचार सामग्रीले मतदातालाई कति असर गऱ्यो होला त्यसको लेखाजोखा कसैले गरेको छैन।

निर्वाचन सकिएपछि नयाँ निष्कर्ष मासिकमा 'यिनै हुन् टि.एन. प्रधान' भनी छापिएकोफोटो भारतीय वरिष्ठ पत्रकार तथा सांसद कुलदीप नयरको हो भनेर प्रमाण सहित फोटो पत्रकार उषा तिवारीले पत्रकार सम्मेलन नै गरिन्। उनले चुनौती दिइन्, 'यो फोटो टि.एन. प्रधानको हो भनेर कसले प्रमाणित गर्न सक्छ ?' 'यो फोटो कुलदीप नयरको हो भन्ने प्रमाण मसँग छ' भनेर आफूसँग भएको दोस्रो फोटो सार्वजनिक गरिन्। उनले भनिन् 'म र पत्रकार गणेश खत्री भारत गएको समयमा कुलदीप नयरसँगको भेटको समयमा यो फोटो मैले खिचेकी थिएँ। यसको एकप्रति गणेश खत्रीसँग थियो र एकप्रति मसँग छ भनेर फोटो देखाइन्। त्यसपछि नयाँ निष्कर्ष मासिकका सम्पादक हरिहर पोखरेल र प्रधान सम्पादक गुणराज लुइँटेल स्मितले टि.एन. प्रधान

प्रकरणको सम्पूर्ण पर्दा उघार्ने गरी पत्रकार सम्मेलन गरे। २०५६ साल भदौ १४ गते गरिएको पत्रकार सम्मेलनमा वितरीत प्रेश विज्ञप्तीमा भनिएको छ, 'नयाँ निष्कर्ष मासिकको जेठ अंक निकै चर्चा र टिप्पणीको विषय बन्यो। विशेषतः त्यस अंकमा प्रकाशित टि.एन. प्रधान( तिर्थनाराण प्रधान ) नामक व्यक्तिको लेख र फोटोलाई लिएर विविध अड्कलबाजीहरू भए। टि.एन. प्रधानको भनिएको फोटो भारतका पत्रकार तथा सांसद कुलदीप नयरको हो भन्ने तथ्य खुले तापनि विगत ३ वर्षदेखि टि.एन. प्रधानको नाममा कसले भ्रमपूर्ण लेखहरू लेखिरहेको छ भन्ने कुरा अझै खुलेको छैन। यस विषयमा सही कुरा सुसूचित गर्नु हामो पनि दायित्व भएको महसुस हामीले गरेका छौं। अगाडि भनिएको छ, नेकपा ( माले) निकट 'नयाँ निष्कर्ष मासिक' आमचुनावको पूर्वसन्ध्यामा २०५५ चैत्रदेखि प्रकाशन हुन थालेको हो। हामीहरूले यसको सम्पादन क्षेत्र हेर्दै आएका थियौं। चुनावको ठीक मुखमा प्रकाशित जेठ अंकमा चुनावी रणनीतिलाई समेत मध्यनजर राखेर नेकपा( माले) केन्द्रीय निर्वाचन परिचालन कमिटीले टि.एन.प्रधानको नाममा दासढुङ्गा हत्याकाण्डसम्बन्धी सामग्री छाप्न पठायो। सो सामग्रीमा विशेषतः एमालेका महासचिव माधव नेपाल र नेता खड्ग ओलीका बारेमा विविध लान्छनायुक्त र शंकास्पद कुराहरू उल्लेख थियो। हामी नेकपा (माले) को संगठित सदस्य समेत भएका नाताले यस्तो सामग्री छाप्दा यसले जनमानसमा पार्टीको छवि धुमिल हुनसक्छ भन्ने सुझाव थियौं। तर नछापी नहुने स्थिति खडा भयो। हामीले टि.एन. प्रधानको फोटोसहित छाप्दा समाचार प्रभावकारी हुने सुझाव दिएपछि गणेश खत्रीमार्फत् एउटा फोटो उपलब्ध गराइयो। हामीले त्यतिञ्जेलसम्म न त टि.एन. प्रधानलाई नै चिनेका थियौं, न त भारतीय पत्रकार कुलदीप नयरलाई नै । त्यसैले सो व्यक्ति टि.एन. नै हो भनेर फोटोसहित सामग्री प्रकाशित गरियो। पार्टी केन्द्रीय कार्यालयले १५ सय प्रति पत्रिका झिकायो र पार्टीको छाप लगाएर प्रचार प्रसारका लागि स्टोर विभागका प्रमुख गोपाल देवकोटालाई रेकर्ड राख्न लगाएर तल्ला कमिटीहरूमा चाँडोचाँडो पठाउने काम गऱ्यो।' सो विज्ञप्तीमा अगाडि भनिएको छ, '.....यो प्रकरणमा तत्कालीन फरक मतका प्रभावाशाली नेता सि.पी.मैनालीको नेतृत्वमा एमाले र नेतृत्वदायी व्यक्तित्वहरूको चरित्र हत्या गरी जनविश्वास ध्वस्त पार्न विविध प्रचार प्रसार गर्ने उद्देश्यले एक गोप्य टोली सक्रिय भएको र त्यस टोलीका सदस्यहरूमा फरकमतका नेताहरू केशवलाल श्रेष्ठ, त्रिलोचन ढकाल लगायत रहेको पाइयो। ....उहाँहरूले आफ्नो मिसन सफल पार्न पूर्व प्रम मरिचमान सिंहश्रेष्ठ, गणेश खत्री लगायतका व्यक्तिलाई प्रयोग गरेको पाइयो।.....अहिले हामीलाई फोटो गल्ती छापिएछ, लेख ठिक छ भन्ने वक्तव्य निकाल्न र गोप्यता कामय गर्दै टि.एन. प्रधानका लेखहरूलाई निरन्तरता दिन दबाब आइरहेको छ। तर यस्तो झुट, निराधार र निहीत स्वार्थबाट सञ्चालित क्रियाकलापलाई थप प्रोत्साहन दिने पक्षमा हामी छैनौं।' नयाँ निष्कर्ष मासिकका सम्पादक तथा प्रधानसम्पादकले सोही मितिबाट मालेको सदस्यताबाट राजीनामा गरेका थिए। उनीहरू हाल कहाँ के गरिरहेको छन्, चर्चामा छैनन्।

टि.एन. प्रधानका धारावाहिकहरूको मुख्य उद्धेश्य माधव नेपाल र केपी ओलीलाई राजनैतिक रूपमा समाप्त पार्नु थियो भन्ने कुरा बुझ्न माथिका प्रमाण पर्याप्त नै छन्। ती धारावाहिकमा एमाले नेता ईश्वर पोखरेल, प्रदीप नेपाल, विद्यादेवी भण्डारी, मोदनाथ प्रश्रित, गुरु बराल, बंशीधर मिश्रलाई विभिन्न प्रसंगमा जोडिएको छ। त्यसैगरी तत्कालीन कांग्रेस नेता जयप्रकास गुप्ता, राप्रपा नेता रविन्द्रनाथ शर्मा, कांग्रेस नेता अर्जुन नरसिहं के.सी., पत्रकार योगेश उपाध्याय, शम्भु श्रेष्ठ, बोधराज त्रिपाठी, उद्योगपति राजेन्द्र खेतान तथा अन्य परिचय नखुलेका डा. हरिबंश झा, प्रकाश ए राज, रमानन्द मित्तल र

राजेन्द्र गुप्ता तथा मानव अधिकारवादी सुशिल प्याकुरेललाई पनि विभिन्न प्रसंगमा जोडिएको देखिन्छ। टि.एन. प्रधानका धारावाहिकका असली व्यक्तिहरू अहिले पनि जीवित छन्। उनीहरू किन टि.एन. प्रधान भएर आए ? हत्याको अभियोग एमालेकै नेताहरूलाई लगाएर उनीहरूले के गर्न खोजेका थिए ? यी धारावाहिकलाई सार्वजनिक गर्न 'जनादेश' पत्रिका किन राजी भयो ? त्यसका सम्पादक नारायण शर्माले 'तथ्यमा आधारित सत्यका नजिक भनी' छापिएका लेखहरू नक्कली भन्ने प्रमाणित भई सके पछि उनी र माओवादीद्वारा सञ्चालित पत्रिका किन मौन बस्यो ? पत्रकार गणेश खत्रीले नै 'रवीवार' साप्ताहिकमा 'आफूलाई सबै मानिसले सहजै चिन्न नसकिने फोटो चाहियो भनी सि.पी. मैनाली, केशवलाल र त्रिलोचनले मागेपछि आफूसँग भएको कुलदीप नयरको फोटो दिएको र भारतीय जासुसहरूको नाम पनि आफैंले उपलब्ध गराएको साथै त्यही फोटो र आफूले उपलब्ध गराएको जासुसको नामहरूसँग कथा बनाएर जनादेशमा टि.एन. प्रधान/रमेश प्रधानका नाममा छापिएको' सार्वजनिक गरिसक्दा पनि किन त्योसँग सम्बन्धित व्यक्ति चुप छन् ?

यति ठूलो षड्यन्त्रमा तत्कालीन माले किन सामेल भयो ? दासढुंगा हत्याकाण्डका जीवित साक्षी अमर लामालाई कांग्रेसले आफ्नो सांस्कृतिक विभागको जिम्मेवारीमा किन पुऱ्यायो ? पछि निजको हत्या राजा ज्ञानेन्द्रको शासनकालमा फिल्मी स्टाइलले हुँदा किन गम्भीरताका साथ लिइएन ? नेकपा (एमाले)का वरिष्ठ नेता माधव नेपालको नेतृत्वको सरकारले दासढुंगा हत्याकाण्डका यी तथ्यहरूमाथि टेकेर उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गरी सत्य तथ्य जनसमक्ष ल्याउने काम गर्नु आवश्यक छ। दासढुंगा हत्याकाण्ड सधैंभरी रहस्यको गर्भमै अवश्य पनि रहन हुँदैन। यो हत्याकाण्डलाई एकअर्को विरुद्धमा राजनैतिक लाभ र हानीको हतियारको रूपमा प्रयोग गर्नुभन्दा यथार्थता जनसमक्ष ल्याउने कार्यमा लाग्न सके लोकतन्त्रको भविष्य सुरक्षित हुनेछ। जनविश्वास आर्जन गर्न र उत्तरदायित्ववोध गर्नको लागि पनि राज्यले यो हत्याकाण्डलाई उच्च प्राथमिकतामा राख्नु उचित हुन्छ।

■

# ओजपूर्ण नेता : कमरेड मदन भण्डारी

***क. राजेन्द्रमान श्रेष्ठ***
***सचिव, मदन भण्डारी फाउण्डेशन, उपत्यका***

Some are born great. Some achieve greatness. Some have greatness thrust upon them." Shakespare



निरंकुश तानाशाही पञ्चायती व्यवस्था भएको बेलामा स्थानीय निर्वाचनको उपयोग गर्ने सम्वन्धमा तत्कालिन नेकपा (माले) को नीति अनुसार २०४३ मा उम्मेद्वारी दिई हस्तक्षेप गरियो । उक्त निर्वाचनको समीक्षा गर्न भक्तपुर जिल्ला बालकुमारीस्थित यस लेखकको निवासमा माले पार्टीको पोलिटव्यूरो बैठक ३-४ दिन बसेको थियो । काठमाडौं मैतिदेवी मन्दिर परिसरबाट क. मदन भण्डारी, क. माधव नेपाल र अन्यन्त्रबाट क. झलनाथ खनाल, जीवराज आश्रितलाई सम्पर्क गरी सवैलाई थिमी पुऱ्याइयो । जीन्स पाईन्ट, टोपी सहितका क. मदनसँग मेरो त्यही नै पहिलो भेट थियो । विभिन्न उपनामले चिनिने नेताहरूको भूमिगत शैलीको सो बैठकको व्यवस्थापन गर्न मलाई जिम्मा दिइएको थियो ।

क. मदनको जन्म नेपालको पूर्वी जिल्ला ताप्लेजुङ्को ढुङ्गेसाँघुमा २००९ साल असार १४ गते भएको थियो । सानै उमेरदेखि उनी तिक्षण बुद्धि र चतुर स्वभावका थिए । उनले आफ्नो १४ वर्षको उमेरमै पञ्चायत त ठीक छैन छैन, नेपाली कांग्रेस पनि ठीक छैन भन्ने जस्ता तर्क पेश गरी त्यस्को विकल्पमा मार्क्सवाद-लेनिनवाद हो भने ठम्याई साम्यवादी युवा सङ्घ नामक संगठन बनाएका थिए ।

क. मदन भण्डारी सन् १९६८ मा नै कम्युनिष्ट भै सन् १९७० मा कमरेड पुष्पलालको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीसँग आवद्ध हुनुभयो । आन्दोलनलाई अघि बढाउने सन्दर्भमा अन्तरविरोध बढ्यो । सहकर्मीहरू सहित विद्रोहीको केन्द्रीय कमिटी नबने पनि प्रतिवाद गर्दै विभिन्न जिम्मेवारीसहित उहाँ सक्रिय रहनुभयो । तत्पश्चात उहाँ सन् १९७८ मा नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) गठनसँगै केन्द्रीय कमिटीमा र सन् १९८४ मा पोलिव्यूरोमा छानिनु भयो । सन् १९८९ को चौथो महाधिवेशनपछि महा-सचिवको रूपमा जिम्मेवारी सम्हाल्नुभयो । १९९१ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) को बीचमा एकता पछि नेकपा (एकीकृत मार्क्सवादी-लेनिनवादी) गठन भयो । उक्त पार्टीको अध्यक्ष पदमा क. मनमोहन अधिकारी बनाईनु भयो । त्यसैगरी सन् १९९३ मा सम्पन्न पाँचौ राष्ट्रिय महाधिवेशनले महासचिवको जिम्मेवारी क. मदन भण्डारीलाई सुम्पियो ।

संगठनात्मकरूपमा क.भण्डारी निरन्तर लामो समयसम्म खट्न सक्ने देखिनुहुन्थ्यो । जहाँ पनि, जस्तोसुकै परिस्थितिमा पनि, जहिले पनि तम्तयार भई जिम्मेवारी सम्हाल्नुहुन्थ्यो । जो कोहीसँग पनि समान व्यवहार गर्ने आदर्श व्यक्ति हुनुहुन्थ्यो । कसैलाई पनि सानो नठान्ने र आफू ठूलो नहुने, जो सुकैसँग पनि धैर्यपूर्वक सम्पूर्ण कुरा सुनेर आफ्नो विचारको छोटो समयकै प्रवचनवाट पनि वहँवाट सवै प्रभावित हुन्थे । नितान्त आत्मकेन्द्रित अभिव्यक्तिले राजनेताको ओज घटाउँछ । तर क. मदनले यस्ता बचन कहिल्यै कसैसंग गर्नु भएन ।

२०४६ सालको जनआन्दोलन पछि नयाँ संविधान मस्यौदाको क्रममा थियो । प्रस्तावित सो मस्यौदामा उहाँले विभिन्न २७ बुँदाहरूमा आफ्ना

धारणा राख्नुभएको थियो। क. भण्डारीले प्रस्ताव गर्नुभएको धारणालाई आत्मसात गरी कार्यक्रम अगाडी वढाइएको भए नेकपा (माओवादी) को १० वर्षे जनयुद्ध, १५ हजार भन्दा बेसी नेपालीको हत्या र अरबौंको भौतिक सम्पत्ति नष्ट हुने थिएन। २०६२/६३ मा सम्पन्न १९ दिने संयुक्त जनआन्दोलन र संविधानसभाको निर्वाचनपछि २०४७ असोज ११ मा क. मदनले राख्नु भएको २७ बुँदाको प्रखर विचारको पक्षपोषण भइरहेको छ।

२० औं शताब्दीको अन्त्यतिरको समय थियो। अन्तर्राष्ट्रिय रूपमा कम्युनिष्ट पार्टीहरूले एक पछि अर्को धक्का खाइरहेका थिए। त्यसै समयमा उहाँले नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनमा नै बहुदलीय जनवादको सोच अगाडि सार्नुभयो। जसलाई देशभरीका कार्यकर्ता र प्रतिनिधिहरूवाट स्वीकार्दै जनताको बहुदलीय जनवादमा परिणत गर्न सम्भव भयो। यसरी न्यूनतम कार्यक्रमकारूपमा विकसित हुँदै मार्गदर्शक सिद्धान्तको रूपमा जनताको बहुदलीय जनवाद नै उन्नत समाजको मूल आधार बन्न पुगेको छ। उहाँ बहुदलीय जनवादको प्रणेता एवम् नेकपा (एमाले) को नेता मात्र नभई सारा संसारका दिनदुखी श्रमिक जनताको राजनेताको रूपमा स्थापित हुनुभयो। त्यस समयमा संचालन गरिएको राजनेताहरूको सर्वेक्षणमा उहाँ सर्वाधिक लोकप्रिय नेताको दर्जामा उभिनुभयो। यथार्थमा वहाँ कुनै दुलोवाट निस्केको, अप्राकृतिक ढङ्गले एक्कासी शिखरमा पुगेको नेता नभई सारा जनताले आफ्नो हृदयमा राख्न सकेको नेताका रूपमा परिचित हुनुभयो।

वहाँ २०४९ बैशाखको प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं क्षेत्र नं. १ र ५ मा उठेर दुवै क्षेत्रबाट जित्न सफल हुनुभयो। काठमाडौं १ बाट नेपाली कांग्रेसका संस्थापक नेता तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई हराएपछि को News Week Magzine मा "Karl Marx Lives in Nepal" भनेर छापिएको थियो। यसबाट सिद्ध हुन्छ की माथि शेक्सपियरले भनेझै वहाँ कसैले बनाईदिएको नेता नभई जन्मसिद्ध नेता हुनुहुन्थ्यो।

यसरी परिस्थितिको विश्लेषण गरी ठोस धारणा राख्ने जननेता क. मदन भण्डारीको भौतिक जीवन हामीले बचाउन सकेनौं। उहाँको Charismatic Leadership ओजपूर्ण नेतृत्व नेपाल, नेपाली र विश्वका शोषित पिडित श्रमजीवी जनताहरूले सदा सम्झिइरहनेछन्। तर दुःखको समाचार उहाँको षड्यन्त्रमूलक ढंगले २०५० जेठ ३ गते उहाँका सहयोद्धा क. जीवराज आश्रितसँगै हत्या भयो।

हामी उहाँको विचारका पक्का अनुशरणकर्ताहरूले नेपाली कम्युनिष्ट आन्दोलन भित्र उग्रपन्थ, जडसूत्रवाद, अराजकता, विखण्डनको विरुद्ध सैद्धान्तिक र वैचारिक पक्ष धारिलो पार्नुपर्दछ। जननेता क. मदन भण्डारीले अघि सार्नु भएका नीति, सिद्धान्त र कार्यक्रमहरू एवं नेपाली राजनीतिमा उहाँले स्थापित गर्नु भएको मूल्य, मान्यता र आदर्शको संरक्षण गर्नुपर्दछ। यसो गर्न सकेमा मात्र उहाँप्रति सच्चा श्रद्धान्जली गरेको ठहरिनेछ।

■

# जवजको सार परिवर्तनको धार मदनको विचार

*माधव ढुंगेल*
*महासचिव, अनेरास्ववियु*



जबजब सडकमा धेरै जनता न्याय र समानताको आवाज लिएर उत्रन्छन् सवैको यादमा मदन भण्डारी आउने गर्दछन् । जब कुनै पनि पार्टीद्वारा खुल्ला मञ्चमा विशाल जनसभाको आयोजना हुने गर्दछ सवैको यादमा मदन भण्डारी छाउने गर्दछन् । सवै जनताको प्यारो नाम मदन सरल स्वभावका धनी सालीन, भद्र, विचारमा स्पस्ट, वाकपटुताका धनी, सगरमाथा समानको व्यक्तित्व चर्चा कसरी गरौं कलम कहाँवाट अघि बढाऔं अल्मलिएको छ पंक्तिकार ।

## नवीनताको धार जवजको आधार

विश्वको दुई धुर्वीय अस्तित्वलाई कायम गर्ने लेनिनको पराक्रमी क्रान्तिको सफलतासँगै उदय भएको सोभियत समाजवादको पतनले निरास र रक्षात्मक बनेको कम्युनिष्ट आन्दोलनलाई नयाँ शिरावाट उठाउनु आवश्यक थियो । क्रान्तिमा आत्मगत र वस्तुगत अवस्थाको अलावा विज्ञानको चमत्कार, समय, अन्तर्राष्ट्रिय परिवेशको सही पहिचान हुनै पर्दछ । सामान्यतया आधारभूत रूपमानै आन्दोलनकारीले आत्मगत र वस्तुगत अवस्थाको पहिचान गर्दछन् तर विज्ञान, समय र अन्तर्राष्ट्रिय परिवेशको धरातल ठम्याउन नसक्दा आत्मगत र वस्तुगत अवस्था अत्यन्तै सवल भए पनि क्रान्ति सफल हुन सक्दैन । यो सवै यथार्थलाई पहिचान गर्न सक्ने अद्भूत क्षमताका धनी कमरेड मदन नेपाली माटोले जन्माएको एक उच्च व्यक्तित्व हुनुहुन्थ्यो ।

विज्ञानको विकाससँगै चेतनाले समृद्ध बनेका जनताको शासन निरंकुशता वा एकाधिकारवाट संभव छैन । आणविक शस्त्र अस्त्रले भरिपूर्ण भएको विश्वमा चेतनशील जनताको आन्दोलन सशस्त्र होइन शान्तिपूर्ण हुनुपर्दछ । शान्तिपूर्ण आन्दोलनमा मात्रै सवैको सहानुभूति र समर्थन प्राप्त हुन सक्दछ । सशस्त्र आन्दोलनमा भन्दा शान्तिपूर्ण आन्दोलनमा बढ्ता बल प्राप्त हुन सक्दछ भन्ने विश्लेषण कमरेड मदनको थियो ।

यही विचार र विश्लेषणलाई संस्थागत गर्न यिनै विचारको आधारभूमीवाट २०४९ सालको पाँचौ महाधिवेशनमा कमरेड मदनद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद' नेपाली त्रान्तिको नवीन कार्यक्रम थियो । जुन विचार दिनप्रतिदिन लोकप्रिय बन्दै गैरहेको छ । विश्वका सवै कम्युनिष्टहरू यही विचारलाई आत्मसात् गर्ने ठाउँमा आई पुगेका छन् । त्यसैले आज जननेता कमरेड मदन, जनताको बहुदलीय जनवाद र उदयीमान कम्युनिष्ट आन्दोलन एक अर्काका परिपूरक बन्न पुगेका छन् ।

## जवजको सार परिवर्तनको धार

प्रकृति, जीवन र समाजमा बहुलता छ । वहुलताको अभावमा द्वन्द्व हुँदैन । द्वन्द्वविना प्रगति हुँदैन । वहुलताभित्र हुने प्रतिस्पर्धावाट जेष्ठता सावित हुन्छ । राजनीति पनि योभन्दा भिन्न चिज होइन । द्वन्द्व सार्वभौम नियम हो भने राजनीतिमा हुने द्वन्द्वलाई किन स्वीकार नगर्ने ।

श्रमजीवी सर्वहारा वर्गको पार्टी एउटा मात्र नभई धेरै हुन सक्दछन् । वहुलता र विविधता भएको

वर्गीय समाजमा पार्टी र राजनीतिक संगठनहरूको वहुलता स्वभाविक छ। यही वहुलताभित्र सहकार्य हुन्छ। त्यसैले कुनै पनि राज्य व्यवस्थामा विद्यमान रहेका राजनीतिक दृष्टिकोणका वीच संविधानसम्मत ढंगले प्रतिस्पर्धा हुन दिनु पर्दछ। यो नै साँचो अर्थमा जनताको प्रजातान्त्रिक प्रणाली हुन सक्दछ।

शासन प्रणाली बहुदलीय हुने र राज्यसत्ता जनवादी हुने भनी दुई शव्दको संयोजनवाट वहुदलीय जनवाद नामाकरण गरियो। जनताको प्रजातान्त्रिक शासन व्यवस्थालाई अभिव्यक्त गर्न अपरिहार्य ठानिएकाले यिनै शव्दहरूलाई संयोजन गरी एउटा एकीकृत व्यवस्थाको रूपमा प्रस्तुत गरिएको नाम हो वहुदलीय जनवाद।

वहुलवादी खुल्ला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, आवधिक निर्वाचन, जनताको जनवादी व्यवस्थाको सुदृढीकरण, विदेशी पूँजी र प्रविधि, नेतृत्व र अधिनायकत्व, कानूनी राज्य आदि विशेषता बोकेको जनताको वहुदलीय जनवादले सिद्धान्त जीवनका लागि बन्नु पर्दछ भन्ने मान्यता राख्दछ। दलाल नोकरशाह र दक्षिणपन्थी शक्तिहरूसँग दीर्घकालीन वर्गसंघर्ष हुनेछ भने उग्रवामपन्थी शक्तिहरूसँग विचारधारात्मक संघर्ष हुनेछ। क्रान्तिको वाटो शान्तिपूर्ण यो संसदीय र असंसदीय दुवै हुन सक्दछ। असंसदीय संघर्ष निर्णायक संघर्ष वन्नु पर्दछ। आमूल परिवर्तन क्रान्तिको दिशा हुनुपर्दछ। आज जोड दिनु पर्ने जवजका मुख्य विषय वस्तुहरू यिनै हुन्।

## जवज अघिअघि माओवादी पछिपछि

युद्धवाट जित्न सकिन्न भन्ने माओवादीको मनोवैज्ञानिक स्वीकारोक्तिको जगमा १२ बुँदे सहमति भएको थियो। यही १२ बुँदे सहमतीबाट माओवादीहरूले शसस्त्र युद्धको नीतिलाई छोडेका थिए। यही संझौताले जवजको बाटो पछ्यायो। जव राजा विरोधी आन्दोलनले जवजको वाटो पछ्यायो आन्दोलन बलशाली वन्दै गयो। लाखौं जनता सडकमा ओर्लन थाले। सडकमा शान्तिपूर्ण आन्दोलनमा उर्लिएको जनसागरको तागतलाई शाही सत्ताले थाम्न सकेन। परिणाम २४० वर्ष देखिको राजतन्त्र समाप्त हुन पुग्यो।

२०६३ आषाढ ८ गतेको नेपाली पत्रकार डिसी नेपालले लिएको अन्तवार्तामा माओवादी अध्यक्ष प्रचण्डले 'जवज' प्रति सकारात्मक भएको विचार व्यक्त गरेका थिए। आषाढ ११ गते त्यसलाई थप पुष्टि गरेको विचार व्यक्त भयो। दस्तावेजमा कार्यनीति परिवर्तन नगरेको भए पनि व्यवहारमा अव जवजको क्रान्तिको दिशालाई पछ्याएको देखिन्छ। २१ औं शताव्दीको जनवाद जवजलाई पछ्याउन अघि सारिएको पृष्ठभूमि हो भनेर बुझ्दा गलत हुन्छ जस्तो लाग्दैन।

## जवजको गोरेटो एमालेको नेतृत्व

जनआन्दोलन २०६२/६३ जसले २४० वर्षको राजतन्त्र समाप्त गऱ्यो बन्दुक, बम, गोला ,बारुद फिर्ता गरिए जनताको शान्तिपूर्ण संघर्षको यो विजय जवजले अगाडि सारेको शान्तिपूर्ण संघर्षको विजय हो। सशस्त्र युद्धवाट राज्यसत्ता कव्जा गर्ने अभीष्ट बोकेर २०५२ सालदेखि जंगल पसेका माओवादीहरूको युद्धमा करिव १३/१४ हजार मान्छे मारिए तर युद्धको गति जति अगाडि बढ्यो त्यति कमजोर बन्दै गएको आभास हुन्थ्यो। यही कुरालाई बुझेर होला होस् पुऱ्याएरै माओवादीहरूले १२ बुँदे समझदारीमा हस्ताक्षर गर्न आइपुगेका थिए।

सिलिगुडी, लखनौको माधव नेपालको यात्रा, रोल्पा सम्मको एमालेका अन्य नेताहरूको यात्रा जवजकै गतिमा गरिएको थियो। अन्य दलका कार्यकर्ता त माओवादीका कारण आफ्नो गाउँ र सदरमुकाम छोडेर काठमाडौं सरिसकेका थिए। १२ बुँदे पछि गरिएको निर्णायक र अन्तिम संघर्षमा पनि जिल्ला सदरमुकाम र गाउँमा बसेर आन्दोलनको अगुवाई गर्ने एमालेकै स्थानीय नेताहरू थिए। अन्य पार्टीका प्रतिनिधि पाउनसमेत मुस्किल पर्दथ्यो।

मंसिर ४ बुटवलबाट सुरु भएको एमालेको राजाविरोधी जनसभाको लहर राजाका शासक प्रशासकहरूको व्यापक अवरोधका वावजूद लाखौं जनताको उपस्थितिका सभा गरेर दैनिक पत्रिकाका

सिंगो पृष्ठ जनसभाको तस्वीरले भर्न सफल भएको थियो ।

१९ दिने जनआन्दोलनमा दश हजार मान्छे गिरफ्तार भए जसमध्ये छ हजार एमालेका आफ्ना कार्यकर्ता थिए । छ हजार घाइते हुँदा चार हजार भन्दा बढी एमालकै कार्यकर्ताहरू घाइते भएका थिए । २७ जना मारिदा १८ जना त एमालेका आफ्ना कार्यकर्ता मारिएका थिए । यी सबै परिदृश्यहरूले आन्दोलनको अगुवाई र नेतृत्व एमालेले गरेको थियो भन्ने पुष्टि हुदैन र ?

## जब उत्रन्छ जनशागर तब खड्किन्छ मदनको अभाव

नीति मात्र भएर पुग्दैन त्यसलाई बोक्ने नेतृत्व कुशल भएन भने जति नै राम्रो नीति भए पनि त्यसको सार्थकता प्रमाणित हुन सक्दैन । जव जव खुल्ला मञ्चले मान्छे बोलाउँछ व्यापक जनशागर उत्रन्छ र त्यसका  हरेक ढुकढुकीले भन्छ मदन खोई ? जब हामी एउटा विशाल आन्दोलनको आँधीबेहेरी सिर्जना गर्दछौं त्यतिवेला मदनकै अभाव खड्किन्छ ।

हिमालवाट वगेको नदीको गति जस्तो, नदीका वीचमा अवस्थित विशाल ढुंगोलाई छाल मारेर नदीले जुरो हाने जस्तो वेग अनि समुन्द्रमा जमेको पानी जस्तो सालीन र धारा प्रवाह वहने जन सम्बोधनको यादमा भुतुक्कै हुने मदनका निःस्वार्थ जनवोलीको मिठो स्वरमा मन्त्रमुग्ध भएका ती ४७-५० को यात्राका सारथीहरू आज पनि खुल्ला मञ्चमा मदनकै स्वर सुन्न रुचाउँछन् । शान्ति बाटिका भनौं या रत्नपार्क, मंगलवजार या वसन्तपुर आदि ठाउँमा पलपल मदनकै यादमा समयले नेटो काटिरहन्छ ।

यस्तै नेपाली जनताका यादै यादमा रहेका तिमी, मन मस्तिस्कमा तिमी, आन्दोलनको नेतृत्व र अगुवाइमा तिमी ।  विउँतेर आउ कि अर्को मदन जन्माऊ तिमी । राजनीतिका हरेक अर्गेलाको निकाश हौ तिमी । फेरि आऊ मदन तिमी नेपाली राजनीतिको गाँठो फुकाऊ नेतृत्व गर खुल्लामञ्चको सभामा खड्किएको अभाव पूर्ति गर । विचारको धारिलो अस्त्र वोकेर आउ छिटो । तिम्रो अभावमा मुलुक छट्पटियो !

■

# जननेतासँग टनकपुर

*सुवास देवकोटा*
*प्रेस सल्लाहकार, रक्षा मन्त्रालय*

जननेता मदन भण्डारीको सम्बन्धमा धेरैको भन्दा मेरो फरक अनुभव र प्रसङ्ग छ। धेरैलाई अनौठो लाग्न सक्छ, उहाँको नाम मैले नसुन्दै मेरो नाम उहाँले सुनिसक्नु भएको थियो। २०४७ सालमा तत्कालीन मालेको केन्द्रीय कार्यालय बागबजारमा भेट्दा उहाँले 'तपाईं नै हो सुवास' भन्दै मेरो बारे धेरै कुरा सुनेको तथा छलफल भएको बताएपछि मैले यो थाहा पाएको हुँ। माले परिवारसँग गहिरो नाता भएकाले उहाँले त्यसो भन्दा मलाई भने अनौठो लागेन।



मदनको नाम मैले २०४७ सालमा बहुदल आएपछि मात्र सुनेको हुँ। त्यस अघि मैले उहाँलाई देख्न पाएको पनि थिइन। २०४७ सालमा काठमाडौं भिमसेनस्थानमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघको केन्द्रीय कार्यालय उद्घाटन कार्यक्रममा उहाँ र उहाँको भाषणसँग पहिलो पटक साक्षात्कार हुने अवसर जुरेको थियो। २०३७ सालमा बुबा ऋषिराज देवकोटा 'आजाद' शहिद हुनुभएपछि परिवारसहित म मालेको आश्रयमा हुर्किएकाले म तथा मेरो परिवारबारे मदनलाई जानकारी हुनु अनौठो भएन।

युवा संघको कार्यालय उद्घाटनपछि उहाँको दोस्रो भाषण बागबजारमा पार्टीको केन्द्रीय कार्यालय उद्घाटन हुँदा सुन्ने मौका मिल्यो। उहाँको भाषण त प्रभावशाली थियो नै, मेरा लागि उहाँको व्यक्तित्व अर्को अनौठो र आकर्षणको बिषय थियो। किनभने, त्यसबेलासम्म मैले त्यस्तो मोटोघाटो र आकर्षक व्यक्तित्वको तत्कालीन मालेका कुनै नेता देखेको थिइनँ। अनि, उहाँले बोल्दा धेरैलेभन्दा फरक म भाषणसँगै अरु स्रोतालाई पनि ध्यान दिन्थे। पार्टी कार्यालय उद्घाटनमा उहाँले बोलिरहको बेला दर्शक/स्रोता मात्र होइन, मंचमा आसिन पुराना बाम नेताहरू पनि चकित परेकोमा मेरो ध्यान पुगेको थियो।

कलकत्तामा भाकपा मालेको महाधिवेशनमा भाग लिएर फर्कनुभएपछि मेरो उहाँसँग नजिक हुने संयोग जुऱ्यो। नेपाली पत्र साप्ताहिकमा भर्खरै संवाददाताको काम सुरु गरेको थिएँ। सम्पादक जनार्दन आचायले 'बिमानस्थल गएर कलकत्ताबाट फर्केका मदन भण्डारीको अन्तरवार्ता ल्याउनु' भन्ने निर्देशन दिनुभयो। बिमानस्थलमा उहाँसँग गरेको कुराकानी भोलिपल्ट नेपाली पत्रमा मुख्य समाचार बन्यो। उहाँले भन्नुभएको थियो, 'नक्शलवादी आन्दोलनको उपादेयता सकिएको छैन।' बर्गीय समाज रहेसम्म नक्शलवादी आन्दोलनको उपादयेता बाँकी रहने उहाँको बिचार थियो। पार्टी परिवारको सदस्य भएकाले त्यसै पनि मप्रति उहाँको सद्भाव थियो, दैनिक पत्रिकाहरू नभएको त्यसबेला नेपाली पत्रले आफ्नो बिचार महत्त्वका साथ छापेकाले पनि त्यसको संवाददाता रहेका कारण उहाँबाट मैले थप सद्भाव प्राप्त गर्ने मौका पाएँ।

केही दिनपछि नै उहाँको टनकपुर भ्रमणमा मैले सदस्यका रूपमा सहभागी हुन पाएँ। टोलीमा

पत्रकारहरू किशोर श्रेष्ठ, राजेन्द्र गौतम, सुजिब बज्राचार्य पनि हुनुहुन्थ्यो । चालक थिए, अमर लामा । जीपमा मदनसँग एक हप्ताभन्दा लामो यात्रामा जान पाउनु पत्रकारसँगै सामान्य मान्छेका रूपमा पनि मेरा लागि ठूलो मौका थियो । उहाँ खुला राजनीतिमा आउनुभएको धेरै वर्ष नभएको, भर्खरै आम निर्वाचनमा बहालवाला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गर्नुभएको तथा चमत्कारिक भाषणका कारण त्यसबेला सर्वाधिक चर्चा र रहस्यका पात्र हुनुहुन्थ्यो ।

एकदिन दिन र चालकसँगै हामी चार पत्रकार काठमाडौंबाट पश्चिमी सीमाका लागि हिंड्यौ पार्टीले उहाँलाई प्रयोगका लागि दिएको पजेरो जीपमा । यात्राको सुरुकै दिन उहाँको कम बोल्ने स्वभाव थाहा भइहाल्यो । तर, जति बोल्नुहुन्थ्यो, त्यो रमाइलो तथा चुट्किलापूर्ण हुनेगर्दथ्यो । टेलिभिजन तथा पत्रपत्रिकाको पर्याप्त विकाश नभइसके पनि बाटोमा उहाँलाई चिन्ने, पछ्याई-पछ्याई हेर्ने मानिसहरू पर्याप्त देखिन्थे । चिया पिउन गाडी रोक्दा त हेर्ने मानिसहरूको सानोसानो भिड नै लाग्थ्यो । यस्तै प्रसङ्गमा बुटवलमा पुग्दाको एउटा घटना कहिल्यै बिर्सन सक्दिन ।

बुटवल पुग्दा साँझ झमक्क परिसकेको थियो । पार्टीका स्थानीय नेताहरूसँग भेट्ने इच्छा उहाँले राख्नुभयो र फोन सम्पर्कको प्रयास हुन थाल्यो । त्यही बीच हामी चिया पिउन सडककै एउटा चिया पसलमा उभियौं । चिया पसलमा केही युवाहरू थिए । उनीहरू राजनीतिक कुराकानी गरिरहेका थिए । हामी कोही त्यहीं कुराकानीमा मिसियौं । साँझ परिसकेकाले मानिस चिन्न सकिन्नथ्यो, त्यसैले कसैले उहाँलाई चिनेनन् । चिया पिइसकेपछि हामी हिड्ने तयारीमा लाग्यौं । पहिले नै चिया पसलमा रहेका युवाहरूले परिचय र बिदाईका लागि हात मिलाउन आए । सबैसँग हात मिलाउँदै परिचय गर्दा स्थिति सामान्य नै थियो । जब, उहाँले एक युवासँग हात मिलाउँदै 'म मदन भण्डारी' भन्नुभयो, ती युवा 'मदन भण्डारी, मदन भण्डारी' भन्दै झण्डै लडेनन् । अनि, केही क्षणपछि नै उनले 'म हजुरलाई चिन्थे, अँध्यारो भएर मात्र हो' भन्दै सम्हालिए । बुटवलको त्यो प्रसङ्ग कञ्चनपुर पुगिञ्जेलसम्मका लागि हाम्रो कुराकानीको रमाईलो बिषय बन्यो ।

त्यही राती ११ बजेतिर हामी नेपालगंज पुग्यौं, पाँचौ महाधिवेशनका लागि । त्यो राती नेपालगंजमा कार्यकर्ता भेला राखिएको थियो । कार्यकर्ताहरू बेलुका नै जम्मा भइसकेका थिए । मदन पुग्नुभएपछि भेला सुरु भयो । पार्टीले जनताको बहुदलीय जनवादलाई किन कार्यक्रम बनाउनु पऱ्यो भन्ने बिषयमा उहाँले प्रभावशाली मन्तव्य दिनुभयो । मन्तव्यपछि प्रश्नउत्तर कार्यक्रम चल्यो । रात छिप्पिदै जाँदा कार्यकर्ता झकाउन थाले, झकाएका कार्यकर्ताहरूलाई बामदेव गौतमले पानी छ्यापेर बिउँझाइरहनुभएको थियो । मदनले भने भोलि बिहान कार्यक्रमस्थल नछाडिञ्जेलसम्म पूरै जाँगरका_साथ कार्यकर्ताहरूको जिज्ञासा सुन्नुभयो र संयमका साथ उत्तर दिनुभयो । बिहान ५ बजे हामी धनगडीका लागि नेपालगञ्जबाट हिड्यौं ।

कोहलपुरमा धनपति उपाध्याय पर्खिरहनुभएको थियो, महेन्द्रनगर जानका लागि । कर्णालीमा त्यसबेला पूल नबनीसकेकाले फेरी तर्दै हामी बिहान १० बजेतिर धनगडी पुग्यौं । धनगडीमा दिउँसो आमसभा राखिएको थियो । तर, मदन रातभरीको अनिदो हुनुभएकाले पार्टीका स्थानीय नेताहरूले तत्काल भेटघाटको कार्यक्रम राखेनन् । दुई घण्टाआराम गर्न समय रहेकाले हामी सुत्यौं । आमसभामा ठूलो जनसमूहको उपस्थिति थियो । मदनले नेपाली कांग्रेसको तत्कालीन सरकारले गरेका गलत काम तथा टनकपुर सन्धिबारे बोल्नभयो ।

त्यहीदिन हामी कञ्चनपुर लाग्यौं । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट भारतसँग भएको टनकपुर सन्धिबारे स्थानीय जनतालाई जागरुक बनाउने उदेश्यले कञ्चनपुरमा आमसभा

राखिएको थियो। आमसभाका लागि पार्टी स्थायी समिति सदस्य माधवकुमार नेपाल पहिले नै कञ्चनपुर पुगिसक्नुभएको थियो। पार्टीका तत्कालीन महाकाली इन्चार्ज बिष्णु पौडेल त्यहीँ हुनुहुन्थ्यो। भोलिपल्ट बिहान हामी टनकपुर भ्रमणका लागि गयौं। टनकपुरको बाँधस्थल हेर्‍यौं, ब्रम्हदेवमण्डी पुग्यौं र फर्कियौं। पर्सिपल्ट महेन्द्रनगरमा आमसभा थियो। सभामा ठूलो जनसमूह आएको थियो। डेढ घण्टा लामो सम्वोधनमा उहाँले सरकारले भारतसँग गरेको टनकपुर सन्धीले नेपाललाई ठूलो घाटा भएको तथा सरकारले सन्धिलाई समझदारी भनेर ढाँटेको बताउनुभयो।

फर्किदा हामीसँगै गाडीमा माधव नेपाल पनि हुनुभयो। महाधिवेशनअघिका कार्यकर्ता भेलामा जाने क्रममा हामी दाङ गयौं। दाङबाट फर्किदा चितवनको कार्यकर्ता भेलामा पनि पुगियो। चितवनको कार्यकर्ता भेलामा सि.पी. मैनाली र झलनाथ खनाल पनि आउनु भएको थियो। भेलामा जनताको बहुदलीय जनवाद पक्षबाट मदन र माधवले बोल्नुभयो भने परिमार्जित नौलो जनवादको तर्फबाट सिपी र झलनाथले आफ्ना बिचार राख्नुभयो। कार्यकर्ता भेला सकिएपछि सिपी र झलनाथ पनि हामीसँगै त्यही गाडीमा काठमाडौं फर्किनुभयो।

यसरी, जननेतासँग १० दिन लामो भ्रमण सकियो।

■

# मदन भण्डारी : व्यक्ति र विचार

*युवराज घिमिरे*
*वरिष्ठ पत्रकार*

सात साल पछिको नेपालमा केही महत्त्वपूर्ण अवशरहरू गुमेका छन्। नगुमेकाभए संभवत नेपालको राजनीति, स्थायीत्व र आर्थिक समृद्धिले अर्कै स्वरूप र दिशा लिने थियो। राष्ट्रियता मजबूत र बढी सहभागितापूर्ण हुने थियो त्यो अवसर नगुमेको भए। राजा महेन्द्र र विश्वेश्वर प्रसाद कोइराला दुवैमा नेपालको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रियता तथा अर्न्तराष्ट्रिय जगतमा उसको उपस्थिति बारे स्पष्ट चाहना र मान्यता थिए। तर, दुईका बिच समझदारी र सहकार्य हुन नसकेपछि उनीहरूको चाहना अधुरो रह्यो। एक किसिमले तुहियो नै। झण्डै त्यही प्रकृति र क्षती दोहोरियो मदन भण्डारीको असामयीक र अल्पायुमै रहस्यपूर्ण मृत्युका कारण।



संयोग मैले यी तिनै जना नेतालाई भेटिन। वी. पी. र महेन्द्रलाई देखेको भए पनि उनीहरूको चिन्तन र मान्यता उनीहरूका बोली र गराई अनि त्यसले राष्ट्रिय जीवन र नेपालको छवीलाई पारेको असरका आधारमा माथिको निष्कर्ष निकालेको हुँ। महेन्द्रले दुई ढुंगाको तरुलको अवधारणालाई जन-चाहना अनुरूप बिस्तारित गरे विभिन्न मुलुकसँग कुटनीतिकसम्बन्ध स्थापित गरेर। वी.पी. को मान्यता, चाहना र नीति त्यो सँग मेल खान्थ्यो। प्रजातन्त्र र राष्ट्रियताका शक्तिहरू विचको सहकार्यको उनको प्रस्ताव महेन्द्र पछि राजा वीरेन्द्रलाई पनि स्वीकार्य भएन।

त्यही अन्तरविरोधका बीच र महेन्द्र तथा वी.पी. को निधनपछि मदन भण्डारीको प्रादुर्भाव भयो एउटा राष्ट्रिय व्यक्तित्वका रूपमा नेपालको राजनीतिमा। आफ्नै दल र अन्य दलहरूलाई तथा फरक मतलाई राष्ट्रिय हित र स्वार्थलाई एकै ठाउँमा ल्याउन, मदन भण्डारीले जुन अगुवाइ, त्याग र उत्सर्गको उदाहरण प्रस्तुत गरे, जुन सफलता हासिल गरे त्यसमा, त्यो सातसाल पछिको नेपालको राजनीतिमा एउटा महत्वपूर्ण कोसेढुंगा बनेको छ। त्यो सफलताले बहुलवाद, राष्ट्रियता र संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातन्त्रका लागि मुलुकमा एउटा सामूहिक र सकारात्मक मनोविज्ञान तयार पाऱ्यो। नेपाली भावी राजनीतिको अपेक्षित विन्दुको प्रारम्भ पनि त्यसैलाई मान्नु पर्छ।

भारतमा पत्रकारिता गर्दा अक्सर नेपालको राजनीतिमा चासो राख्ने राष्ट्रिय व्यक्तित्वहरूसँग मेरो भेटघाट हुने गर्थ्यो। त्यसमध्ये केहीको माइन्डसेट आपत्तिजनक हुन्थ्यो नै। उनीहरू नेपाल अलग मुलुक भए पनि अरु कसैसंग निकटता नबढाओस् भन्ने चाहना राख्थे।

नेपालको बारेमा निकै चासो राख्ने र यहाँ प्रजातन्त्र स्थापित हुनै पर्छ भन्ने दरिलो प्रतिबद्धता देखाउँदै आएका चन्द्र शेखरले त्यसबेला नलेख्ने शर्तमा एउटा कुरा भनेका थिए मलाई जुन अहिले उल्लेख गर्नु सान्दर्भिक हुनेछ। मैले बराबर वी. पी. लाई कम्युनिष्टहरूसँग मिलेर प्रजातन्त्र स्थापनाको लागि संघर्ष गर्न आग्रह गरिरहे। तर, वि.पि. त्यसमा कहिले राजी भएनन्। वी. पी. चन्द्रशेखरका आदरणीय पात्र थिए। वि.पी. उमेरमा निकै ठूला थिए चन्द्र शेखर भन्दा। र, दुवैको आवद्धता भारतको समाजवादी धारसँग थियो। आदरवस चन्द्र शेखरले

वी. पी. को कम्युनिष्ट विरोधी त्यो मान्यतालाई बाहिर ल्याएनन्। तर, वि.पि.तयार नहुँदा नेपालमा प्रजातन्त्रका लागिको संघर्षको सफलता झण्डै दुई दशक पछि पर्‍यो।

०४६ सालमा नेपाली कांग्रेसको नेतृत्व गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोईरालाको काँधमा आईपरेको थियो सामूहिकरूपमा वी.पी. को निधन पछी। नेपाली कांग्रेस यसपल्ट कम्युनिष्टहरूसँग सहकार्य तथा सामुहिक संघर्षमा उत्रिन तयार भएको थियो। पर्दा पछाडीका महत्वपूर्ण गतिविधि तथा निर्णायक निर्णयको सबभन्दा ठूलो श्रेय मदन भण्डारीलाई नै जान्छ वास्तवमा। चन्द्र शेखरले वी. पी. लाई २०२९/३० सालतिर जुन सुझाव दिएका थिए र जसलाई वी.पी. ले अस्विकार गरेका थिए। त्यसलाई मदन भण्डारीको नवीकृत पहलमा गणेशमान सिंह, भट्टराई तथा गिरिजा नेतृत्वले स्विकार्‍यो। नेपालमा कम्युनिस्टहरू राष्ट्रियता र प्रजातन्त्रको संघर्षमा नेपाली कांग्रेस बरावरको सरोकारवालाका रूपमा स्विकार्य भए पहिलोपल्ट, मदन भण्डारीकै नेतृत्व क्षमता र दुरदर्शिताका कारण।

संयोगवश दाशढुंगा दुर्घटना हुँदा म इण्डिया टुडेको संवाददाताका रूपमा काठमाडौं आएको थिएँ, २०४६ सालको आन्दोलनपछि भएको राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशन कभर गर्न। ुमाटो जोगाई राख, पानी जोगाई राख, स्वाभिमानी नेपालीको वानी जोगाई राख जस्ता आकर्षक र अर्थपूर्ण राष्ट्रियताका नाराहरूले महाधिवेशन स्थल रंगिएको थियो। राजाको शक्ति गुमेको त्यो अवस्थामा रा.प्र.पा. को अधिवेशन विना कुनै व्यवधान सफलताका साथ सम्पन्न हुन सक्नुले के स्पस्ट पार्छ भने २०६२/६३ मा जसरी फरकमतलाई निषेध गरिको थिएन ०४६ सालको आन्दोलन पछि। सुर्य बहादुर थापा, लोकेन्द्र बहादुर चन्द सँगको मेरो त्यसवेलाको कुराकानीमा अर्को पक्षका अर्थात् नेपाली कांग्रेस र एमालेका नेताहरू क्रमशः गणेश मान सिंह, कृष्ण प्रसाद भट्टराई तथा मनमोहन अधिकारी र मदन भण्डारीप्रति उनीहरूको आदरभाव र नेतृत्व क्षमतामा ठूलो विश्वास झल्किन्थ्यो। पहिला ३ नेताहरू ६० काटेका थिए भने मदन भण्डारीको ४० छुन लागेको अवस्था थियो। त्यसैले उनीबाट अपेक्षा धेरै थियो सबैको, अरु भन्दा निकै बढी। त्यो अनुरूपको चिन्तन मात्र हैन चरित्र र व्यवहार पनि देखाई सकेका थिए उनले। साम्यवादको सिद्धान्तको प्रतिपादन गरे पनि नेपाली समाजका मूल्य, मान्यता र संस्कृतिलाई समायोजन गर्न सिकेका थिए उनले। हतारमा नेतृत्व लिनु भन्दा मनमोहन अधिकारीलाई नेतृत्व सुम्पेर एकातिर त्याग र व्यबहारिक राजनीतिमा आफ्नो दक्षता देखाए उनले भने अर्कोतिर व्यक्ति र सत्ता केन्द्रित राजनीतिको जग बस्न दिनु हुँदैन भन्ने अर्को सन्देशको उदाहरण पनि उनी बने। उनको त्यो सन्देशलाई उनकै पार्टीमा उनको मृत्यु पश्चात् अरुले कसरी लिए त्यो छुट्टै अध्ययन र वहसको विषय हो।

०४७ को संविधान निर्माण पूर्व मदन भण्डारीको नेतृत्वमा सार्वजनिक सुझावको रूपमा प्रस्तुत गरिएको २७ बुँदे माग पत्र वास्तवमा ०६२/०६३ मा सबैको माग बन्न पुगेको देखिन्छ। धर्मनिरपेक्ष नेपाल, संवैधानिक राजतन्त्र, संसदले उत्तराधिकारी छान्ने प्रावधान, राजा विरुद्ध उचित आचरणको अभावमा महाभियोगको प्रस्ताव, सेना संसद मातहत रहनु पर्ने, राष्ट्रिय हितलाई दलहरूभन्दा माथिको विषय बनाउनु पर्नेमा जोडथियो ती मागमा। त्यस्तै राजालाई राजनीति गर्ने हो भने श्रीपेच फुकालेर आउ भनि चुनौति दिंदा उनले राजनीति तथा संस्थालाई मर्यादा भित्र बाँधिनु पर्ने सन्देश समेत दिएका थिए। प्रखर वक्तृत्वलाई एउटा रेडिकल अवधारणका वाहकको रूपमा मात्र हेर्दा उनको व्यक्तिव्य र चिन्तनको सतहि विश्लेषण हुन जानेछ। व्यक्ति वा नेतालाई उसको चाल, चरित्र र चिन्तनबाट नाप्नु पर्छ। त्यस्तै संघर्ष र कठिन क्षणमा उनका सहयोगी र संगतिबाट पनि व्यक्तिको विश्लेषण हुने गर्छ। मोदनाथ प्रश्रित र जीवराज आश्रित उनका त्यो बेलाका निकटतम् सहकर्मीहरू थिए, जो साम्यवादी जडवादबाट नेपाली कम्युनिष्टहरूलाई मुक्त गर्दै नेपाली राष्ट्रियता, राष्ट्रवाद र प्रजातन्त्रमा

सहयोगी बनाउन चाहन्थे उनीहरूलाई । त्यो नयाँ पहिचानको संघर्ष सँगै मदन भण्डारीले आफू जुट्न पुगेका नेपाल कम्युनिष्ट पार्टी (माले) लाई झापा आन्दोलनको रगतको दागबाट मुक्त गराउने पुरा चेस्टा गरे । एक हदसम्म सफल भए उनी । त्यसैले आज उनको त्यो विरासत र मान्यता बोकेर उभिएको एमालेलाई माओवादीको हत्या र हिंसाको राजनीतिलाई चुनौति दिने नैतिक हौसियत दिएको हो । आफ्नो हातमा आएको नेतृत्व नेकपा ( मार्क्सवादी) का मनमोहनलाई सुम्पिए उनले, झापा आन्दोलनसँग जुटेका सी.पी. मैनाली र आर.के. मैनालीलाई दिएनन् उनले । आफुले नेतृत्व नलिएर उनले एमाले भित्र आफ्नो नैतिक हौसियत स्थापित गरेकाले नै मनमोहन अधिकारीको नेतृत्वमा पार्टीलाई एउटा नयाँ मूल्य र मान्यताका नायकका रूपमा प्रस्तुत गर्न सके भण्डारीले । झापा आन्दोलनमा व्यक्ति हत्याको विरोध गर्ने के.पी. ओली, मोहनचन्द्र अधिकारी लगायतको समर्थन मदन भण्डारीलाई हासिल हुनुले पनि प्रजातान्त्रिक पद्धतिमा एमालेको इमान्दारीता स्थापित भएको हो भण्डारीको पहलमा ।

मदन भण्डारी संस्कृतका विद्यार्थी र ज्ञाता थिए । सन्यास लिएका दाई मनोज भण्डारीले उनलाई विद्या आर्जनका लागि काशी लगेका थिए । राजनीतिक संभाव्यता प्रचुर मात्रामा देखेका थिए पुष्पलाल लगायत त्यहाँ निर्वासित रहेका कम्युनिस्ट नेताहरूले उनमा । तर, हतारिएर एकै चोटी प्रवेश गरेनन् उनले राजनीतिमा । साँस्कृतिक मोर्चामा सक्रिय रहेपनि २०३१ सालतिर नेपाल फर्किएपछि आफ्ना पिताको अनुमति लिएर मात्र उनी राजनीतिमा होमिएका थिए ।

नेपाली समाजमा परिवारको भूमिका र त्यसबारे उनको मान्यतालाई यसले स्पस्ट पार्छ । परिवार संस्थामा राज्यको प्रवेश र त्यसले जन्माएको प्रभावको वर्तमान पृष्ठभूमि र ३५ वर्ष अघि एउटा विद्रोहि तथा प्रगतिशील नेताले नेपाली समाजमा परिवारको भूमिकाबारे उनको मान्यता झल्काउँछ । अर्को शब्दमा पारम्परिक मान्यतालाई चिन्तन् र व्यवहारमा ढाल्थे उनी । मदन भण्डारी खुलारूपमा परिवारको संस्थागत हैसियतलाई स्वीकार्दै चाड पर्वको सान्दर्भिकतालाई समेत सम्मान गर्थे व्यवहारमा । अथवा समाजका मान्यता र चलनबाट अलग रहेर समाज परिवर्तन गर्न या त्यो परिवर्तनको नेतृत्वमा स्थापित हुन सकिन्न भन्ने मान्यतामा उनी स्पस्ट थिए ।

जनताको बहुदलीय जनवाद (जवज) एउटा नीति र सिद्धान्तका रूपमा ०४८ सालतिरमात्र पार्टीले औपचारिकताका साथ ग्रहण गऱ्यो । तर, त्यो भन्दा ३/४ वर्ष अघि नै आफूले नेतृत्व लिनुपूर्व नै आन्तरिक प्रजातन्तको अभ्यासद्वारा भण्डारीको पहलमा त्यसलाई माले ले स्वीकार गरीसकेको अवस्था थियो । अल्पमत र फरक मत बोकेकाहरूको अस्तित्व र मत सम्मानित हुने संस्कृतिलाई भण्डारीले स्थापित गरीसकेका थिए । आन्तरिक प्रजातन्त्रको अभ्यास नभई जवज या कुनै पनि प्रजातन्त्र दरिलो हुँदैन । स्वाभिमान र राष्ट्रियता बिना मुलुकको अन्तर्राष्ट्रिय छवी र मान्यता हासिल हुँदैन, यो सन्देश उनले व्यवहारबाट स्थापित गरेका थिए । त्यसैले मदन भण्डारी उदाहरण बनेका हुन् सबैका लागि ।

■

# कार्यकर्ता नीतिका सन्दर्भमा जननेता मदन भण्डारी

*क. विशाल भट्टराई*
*अध्यक्ष, खोटाङ जिल्ला कमिटी*
*नेकपा एमाले*

खुला राजनीतिको अल्पावधिमा राष्ट्रिय जीवनका सबैजसो क्षेत्रमा यतिविधि प्रभावशाली दृष्टिकोण अघि सार्ने जननेता मदन भण्डारी जस्तो राजनीतिक नेतृत्व दुनियाँमा विरलै मात्र पाइएलान् । दशकौंको भूमिगत राजनीतिक जीवन व्यतित गरेर ०४६ सालको जनआन्दोलनले उत्सर्जन गरेको खुला राजनीतिक परिवेशमा उहाँ तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) को नेताको रूपमा सार्वजनिक हुनुभयो । जनआन्दोलनको एउटा सशक्त वाहक शक्ति तत्कालीन नेकपा (माले) को प्रवक्ताको रूपमा सार्वजनिक भई ०४७ सालको संविधानको घोषणासँगै पार्टीको प्रमुख (महासचिव)को रूपमा उहाँ एउटा चमत्कारिक नेतृत्व क्षमतासहित जनताको बीचमा स्थापित बन्नुभयो । त्यस वेलाको नयाँ परिवेशमा सार्वजनिक हुनुभएको छोटो अवधिमा नै मदन भण्डारी राजनीतिक चर्चाको केन्द्र भागमा रहनुभयो । तिव्रतर रूपमा परिवर्तन र रूपान्तरणको चरणमा रहेको त्यस घडिमा उहाँले राष्ट्रिय जीवनमा तरङ्ग उत्पन्न हुनेगरी दृष्टिकोणहरू प्रस्तुत गर्नुका साथै व्यवहारमा पनि त्यस्तै भूमिका निर्वाह गर्नुभयो । त्यस क्रममा उहाँले अघि सार्नुभएका दृष्टिकोणहरू आजपर्यन्त नेपाली राजनीतिक र सामाजिक जीवनमा प्रभावपूर्ण रहेकाछन् । उहाँका दृष्टिकोण र विचारहरूले अहिले पनि कुनै न कुनै रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरी नै रहेका छन् ।

जननेता मदन भण्डारीका कालजयी दृष्टिकोणहरू मूलतः नेपाली राष्ट्र र समाजको रूपान्तरणकारी विचारको रूपमा क्षेत्र र बिषयको समुच्चयको रूपमा आएको जनताको बहुदलीय जनवादको एउटा महत्वपूर्ण पाटो कम्युनिष्ट पार्टी निर्माण सम्बन्धी दृष्टिकोण हो । त्यसभित्रको एउटा विषय कम्युनिष्ट पार्टीको कार्यकर्ता नीतिबारे उहाँका दृष्टिकोणहरूको चर्चा आजको सन्दर्भसँग गाँसेर यहाँ अघि सार्ने प्रयत्न गरिएको छ ।

**जस्तो पार्टी त्यस्तै कार्यकर्ताः**

पार्टीका कार्यकर्ताहरू पार्टीको दृष्टिकोण, कार्यक्रम, लक्ष, उद्देश्य र कार्यनीतिलाई पुरा गर्ने माध्यम/साधन भएकोले उनीहरू तद्अनुरूपकै हुनु अनिवार्य छ । यसैलाई पुष्टि गर्ने गरी उहाँले उल्लेख गर्नुभएको छ "कार्यकर्ताहरूको व्यवहार र आचरणलाई कार्यकक्रमको घेराभन्दा माथि उठेर कुनै अमूर्त आदर्शको मार्गमा आधारित बनाउन सकिन्न ।" (वर्तमान परिस्थिति र पार्टीको दायित्व बिषयक प्रतिवेदन, ०४७ कार्तिक)

पार्टीको लक्षका सन्दर्भमा जननेता क. मदन भण्डारीले लेख्नुभएको छ "कम्युनिष्ट पार्टीको तात्कालीक न्यूनतम् सामाजिक लक्ष विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिमा आमूल परिवर्तन ल्याई जनताको जनवादी व्यवस्था स्थापना गर्नु हो ।" यो लक्षको प्राप्ति कठोर संघर्ष वा क्रान्तिविना सम्भव छैन । क्रान्ति जुझारु/क्रान्तिकारी कार्यकर्ताहरूको अभावमा असम्भव छ । त्यसैले कमरेड मदन भण्डारी जुझारु / क्रान्तिकारी पार्टी / कार्यकर्ताको पक्षमा हुनुहुन्थ्यो ।

क्रान्तिका लागि जुझारु पार्टी/कार्यकर्ताहरू

भएर मात्र हुँदैन जनताको साथ-सहयोग पनि चाहिन्छ, जनताको साथ-सहयोग पाउन उनीहरूको मन जित्नुपर्दछ, उनीहरूलाई संगठित गर्ने र नेतृत्व गर्ने क्षमता हुनुपर्दछ। जनताको मन जित्न र नेतृत्व गर्नका लागि कार्यकर्ताहरूमा सरलता, नम्रता, इमान्दारिता, अनुशासन, जनताका दुःख-सुखमा सहभागी हुने, राजनीतिक-बैचारिक स्पष्टता जस्ता गुण चाहिन्छ। यस्तै गुण भएका कार्यकर्ताहरू निर्माण गर्ने पक्षमा जननेता मदन भण्डारी हुनुहुन्थ्यो।

क्रान्तिपूर्व पनि सरकारमा गएर प्रगतिशील सुधारका कार्यक्रमहरू गर्ने र शक्ति सञ्चय गर्ने पार्टीको तात्कालीक कार्यनीति हो। त्यसैगरी पार्टी सरकारमा नगएको वा जान नसकेको अवस्थामा पनि विभिन्न खाले संघर्ष र विभिन्न खालका दबाबको माध्यमबाट अरुको सरकारलाई समेत देश र जनताको पक्षमा काम गर्न बाध्य पार्ने पार्टीको सामान्य नीति हो। यी दुवै कुराका लागि पार्टीलाई जनताको साथ-सहयोग चाहिन्छ। जनताको साथ-सहयोगका पाउनका लागि माथि चर्चा गरिएका जस्ता कार्यकर्ताहरू पार्टीलाई आवश्यक पर्दछ।

जननेता मदन भण्डारील कस्ता कार्यकर्ता बनाउने भन्ने सन्दर्भमा अगाडि भन्नुभएको छ "बदलिएको परिस्थितिमा हाम्रो राजनीतिक कार्यदिशा अन्तर्गत उपर्युक्त क्रान्तिकारी लक्ष प्राप्त गर्न, आम जनतालाई संगठित परिचालीत गर्न र नेतृत्व दिन सक्ने कार्यकर्ता शक्ति तयार गर्नु अपरिहार्य आवश्यकताको बिषय हो।" जननेता भण्डारीले उल्लेख गर्नुभएका यस पंक्तिबाट पनि सहजै बुझ्न सकिने कुरा के हो भने हामीले निर्माण गर्न खोजेको कार्यकर्ता पार्टीको नीति र चरित्रबाट पृथक हुन सक्दैनन् , कम्युनिष्ट पार्टीका कार्यकर्ता जनतासँग नङ-मासुको सम्बन्ध भएका, बिशेष समय र आन्दोलनमा आव्हान गर्दा पार्टीको पक्षमा जनसमुदायलाई उतार्न सक्ने सक्षम र लोकप्रीय कार्यकर्ता निर्माण गर्नुपर्छ भन्ने मान्यतालाई उहाँले आत्मसात गर्नुभएको छ। समग्रमा भन्नुपर्दा उहाँले "जनआधारित कार्यकर्ता पार्टी -Mass Based Cadre Party_ को रूपमा नेकपा (एमाले)लाई विकसित गर्ने मान्यतालाई जोड दिनुभएको छ। उहाँले कार्यकर्ताहरूमा "इमान्दारिता, लगनशीलता, निष्ठा र समर्पण" लाई प्राथमिक गुणको रूपमा चित्रण गर्नुभएको छ। उहाँ भन्नुहुन्छ - खुला परिवेशमा त्यतिले मात्र पुग्दैन अबका कार्यकर्ताहरूमा बौद्धिकता, कुशलता र क्षमता देखाएर अरुसँग प्रतिष्पर्धा गर्नसक्नु पर्दछ र कार्यकर्ताहरूमा संघर्ष गर्न सक्ने गुण पनि हुनु आवश्यक छ।"

## कार्यकर्ताहरुको पथ विचलन र सुद्धिकरण

षड्यन्त्रमूलक दुर्घटनामा पारिएर आजभन्दा १६ बर्ष अघिनै मृत्युको मुखमा पुऱ्याइए पनि जिवित छँदैका उहाँका दृष्टिकोणहरूले आजका हाम्रा सामु उपस्थित चुनौतिहरूलाई त्यतिबेलै सम्बोधन गरेको छ। लाग्छ उहाँ यस्तो भविश्यद्रष्टा हुनुहुन्थ्यो कि डेढ दशकभन्दा अघिको उहाँको ठम्याईले आजसम्म पनि एक खाले समाधान दिएको छ।

पाँचौ राष्ट्रिय महाधिवेसनको दस्तावेजमा उहाँले लेख्नुभएको छ - "समाजको निम्न पुँजीवादी परिवेसमा कार्य गरिरहेका हुनाले पार्टी कार्यकर्ताहरूमा लोभ, स्वार्थ, कायरता, लापरवाही, घमण्ड, निराशा र पलायनवादी विचारहरू पनि विभिन्न मात्रामा प्रकट भई रहेका छन्। यी गलत विचारहरूका विरुद्ध पार्टीका सबै स्तरहरूमा विचारधारात्मक संघर्षलाई गहिरो पार्नुपर्दछ र पार्टी भित्र देखापर्ने त्यस्ता गलत विचारहरूलाई पार्टी बाहिरको दक्षिणपन्थी तथा उग्रवामपन्थी भड्काउ विरोधी संघर्षसंग जोडेर सञ्चालन गर्नुपर्दछ।"

यदाकदा पार्टीका कार्यकर्ताहरूमा (खासगरी माथिल्लो तहमा) स-साना विषयमा असन्तुष्ट बन्ने, व्यक्तिगत हितलाई प्रधान्यता दिने र कतिपयले त अर्को पार्टीमा जाने धम्की र घुर्की देखाउनेसम्मको

विचलनवादी प्रवृत्ति देखापर्ने गरेको छ । अझ भन्ने हो भने, पानी र वानी माथिबाट तलतिर बग्छ भनेझैं खुला राजनीतिक परिवेश, संसदीय र राजकीय निकायमा बसेर काम गर्नुपर्ने कारणले नेतृत्व तहका कतिपय व्यक्तिहरूमा आर्थिक उपार्जनमा मरिहत्ते गर्ने, पार्टी र व्यक्ति आफू चुर्लुम्म भासमा डुबेर भए पनि भौतिक सुख र सम्मानका खातिर जे गर्न पनि पछि नहट्ने मनोवृत्ति र प्रवृत्ति विकास हुँदा तल्लो तहसम्म पनि त्यो रोग सर्ने खतरा देखिंदैछ ।

त्यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न माथिल्लो तहबाट नै दण्ड सजायको कडा प्रावधान लागू गर्नुपर्छ । त्यसैगरी बर्गीय दृष्टिले आधारभुत तहका नेता कार्यकर्ताहरूलाई प्राथमिकताका साथ जिम्मेवारी दिइनुपर्दछ । अझ विर्सनै नहुने बिषय के हो भने राजकीय र संसदीय निकायमा अवसर प्राप्त गरेको र अवसरबाट बन्चित कार्यकर्ताहरूको जीवनस्तर, जीवन शैलीमा असमानताको दुरी कम गर्ने योजना कडाईका साथ कार्यान्वयन गरिनुपर्दछ । त्यसैगरी त्यस्ता अवसरहरू उपलब्ध गराउँदा एउटै व्यक्तिलाई बारम्बार दोहोऱ्याएर हैन, आलोपालो गर्ने विधिलाई पनि कार्यान्वयन गरिनु आवश्यक छ । कार्यकर्ताहरूको इमान्दारिता र निष्ठाका सन्दर्भमा मदन कमरेड भन्नुहुन्छ “पार्टीका कुनै पनि नीति योजना र कामहरूलाई आदर्शयुक्त र निष्ठावान कार्यकर्ताहरूको अभावमा पुरा गर्न पनि सकिन्न ।” कार्यकर्ताहरूको चरित्र र गुणहरूका सन्दर्भमा उहाँले थप भन्नुभएको छ । कामको गुण दोषहरूको आधारमा प्रसंशा र आलोचना, पदस्थापना, उन्नति वा अवन्नति गर्ने कुरालाई पार्टीका स्वभाविक कार्यशैलीको रूपमा स्थापीत गर्नुपर्छ । कामको उत्तरदायित्वप्रति चिन्ता नगर्ने, तर अन्य कुराहरूमा भने केन्द्रित हुने अनुचित शैलीलाई हतोत्साहित गर्नुपर्छ र त्यसलाई सकेसम्म समाप्त गर्नुपर्छ ।”

नेता-कार्यकर्ताहरूको सही मूल्यांकन गर्ने र तद्अनुरूप जिम्मेवारी दिने पारदर्शी मापदण्ड स्थापीत गर्न नसक्दा पार्टीमा बेथितिले घर जमाउँछ । अझ पार्टीमा गुटवन्दी मौलाएर गयो भने त आफूलाई समर्थन गर्ने वा आफ्नो गुटसँग नजिक हुनेलाई जे गरेपनि असल देख्ने, आफ्नो विपक्षमा उभिएकाले जतिनै राम्रो काम गरे पनि खोट देख्ने दृष्टिकोण पार्टीमा रहन्छ । त्यसो गरेपछि स्वार्थीहरू, पैसा र सुविधाका लम्पटहरू शक्तिशाली गुटसंग नजिक बन्दै आफ्नो घृणित मनसाय पुरा गर्न लागि पर्छन् । त्यस्तो अवस्थामा पार्टी पंक्तिलाई पथविचलन वा पथभ्रष्टीकरणबाट जोगाउन किमार्थ सम्भव छैन । तैपनि यो प्रवृत्तिलाई न्युनिकरण गर्न यथासक्य निष्पक्ष र शक्तिशाली अनुशासन आयोग बनाई त्यसलाई नै आन्तरिक मूल्यांकन गरी कार्वाही गर्ने वा जिम्मेवारी बढोत्तरी के गर्नु उपयुक्त हुन्छ सिफारिश गर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

जननेता कमरेड मदनको जीवनशैली र उहाँले देखाउनु भएको “सादा जीवन र उच्च विचार”को महान र अतुलनीय व्यवहारबाट थोरै मात्र पनि सिक्न सकियो भने पार्टी पंक्तिलाई पथविचलन र पथभ्रष्टताबाट जोगाउन सकिन्छ र सिंगो राष्ट्र तथा जनसमुदायमा असल सन्देश सम्प्रेषण गर्न सकिन्छ ।

## पार्टी कार्यकर्ताका समस्या

जननेता कमरेड मदन भण्डारीले आफूले प्रस्तुत गरेका प्रतिवेदनहरू र पार्टीका सबैखाले आन्तरिक दस्तावेजहरूमा पार्टी कार्यकर्ताहरूका समस्याका सम्बन्धमा चर्चा गर्नुभएको छ । तत्कालीन नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेसन (जो पञ्चायतको उतरार्धको अवधि (०४६) मा सम्पन्न भएको थियो) मा उहाँले भूमिगत अवस्थाका पार्टी कार्यकर्ताहरूका समस्याका सम्बन्धमा चर्चा गर्नुभएको छ । त्यसवेला कार्यकर्ताहरूका समस्यालाई उहाँले बैचारिक, राजनीतिक र नीजि गरी दुईखाले समस्याका रूपमा चित्रण गर्नुभएको छ । भूमिगत रूपमा पार्टी काम गरिरहेका कार्यकर्ताहरूले भौतिक परिस्थितिको

प्रतिकुलता, पर्याप्त अध्ययन सामग्रीको अभाव, योजनागत प्रशिक्षण गर्न कठिनाई, विभिन्न तहका व्यक्तिहरूसँग अन्तरकृया र छलफल गर्न अनुकूलता नहुनु जस्ता कारणहरूले राजनीतिक बैचारिक क्षेत्रमा पार्टी कार्यकर्ताहरूमा समस्या देखिनु अत्यन्त स्वभाविक हो। त्यसैगरी भूमिगत तवरबाट पूर्णकालिन बनेका पार्टीका कार्यकर्ताहरूमा आर्थिक, पारिवारिक, व्यक्तिगत समस्याहरू देखिनु अनौठो होइन। तर, भूमिगत कालमा सिमित कार्यकर्ता भएका कारण तिनको समाधान पनि स्वभाविक रूपमा सहज थियो।

०४७ पछिको खुला राजनीतिक परिवेशमा कार्यकर्ताहरूका समस्या निकै जटिल बने र देखा परे। त्यसो भएर नै जननेता कमरेड मदन भण्डारीले आफ्ना दस्तावेजहरूमा प्रशस्त मात्रामा ती बिषयहरूको परिचर्चा गर्नु भएको छ। खासगरी ०४७ कार्तिक ७-२४ मा बसेको पार्टीको के.क. बैठकमा कमरेड मदनले प्रस्तुत गर्नुभएको वर्तमान परिस्थिति र पार्टीको दायित्व शीर्षकको प्रतिवेदनमा अलग्गै बुँदा राखेर कार्यकर्ता नीतिको चर्चा उहाले गर्नुभएको छ। त्यसबाहेक पनि ०४९ को एमालेको पाँचौ राष्ट्रिय महाधिवेशनका दस्तावेजहरूमा पनि उहाँले कार्यकर्ताहरूको समस्याका विषयमा उललेख गर्दै समाधानका उपाय पनि सुझाउनु भएको छ।

२०४७ पछिको खुला परिवेशमा एकातिर पार्टीको फैलदों आकार र अर्को तर्फ पार्टीमा आकर्षित भएको ठूलो संख्याको नयाँ पुस्ता समेतले गर्दा पार्टीको कार्यकर्ता संख्यामा निकैनै बढोत्तरी भएको थियो। नेकपा (एमाले) को बढ्दो लोकपृयताका कारणले समाजको विभिन्न क्षेत्रबाट यो पार्टीमा आउनेहरूको संख्या ह्वात्तै बढेको थियो।

कार्यकर्ताहरूको विविधता र भिन्नभिन्न पृष्ठभूमिको उल्लेख गर्दै कमरेड मदनले चारखाले कार्यकर्ताहरूको नेकपा (एमाले)मा उपस्थिति रहेको बिश्लेषण गर्नुभएको छ। i) लामो समयदेखि भूमिगत रहेर पार्टीको मेरुदण्डको रूपमा काम गर्दै आएका ii) लामो समयदेखि  खुला संगठन र फांटको काममा लाग्दै आएका iii) कतिपय व्यवहारिक कारणले भूमिगत वा खुला कामको क्षेत्रमा सक्रिय हुन नसकेका तर पर्दाभित्र रहेर पार्टीलाई समर्थन सहयोग गर्दै आएका व्यक्तिहरू र iv) पार्टीको प्रभाव र विस्तार देखेर आकर्षित भएका समाजका विभिन्न अंगबाट हाम्रो पार्टीमा आएका कार्यकर्ताहरू।

त्यसरी फरकफरक पृष्ठभूमिबाट आएका कार्यकर्ताहरूको जीवनशैली, राजनैतिक-सैद्धान्तिक स्तर, रुची, चाहना, बिशेषता र चरित्र पनि फरक हुनु स्वभाविक थियो। अनेकन भिन्नता र विशेषता बोकेका कार्यकर्ताहरूलाई आधारभुत रूपले चिन्तन र कार्यशैलीमा एकरूपता कायम गर्ने काम अत्यन्त दुस्कर थियो तर जननेता कमरेड मदन भण्डारी जीवित रहुन्जेल उहाँको विशिष्ट क्षमताले त्यो काममा सफलता पाइएको थियो। उहाँका विचार र दृष्टिकोणलाई कुशलतापूर्वक अंगाल्न र कार्यान्वयन गर्न सकिएको भए त्यसलाई उहाँको अनुपस्थितिमा पनि निरन्तरता दिन सकिन्थ्यो तर पछिल्ला समयमा त्यसमा ठुलै चूनौति खडा भएको सहजै देख्न सकिन्छ।

खासगरी कार्यकर्ता संरक्षण गर्ने, उनीहरूका समस्या माथि गम्भिर बन्ने, सम्भव भएसम्म कार्यकर्ताहरूका समस्या समाधान गर्ने मामलामा नेकपा (एमाले) उदासिन बन्यो। पूर्णकालिन कार्यकर्ता बनाउने र पार्टी कामलाई योजनागत हिसावले अघि बढाउने काम करीवकरीव हुन सकेन भन्दा हुन्छ। जसले गर्दा अघोषित रूपमा नेकपा (एमाले) को नेतृत्वले के नीति ल्यायो भने आफ्नै लागत र क्षमताले सक्छौं पार्टी काम गर, सक्दैनौ भने पार्टी छाड। अझ खुलाएर भन्नुपर्दा आर्थिक रूपले टिक्न सक्ने वा राजनीतिमा पैसा लगानी गर्नेहरू कार्यकर्ता नेता बन, पैसा लगानी गर्न र आफैं बाँच्न नसक्नेहरू

पार्टी छाड। जसले गर्दा राजनीति धनीहरूले मात्र गर्ने हो भन्ने मान्यता स्थापित हुन पुगेपछि थुप्रै पुराना कार्यकर्ताहरू पार्टीबाट बाहिरिनु पर्‍यो। कतिपयले पार्टीमा काममा निस्कृय रहेर व्यवसायतिर लाग्न बाध्य हुनुपर्‍यो भने राजनीतिमा लागि रहेको एउटा हिस्सा त्यहींबाट आर्थिक उपार्जनको उपाय खोज्न थाल्यो। जसले गर्दा नेता-कार्यकर्ताहरूको एउटा पंक्ति राजनीतिबाट पाखा लाग्न बाध्य भए भने राजनीतिमै लागिरहेको पंक्तिभित्रको कतिपय व्यक्तिहरू विकृति विसंगति तर्फ आकर्षित बनेपछि कतिपय ठाउँमा पार्टीको बद्नामीसमेत हुन थाल्यो। समस्याहरूको प्रतिकुलता विरुद्ध जुझेर पनि ठूलो हिस्सा इमान्दारीपूर्वक पार्टी काममा कृयाशील रहेका कारणले र उनीहरूले निर्माण गरेको आधारमा उभिएर पनि नेकपा (एमाले) आजसम्म यो हैसियतमा खडा छ।

पछिल्लो अवधिमा पार्टी नेतृत्वले मदन कमरेडको विचारलाई स्मरण गर्दै पूर्णकालिन कार्यकर्ता बनाउने, 'कार्यकर्ता कोष' निर्माण गर्ने जस्ता योजनाहरू दस्तावेजमा ल्याएको पाइन्छ। २० बर्ष अघि उहाँले क्षमता, दक्षता, विशेषताका आधारमा काम दिने, पूर्णकालिन कार्यकर्ता बनाउने र 'कार्यकर्ता कोष' वा 'कल्याण कोष' खडा गरी कार्यकर्ताको पारिवारिक, आर्थिक वा स्वास्थ्यसम्बन्धी गम्भीर समस्या पर्दा सहयोग गर्ने कुरा उल्लेख गर्नुभएको थियो।

अतः कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय र स्थापित बनाएर आफ्नो शासन सत्ता खोस्ने तागत देखेर कमरेड मदन भण्डारीलाई प्रतिक्रियावादीहरूले हामीबाट खोसे। हामीले कम्तीमा उहाँका विचार र दृष्टिकोणलाई व्यवहारमा कार्यान्वयन गर्ने हिम्मत गरेनौं भने उहाँलाई हामीले चैं नचिनेको ठहर्दछ। तसर्थ जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त र नेपाली क्रान्तिको कार्यक्रम स्वीकारे पछि त्यसले निर्देश गरेको कार्यदिशा, कार्यभार र कार्ययोजना यथासक्य कार्यान्वयन गर्ने कोशिश गर्नुपर्छ। कार्यकर्ता नीतिसम्बन्धी जननेताका दृष्टिकोणलाई अंगाल्न सक्यौं भने पार्टीका आधा आन्तरिक समस्या आफैं हल हुनेछन्।

■

Madan Bhandari Foundation
मदन भण्डारी फाउण्डेशन

# जननेता मदन भण्डारीको लोकतान्त्रिक व्यक्तित्व

*क. भेषराज अधिकारी*
*सचिव, मदन भण्डारी फाउण्डेशन*

## भूमिका

जननेता मदन भण्डरीले प्रतिपादन गर्नुभएको सिद्धान्त जनताको बहुदलीय जनवाद, उहाँका विचारहरू, उहाँको चमत्कारिक व्यक्तित्व र वक्तृत्वकला तथा क्रान्तिकारी नैतिकता एवम् इमान्दारितासित प्रतिस्पर्धा गर्न डराएर नै उहाँको षड्यन्त्रमूलक ढंगले हत्या भएको हो भन्ने कुरामा अब सायदै दुईमत होला। षड्यन्त्रमूलक हत्याकाण्डको पर्दाफास अझसम्म पनि हुन नसक्नु दुःखद हो। जननेता हाम्रो बीचमा नहुनु भएको १६ वर्ष वितिसकेका छन् । उहाँको भौतिक शरीर अस्तित्वमा नभए पनि उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्त र विचारको आलोकमा नेपाली समाजको परिवर्तन प्रक्रिया अघि बढिरहेको छ। उहाँले प्रस्तुत गर्नुभएको सिद्धान्तको नबुझिकन आलोचना गर्ने, खिसि टिउरी र विरोध गर्नेहरू समेत आज त्यसको समर्थनको पक्षमा उभिनु क्रान्तिकारी परिवर्तनको निम्ति लागिपर्ने सहयात्रीहरूको निम्ति खुशीको कुरा हो। त्यसैले जवज बुझाउन हरेस खानु हुँदैन र यसलाई सुदृढ पार्न अझ मिहिनेतकासाथ अघि बढ्नु पर्दछ।

कम्युनिष्ट पार्टी र त्यसका नेताहरू अलोकतान्त्रिक हुन्छन् भन्ने पूँजीवादीहरूको कुप्रचार छँदैथियो। अनि स्वयम् कम्युनिष्ट पार्टीहरूकै पनि परम्परागत नीति र अभिव्यक्तिहरू सामाजिक-आर्थिक अधिकारकै पक्षमा बढी जोड दिने तथा नागरिक तथा राजनीतिक अधिकारका पक्षमा कम ध्यान दिने प्रकृति र प्रवृत्तिका थिए। यस्तो बेलामा आफूभित्रैको जडतालाई चिरेर प्रस्फुठित हुनु र विपक्षीका आरोपहरूलाई जनताले बुझ्ने भाषामा र विश्वास जित्ने हिसावले विचार प्रवाह गर्नसक्नु मदन भण्डारीका सामू गंभीर चुनौतिहरू थिए। नेपाली कम्युनिष्ट आन्दोलनका बाधक तर ती बाधाहरू हटाएर मात्रै सामाजिक परिवर्तनको अभियानलाई गन्तव्यमा लैजान सकिने यी यावत वैचारिक बाधाहरूलाई पन्छाउन कम्युनिष्ट युवा नेता मदन भण्डारी मार्क्सवाद-लेनिनवादको प्रकाशमा हिम्मत, साहस र इमान्दारिताकासाथ अग्रसर हुनुभयो। करीव तीन वर्षकै खुल्ला राजनीतिक दौरानका सन्दर्भमा उहाँले कम्युनिष्ट आन्दोलनभित्रको जडतालाई तोड्न र विरोधीहरूको कुप्रचारलाई अर्थहीन, निराधार र पूर्वाग्रहपूर्ण भएको सावित गराउन महत्वपूर्ण सफलता हासिल गर्नुभयो। सामाजिक मुक्ति आन्दोलनको क्रान्तिकारी सिद्धान्तका प्रणेता, लोकतन्त्रका हिमायती, इमान्दार, कुशल वक्ता र साहसी भएका हुनाले नै मदन भण्डारी नेपाली जनताको मनमस्तिष्कमा जननेताको रूपमा आकार ग्रहण गर्न सफल हुनु भएको हो। अनि मदन भण्डारीमा लोकतान्त्रिक मूल्य, मान्यता र चरित्र भएको हुनाले नै उहाँ जननेताको रूपमा स्थापित हुन सफल पनि हुनुभयो। यसर्थ उहाँको सन्दर्भमा 'जननेता' को विशेषण र 'लोकतान्त्रिक चरित्रको व्यक्तित्व' पर्यायवाची जस्तै भएर आउँछन्।

## ऐतिहासिक संयुक्त जन-आन्दोलनको उठान

तीस वर्षदेखि संचालित निरंकूश तानाशाही पंचायती व्यवस्था फालेर लोकतान्त्रिक प्रणाली स्थापना गर्नको निम्ति वाममोर्चा निर्माण गर्ने, सो कार्यका लागि नेपाली कांग्रेसलाई समेत साथमा लिएर संयुक्त संयन्त्र मार्फत् आन्दोलन चलाउने नीति र योजना निर्माण मदन भण्डारीकै अगुवाईमा भएका थिए। दलहरूकाबीचमा भएका अन्तरविरोधहरू तत्काललाई थाति राखेर आन्दोलनको साझा विन्दु पहिल्याउने र मुख्य शत्रुसँग लड्दै प्रगतिशील

रूपान्तरणको निम्ति योगदान गर्ने मान्यताकासाथ २०४६ साल आश्विनमा तत्कालीन नेकपा (माले) को चौथो महाधिवेशन सम्पन भएपछि त्यसदिशामा मदन भण्डारी दत्तचित्त भएर क्रियाशील पनि हुनुभयो र पछि आन्दोलन उठान भई जन-आन्दोलनको सफलतापछि ०४६ सालको अन्त्यमा मुलुकमा बहुदलीय राजनीतिक प्रणाली स्थापना भयो। साँच्चै भन्ने हो भने त्यसबेलासम्मको नेपाली राजनीतिक इतिहासमा कम्युनिष्ट पार्टीको पहलकदमीमा संचालित एवम् महत्वपूर्ण सफलतामा अवतरित भएको त्यो आन्दोलन पहिलो थियो र अनेकौं धारमा विभाजित वामपन्थी दलहरूमा तत्कालीन नेकपा (माले) एक क्रान्तिकारी छवी भएको तथा संगठन र शक्तिको हिसाबले पनि पहिलो नै थियो। उक्त आन्दोलनमा कम्युनिष्ट पार्टीको संलग्नता र आन्दोलनको सफलतापछि प्राप्त महत्वपूर्ण उपलब्धी तथा खुल्ला समाज स्थापनापछि विचार र संगठन विस्तार गर्न प्राप्त अवसरले कम्युनिष्ट आन्दोलनलाई ह्वात्तै स्थापित र विस्तारित गऱ्यो। यी सबै कार्यहरूमा मदन भण्डारीको पहलकदमी, संलग्नता र अगुवाई रह्यो।

अनेकौं गुट तथा उपगुटमा विभाजित वाम आन्दोलन र वाम तथा कांग्रेसको बीचमा रहेको एक किसिमको शत्रूतापूर्ण दूरी र व्यवहारले निरंकूश राजतन्त्रलाई लम्व्याउन सहयोग पुऱ्याइरहेकोतर्फ विश्लेषण गर्न सफलता हासिल गर्नु भएको हुनाले नै र तत्कालिन नेकपा (माले) लाई एक जिम्मेवार र विश्वासीलो कम्युनिष्ट पार्टीको रूपमा उभ्याउन सफलता प्राप्त भएको हुनाले नै नेपाली कम्युनिष्टहरूलाई लोकतान्त्रिक आन्दोलनको शक्तिको रूपमा चिनाउन सफलता प्राप्त भएको हो। मदन भण्डारीमा लोकतान्त्रिक मुल्य, मान्यता र चरित्र नहुँदो हो त ती कामहरूले सार्थक परिणाम निकाल्न समय अवश्य लाग्ने थियो।

## जनउत्तरदायी कम्युनिष्ट पार्टीको पक्षमा

०४६ सालको ऐतिहासिक जन-आन्दोलनको सफलतापछि मुलुक खुल्ला वातावरणमा प्रवेश गऱ्यो। तत्कालीन नेकपा (माले) लाई खुल्ला गर्ने कि नगर्ने भन्ने विषयमा पार्टीभित्र छलफल चल्यो र खुल्ला गर्नु हुँदैन भन्ने पक्षमा समेत बलीयो मत रह्यो। मदन भण्डारीले पार्टीलाई 'खोपीको देउता' बनाउनु नहुने तर्क राख्नु भयो। जनताको आन्दोलनले हासिल गरेको उपलब्धीलाई आत्मसात गर्नुपर्ने, बलीदानको अवमूल्यन गर्नु नहुने, व्यापक अर्थमा पार्टी जनताकै सम्पत्ति भएकोले पार्टीलाई जनताप्रति उत्तरदायी बनाउनु पर्ने, कम्युनिष्ट पार्टीले प्रतिष्पर्धालाई स्वीकार गर्नुपर्ने, जनमतबाटै कम्युनिष्ट पार्टी राज्यको नेतृत्वमा पुग्नु पर्ने र अनुमोदित हुनु पर्ने, नेता तथा कार्यकर्ता समेत जनताको मूल्यांकनको दायराभित्र पर्नुपर्ने जस्ता तर्कहरू अगाडि सार्दै उहाँले आफ्नो मान्यतालाई स्थापित गराउनु भयो र तत्कालीन नेकपा (माले) कम्युनिष्ट पार्टीकै नामबाट राजनीतिमा क्रियाशील हुने टुंगो लाग्यो। यो निर्णयले एकातिर कम्युनिष्ट पार्टीले लोकतन्त्रलाई आत्मसात गर्नुपर्दछ र गर्दछ भन्ने सन्देश दियो भने अर्कोतिर कम्युनिष्ट पार्टीलाई गाउँका कुना कुनासम्म पनि विस्तार गर्न मद्दत गऱ्यो। उहाँ सैद्धान्तिकरूपले नै लोकतन्त्रप्रति प्रतिबद्ध हुनुभएकोले पार्टी खुल्ला गर्नु हुँदैन भन्ने पक्षमा आएको मतलाई सैद्धान्तिक र व्यावहारिक रूपमै खण्डन गर्नु भयो र अन्ततः आफ्नो मान्यतालाई स्थापित गर्न सफल हुनुभयो। यस्तो ऐतिहासिक मोडमा मदन भण्डारी लोकतान्त्रिक पद्धति र प्रक्रियालाई गहिरोगरी आत्मसात गर्ने कम्युनिष्ट नेता बन्नु भयो।

## संविधानलाई आलोचनात्मक समर्थनः लोकतन्त्रको नमूना

ऐतिहासिक जन-आन्दोलनको सफलतापछि २०४६ साल चैत्र २६ गते बहुदलीय व्यवस्थाको घोषणा भयो। त्यसपछि संविधान निर्माणको निम्ति संविधान सुझाव तथा सुधार आयोग गठन भयो। उक्त आयोगमा तत्कालीन माले पार्टीको तर्फबाट समेत प्रतिनिधि पठाइयो। संविधान आयोगको विरुद्धमा राजतन्त्रले षड्यन्त्र गरेर आफूले चाहेको संविधान ल्याउन कोशिस गऱ्यो तर त्यो सफल हुन

सकेन। मदन भण्डारीले संविधानलाई जनपक्षीय बनाउन जिम्मेवार पार्टीको जिम्मेवार नेताको हैसियतले सक्दो प्रयास गर्नुभयो। मदन भण्डारीले संविधान आयोगमा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलका गलत आशयका बिरुद्धमा समेत विचार व्यक्त गर्नुभयो र असल संविधान निर्माणका निम्ति पहल गर्न तिनीहरूलाई आव्हान गर्नुभयो। संविधान तत्कालीन राजनीतिक शक्ति सन्तुलनको दस्तावेज भएकोले आफ्नो पार्टीले चाहेजस्तो संविधान आउन नसक्ने यथार्थता बुझ्नु भएका मदन भण्डारीले संविधान सक्दो लोकतान्त्रिक बनाउन भरमग्दूर कोशिस गर्नुभयो। अन्ततः मुलुकले संविधान पायो। २०४७ साल कार्तिक २३ गते "नेपाल अधिराज्यको संविधान २०४७" जारी भयो। तत्कालीन माले पार्टीले उक्त संविधानलाई 'आलोचनात्मक समर्थन' गर्ने नीति लियो। दाहीने र देब्रे दुवै कोणबाट पार्टी र मदन भण्डारीको विरोध भयो। दाहिने पक्षबाट यो संविधान संसारकै उत्कृष्ट संविधान भएकोले मालेले आलोचना गर्नु बेठिक हो भनियो भने देब्रे पक्षबाट यो संविधानका कुनैपनि पक्षलाई समर्थन गर्न सकिने ठाउँ छैन भनियो। यी दुवै अतिवादीहरूको मदन भण्डारीले खण्डन गर्नुभयो र सन्तुलीत तथा लोकतान्त्रिक नीति र व्यवहारका पक्षमा उभिनुभयो। जनताका प्रतिनिधिहरूले समेत सो संविधान बनाएकोले त्यसमा जनभावना अभिव्यक्त भएको र यसलाई लत्याएर तत्काल अगाडि बढ्न नसकिने भएकोले त्यसका राम्रा पक्षहरूलाई समर्थन गरिएको र केही धाराहरू नराम्रा र निरंकुशता झल्किने भएकाले आलोचना गरिएको तर्क मदन भण्डारीले अघि सार्नुभयो। सो संविधानप्रतिको आफ्नो असहमती २७ बुँदामा उहाँले सुत्रीकृत गर्दै आम जनताको बीचमा लैजानु भयो र थप उपलब्धीको निम्ति संघर्ष गर्दै अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नुभयो। सो संविधानको एउटा धारामा राजाको विषयमा संसदमा छलफल गर्न नसकिने प्रावधान राखिएको थियो। उहाँले असहमतीका आफ्ना २७ बुँदामध्ये एउटा बुँदामा जनताको बिरुद्धमा गए र संविधानको बिरुद्धमा गए राजालाई समेत महाअभियोग लगाउन सकिने प्रावधान नराखिनु गलत भएको धारणा राख्नुभयो। लोकतन्त्रलाई संस्थागत गर्ने दस्तावेज संविधान नै हो र कानुनी शासनले मात्र लोकतन्त्रलाई सुदृढ पार्न सक्छ भन्ने विश्वास उहाँमा थियो। लोकतन्त्रप्रति उहाँमा अटुट विश्वास भएकोले नै संविधान निर्माणमा उचित ध्यान पुऱ्याउनु भयो तर जनताले चाहेजस्तो संविधान नआएपछि त्यसको विरोधस्वरूप शालीन ढंगले असहमती समेत प्रकट गर्नुभयो र आएको संविधानको अभ्यास गर्दै पनि जाने र कमजोरी हटाउने सार्वजनिक प्रतिबद्धता जाहेर गर्नुभयो। महत्वपूर्ण घडीमा समेत सहमती र विरोधलाई स्पष्टसित राख्नसक्ने लोकतान्त्रिक व्यक्तित्व भएको हुनाले नै मदन भण्डारीले त्यसो गर्नुभएको हो भन्न गाह्रो हुँदैन।

## जवजलाई लोकतान्त्रिकरुपमा संस्थागत

अहिले नेकपा (एमाले) ले अवलम्वन गरको नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जवज) को विजारोपण २०४६ सालको आश्विनमा सम्पन्न तत्कालिन नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनमा नै मदन भण्डारीको अगुवाई र नेतृत्वमा भएको हो र भूमिगत कालमै भएपनि लोकतान्त्रिक परिधिभित्रैबाट सो बेला जनताको बहुदलीय जनवादी कार्यक्रमको रूपमा जवजले अंकुरण हुने अवसर पाएको थियो। त्यहाँ बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवादको पक्षमा कार्यक्रम पारित भएको थियो। सोही विचारका आधारमा मदन भण्डारी चौथो महाधिवेशनबाट पार्टीको मुख्य नेताको रूपमा चयन हुनुभयो।

पछि नेकपा (एमाले) को पाँचौ ऐतिहासिक राष्ट्रिय महाधिवेशनले जननेता मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको कार्यक्रमको रूपमा स्वीकार गरी उहाँको विचारलाई संस्थागत गर्ने ऐतिहासिक दायित्व निर्वाह गऱ्यो। उहाँले जवजका १४ वटा विशेषताहरूलाई व्यवस्थित गर्नुभयो। ती विशेषताहरूमा संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा,

बहुदलीय प्रतिष्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष, कानूनी शासन, जनताको जनवादी व्यवस्थाको सुदृढिकरण, विदेशी पूँजी र प्रविधि, नेतृत्व र अधिनायकत्व, जनताको बहुदलीय जनवाद, क्रान्तिका शत्रु र मित्रहरू र क्रान्तिको बाटो हुन् । यी विशेषताहरूलाई मनन् गर्दा अधिकांश यी विशेषताहरू आधुनिक लोकतन्त्रका सर्वस्वीकृत विशेषताहरू हुन् भन्न लोकतन्त्रको बारेमा बुझेको जो कसैले पनि सजिलै सक्दछ ।

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा मदन भण्डारीको अगुवाईमा नेकपा (एमाले) ले पहिलो पटक आफ्ना दस्तावेजहरूलाई सार्वजनिक वहस र छलफलमा लग्यो । कम्युनिष्ट पार्टीले यस्तो गर्नुहुँदैनथ्यो, यस्तो गर्दा अराजकता हुन्छ, यो पार्टी सदस्यहरूको मात्र चासोको विषय हो, यसले पार्टीमा फुट ल्याउँछ जस्ता अनेकन टिप्पणीहरू दस्तावेजहरूलाई छलफलमा ल्याएपछि नभएका होइनन् । तर उहाँले यसको बचाउ गर्दै क्रान्तिको मार्गचित्र बनाउन कम्युनिष्ट पार्टीले जनतालाई पनि सामेल गर्नुपर्दछ भन्ने धारणा अघि सार्दै नीति निर्माणमा सरोकारवाला सबैको ध्यान आकृष्ट गर्ने लोकतान्त्रिक परिपाटिको वकालत गर्नुभयो । उहाँले अघि सार्नुभएको जवजको दस्तावेज र फरक मतका विभिन्न दस्तावेजहरू देशव्यापीरूपमा छलफलमा गए र कम्युनिष्ट पार्टीका दस्तावेजहरूमाथि सर्वसाधारणले समेत टिप्पणी गर्ने अवसर प्राप्त भयो । यस्तो प्रक्रियाले एकातिर पार्टी विस्तारमा मद्दत गर्‍यो भने अर्कोतिर पार्टीको नीतिमाथि जनताको अपनत्व जागृत गर्न ठूलो सहयोग पुर्‍यायो । महाधिवेशनको हलबाट प्रतिनिधिहरूले मतदानद्वारा जननेता मदन भण्डारीले प्रस्तुत गर्नुभएको जनताको बहुदलीय जनवादलाई अत्याधिक बहुमतले पारित गरी पार्टीको नीति निर्माणमा लोकतन्त्रको अभ्यास गर्न पुगे । लोकतन्त्रप्रति जननेता मदन भण्डारीको निष्ठाको कारणले नै तत्कालीन अवस्थामा पार्टीले यस्तो प्रक्रियामा जान सम्भव भएको हो भन्दा अतिशयोक्ति नहोला ।

पाँचौं महाधिवेशनमा जवजको कार्यक्रम पराजित भएमा तपाईं के गर्नुहुन्छ भनेर पत्रकारले सोद्धा उहाँले त्यसलाई सहर्ष स्वीकार गर्ने र पार्टीको सबैभन्दा तलको कमिटीमा बसेर पार्टीको जिम्मेवारी वहन गर्ने स्पष्ट पार्नुभएको थियो । यस्तो लोकतान्त्रिक नैतिकताको वकालत उहाँले गर्नुभएको थियो ।

## आम निर्वाचनमा लोकतन्त्रवादी विजयी हुनुपर्ने उद्घोष

तीस वर्षे तानाशाही पंचायती व्यवस्थाले दलहरूलाई जनतामा पुग्न नदिएकोले र निरंकुशताको खतरा रहिरहेकोले बहुदलीय व्यवस्थापछि हुने आम निर्वाचनमा निरंकुशताका विरोधी शक्तिहरू चुनावी तालमेल गरी चुनावमा उठेर विजयी हुनुपर्ने धारणा र प्रस्ताव जननेता मदन भण्डारीले राख्नुभएको थियो । लोकतन्त्रप्रति जनताको विश्वास र लोकतान्त्रिक प्रक्रियालाई आधारभूत तहमा लैजान र लोकतन्त्रलाई सुदृढ पार्ने उद्देश्यले उहाँले यस्तो धारणा राख्नु भएको थियो । तर त्यो संभव हुन अन्य दलहरूले दिएनन् । जनआन्दोलनका पक्षधर राजनीतिक दलका मुल नेताहरू चुनाव उठेको निर्वाचन क्षेत्रमा अन्य दलका नेता नउठ्ने समझदारी बनाउँ भन्ने प्रस्ताव समेत मदन भण्डारीले राख्नु भयो । तर जननेताको यो भनाईलाई कमजोरीको रूपमा ठानियो । यो कुरा नमान्दा आफूलाई लोकतन्त्रका मसिहा ठान्ने दलका नेता र बहालवाला प्रधानमन्त्रीलेसमेत मदन भण्डारीसँगको प्रतिष्पर्धामा पराजय व्यहोर्नुपर्‍यो । कतिपय व्यक्तिहरूले मदन भण्डारीको लोकतन्त्रप्रतिको दूरदृष्टि त्यतिखेर बुझे जब मुलुक हिंसात्मक द्वन्द्वले आक्रान्त बन्यो र राजा ज्ञानेन्द्रले सत्ता हत्याएर तानाशाही लाद्ने दुस्साहस गरे । पुनः निरंकुशताविरोधी दलहरू मिल्नु पर्‍यो र जनतालाई पटक पटक आन्दोलनमा ओर्लन आह्वान गर्नुपर्‍यो । लोकतन्त्रका असल हिमायती जननेताको पदचापलाई बुझ्न सकेको अवस्था हुन्थ्यो भने मुलुकले यो नियती भोग्नु पर्दैन्थ्यो ।

## ध्वंशमात्र होइन निर्माण पनि सँगसँगै गर्नुपर्ने

पहिले क्रान्ति गर्ने त्यसपछि मात्र निर्माणमा लाग्नु पर्छ भन्ने मान्यताले नेपाली कम्युनिष्ट आन्दोलनलाई जकडेको थियो र सुधारका कामबाट जनतालाई सेवा पुऱ्याउने कुराबाट बन्चित गरिएको थियो । तर मदन भण्डारी यसको विपक्षमा हुनुभयो र क्रान्तिअघि पनि अत्यधिक प्रगतिशील सुधार गर्न सकिन्छ र जनतालाई राहत र सहुलीयत दिन सकिन्छ भन्ने मान्यता अघि सार्नुभयो । गलत कुराको विरोध गर्नुपर्छ र काम नलाग्ने छ भने त्यसलाई समाप्त पार्नु पर्दछ तर अलिकति नै मात्र भएपनि जनतालाई सेवा दिन सकिन्छ भने त्यसतर्फ कम्युनिष्ट पार्टीले क्रान्तिअघि पनि जनताको सेवा गनुपर्दछ भन्ने मान्यता उहाँले स्थापित गर्नुभयो । मदन भण्डारीको रचनात्मक, सृजनात्मक र लोकतान्त्रिक चरित्र यहाँपनि झल्किन्छ ।

## आर्थिक क्षेत्रमा पनि लोकतन्त्रको पक्षमा

विरोधीहरूको पनि मन जितेर कार्यक्रम लागू गराउने हिम्मत उहाँको थियो । क्रान्ति सम्पन्न भएपछि यदि कुनै जमिन्दार क्रान्तिको पक्षमा हुन्छ भने उसलाई क्षतिपूर्ति दिनुपर्छ भन्ने दृष्टिकोण उहाँले अघि सार्नुभएको थियो । परम्परागत कम्युनिष्ट सिद्धान्तबाट प्रभावित व्यक्तिहरू यस दृष्टिकोण्को विरुद्धमा ओर्ले भने यस विषयमा उहाँको चौतर्फी आलोचना भयो । तर उहाँ कत्तिपनि आफ्नो मान्यताबाट विचलित हुनुभएन । यसबाट सकेसम्म कसैलाई पनि जबर्जस्ती अरुको विचार लाद्नु हुँदैन भन्ने लोकतान्त्रिक दृष्टिकोण उहाँमा भएको पक्ष भल्किन्छ ।

## नेतृत्व गौण पक्ष

जननेता मदन भण्डारीले नेतृत्व गर्नुभएको तत्कालीन नेकपा (माले) नेपाली कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउने सवालमा प्रचुर मात्रामा सचेत हुँदै पहकदमी लिन अग्रसर भयो र तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) को बीचमा पार्टी एकता भएपछि नेकपा (एमाले) को रूपमा पुनर्गठीत हुनपुग्यो । संगठन, शक्ति र प्रभावको हिसावले तत्कालीन माले तत्कालीन मार्क्सवादीको तुलनामा ज्यादै बृहद् थियो । यति हुँदाहुँदै पनि दुवै पार्टीको लगभग समान प्रतिनिधित्वद्वारा नै केन्द्रीय नेतृत्व निर्माण हुन पुग्यो र नेकपा (एमाले) गठन भयो । यस बारेमा विभिन्न कोणबाट आलोचना नआएका होइनन् । कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउने सवालमा नेतृत्व निर्माणका कतिपय पक्षमा उदार हुनुपर्ने कुरा राख्दै नेतृत्व भनेको पहलकदमी र प्रतिष्पर्धाबाट हुने भएकोले जो त्यसमा कमजोर हुन्छ या योग्यता र क्षमता देखाउन सक्दैन आगामी महाधिवेशनले उसलाई मूल्यांकन गर्ने तर्क राख्दै मदन भण्डारीले ती सबै आलोचनाहरूको जवाफ दिनुभयो । अनि आफू पार्टीको प्रमुख हुन सक्ने अवस्था हुँदाहुँदै तत्कालीन मार्क्सवादी पार्टीका प्रमुखलाई अभ्यक्ष बनाएर आफू दोश्रो तहको नेता हुन तयार हुनुभयो । नेतृत्व लिन होडवाजी हुनेगरेको नेपाली कम्युनिष्ट आन्दोलनमा मदन भण्डारीले उच्च लोकतान्त्रिक चरित्र प्रदर्शन गर्नु भयो । त्यतिमात्र होइन पहिलो आम निर्वाचनपछि संसदीय दलको नेता हुन मदन भण्डारीलाई पार्टीभित्रैबाट जोड गरिएको थियो र उहाँले चाहँदा सजिलै हुन सकिने अवस्था पनि थियो तर त्यो पदमा उहाँले मनमोहन अधिकारीलाई स्थापित गराउनुभयो । यसरी चाहे नीति या नेतृत्व हरेक क्षेत्रमा लोकतान्त्रिक भावनाको विकास गर्न मदन भण्डारी जीवनभर अग्रसर हुनुभयो । अनि पार्टी भित्र र बाहिर पनि सहमती र सहकार्यको पक्षमा उहाँले जोड दिनुभयो ।

## निष्कर्ष

जननेता मदन भण्डारी लोकतान्त्रिक चरित्र भएका सिद्धान्तकार, विचारक र व्यावहारिक कम्युनिष्ट राजनीतिज्ञ हुनुहुन्थ्यो भन्ने कुरा बहुदलीय व्यवस्थाको आगमन भएपछि छोटो अवधिमा उहाँले व्यक्त गर्नुभएका विचार र उहाँको व्यवहारले नै छर्लङ्ग हुन्छ । यदि कसैलाई यसमा शंका छ र चुनौति दिनु छ भने त्यो अवधिमा र अझ त्यो भन्दा पनि अघिदेखि उहाँले सार्नुभएको विचार र गर्नुभएको व्यवहारको व्यवस्थित ढंगले अध्ययन तथा विश्लेषण गरे हुन्छ ।

■

# एउटा प्रगतिशील विवाहमा जननेता मदन भण्डारीको शुभकामना

सभापतिज्यू,

आजको कार्यक्रमका मुख्य केन्द्र वर-वधु र

साक्षीको रूपमा यहाँ उपस्थित मित्रहरू,

हादिर्क अभिवादन ।

आज हामीहरू देशभित्रको एउटा कठिनाई, आन्दोलन र समस्याहरूको स्थितिबाट अघि बढिरहेका छौं र एउटा समस्याग्रस्त मुलुकको क्रान्तिकारी व्यक्तिको जीवनको स्वभाविक र नियमित प्रकृया अर्थात् दुई जना साथीहरूको दाम्पत्य जीवनमा प्रवेशको साक्षी बनेर हामी यहाँ उपस्थित भएका छौं । आज मलाई अरबका नेता, प्यालेष्टाइनी जनताको मुक्ति आन्दोलनका नेता यासेर अराफातको एउटा भनाई याद भइरहेको छ । प्यालेष्टाइनी जनताहरू आफ्नो मातृभूमिको मुक्तिका निम्ति जीवन-मनरणको लडाई लडिरहेका छन्, प्यालेष्टाइनी मुक्ति संगठनको नेतृत्वमा लडाई चलिरहेको छ तर यासेर अराफात भने व्याडमिन्टन खेलिरहेका छन् । पत्रकारले उनलाई सोध्छन्– 'शाहिर त्यस्तो जीवन मरणको लडाई चलिरहेको छ, तपाईको पार्टीले, तपाईको संगठनले लडाई चलाउँदैछ, तपाई भने यहाँ आनन्दपूर्वक व्याडमिन्टन खेल्दै हुनुहुन्छ ...' र, अराफातले के जवाफ दिएछन् भने यो त हाम्रो लडाईको स्वाभाविक कुरा हो, लडाई कुनै एक दिनको कुरा होइन जसले गर्दा आतंकित भइयोस् । यो लडाईभित्रै हामीले मनोरन्जन पनि गर्नु छ गम्भीर जीवनका लडाईहरू पनि यसै भित्र लड्नु छ, यो स्वाभाविक कुरा भइसकेको छ ।



हाम्रो देशमा हामी लामो समयदेखि एउटा जनवादी लडाईमा लागेका छौं, जसबाट राजनीतिको क्षेत्रमा, अर्थतन्त्रको क्षेत्रमा मात्रै होइन संस्कृतिको क्षेत्रमा र जीवनका सबै क्षेत्रमा जनवादीकरण गर्नुपर्ने आवश्यकता छ । सांस्कृतिक सत्ता भन्नुस, आर्थिक सत्ता भन्नुस्, राजनीतिक सत्ता भन्नुस्, सबैखाले सत्ता जनताका असल भित्र नभएकाहरूले भनौं वा शत्रुहरूले कुन भाषामा भन्नु उपयुक्त हुन्छ, जे होस् जनताका बैरीहरूले आफ्नो हातमा लिएका छन् र त्यसका विरुद्ध विभिन्न प्रकारले हामी लड्दैछौं । यसबेला यो एउटा क्रान्तिकारी जोडी, जो सँगसँगै जीवन यापन गर्ने संकल्पका साथ आज व्यक्तिगत रूपमा पनि जुन एउटा नयाँ जीवन शुरु गर्दै हुनुहुन्छ आफैमा यो खुशी र उत्साहको घडी हो । समग्र क्रान्तिकारी जीवनमा यो स्वाभाविक घटना हो । यस्ता सामाजिक प्रकृयाहरू हाम्रो जनवादी लडाईको सिंगो साधन र प्रकृयाभित्रको स्वभाविक कडिहरू हुन् । यस बाट उहाँहरू हाम्रो जनवादी लडाईमा अझ संयुक्त भएर सँगसँगै लागिरहन सक्नु हुनेछ ।

मैले भर्खरै सुदूर पश्चिमबाट फर्किएपछि अखिल नेपाल महिला संघका साथीहरूलाई एउटा कुरा भनेको थिएँ– यहाँहरूलाई पनि साक्षी राखेर त्यो सुनाउ, जो मेरो निम्ति एउटा नयाँ अनुभव पनि भयो । पूर्वदेखि यहाँसम्म र यहाँदेखि केही पश्चिमसम्म महिलाहरूमाथिको दासताको र महिलाहरूमाथिको समस्याको चित्रण गर्दा हामी यो भन्ने गर्थ्यौं कि महिलाहरू चुल्हो चौकाको दासी भएका छन् र महिलाहरूलाई चुलो चौकाको दासी बनाइएको छ । महाकाली अन्चलमा जाँदा मैले के

थाहा पाएँ भने त्यहाँ महिलाहरू चुलो-चौकाको दासी छैनन्, त्यहाँ त अधिकांश लोग्ने मानिसहरू चुला-चौकाको दासी भएका रहेछन्। मेरो मतलब के हो भने हाम्रो देश भौगोलिक रूपमा सानै भए पनि सांस्कृतिक रूपमा चालचलनमा विविधता भएको मुलुक हो। त्यस्तो हुनाले सांस्कृतिक विविधताहरूका साथसाथ सबै क्षेत्रहरूमा जनवादीकरण गर्ने अभियानलाई अघि बढाउनु पर्छ र मुलुकका सबै पक्षका विशेषताहरू अनुरूप जनवादी लडाईलाई हामीले मौलिकता दिनुपर्छ। यो यस मानेमा मात्रै प्रशंसाको कुरा होइन कि यो साधकीयुक्त छ। यो यस मानेमा मात्रै प्रशंसायोग्य होइन कि हामीले यहाँ बसेर एउटा जनवादी लडाईमा जस्तोसुकै स्थितिमा लागिरहनु पर्छ भन्ने शुभकामना व्यक्त गरिरहेका छौं। र, यो यस मानेमा पनि हो कि साँच्चै हाम्रो जनवादी लडाईको योद्धा भएर सामेल भएका धेरै जोडीहरू जसले आफ्ना साथीहरू, सहयोगीहरू र इष्टमित्रहरूलाई साक्षी राखेर सँगसँगै क्रान्तिकारी ढंगले जीवन बिताउने शंकल्प गर्नु भएको छ। त्यसमा एकाध अपवाद बाहेक कुनै पनि विफल भएका छैनन्। अपवादको कुरा गणेशमानको शब्दमा भन्ने हो भने, सयमा एकजना त बहुला पनि हुन्छ। त्यसो हुनाले हामीले जति जनवादी ढंगले विवाह सम्पन्न गरेका छौं त्यसमा एकाध विफल भए, त्रुटीपूर्ण भए भन्दैमा यसप्रति कुनै अन्यथा धारणा राख्नु पर्ने जरुरी छैन। तर म यो विवाह समारोहको सुखद घडिमा हाम्रो संघर्षका काममा आइपर्ने कठिन कुराहरू जो भर्खरै यहाँबाट फर्किएपछि पनि हाम्रा वरवधु दुवैले सोच्नु पर्ने र आफ्नो जिम्मा निर्वाह गर्नुपर्ने पनि हुनसक्छ, त्यसका बारेमा बढी चर्चा गरेर निधार खुम्च्याउनु पर्ने विषयमा लान चाहन्न। र, यति जरुर भन्न चाहन्छु कि हाम्रो जीवन सहज र सुखमय तथा कमरेड झलनाथ खनालले भन्नु भए जस्तो 'गुराँसको फूल जस्तो मात्र होइन, काँडा जस्तो भएर जिउनुपर्ने परिस्थिति पनि आउन सक्छ' भनी स्मरण गराउन चाहन्छु।

जस्तोसुकै कठीन क्षणहरूमा पनि यहाँहरू निरन्तर अघि बढ्न सक्नुहोस्, मेरो यो व्यक्तिगत रूपबाट र विभिन्न कार्यव्यस्तताका कारणले यहाँ उपस्थित हुन नसक्नु हुने हाम्रो पार्टीका नेताहरूको तर्फबाट बधाई एवं शुभकामना व्यक्त गर्दै म आफ्ना भनाइहरू यहीं अन्त्य गर्न चाहन्छु। हवस् त धन्यवाद !

*(जननेता कमरेड मदन भण्डारीले २०४९ साल वैशाख ४ गते अनेरास्ववियूका तत्कालिन नेता भानुभक्त ढकाल र इन्दिरा फुयालका बीच सम्पन्न विवाह समारोहमा व्यक्त गर्नुभएको मन्तव्य)*

# मदन भण्डारी फाउण्डेशनको गतिविधि

Madan Bhandari Foundation
मदन भण्डारी फाउण्डेशन

## मदन भण्डारी मेमोरियल कलेज, शान्तिविनायक नगर, काठमाण्डौ

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिका शिखर व्यक्तित्व जननेता मदनकुमार भण्डारीका योगदानहरूलाई चिरस्थायी बनाई राख्न, उहाँका काम र अनुभवबाट भावी पुस्तालाई प्रशिक्षित गर्न र सामाजिक परिवर्तनको प्रक्रियालाई निरन्तरता दिनका लागि शैक्षिक क्षेत्रबाट पनि योगदान पुयाउनु पर्ने आवश्यकता महशुश गरी मदन भण्डारी फाउण्डेशनले मदन भण्डारी मेमोरियल कलेजको स्थापना गरेको हो।



वि.सं. २०५८ सालमा, शैक्षिक शत्र २०५८/०५९ सालदेखि, उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरबाट स्वीकृति प्राप्त गरी कक्षा ११ र १२ का विज्ञान, व्यवस्थापन, मानवीकी र शिक्षा संकायहरू र त्रिभुवनविश्वविद्यालयबाट बी.ए., बी.बी.एस., बी.एड.स्वीकृति लिई स्नातक कक्षाहरू संचालित छन्। यसैगरी त्रिभुवनविश्वविद्यालयबाटै सम्बन्धन प्राप्त गरी २०६४ सालदेखि समाजशास्त्रमा स्नातकोत्तर कक्षा संचालनमा छ भने त्रिभुवन विश्वविद्यालयकै सम्बन्धनमा शैक्षिक शत्र २०६६/०६७ देखि अंग्रेजी तथा पत्रकारीतामा स्नातकोत्तर तहको अध्ययन अध्यापन सुरु भएको छ। छोटो अवधिमै ख्याति प्राप्त गर्न सफल मदन भण्डारी मेमोरियल कलेज आफ्नै भवन शान्तिविनायक नगर अनमनगर, काठमाण्डौ अवस्थित छ।

## मदन भण्डारी मेमोरियल विद्यालय, बौद्ध

मदन भण्डारी फाउण्डेशनद्वारा काठमाण्डौ महानगरपालिका वडा नं. ६ बौद्धमा कक्षा १ देखि कक्षा १० सम्म मदन भण्डारी मेमोरियल विद्यालय

संचालन भईरहेको छ। यो विद्यालय २०६१ सालदेखि संचालनमा आएको हो।

## दाङमा विद्यालय संचालन

मदन भण्डारी फाउण्डेशनको अनुमतिमा दाङ जिल्लाको त्रिभुवननगर नगरपालिका वडा नं. २ गुलरीयामा मदन भण्डारी मेमोरियल विद्यालय संचालन भइरहेको छ। सो विद्यालय संचालन गर्न त्रिभुवन नगरपालिकाले १ बिघा १० कट्ठा जग्गा उपलब्ध गराएको छ। उक्त विद्यालय गुठीको रूपमा संचालन गरिएको छ।

## मदन भण्डारी कलेजद्वारा मेरो एफ.एम. ९३.५ मेघाहर्ज संचालन

मदन भण्डारी मेमोरियल कलेजको सक्रियतामा मेरो एफ.एम. ९३.५ मेघाहर्ज संचालन भइरहेको छ। डिल्लीबजार काठमाण्डौमा एफ.एम. स्टेशनको कार्यालय रहेको छ। विहान ५.०० बजेदेखि राती ११.०० बजेसम्म एफ.एम. प्रशारण हुने गर्दछ। हाल शिक्षा र मनोरन्जनसँग सम्बन्धीत कार्यक्रमहरू एफ.एम. मा प्रशारण हुन्छन्।

## भक्तपुर जिल्ला समिति गठन

मिति २०६६ साल कार्तिक १३ गते मदन भण्डारी फाउण्डेशनका केन्दीय सदस्य तथा नेकपा (एमाले) का केन्द्रीय सदस्य क. कृष्णगोपाल श्रेष्ठको प्रमुख आतिथ्यतामा क. शशीजङ्ग थापाको अध्यक्षतामा मदन भण्डारी फाउण्डेशन, भक्तपुर गठन गरियो।

## स्वास्थ्य शिविर सम्पन्न

मदन भण्डारी फाउण्डेशन, भक्तपुरको आयोजनामा सुखानी हत्याकाण्डका शहीदहरूको सम्झनामा स्मृति दिवशको अवसरमा २०६६ साल फागुन २२ गते भक्तपुर जिल्लाको झौखेल गा.वि.स.को प्राङ्गणमा वृहद् स्वास्थ्य शिविरको आयोजना गरियो। उक्त शिविरको उद्घाटन मदन भण्डारी फाउण्डेशनका संरक्षक तथा नेकपा (एमाले) का नेता क. के.पी. शर्मा ओलीले गर्नुभएको थियो। स्वास्थ्य शिविर तथा फाउण्डेशनका गतिविधहरू बारेमा जानकारी दिने उद्देश्यले फाउण्डेशनका अध्यक्ष तथा नेपाल सरकारका रक्षामन्त्री विद्या भण्डारीको प्रमुख आतिथ्यतामा २०६६ साल फागुन २० गते पत्रकार सम्मेलनको आयोजनासमेत गरिएको थियो।

## रक्तदान कार्यक्रम सम्पन्न

मदन भण्डारी फाउण्डेशन, भक्तपुरको आयोजनामा फाउण्डेशनका संरक्षक तथा नेकपा (एमाले) का नेता क. के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यतामा २०६७ साल जेठ ८ गते तौमडीमा रक्तदान कार्यक्रमको आयोजना गरियो।

■

# मदन भण्डारी स्पोर्टस् एकेडेमी: एक परिचय

नेपालको खेल जगत्लाई २१ औं शताब्दीको खेलकूदको मूल्य र मान्यताअनुरूप विकास तथा विस्तार गर्दै समयसापेक्षित यसको प्रशासनिक एवम् साङ्गठनिक ढाँचामा व्यापक परिवर्तन गरी आधुनिकीकरण र वैज्ञानिकीकरण गर्नु जरुरी छ। सरकारी, गैरसरकारी, सार्वजनिक एवम् निजी खेलकूद संस्थाकाबीच उच्च समन्वय कायम गर्दै सहकार्य एवम् साझेदारीलाई प्रश्रय दिदै खेलकूद परियोजनाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सञ्चालन गर्न स्पष्ट राष्ट्रिय खेलकूद नीति र परिलक्षित उद्देश्य हासिल गर्न आवश्यक कार्यक्रमको कार्यान्वयनप्रतिको पूर्ण प्रतिवद्धता आवश्यक छ। मुलुकको समृद्धि चाहने हो भने यस देशको सर्वाङ्गीण विकास अपरिहार्य छ भन्ने जननेता मदन भण्डारीको विचारलाई आत्मसात् गर्नु जरुरी छ। "सिद्धान्त जीवनका लागि हो न कि जीवन सिद्धान्तका लागि" भन्ने मदन भण्डारीको विचारलाई शिरोधार्य गर्दै "सबैका लागि खेलकूद" भन्ने नाराका साथ खेलकूदलाई स्पष्ट दिशाबोध गर्न १० कार्तिक २०६६ मा 'मदन भण्डारी स्पोर्टस एकेडेमी' स्थापना गरिएको छ।

## उद्देश्यहरू

(१) खेलकूदका माध्यमबाट देशभक्त, सक्षम, सबल तथा अनुशासित जनशक्ति तयार गरी राष्ट्रनिर्माणमा सहयोग पुऱ्याउने।

(२) खेलकूदका माध्यमबाट देशको समग्र आर्थिक तथा सामाजिक रूपान्तरणका लागि योग्य, सक्षम र जिम्मेवार जनशक्ति निर्माण गर्ने।

(३) खेलकूदका माध्यमबाट व्यक्तिलाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउँदै खेलको विकास र विस्तार गर्ने।

(४) खेलकूदलाई शिक्षाको अभिन्न अङ्ग बनाई विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्न पहल गर्ने साथै विद्यालयमा हाल लागू गरिएको खेलुद तथा शारीरिक शिक्षाको पाठ्क्रमलाई परिमार्जन गरी समयसापेक्ष बनाउन पहल गर्ने।

(५) खेलकूद विश्वविद्यालय स्थापना गर्न पहल गर्ने र खेलसम्बन्धी प्रशिक्षण तथा तालिम केन्द्र स्थापना गर्ने।

(६) हरेक शैक्षिक संस्थामा खेलकूदको वातावरण बनाउँदै विद्यालय, कलेज र विश्वविद्यालयमा खेलकूदका केही विधालाई अनिवार्य गराउन पहल गर्ने साथै विद्यालय र विश्वविद्यालयमा खेल शिक्षक वा प्रशिक्षक उपलब्ध गराउन पहल गर्ने।

(७) एकेडेमीको उद्देश्यअनुरूप स्थानीय निकायदेखि केन्द्रीय स्तरसम्म आवश्यक संस्थागत संयन्त्र निर्माण गर्ने र चुस्त-दुरुस्त रूपमा सञ्चालन गरी योजनाबद्ध एवम् व्यवस्थित रूपमा खेल विकास र विस्तार गर्ने।

(८) खेलकूदलाई विद्यालय, उच्च मा.वि. र विश्वविद्यालयस्तरमा प्रशिक्षण एवम् प्रतियोगिता आदि कार्यक्रमहरू आयोजना गरी खेलकूदको विकास र विस्तारमा सहयोग पुऱ्याउने ।

(९) विद्यालयलाई खेलकूदको प्रारम्भिक थलोका रूपमा निर्धारण गरी राष्ट्रको मेरुदण्डको रूपमा खेलकूदको विकास र विस्तारमा विशेष जोड दिने ।

(१०) खेलकूदलाई स्थानीय तवरमा गाउँ एवम् नगरस्तरसम्म पुऱ्याउन पहल गर्ने साथै गा.वि.स. एवम् नगरपालिकाले आफ्नो बजेटको कम्तीमा पाँच प्रतिशत अनिवार्य रूपमा खेलकूदमा लगानी गर्न प्रेरित गर्ने ।

(११) खेलकूद क्षेत्रलाई व्यावसायिक बनाउन पहल गर्ने ।

(१२) "सबैका लागि खेलकूद" भन्ने नाराका साथ खेलकूदलाई सर्वसाधारणको जनजीवनको अभिन्न अङ्ग बनाउन प्रेरित गर्ने ।

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा खेलकूद प्रतियोगिता, प्रशिक्षण, निर्णायक टोली, भेला तथा बैठक आदिमा सशक्त रूपमा सहभागी गराई राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न अहम् भूमिका निर्वाह गर्ने ।

(१४) जुनसुकै स्तरको प्रतियोगिता सञ्चालन गर्न योग्य, सक्षम र निष्पक्ष निर्णय दिन सक्ने निर्णायकहरू उत्पादन गर्ने ।

(१५) स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म खेलकूदसम्बन्धी भौतिक पूर्वाधारहरूको निर्माण तथा विस्तार गर्ने र निर्मित पूर्वाधारहरूको मर्मत-सम्भार एवम् संरक्षण गरी चुस्त-दुरुस्त राख्ने ।

(१६) मनोरञ्जनात्मक, परम्परागत, साहसिक तथा पर्यटकीय खेलकूदको विकास गरी राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने ।

(१७) असक्त तथा अपाङ्गका लागि खेलकूदमा ध्यान पुऱ्याउने ।

(१८) सहरिया एवम् ग्रामीण युवाहरूलाई खेलकूद क्षेत्रमा सहभागिता गराउन विशेष ढङ्गले प्रोत्साहित गर्ने ।

(१९) खेलकूदमा महिलाहरूको सहभागितालाई विशेष जोड दिने तथा महिलाहरूसम्बन्धी खेल विधाहरूको विस्तार गरी महिला खेलाडीहरूको सङ्ख्यात्मक विस्तार र गुणात्मक विकास गर्ने एवम् खेल सामग्रीहरू पनि हस्तान्तरण गर्ने ।

(२०) क्लबस्तरीय र जिल्ला एवम् क्षेत्रीय प्रतियोगिता तथा प्रशिक्षणको आयोजना गर्ने ।

(२१) खेलकूदका भौतिक पूर्वाधारहरू र संरचनाहरू निर्माण गर्न सरकारी, गैरसरकारी सङ्घ/संस्था, क्लबहरू, उद्योगी/व्यवसायी, शैक्षिक संस्था र सञ्चालकलगायतका निजी क्षेत्रसँग सहकार्य गर्ने ।

(२२) स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने ।

(२३) खेलकूद विकासका लागि आर्थिक स्रोत परिचालन गर्न विशेष जोड दिने ।

(२४) राष्ट्रिय सङ्घहरू समयसापेक्षित बनाउन पहल गर्ने ।

(२५) नेपाली खेलकूदसँग सम्बद्ध विभिन्न विधामा अध्ययन एवम् अनुसन्धान गर्ने ।

(२६) खेलसम्बद्ध व्यक्ति एवम् संस्थाहरूलाई उचित सम्मान एवम् पुरस्कारको व्यवस्था गर्ने ।

(२७) खेल जगत्मा विशिष्ट योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक, निर्णायक एवम् खेल व्यवस्थापकहरूलाई उचित रोजगारीको व्यवस्था गर्न पहल गर्ने ।

(२८) हाई अल्टिच्युड खेलकूदको विकास तथा विस्तारमा ध्यान दिने ।

(२९) खेल कल्याणकारी कोषको स्थापना गर्न पहल गर्ने ।

(३०) खेलकूद संरचनालाई समयसापेक्षित आधुनिकीकरण तथा वैज्ञानिकीकरण गर्ने ।

(३१) खेलकूदमा सर्वोत्तम उपलब्धि हासिल गर्न खेल विधाहरूमा प्राथमिकता तोक्ने र खेलको प्राथमिकताका आधारहरू तोक्दा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतियोगितामा पदकको सम्भावना, खेलको व्यापकता, खेलको लोकप्रियता, भौगोलिक सम्भाव्यता एवम् लगानीको आधारलाई ध्यान पुऱ्याउने ।

(३२) दिगो खेलकूद विकासका लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी विकेन्द्रीकरण गर्न विशेष जोड दिने ।

(३३) खेल पत्रकारितालाई प्रभावकारी बनाउन पहल गर्दै खेल पत्रकारहरूका लागि 'स्पोर्टस मिडिया सेन्टर' र 'स्पोर्टस रिसोर्स सेन्टर'को व्यवस्था गर्ने ।

(३४) खेलकूद तथा वातावरणलाई एकआपसमा सामञ्जस्यता ल्याउने ।

(३५) खेलाडीको स्वास्थ्य र खेलकूदको स्तर वृद्धि गर्नका लागि योजनावद्ध रूपमा मेडिसिन तथा रिसर्च सेन्टरको स्थापना र सञ्चालन गर्ने ।

**कार्यक्रम**

(क) राज्यको राजनीतिक एवम् प्रशासनिक संरचनाअनुरूप विभिन्न स्थानीय तहहरूदेखि केन्द्रीय तहसम्म खेलकूद विभाग गठन गरी खेलकूद कार्यक्रम सञ्चालन गर्ने ।

(ख) प्रत्येक विद्यालय, कलेज वा विश्वविद्यालयमा खेलकुद शिक्षक वा खेलसम्बन्धी प्रशिक्षक उपलब्ध गराउन सहयोग र पहल गर्ने ।

(ग) प्रत्येक शैक्षिक संस्थामा खेलकुदको वातावरण सिर्जना गरी खेल क्षेत्रलाई व्यापक रूपमा विस्तार गर्ने ।

(घ) खेलकुदको केन्द्रीकरणलाई विकेन्द्रीकरणको नीतिअनुरूप विस्तार गर्न ठोस कदम चाल्ने ।

(ङ) खेलकुदको लागि आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत-सम्भारका निमित्त ठोस कार्यक्रम सञ्चालन गर्ने ।

(च) खेलकुद कार्यक्रम सञ्चालनका लागि सरकारी-गैरसरकारी संस्थाबाट प्राप्त चन्दा, पुरस्कार तथा अनुदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, सदस्यता शुल्क, पुरस्कारबाट प्राप्त नगद र अन्य स्रोतबाट प्राप्त रकमलगायतका आर्थिक स्रोतको व्यवस्था गर्ने ।

(छ) प्रतिभावान् खेलाडीको खोजी गर्ने र स्तरवृद्धि गर्न ध्यान दिने ।

(ज) विभिन्न खेलकुदको प्रशिक्षण तथा समय-समयमा खेलकुद प्रतियोगिताको आयोजनामार्फत जनचासो र जनसहभागिता विस्तार गर्दै लैजाने कार्यमा राष्ट्रलाई सहयोग गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

(झ) खेलकुदको गतिविधिबारे सर्वसाधारणलाई सु-सूचित गरी खेलकुदप्रति अभिरुचि बढाउन विविध सञ्चार माध्यमबाट खेलकुदसम्बन्धी प्रचार-प्रसार गर्ने ।

(ञ) मदन भण्डारी स्पोर्टस एकेडेमीअन्तर्गत केन्द्रीय र स्थानीय तहमा खेलसम्बन्धी शैक्षिक संस्था (Sports Educational Institute) सञ्चालन गर्ने ।

(ट) खेल जगतमा राम्रो काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने र जिम्मेवारी पूरा नगर्ने र अनुशासनहीनहरूलाई दण्डित गर्ने व्यवस्था गर्ने ।

(ठ) गाउँ तथा सहरको सार्वजनिक स्थल वा मैदानमा नियमित रूपले सामूहिक ढङ्गले योगाभ्यास वा शारीरिक व्यायाम गर्ने वातावरण सृजना गर्ने। साथै, शारीरिक व्यायाम तथा 'मर्निङ्ग वाक' गर्ने ठाउँलाई सुव्यवस्थित र

प्रभावकारी बनाउने व्यवस्था गर्दै प्राकृतिक चिकित्सामा समेत ध्यान पुऱ्याउने ।

(ड) सरकारी तथा गैरसरकारी कार्यालय, उद्योग तथा कलकारखाना आदिमा कम्तीमा तीस मिनेटदेखि एक घण्टासम्मको 'स्पोर्टस आवर'को व्यवस्था गर्न पहल गर्ने ।

(ढ) ग्रामीण तथा सहरी क्षेत्रमा खेलकुद मेला आयोजना गर्ने र प्रत्येक वर्ष देशभर एकै दिन एकै समयमा 'स्पोर्टस डे' आयोजना गर्ने ।

**कार्यालय**

यस समितिको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र स्थानीयस्तरमा आवश्यकताअनुसार तत्तत् स्थानमा रहनेछ ।

मदन भण्डारी स्पोर्टस एकेडेमीको संरचना यसप्रकार छः

संरक्षक के.पी. शर्मा ओली सल्लाहकारहरू विद्या भण्डारी, प्रदिप नेपाल, शंकर पोखरेल, रघुवीर महासेठ, कृष्णगोपाल श्रेष्ठ, छविलाल विश्वकर्मा, शम्भु थापा, रामेश्वर थापा, राजबाबु श्रेष्ठ, रवि के.सी., अमर सिंह शाह, रविराज थापा, एल.पी. साँवा, अम्बिका श्रेष्ठ, डा. प्रकाश प्रधान, लोकनाथ वस्ती, मधुकर शमसेर जबरा, डा. कैलाश भण्डारी, गंगा थापा, गणेश थापा, भोज बहादुर शाह, उमेश श्रेष्ठ, छिरिङ्ग शेर्पा, बीरेन्द्र बस्नेत, विनोद चौधरी, रविभक्त श्रेष्ठ, चण्डीराज ढकाल, सि.पि. खेतान, विनयराज पाण्डे, सोमनाथ अधिकारी (प्यासी), केशव प्रसाद बराल, दिलीप रायमाझी रहनुभएको छ ।

पदाधिकारीहरू अध्यक्ष रमेश सिलवाल, उपाध्यक्ष वसन्त नेम्वाङ्ग, हिक्मत कार्की, कुमार थापा, नारदमुनि राना थारु, मोहन रेग्मी, सचिव पुरेन्द्र लाखे, सहसचिव विरेन्द्र यादव, कोषाध्यक्ष मोहन रेग्मी, सदस्यहरू जीवन श्रेष्ठ, पिताम्बर तिम्सिना, रामचन्द्र राई, विनोद श्रेष्ठ, राजेन्द्र राई, महेश बस्नेत, रचना खड्का, खड्ग राना भाट, बाबुराम थापा, महेन्द्र राई, दीपक निरौला, जीवन खड्का, रामकृष्ण श्रेष्ठ, गोविन्द थापा, गोपाल माली, रमा आचार्य, वचन देउजा, कृष्ण चालिस, भैरव शाही, डा. हुम बहादुर बरुवाल, केशव पाण्डे, लोक ब. भण्डारी, शमसुद्धिन सिद्धिकी, टेण्डी शेर्पा, नरेश श्रेष्ठ, शान्ति पाल, सोनाम शेर्पा, राजेश गुरुङ्ग, कुमारी राई, राजु व्यञ्जनकार, विनोद रावत, सि.पी घर्ती मगर, खगेश रंजितकार, दिलीप रजक, दीलशोभा पुन, प्रेम सेन्चुरी, केदारबाबु सिवाकोटी, राम लामा, दिनेश कुमार यादव, डम्बर हमाल, ऐन ब. महर, राजेन्द्र न्योपाने, कल्पना रिजाल, अर्जुन गुरुङ्ग, दल ब. फडेरा, सन्तोष श्रेष्ठ, शंकर नारायण श्रेष्ठ, यमकुमारी गुरुङ्ग, दिपक के.सी., विष्णु लोहनी, कृष्ण बलाल, पुरुषोत्तम आचार्य, गजेन्द्र शाही, बिमला राना मगर, उषाकिरण भण्डारी रहनुभएको छ ।

**मदन भण्डारी स्पोर्टस एकेडेमीका गतिविधिहरू**

**काठमाडौं पीस म्याराथन प्रतियोगिता सम्पन्न**

२०६६ पौष १७ गते काठमाडौंमा ऐतिहासिक पीस म्याराथन सम्पन्न भयो। प्रमुख अतिथि सम्माननीय राष्ट्रपति डा. रामवरण यादवद्वारा दशरथ रंगशालामा समुद्घाटन कार्यक्रम सम्पन्न भयो। उद्घाटन कार्यक्रमलाई प्रमुख अतिथि डा. यादव तथा विशेष अतिथि नेकपा (एमाले) का नेता तथा मदन भण्डारी फाउण्डेशनका संरक्षक एवं सो म्याराथन कार्यक्रमका संयोजक क.के.पी. शर्मा ओलीले पनि संवोधन गर्नभएको थियो। उद्घाटन कार्यक्रममा फाउण्डेशनका अध्यक्ष तथा नेपाल सरकारका रक्षा मन्त्री विद्या भण्डारीसमेत उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको संचालन स्पोर्टस् एकेडेमीकँ अध्यक्ष रमेश सिलवालले गर्नुभएको थियो। सम्माननीय सभाध्यक्ष सुवासचन्द्र नेम्वाङ्गद्वारा वसन्तपुरमा समापन कार्यक्रम सम्पन्न भयो। म्याराथन प्रतियोगितामा लेटरसिंह खत्री र कान्छीमाया कोजु विजेता बन्नुभयो।

नेकपा एमाले का नेता तथा फाउण्डेशनका संरक्षक के.पी. शर्मा ओलीले ११ औं साग खेलकूद

प्रतियोगिताका विजयी खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा सम्बन्धित संघसंस्थाहरूलाई सम्मान

**जिल्ला समितिहरू गठन**

**पर्सा**

२०६६ पुष २६ गते अशोक कुमार श्रेष्ठको अध्यक्षतामा २७ सदस्यीय एकेडेमीको पर्सा जिल्ला समिति गठन भयो ।

**ललितपुर**

२०६६ मंसिर २९ गते पुरुषोत्तम आचार्यको अध्यक्षतामा ललितपुर जिल्ला समिति गठन भयो ।

**पाँचथर**

२०६६ माघ २ गते केन्द्रीय उपाध्यक्ष वशन्त नेम्वाङ्गको उपस्थितिमा तिल विक्रम (इमिङगो) लिम्बुको अध्यक्षतामा ३३ सदस्यीय एकेडेमीको पाँचथर जिल्ला समिति गठन भयो ।

**झापा**

२०६६ माघ २७ गते मदन भण्डारी फाउण्डेशन, झापाका अध्यक्ष क. देवेन्द्र दाहाल र एकेडेमीका केन्द्रीय सदस्य जीवन श्रेष्ठ र गोविन्द थापाको उपस्थितिमा डिल्ली घिमिरेको अध्यक्षतामा २७ सदस्यीय झापा जिल्ला समिति गठन भयो ।

**रूपन्देही**

२०६६ माघ २७ गते ज्ञानदेव कटुवालको अध्यक्षतामा २४ सदस्यीय रूपन्देही जिल्ला समिति गठन गठन भयो ।

**काभ्रे**

२०६६ फागुन २२ गते मुक्ति विष्टको अध्यक्षतामा २५ सदस्यीय काभ्रेपलान्चोक जिल्ला समिति गठन भयो ।

**उदयपुर**

२०६७ बैशाख १२ गते मदन भण्डारी स्पोर्टस् एकेडेमीका केन्द्रीय सदस्य महेन्द्र राईको उपस्थितिमा पुष्प वि.क.को अध्यक्षतामा ११ सदस्यीय उदयपुर जिल्ला समिति गठन भयो ।

**विविध खेलकूद गतिविधिहरू**

२०६७ जेठ ३ गते थानकोट किसिपिडीमा उपत्यकाव्यापी खुला आमन्त्रण बुदोकाइडो कराँते प्रतियोगिता सम्पन्न भयो । प्रमुख अतिथि एकेडेमीका संरक्षक के.पी. ओली हुनुहुन्थ्यो भने रक्षामन्त्री विद्या भण्डारी, कृष्णगोपाल श्रेष्ठ, सानुलाल श्रेष्ठ, एकेडेमीका अध्यक्ष रमेश सिलवाल समेत सो कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडि सम्मान**

२०६७ जेठ ५ गते एकेडेमीका संरक्षक के.पी. ओलीको प्रमुख आतिथ्यता र एकेडेमीका अध्यक्ष रमेश सिलवालको उपस्थितिमा बुटवलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई सम्मान कार्यक्रम सम्पन्न भयो ।

**अन्तरक्रिया कार्यक्रम**

२०६७ जेठ २२ गते एकेडेमीका संरक्षक के.पी. ओलीको प्रमुख आतिथ्यता, एकेडेमीका अध्यक्ष रमेश सिलवाल, एकेडेमीका उपाध्क्ष हिक्मत कार्की, सचिव पुरेन्द्र विक्रम लाखेको उपस्थितिमा काभ्रेको बनेपामा विविध खेलसँग आवद्ध खेलाडी, प्रशिक्षकहरूसँग वर्तमान खेलकूदको अवस्था र चुनौतिबारे वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

**महिला फुटवल प्रतियोगिता**

२०६६ फागुन २४ देखि चैत्र १ गतेसम्म पाँचथरको सदरमुकाम फिदिममा पूर्वाञ्चलस्तरीय महिला फुटबल प्रतियोगिता सम्पन्न भयो । समापन

कार्यक्रममा सभाध्यक्ष सुवास नेम्वाङ्ग, रक्षा मन्त्री विद्यादेवी भण्डारी लगायत उपस्थित हुनुहुन्थ्यो ।







**तेक्वाण्डो प्रतियोगिता**

२०६७ बैशाख ७, ८, ९ गते उपत्यकाव्यापी खुला आमन्त्रण तेक्वाण्डो प्रतियोगिता सम्पन्न भयो । सहभागी खेलाडीहरू ३१८ जना थिए। उद्घाटन सूचना तथा संचार मन्त्री शंकर पोखरेलले गर्नुभयो भने समापन समारोहको प्रमुख अतिथि सामान्य प्रशासन मन्त्री रविन्द्र श्रेष्ठ हुनुहुन्थ्यो ।

**साग खेलकुदका पदक विजेताहरूलाई सम्मान**

संविधानसभा अध्यक्ष सुवास चन्द्र नेम्वाङ्गको प्रमुख आतिथ्यता तथा मदन भण्डारी फाउण्डेशनका संरक्षक क. के.पी. शर्मा ओलीको विशेष आतिथ्यतामा साग खेलकुदका पदक विजेताहरूलाई सम्मानित गर्ने कार्यक्रम २०६६ साल फागुण ४ गते सम्पन्न भयो । ■